सम्वर्द्धन बालअधिकारको: कार्यान्वयन संविधानको

# नेपालमा बालबालिकाको स्थिति २०७३



नेपाल सरकार


**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

**केन्द्रीय बालकल्याण समिति**

हरिहरभवन, ललितपुर

# नेपालमा बालबालिकाको स्थिति, २०७३
# The State of Children in Nepal, 2016

नेपाल सरकार
**महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय**
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, ललितपुर




**प्रकाशक**

नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

## केन्द्रीय बालकल्याण समिति

हरिहरभवन, पुल्चोक, ललितपुर

**मुद्रण**
अश्मि प्रिण्टिङ्ग प्रेस, शंखमूल

**प्रकाशन मिति**
५ मङ्सिर, २०७३ (नोभेम्वर २०, २०१६) अन्तर्राष्ट्रिय बालअधिकार दिवस

**सर्वाधिकार**
केन्द्रीय बालकल्याण समिति, ललितपुर

**सम्पादन**:
तारक धिताल

**लेखन तथा संयोजन परामर्शदाता**:
डा. कुन्दन अर्याल

**लेखन तथा संयोजन समूह**:
ज्ञानेन्द्र कुमार श्रेष्ठ, केशब चालिसे, लोचन रेग्मी

**सहयोग**:
रामबहादुर चन्द, नमुना भुसाल, आत्माराम थापा, सुनीता शाह, देबी डोटेल, श्रृजना खड्का

नेपाल सरकार
# महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ००९७७-१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या :
चलानी नं.:

## शुभ-कामना

केन्द्रीय बालकल्याण समितिले विगत एक दशक देखि देशभरका समग्र बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागितासम्बन्धी सूचना, तथ्याङ्क र विवरणहरुलाई संकलन, समायोजन र प्रशोधन गरी राष्ट्रियस्तरको प्रतिवेदन प्रकाशन गर्दै आईरहेको सन्दर्भ यस वर्ष अन्तर्राष्ट्रिय बालअधिकार दिवसका अवसर पारेर **नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७३** प्रकाशन गर्न लागेको थाहा पाउँदा खुशी लागेको छ ।

२०७२ असोज ३ गते संविधान सभाबाट जारी गरिएको नेपालको संविधानमा बालबालिकाको विकास, संरक्षण, सहभागिता लगायतलाई मौलिक हकका रुपमा अंगीकार गरिएको छ । यस संविधानलाई बालअधिकारका दृष्टिकोणले हालसम्मकै उत्कृष्ट संविधानको रुपमा लिन सकिन्छ । संविधानमा उल्लेखित प्रावधानहरुको कार्यान्वयनलाई जोड दिँदै **सम्बर्द्धन बालअधिकारको: कार्यान्वयन संविधानको** भन्ने मूल नाराका साथ यस वर्षको राष्ट्रिय बाल दिवस मनाइएको स्मरणीय छ ।

बालअधिकारसम्बन्धी महासन्धिलाई संयुक्त राष्ट्रसंघले सन् १९८९ मा पारित गरेको दिन पारेर हरेक वर्ष नोभेम्बर २० का दिन मनाइने अन्तर्राष्ट्रिय बालअधिकार दिवसले सबैलाई बालअधिकारका निम्ति क्रियाशिल रहन झक्झक्याई रहन्छ । यसै सन्दर्भमा महासन्धिले प्रत्याभूत गरेका बालबालिकाको अधिकारका विविध क्षेत्रहरुमा के कति प्रगति भए भन्नेबारेमा प्रस्तुत वार्षिक स्थिति प्रतिवेदनले एक झलक दिन्छ । यसले औंल्याएका विभिन्न पक्षहरु समेतलाई ध्यानमा राखेर सम्बन्धित सबै निकाय, संघसंस्थाले समग्र बालबालिकाको अधिकार संरक्षणका निम्ति कार्ययोजनाहरु निर्माण र कार्यान्वयन गर्न सकेमा नै नेपाली बालबालिकाको स्थितिमा सुधार ल्याउन सकिन्छ ।

विद्यमान ऐन, नियम तथा नीतिहरुको अधिनमा रही केन्द्रीय बालकल्याण समितिले बालबालिकाको विकास र संरक्षणका लागि उल्लेखनीय कार्य गर्दै आईरहेको छ । आगामी दिनहरुमा पनि यसको क्रियाशिलता अझ बढ्ने छ र बालअधिकारको क्षेत्रमा यो एक विशिष्टीकृत श्रोत निकायका रुपमा स्थापित हुनेछ भन्ने विश्वास गरिएको छ ।

अन्तमा बालबालिकासम्बन्धी यस स्थिति प्रतिवेदनलाई वार्षिक रुपमा प्रकाशन गर्ने केन्द्रीय बालकल्याण समिति, त्यहाँका पदाधिकारीहरु र कर्मचारीहरुलाई धन्यवाद दिँदै यस कार्यको निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !
मितिः-२०७३ मंसिर ५ गते

(विष्णु प्रसाद लम्साल)
सचिव

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बाल कल्याण समिति

# Central Child Welfare Board

हरिहरभवन, पुल्चोक, ललितपुर

पत्र संख्या :

चलानी नं. :

मिति.........................

**शुभकामना**

सन् १९९० मा नेपालले संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि १९८९ लाई अनुमोदन गरेपश्चात बालअधिकारको सम्वर्द्धन र संरक्षणकालागि थुप्रै प्रयासहरु हुँदै आएका छन् । बालबालिकासम्बन्धी ऐन २०४८, बालबालिकासम्बन्धी नियमावली २०५१, लगायत अन्य कानूनहरु, नीति, योजना तथा राष्ट्रिय कार्ययोजनाहरुको कार्यान्वयनका लागि नेपाल सरकार, सम्बन्धित मन्त्रालयका साथै केन्द्रीय बालकल्याण समिति र ७५ वटै जिल्लामा जिल्ला बालकल्याण समितिहरु बालअधिकार तथा बालसंरक्षणको लागि निरन्तर क्रियाशिल रही आएका छन् । नेपालको संविधान, २०७२ को धारा ३९ मा बालबालिकाको हकअधिकारबारे स्पष्ट उल्लेख हुनुले नेपाल सरकार बालअधिकारप्रति संवेदनशील र प्रतिवद्ध रहेको देखिन्छ ।

संविधान, ऐन, नीति, योजना, कार्यक्रम, संस्थागत संरचनाजस्ता व्यवस्था तथा सरकारी र विकासका साझेदार संस्थाहरुको प्रयास र समन्वयका साथै बालबालिकासम्बन्धी कार्यक्रममा तुलनात्मक रुपमा लगानी बढ्दै गएको परिणाम स्वरुप बालबालिकाको खासगरी शिक्षा र स्वास्थ्यको अवस्थामा क्रमशः सुधार हुँदै आएको देखिन्छ । तथापी बालबालिकाविरुद्धको हिंसा, शोषण, भेदभावलगायतका क्षेत्रमा सुधार गर्नुपर्ने धेरै देखिएको छ ।

बालबालिकासम्बन्धी कार्यक्रमहरुबारे जानकारी प्राप्त गर्नु यस क्षेत्रका सरोकारवालाहरु र इच्छुक जो कोहीका निम्ति पनि स्वभाविक र आवश्यक कुरा हो । सोही विषयलाई सम्बोधन गर्न बालबालिकासम्बन्धी ऐन, २०४८ ले दिएको जिम्मेवारी अनुरुप केन्द्रीय बालकल्याण समितिले २०६३ सालदेखि प्रत्येक वर्ष नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन प्रकाशन गर्दै आएको छ । विगतका वर्षहरुमा यस्तो प्रतिवेदन राष्ट्रिय बाल दिवसको अवसर पारेर भाद्र २९ गते प्रकाशन गर्ने गरिएकोमा सबै क्षेत्रबाट सकेसम्म नयाँ तथ्याङ्कहरुलाई समेट्न सकियोस् भन्ने हेतुले यस वर्षदेखि अन्तर्राष्ट्रिय बालअधिकार दिवसका दिन पारेर **नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७३** तयार गरी सार्वजनिक गर्न लागिरहेकोमा मलाई गर्व महशुस भएको छ ।

अन्त्यमा, सीमित स्रोत र साधनका बीच विभिन्न क्षेत्रहरुमा विषयगत रुपमा छरिएर रहेका बालबालिकासम्बन्धी तथ्याङ्क तथा सूचनाहरु एकिकृत गरी बालबालिकाको सूचनामूलक राष्ट्रिय प्रतिवेदन तयार गर्नु चुनौतिपूर्ण विषय हो । यस प्रतिवेदनलाई वार्षिकरुपमा प्रकाशन गर्ने कार्यमा विभिन्न प्रकारले सहयोग पुर्‍याउनु हुने यस समितिका कार्यकारी निर्देशक र कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । राष्ट्रिय बाल दिवसको अवसरमा तय गरिएको "सम्वर्द्धन बालअधिकारको: कार्यान्वयन संविधानको" भन्ने यस बर्षको मूल नारालाई अभियानकै रुपमा अगाडि बढाउन सबैको सहयोगको अपेक्षा सहित, सम्पूर्ण नेपाली बालबालिकाको उज्ज्वल भविष्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय बालबालिका !

धन्यबाद !

मितिः-२०७३ मंसिर ५ गते

(डिल्ली राम गिरी)
अध्यक्ष

# प्राक्कथन

बालबालिकाको विषयमा एक विशिष्टीकृत निकायको रूपमा बालबालिकासम्बन्धी ऐन २०४८ अन्तर्गत गठित केन्द्रीय बालकल्याण समिति विद्यमान ऐनकानून तथा संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले प्रत्याभूत गरेका बालबालिकाको अधिकार संरक्षण र प्रबर्द्धनका निम्ति संवेदनशील भइ निरन्तर रूपमा क्रियाशिल रहँदै आएको छ। बालबालिकाको संरक्षण, विकास, सहभागितालगायत समग्र अधिकार सुनिश्चिततताका लागि केन्द्रीय निकायको रूपमा राष्ट्रिय नीति तथा कार्ययोजना तर्जुमा, बालबालिकाको स्थितिको अनुगमन तथा मूल्याङ्कन, बालअधिकारको वकालत, प्रचारप्रसार र जनचेतना अभिवृद्धिलगायतका कार्यहरू विभिन्न निकायसँगको समन्वय र सहकार्यमा यस समितिले गरिरहेको छ ।

नेपाली बालबालिकाको अवस्थाबारेका विविध पक्षहरूलाई समेटेर तथ्याङ्क, सूचना र जानकारीहरू केन्द्र तथा जिल्लास्तरबाट सङ्कलन गरी नियमित रूपमा २०६३ सालदेखि यस समितिले नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन प्रकाशन गर्दै आएको छ। यसै क्रममा यस वर्षको *'नेपालमा बालबालिकाको स्थिति, २०७३'* प्रकाशित गर्न पाएकोमा खुशी लागेको छ । यो प्रतिवेदनमा मूलतः २०७२ साउन १ गतेदेखि ०७३ असार ३० गतेसम्मको अवधिमा नेपालको बालबचावट, बालसंरक्षण, बालविकास र बालसहभागितासम्बन्धी उपलब्ध भएसम्मका तथ्याङ्क तथा सूचना सङ्कलन गरिएका छन् । कतिपय नेपाली आर्थिक वर्षमा आधारित छन् भने कतिपय इस्वी सन्मा आधारित छन् । तसर्थ स्रोतका सन्दर्भहरूलाई जस्ताको तस्तै प्रस्तुत गर्ने जमर्को समेत गरिएको छ । बिगत वर्षहरूमा यस्तो प्रतिवेदन राष्ट्रिय बाल दिवसका अवसरमा भदौ २९ गते प्रकाशित गर्ने गरिएको थियो । आर्थिक वर्षको समाप्तिलगत्तै प्रकाशित गर्दा जिल्ला तथा केन्द्रीयस्तरमा समेत कतिपय तथ्याङ्कहरू नेपाली आर्थिक वर्ष अनुसार शुद्धीकरण भई नसक्ने समस्या रहेकाले यस वर्ष यो प्रतिवेदन अन्तर्राष्ट्रिय बालअधिकार दिवसका दिन प्रकाशित गर्ने निर्णय गरिएको हो ।

यस प्रतिवेदन तयार गर्ने क्रममा सरकारी निकायहरू र विकासका साझेदार संस्थाहरूबाट प्राप्त तथ्याङ्क, सूचना र जानकारीहरूका अतिरिक्त आर्थिक वर्ष २०७२/०७३ भरी प्रकाशित विभिन्न प्रतिवेदनहरू, दैनिक र साप्ताहिक पत्र-पत्रिकामा प्रकाशित समाचारहरूका साथै बालबालिकासँग

प्रत्यक्ष सरोकार रहेका मन्त्रालय, विभाग र केही विकासका साझेदार संस्थाहरूका प्रतिनिधिहरूसँग गरिएको छलफलबाट प्राप्त सुझावहरू सङ्कलन र विश्लेषण गरिएको छ । धेरै जसो निकायहरूमा बालबालिकासँग सम्बन्धित खण्डीकृत तथ्यतथ्याङ्कको व्यवस्थापन कमजोर रहेको अवस्था भएकाले कतिपय तथ्य र जानकारीहरूलाई आधिकारिक रूपमा प्रस्तुत गर्न सकिएको छैन भने कतिपय अध्यावधिक हुन सकेका छैनन् र खोजे अनसार सूचना जानकारी उपलब्ध हुन पनि सकेको छैन ।

यो प्रतिवेदन तयारीका निम्ति सूचना जानकारी पठाउने मन्त्रालय र विभागहरू, जिल्ला बालकल्याण समितिहरू, विकासका साझेदार संस्थाहरू, विज्ञहरूका साथै सूचना सङ्कलनदेखि विश्लेषण, लेखन, सम्पादन लगायतका कार्यमा सक्रिय रूपमा संलग्न हुने र सहयोग गर्ने केन्द्रीय तथा जिल्ला बालकल्याण समितिका कर्मचारीहरू र प्रतिवेदन लेखनमा विज्ञको रूपमा संलग्न हुने डा. कुन्दन अर्यालको योगदान सराहनीय रहेको छ । यसैगरी प्रतिवेदन प्रकाशन लगायत समितिका कार्यक्रमहरूमा सहयोग पुऱ्याउने साझेदार संस्थाहरू युनिसेफ, सेभ द चिल्ड्रेन र टिडिएचलाई हार्दिक धन्यवाद छ ।

सरकारी तथा विकासका साझेदारहरू लगायत समुदायको क्रियाशिलताले बालबालिकाको अधिकार र विकासको विषयमा सकारात्मक परिवर्तन हुँदै आएको छ । तर पनि बालबालिकाको समग्र अवस्थामा सुधार गर्नुपर्ने धेरै पक्षहरू बाँकी नै रहेका छन् । हरेक तहमा बालबालिकासंग सम्बन्धित विषयमा अवधारणात्मक स्पष्टताका साथ आ-आफ्ना जिम्मेवारीमा बालसम्बेदनशिलता बृद्धि गर्न र बालबालिकाका लागि श्रोत विनियोजनलाई प्राथमिकतामा राख्न सकियो भने प्रत्येक नेपाली बालबालिकाको जीवनमा चाँडै नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । अतः सबै सराकारवालाहरूलाई बालबालिकासम्बन्धी नीति र कार्यक्रममा प्राथमिकता निर्धारण गर्न यस स्थिति प्रतिवेदनले एकसरो तथ्यगत आधारहरू प्रदान गर्नेछ भन्ने अपेक्षा गरिएको छ ।

**तारक धिताल**
कार्यकारी निर्देशक
केन्द्रीय बालकल्याण समिति

# सारसङ्क्षेप

- नेपालले संयुक्त राष्ट्र संघीय बालअधिकार सम्बन्धि महासन्धि, १९८९ लाई सन् १९९० को सेप्टेम्बर १४ मा अनुमोदन गरेपछिका वर्षहरूदेखि नेपाल सरकार बालबालिकाको विषयमा अझ बढी संबेदनशिल हुँदै आएको छ। देशको संविधान, कानून, नीति, योजना, संस्थागत व्यवस्था र कार्यक्रममा सोहीअनुसार  समयानुकूल सुधार गरिदै आएको छ।
- नेपालको संविधान (२०७२) को धारा ३९ अन्तर्गत बालबालिकाको हक शीर्षकमा १० वटा उपधारामा बालबालिकाको विकास र संरक्षणको हकको प्रत्याभूति गरिएको छ।
- हालका वर्षहरूमा व्यवस्थापिका संसदको महिला, बालबालिका, जेष्ठनागरिक र समाज कल्याण समिति, राष्ट्रिय मानव अधिकार आयोगलगायत संचार माध्यमको बालबालिकासम्बन्धी विषयमाथि ध्यानाकर्षण बढ्दै आएको पाइएको छ।
- नेपालको चौधौं योजना (आर्थिक वर्ष २०७३/०७४-२०७५/०७६) को आधार-पत्रमा बालबालिका तथा किशोरकिशोरी शिर्षकभित्र उनीहरूको हकअधिकारको संरक्षण गर्दै उनीहरूलाई सक्षम र योग्य नागरिक बन्ने वातावरण निर्माण गर्ने सोच रहेको छ।
- पछिललो तथ्याङ्क अनुसार पाँच वर्षमुनीको बाल मृत्युदर (प्रति हजारमा) ३८, शिशु मृत्युदर (प्रति हजारमा) ३३, नवजात शिशु मृत्युदर (प्रति हजारमा) २३ र कूल प्रजनन् दर २.३ रहेको देखिएको छ।
- आर्थिक वर्ष २०७१/०७२ को स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागको प्रतिवेदनअनुसार उमेरअनुसार उचाइ नपुगेका/पुड्कोपना भएका पाँच वर्षमुनीका बालबालिका ३७.४ प्रतिशत, उमेरअनुसार तौल नपुगेका पाँच वर्षमुनीका बालबालिका ३० प्रतिशत र ख्याउटेपना (उचाइ अनुसार तौल नपुगेका) भएका पाँच वर्षमुनीका बालबालिका ११ प्रतिशत रहेको देखिएको छ।
- राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रको २०१५ डिसेम्बरसम्मको प्रतिवेदनअनुसार एचआईभी संक्रमित १४ वर्ष सम्मका बालबालिकाको दर्ता भएको संख्या २ हजार ९ रहेको छ। जसमध्ये १ हजार २ सय ४ जना बालक (६० प्रतिशत) र ८ सय ५ जना बालिका (४० प्रतिशत) रहेका छन्।

- नेपाल बहुक्षेत्रीय कल्स्टर सर्वेक्षण २०१४ का अनुसार ५ देखि १७ वर्ष उमेर समुहका ३७.४ प्रतिशत बालबालिका बालश्रममा रहेका छन् ।
- यस वर्ष महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, काठमाण्डौ र ललितपुरका जिल्ला बालकल्याण समिति, महिला तथा बालबालिका कार्यालय कामाण्डौं, काठमाण्डौ महानगरपालिका, महानगरीय प्रहरी कार्यालय एवम् सम्बन्धित गैरसरकारी संस्थालगायतका निकायहरूको समन्वयमा काठमाण्डौ उपत्यकालाई सडक बालबालिकामुक्त बनाउने अभियान कार्य सफलतापूर्वक सञ्चालन भइरहेको छ ।
- काठमाण्डौ उपत्यकामा हालसम्म ३ सय ५३ बालक र ५२ बालिका गरी ४ सय ५ सडक बालबालिकाको उद्धार गरिएको छ । जसमध्ये १ सय २१ बालबालिकालाई परिवारमा पुनःस्थापना गरिसकिएको छ । बाँकी बालबालिका सामाजीकरण र परिवारमा एकीकरण गर्ने प्रक्रियामा रहेका छन् ।
- केन्द्रीय तथ्याङ्क विभागको पपुलेसन मोनोग्राफ, सन् २०१४, भाग २ (सामाजिक जनसांख्यिकी) अनुसार १० देखि १८ वर्ष उमेर समूहका बालबालिकामध्ये २६.३ प्रतिशतको विवाह भएको देखिन्छ ।
- प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका सेवा निर्देशनालयका अनुसार आर्थिक वर्ष (२०७२/०७३) मा बहुविवाहका ४ सय ६३ वटा घटनामध्ये १८ वर्षमुनीका बालिका पाँचजना (१.१ प्रतिशत) बहुविवाहबाट पीडित भएको पाइएको छ ।
- प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका सेवा निर्देशनालयका अनुसार आर्थिक वर्ष २०७२/७३ मा जबरजस्ती करणीबाट १ हजार ९० जना पीडित भएकामा १८ वर्षमुनीका ६ सय ८१ जना बालिका (६२.५ प्रतिशत) रहेको पाइएको छ । यसै गरी जबरजस्ती करणीको प्रयास गरिएको मुद्दामा पीडित ४ सय ५२ जनामध्ये १८ वर्षमुनीका २ सय ६६ जना (५८.८ प्रतिशत) बालिका पीडित भएको देखिन्छ ।
- मानवअधिकार वर्ष पुस्तक २०१६ अनुसार २०७१ पुष १७ देखि २०७२ पुष १६ गते अर्थात सन् २०१५ को अवधिमा कूल ८ सय ३८ बालअधिकार उल्लंघन तथा ज्यादतिका घटनामा ५५ जना बालक तथा ७ सय ८३ जना बालिका पीडित भएको देखिन्छ ।
- आर्थिक वर्ष २०७२/०७३ मा हराएका कूल १ हजार ५ सय २ बालबालिकामध्ये ४ सय ८ बालबालिका फेला परिसकेका छन् भने १ हजार १ सय ४ जना बालबालिकाको खोजी कार्य जारी छ ।
- विभिन्न ६ वटा संघसंस्थाहरूको सहकार्यमा ११ जिल्लामा सञ्चालित बाल हेल्पलाइन १०९८

बाट २०७३ आषाढ मसान्तसम्म जोखिमपूर्ण अवस्थामा रहेका बालक १ हजार ८ सय १९ जना र बालिका १ हजार ८ सय ९२ गरी जम्मा ३ हजार ७ सय ११ बालबालिकाको आपतकालीन उद्धार गरी राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन, पुनर्एकीकरण तथा पुनःस्थापना गरिएको छ ।

- केन्द्रीय बालकल्याण समितिले २०७३ असार मसान्तसम्ममा १४ जिल्लाका जिल्ला बालकल्याण समितिमार्फत सङ्कलन गरेको ४४ हजार १ सय ३१ जना भूकम्प र अन्य कारणले जोखिममा परेका बालबालिकामध्ये २१ हजार ६ सय ८१ बालबालिकालाई आपत्कालीन शैक्षिक तथा पारिवारिक आर्थिक सहयोग प्रदान गरिएको छ ।

- केन्द्रीय बालकल्याण समितिको अभिलेख अनुसार विभिन्न २० जिल्लाहरूमा सशस्त्र द्वन्द्वबाट प्रभावित १६ हजार ९ सय ६ जना बालबालिकामध्ये हालसम्म ३ हजार ५ सय ५७ बालबालिकालाई विभिन्न प्रकारका सेवा प्रवाह गरिसकेको छ । शहीद प्रतिष्ठान अन्तर्गतका ५ वटा क्षेत्रीय आवासीय विद्यालयमा द्वन्द्व प्रभावित ८ सय ८८ जना बालक र ५ सय ४७ जना बालिका गरी १ हजार ४ सय ३५ जना बालबालिका आवासीय रूपमा अध्ययनरत रहेका छन् ।

- प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका सेवा निर्देशनालयका अनुसार आर्थिक वर्ष २०७२/०७३ मा मानव बेचबिखनका २ सय १२ वटा घटनामध्ये ३ सय ५२ जना पीडित रहेकोमा १८ वर्षमुनीका १ सय ९ जना बालिका (३१ प्रतिशत) बेचबिखनमा परेका थिए । जसमध्ये १० वर्षमुनीका १ जना बालिका, ११ देखि १६ वर्ष उमेरका ६२ जना बालिका र १७ देखि १८ वर्षका ४६ जना बालिका रहेका छन् ।

- शिक्षाको क्षेत्रमा दलित र जनजाति बालबालिकाको पहुँचको हिसाबले २०७२ सालमा प्रारम्भिक बालविकास केन्द्रमा जम्मा ९ लाख ७७ हजार ३ सय ६५ बालबालिका भर्ना भएकोमा १७.९ प्रतिशत दलित बालबालिका (बालक १७.२ प्रतिशत र बालिका १८.६ प्रतिशत) र ३८.८ प्रतिशत जनजाति बालबालिका (बालक ३८.७ प्रतिशत र ३९.० प्रतिशत बालिका) रहेको देखिन्छ ।

- शैक्षिक सत्र २०७२ मा देशभर प्राथमिकतहमा जम्मा ४२ लाख ६४ हजार ९ सय ४२ बालबालिका भर्ना भएकोमा दलित बालबालिकाको संख्या ८ लाख ४१ हजार ५ सय ४६ रहेको छ । यो संख्या देशभरको प्राथमिकतहमा भर्ना भएका जम्मा बालबालिकाको १९.७ प्रतिशत हो । निम्न माध्यमिकतहमा १४.४ प्रतिशत दलित बालबालिका भर्ना भएका थिए भने आधारभूततहमा १८.१ प्रतिशत दलित बालबालिका भर्ना भएका थिए ।

- कारागार व्यवस्थापन विभागको अभिलेख अनुसार जम्मा ३४ वटा कारागारमा कूल ११ हजार ५ सय ९७ कैदी बन्दीमा आश्रित कूल ९३ बालबालिका रहेको देखिएको छ ।

- भूमिसुधार तथा व्यवस्थापन विभागका अनुसार आर्थिक वर्ष २०७१/०७२ मा जम्मा ६२ जना बालबालिकालाई नेपालभित्रै धर्मसन्तानका रूपमा ग्रहण गरिएको थियो भने आर्थिक वर्ष

२०७२/०७३ मा देशका विभिन्न जिल्लास्थित १३ वटा मालपोत कार्यालयको अभिलेखका आधारमा जम्मा ३० जना बालबालिकालाई धर्मसन्तानका रूपमा ग्रहण गरिएको देखिन्छ ।

- गृह मन्त्रालयबाट प्राप्त तथ्याङ्कनुसार हाल नेपालमा भुटानी शरणार्थी क्याम्पमा र सो बाहिर रहेका समेत गरी १७ वर्षसम्मका बालक ३ हजार १ सय ७५ र बालिका ३ हजार १७ गरी जम्मा ६ हजार १ सय ९२ भुटानी शरणार्थी बालबालिका रहेका छन् ।
- केन्द्रीय तथ्याङ्क विभागले २०१४ मा प्रकाशन गरेको पपुलेशन मोनाग्राफ भोलुम २ का अनुसार नेपालमा कुल जनसंख्याको ०.९९ प्रतिशत (९२ हजार १२ जना) ० देखि १४ वर्ष सम्मका बालबालिकामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ ।
- आर्थिक वर्ष. २०७२/०७३ मा उपत्यकाभित्र ५ हजार ६ सय ६८ सडक दुर्घटना भएकोमा मृत्यु भएका १ सय ६६ जना मध्ये ७.९ प्रतिशत बालबालिका (आठ बालक र पाँच बालिका) रहेका छन् ।
- तराई मधेसका जिल्लाहरूमा २०७३ असोज ३ गते संविधान जारी भएलगत्तै पुष १५ गतेसम्म करीब १ सय ३५ दिन आन्दोलन र नाकाबन्दीका कारण जनजीवन आक्रान्त हुन पुगेको थियो । तराई मधेसका कूल ३ हजार ६ सय ७६ विद्यालयमा अध्ययन गर्ने करिब १३ लाख ५६ हजार ८ सय ५३ विद्यार्थीले सो अवधिमा कूल ८२ दिन विद्यालयबाट वञ्चित हुनु परेको थियो । तराईका बालबालिका सो अवधिमा आधारभूत खोपबाट समेत वञ्चित भएको पाइएको छ ।
- आर्थिक वर्ष २०७२/०७३ मा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिएको बालबालिकाको संख्या ४ लाख ६६ हजार ७४ जनामात्र देखिएको छ । यो संख्या गत आर्थिक वर्ष ५ लाख ७ हजार ७ सय १८ जना रहेको पाइएको थियो ।
- आर्थिक वर्ष २०७२/०७३ मा प्राप्त १ सय ३८ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरू मध्ये १ सय २ अर्थात ७३.९ प्रतिशत मुद्दाहरू फैसला भइसकेका छन् । बालबालिकाले गर्ने बिज्याँईहरूमा सबभन्दा बढी जबरजस्ती करणीसम्बन्धी मुद्दाको संख्या ३७ देखिएको छ । त्यसपछि साधारण चोरीसम्बन्धी बालबिज्याँईको संख्या २७ देखिन्छ भने लागू औषधसम्बन्धी मुद्दाको संख्या १६ देखिन्छ ।
- बालबिज्याईमा संलग्न रहेका ४ जना बालिका र २ सय ३४ जना बालक गरी कूल २ सय ३८ जना बालबालिका क्रमशः भक्तपुर, विराटनगर र कास्कीमा सञ्चालित तीनवटा बालसुधार गृहमा रहेका छन् ।
- आर्थिक वर्ष २०७२/०७३ मा ४४ जिल्लामा कूल ५ सय ७२ आवासीय बालगृहहरू सञ्चालनमा रहेका छन् । यी बालगृहहरूमा जम्मा १६ हजार ८ सय ८६ बालबालिका (८ हजार ४ सय ३५ बालक र ८ हजार ४ सय ५१ बालिका) लाई संरक्षण प्रदान गरिएको छ । काठमाण्डौ जिल्लामा

सर्वाधिक २ सय  बालगृह रहेका छन् भने १७ जिल्लामा एउटा-एउटा मात्र बालगृह सञ्चालनमा रहेका छन् ।

- केन्द्रीय बालकल्याण समिति तथा जिल्ला बालकल्याण समितिले आर्थिक वर्ष २०७२/०७३ मा जम्मा ४ सय १४ वटा बालगृहको स्थलगत अनुगमन गऱ्यो । जसमध्ये आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड अनुकूल नरहेका समस्याग्रस्त १० बालगृहहरूबाट ७६ जना बालक र ६० जना बालिका गरी १ सय ३६ बालबालिकालाई उद्धार गरियो ।
- २७ जिल्लाको तथ्याङ्क अनुसार बालबालिका आवासीय रूपमा रहेका हिन्दु धर्मसँग सम्बन्धित रहेका मन्दिर, धाम, गुरुकूल, विद्यापिठ, आश्रम र केन्द्रहरूको संख्या ४४, बौद्ध धर्मसँग सम्बन्धित गुम्बा र विहारहरूका संख्या ३१, इस्लाम धर्मसँग सम्बन्धित मदरसाहरूको संख्या ६१, र क्रिश्चियन धर्मसँग सम्बन्धित चर्चहरूको संख्या ११ गरी कूल १४७ वटा धार्मिक संस्थाहरूमा ५ हजार २ सय ३४ बालक र १ हजार ४ सय ५२ गरी ६ हजार ६ सय ८६ जना बालबालिका विभिन्न २७ जिल्लाका धार्मिक संघसंस्थामा आवासीय रूपमा रहेको पाइएको छ ।
- शैक्षिक सत्र २०७२ मा समुदायमा आधारित बालविकास केन्द्र ३० हजार ४ सय ४८ वटा र संस्थागत विद्यालयमा आधारित बालविकास केन्द्र ५ हजार ५ सय ४३ गरी जम्मा ३५ हजार ९ सय ९१ वटा बालविकास केन्द्रमा ९ लाख ७७ हजार ३ सय ६५ बालबालिका भर्ना भएको पाइएको छ । यसै गरी बाल विकास केन्द्रबाट कक्षा १ मा भर्ना भएका बालबालिकाको संख्या ५ लाख ३३ हजार ७ सय ४४ (६२.४ प्रतिशत) पुगेको छ ।
- शिक्षा विभागको तथ्याङ्क अनुसार बालबालिकाको प्राथमिक विद्यालयमा खूद भर्नादर २०७१ सालमा ९६.२ प्रतिशत थियो भने २०७२ सालमा ९६.६ प्रतिशत पुगेको छ । निम्न माध्यमिकस्तरमा खूद भर्नादर ७७.७ प्रतिशत, माध्यमिक (कक्षा ९ र १०) स्तरमा ५८.६ प्रतिशत र उच्च माध्यमिकस्तरमा (कक्षा ११ र १२) मा १६.४ प्रतिशत रहेको पाइएको छ ।
- २०७२ सालमा देशभरमा प्राथमिकतहमा २१ लाख ६५ हजार ३ सय ८६ छात्रा र २० लाख ९९ हजार ५ सय ५६ छात्र गरी जम्मा ४२ लाख ६४ हजार ९ सय ४२ विद्यार्थी भर्ना भएको देखिन्छ भने २०७१ सालमा २२ लाख १ हजार ३ सय १३ छात्रा र २१ लाख ३४ हजार ४२ छात्र गरी जम्मा ४३ लाख ३५ हजार ३ सय ५५ विद्यार्थी भर्ना भएका थिए । गत वर्ष यो भन्दा यो वर्ष प्राथमिकतहमा विद्यार्थी भर्ना कम देखिएको छ ।
- शिक्षा ऐन, २०२८ (आठौं संशोधन ऐन, २०७३) को दफा १६ (घ) १ मा निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले कुनै पनि किसिमको शुःल्क लिन नपाउने व्यवस्था गरको छ भने दफा १६ घ (१) ख मा सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुःल्क तथा माध्यमिक तहसम्म निशुःल्क शिक्षा प्रदान गर्नका लागि नेपाल सरकारले

स्रोतको व्यवस्था गर्नेछ भन्ने प्रावधान गरिएको छ ।

- निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनको लागि निःशुल्क तथा अनिवार्य आधार भूत शिक्षा निर्देशिका, २०७२ बनेको छ । २१ जिल्लामा निशुल्क अनिवार्य शिक्षा कार्यक्रम लागू गरिएको छ ।
- २०७२ सालदेखि एसएलसीको परीक्षाफल ग्रेडका आधारमा प्रकाशित गर्न थालिएको छ । नयाँ व्यवस्थाअनुसार कुनै पनि विद्यार्थीलाई अनुत्तीर्ण घोषणा नगरिने व्यवस्था गरिएको छ । २०७२ सालको एसएलसी परीक्षामा जम्मा ४ लाख ५६ हजार १ सय ३६ जना विद्यार्थीले परीक्षा फाराम भरे पनि ४ लाख ३७ हजार ३ सय २६ जना विद्यार्थी परीक्षामा सामेल भएका थिए ।
- देशभरमा कक्षा १ देखि कक्षा १२ सम्म पढाइहुने सम्पूर्ण धार्मिक विद्यालयहरूको तथ्याङ्क अनुसार मदरसाको संख्या ७ सय ३५, गुम्बाको संख्या ७६ र आश्रमको संख्या ६८ गरी ९ सय ३० रहेको देखिन्छ ।
- हालसम्म पचहत्तरै जिल्लामा २२ हजार ६ सय २८ बालक्लवहरू सञ्चालनमा रहेको पाइन्छ । जसमा २ लाख ६ हजार ४९ बालिका र २ लाख ३१ हजार ७ सय १० बालक गरी जम्मा ४ लाख ३४ हजार ५ सय ४९ जना बालबालिका संलग्न रहेको पाइएको छ ।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलका अनुसार २०७३ जेठको मध्यसम्म २ सय ९८ गा.वि.स., ७७ नगरपालिका र ४१ जिल्ला विकास समितिले बालमैत्री स्थानीय शासन आवलम्वन गरिसकेका छन् । त्यसैगरी १२ गा.वि.स., २० नगरपालिका र १३ जिल्ला विकास समितिले बालमैत्री स्थानीय शासनको कार्ययोजना समेत तयार गरिसकेका छन् ।

# विषय सूची

**शीर्षक** **पृष्ठ संख्या**


सारसङ्क्षेप

**परिच्छेदः १ परिचय** १

१.१ पृष्ठभूमि १

१.२ नेपालमा बालबालिकासम्बन्धी संवैधानिक र कानूनी व्यवस्था २

१.२.१ नेपालको संविधान (२०७२) मा बालबालिकासम्बन्धी व्यवस्था २

१.२.२ बालबालिकासम्बन्धी कानूनी व्यवस्था ६

१.३ व्यवस्थापिका संसद र बालबालिका ८

१.४ राष्ट्रिय मानव अधिकार आयोग र बालबालिका ९

१.५ बालअधिकार महासन्धि र यसको ऐच्छिक सन्धिपत्र र नेपालको प्रतिवेदन १०

१.६ बालबालिकासम्बन्धी योजना, नीति तथा कार्यक्रम १३

१.६.१ योजना तथा कार्ययोजना १३

१.६.२ राष्ट्रिय नीति १५

१.६.३ अर्थिक वर्ष २०७२/०७३ का बालबालिका सम्बन्धी प्रमुख कार्यक्रमहरू १५

१.७ केही मन्त्रालयहरूको बालबालिकासम्बन्धी बजेट स्थिति १९

१.८ विकास लक्ष्यहरू र बालबालिका २०

१.८.१ सहस्राब्दी विकास लक्ष्य र बालबालिका २०

१.८.२ दीगो विकास लक्ष्य र बालबालिका २०

१.९ आमसञ्चार माध्यममा प्रकाशमा आएका बालहिंसासम्बन्धी घटना २१

क. बालबालिका ओसारपसार २२

ख. बालयौन दुर्व्यवहार र बलात्कार २३

ग. बालविवाह २३

घ. अपहरण तथा हत्या २४

ङ. शारीरिक सजाय २४

**परिच्छेद २ बालबचावट** ........ २६
२.१ परिचय ........ २६
२.२ गर्भ र जन्मको अवस्था ........ २६
२.३ बाल्यकालमा हुने रोगका जोखिम र खोप ........ २७
२.४ शिशु तथा बाल मृत्युदर र खोप ........ २७
२.५ पोषण ........ २९
२.६ एचआईभी/एड्स प्रभावित तथा संक्रमित बालबालिका ........ ३०

**परिच्छेद ३ बालसंरक्षण** ........ ३३
३.१ परिचय ........ ३३
३.२ बालश्रम ........ ३३
३.३ सडक बालबालिका ........ ३६
३.४ बालविवाह ........ ३८
३.५ बालअधिकारविरुद्धका घटना, पीडित बालबालिकाको उद्धार, शारीरिक र मनोबैज्ञानिक सुधार एवम् पारिवारिक पुनःस्थापना तथा पुनर्एकीकरण ........ ४२
३.५.१ जीवनको अधिकार ........ ४२
३.५.२ दुर्व्यवहार लगायतका बालअधिकार हननूका घटना ........ ४४
३.६ हराएका/फेला परेका बालबालिका र उद्धार तथा पुनःस्थापना ........ ४६
३.६.१ हराएका, फेला परेका र वेवारिस बालबालिका ........ ४६
३.६.२ उद्धार तथा पारिवारिक पुनःस्थापना ........ ४८
३.७ भूकम्पबाट प्रभावित बालबालिका ........ ५१
३.८ सशस्त्र द्वन्द्व प्रभावित बालबालिका ........ ५४
३.९ बेचबिखनमा परेका बालबालिका ........ ५६
३.१० अल्पसंख्यक र आदिबासी बालबालिका ........ ५७
३.११ अभिभावकसँगै कारागारमा रहेका बालबालिका ........ ५९
३.१२ जन्मदर्ता ........ ६०
३.१३ धर्मसन्तान ........ ६१
३.१३.१ विदेशी नागरिकलाई धर्मसन्तान ........ ६२
३.१३.२ स्वदेशी नागरिकलाई धर्मसन्तान ........ ६२

३.१४ शरणार्थी बालबालिका ... ६३
३.१५ अपाङ्गता भएका बालबालिका ... ६५
३.१६ सडक दुर्घटना र बालबालिकाको अवस्था ... ६६
३.१७ मधेस आन्दोलन र बालअधिकारको सवाल ... ६६
३.१८ सामाजिक सुरक्षा र बालबालिका ... ६९
३.१९ बालन्याय ... ७१
३.२० बालसुधार गृह ... ७५
३.२१ बालबालिकाको स्याहार ... ७६
३.२१.१ बालगृह ... ७७
३.२१.२ धार्मिक संस्थामा आवासीय रूपमा रहेका बालबालिका ... ७९
३.२२ गोपनीयताको हकको संरक्षण ... ८०

**परिच्छेद ४ बालविकास** ... ८१
४.१ परिचय ... ८१
४.२ प्रारम्भिक बालविकास ... ८१
४.३ विद्यालयस्तरको शिक्षा ... ८३
४.४ अनिवार्य र निःशुल्क शिक्षा ... ८७
४.५ एस.एल.सी. परीक्षाको स्थिति ... ८८
४.६ विद्यालयको संख्या ... ८९
४.७ बालबालिकाको लागि मनोरञ्जन, खेल र साँस्कृतिक क्रियाकलाप ... ९०

**परिच्छेद ५ बालसहभागिता** ... ९२
५.१. परिचय ... ९२
५.२ बालबालिकाको बिचार र अभिव्यक्ति स्वतन्त्रताको स्थिति ... ९२
५.३ बालक्लब ... ९४
५.४ बालमैत्री स्थानीय शासन/बालमैत्री गाँउ विकास समिति ... ९५

**परिच्छेद ६ निष्कर्ष** ........ ९७

**तालिका :**


| | | | |
|---|---|---|---|
| तालिका १ | : | बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने चारवटा मन्त्रालयको पाँच आर्थिक वर्षमा मन्त्रालयगत रूपमा बालबालिकासम्बन्धी कार्यक्रममा विनियोजन गरिएको बजेट प्रतिशत | १९ |
| तालिका २ | : | बालबालिकासंग सम्बन्धित सूचक, स्थिति र परिलक्ष्य (सन्‌मा) | २० |
| तालिका ३ | : | खोप पाउने बालबालिकाको प्रतिशत (आर्थिक वर्ष २०७०/७१ र २०७१/७२) | २८ |
| तालिका ४ | : | सडकबाट उद्धार गरिएका बालबालिकाको संख्या | ३८ |
| तालिका ५ | : | उमेर समूहअनुसार बालविवाहको स्थिति, २०६८ (प्रतिशतमा) | ३९ |
| तालिका ६ | : | बालिकाविरुद्ध यौन दुर्व्यवहारका घटनाहरू | ४४ |
| तालिका ७ | : | जबरजस्ती करणीबाट पीडित बालिका (क्षेत्रगत तथा उमेर समुहका आधारमा) को विवरण | ४४ |
| तालिका ८ | : | जबरजस्ती करणीको प्रयासबाट पीडित बालिकाको विवरण | ४५ |
| तालिका ९ | : | सन्‌ २०१५ मा बालअधिकार उल्लंघन तथा ज्यादतीका घटनामा पीडित संख्या | ४५ |
| तालिका १० | : | बालबालिका हराएका, फेला परेका र खोजतलास जारी रहेको अवस्था, २०७२/७३ | ४७ |
| तालिका ११ | : | बेवारिस अवस्थामा फेला परेका बालबालिकाको विवरण | ४८ |
| तालिका १२ | : | बालहेल्पलाइन सञ्चालनमा रहेका जिल्लाहरू | ४९ |
| तालिका १३ | : | बाल हेल्पलाइनमार्फत आर्थिक वर्ष २०७२/७३ मा गरिएको सहयोग | ५० |
| तालिका १४ | : | भूकम्प प्रभावित र जोखिममा रहेका बालबालिकाको संख्या | ५२ |
| तालिका १५ | : | २०७३ साल असार मसान्तसम्म प्रदान गरिएको सहयोग | ५३ |
| तालिका १६ | : | शहीद प्रतिष्ठानअन्तर्गतका आवासीय विद्यालयमा रहेका बालबालिकाको संख्या | ५५ |
| तालिका १७ | : | बेचबिखनमा परेका बालबालिकाको विवरण | ५७ |
| तालिका १८ | : | प्रारम्भिक बालबिकास केन्द्रमा भर्ना भएका दलित तथा जनजाति बालबालिका | ५८ |

| | | | |
|---|---|---|---|
| तालिका १९ | : | प्राथमिक, निम्न माध्यमिक तथा आधारभूततहमा दलित बालबालिका | ५९ |
| तालिका २० | : | प्राथमिक, निम्न माध्यमिक तथा आधारभूततहमा जनजाति बालबालिका | ५९ |
| तालिका २१ | : | भुटानी शरणार्थी बालबालिकासम्बन्धी विवरण, २०१५ डिसेम्बरसम्म | ६४ |
| तालिका २२ | : | नेपालमा आश्रित शरणार्थी बालबालिकाको विवरण (भुटान बाहेक) | ६५ |
| तालिका २३ | : | उपत्यकामा बालबालिकाको सडक दुर्घटनासम्बन्धी विवरण | ६७ |
| तालिका २४ | : | बालबिज्याँईसम्बन्धी मुद्दाको प्रकृति, जम्मा मुद्दा संख्या र फैसलाको विवरण | ७२ |
| तालिका २५ | : | प्रतिवादी बालबालिकाको संख्या र लिङ्गगत विवरण | ७३ |
| तालिका २६ | : | बालबिज्याँईका मुद्दाहरूमा फैसलासम्बन्धी विवरण | ७४ |
| तालिका २७ | : | बालसुधार गृहमा रहेका बालबालिका | ७५ |
| तालिका २८ | : | बाल सुधार गृह प्रवेश गरेका र पारिवारिक पुनर्मिलन गरेका बालबालिकाको विवरण | ७६ |
| तालिका २९ | : | प्रारम्भिक बाल विकास केन्द्र | ८२ |
| तालिका ३० | : | प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको विवरण | ८३ |
| तालिका ३१ | : | शैक्षिकतहका आधारमा विद्यार्थी संख्या, २०७२ | ८४ |
| तालिका ३२ | : | तहगत विद्यार्थी भर्नादर (कूल र खूद भर्नादर तथा लैङ्गिक समानता सूचक) विवरण | ८५ |
| तालिका ३३ | : | विभिन्न प्रकारका विद्यालयहरूको क्षेत्रगत संख्या | ८९ |
| तालिका ३४ | : | धार्मिक विद्यालयहरूको संख्या | ९० |


**ग्राफ :**


| | | | |
|---|---|---|---|
| ग्राफ १ | : | आमसञ्चार माध्यममा प्रकाशित बालहिंसाको घटना, २०७२/७३ (प्रतिशतमा) | २२ |
| ग्राफ २ | : | सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापना एवं पुनःएकीकरण परियोजनामार्फत लभान्वित बालबालिका | ५६ |
| ग्राफ ३ | : | स्वदेशभित्र ग्रहण गरिएको धर्म सन्तानको संख्या, आर्थिक वर्ष २०७२/०७३ | ६३ |
| ग्राफ ४ | : | कक्षागत विद्यार्थी भर्ना संख्या | ८६ |
| ग्राफ ५ | : | २०७२ सालको एस.एल.सी. परीक्षाको नतिजा | ८८ |

**सन्दर्भ सामग्रीहरू** ........ १००

**अनुसूची** ........ १०२

| | | | |
|---|---|---|---|
| अनुसूचि १ | : | बाल सम्वेदनशील पत्रकारिता निर्देशिका, २०७२ | १०२ |
| अनुसूचि २ क | : | भूकम्प प्रभावित १४ जिल्लामा बाबुआमा दुवै नभएका बालबालिकाको संख्या | १०५ |
| अनुसूचि २ ख | : | भूकम्प प्रभावित १४ जिल्लामा आमामात्र नभएका बालबालिकाको संख्या | १०५ |
| अनुसूचि २ ग | : | भूकम्प प्रभावित १४ जिल्लामा बाबुमात्र नभएका जम्मा बालबालिका | १०६ |
| अनुसूचि २ घ | : | भूकम्पबाट मृत्यु भएका बालबालिकाको जिल्लागत विवरण | १०६ |
| अनुसूचि ३ | : | सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकालाई प्रदान गरिएका सेवाहरू | १०७ |
| अनुसूचि ४ | : | २०७३ साल असारमसान्त सम्मको कैदीवन्दी र उनीहरूका आश्रित बालबालिका | १०८ |
| अनुसूचि ५ | : | जिल्लागतरूपमा भएको जन्मदर्ताको विवरण | १०९ |
| अनुसूचि ६ | : | जिल्ला अनुसार सामाजिक सुरक्षा भत्ता प्रदान गरिएका बालबालिकाको संख्या, २०७२/०७३ | ११० |
| अनुसूचि ७ | : | बालगृहहरूको संख्या | ११५ |
| अनुसूचि ८ | : | धार्मिक संस्थामा आवासीय रूपमा रहेका बालबालिका | ११७ |
| अनुसूचि ९ | : | प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको विवरण | ११८ |
| अनुसूचि १० | : | कक्षागत विद्यार्थी भर्नादर (छात्र र छात्रा) विवरण | ११९ |
| अनुसूचि ११ क | : | २०७२ सालको एस.एल.सी. परीक्षाको नतिजा स्थिति | १२० |
| अनुसूचि ११ ख | : | एस.एल.सी. २०७२, एक्जाम्टेड | १२० |
| अनुसूचि १२ | : | जिल्लाअनुसारको बालक्लवको संख्या | १२१ |
| अनुसूचि १३. | : | नेपालमा २०६३ पछि राष्ट्रिय बालदिवसमा तयार पारिएका नाराहरू | १२४ |

परिच्छेद

१

# परिचय

## १.१ पृष्ठभूमि

नेपालले संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरेको अढाई दशक पूरा भइसकेको छ । यसबीच संविधान, कानून, नीति, योजना, कार्यक्रम तथा संस्थागत व्यवस्थामा बालबालिकाको वचावट, संरक्षण, विकास र सहभागितासम्बन्धी रणनीतिअन्तर्गत उल्लेखनीय प्रयास भएका छन् । २०७२ असोज ३ गते संविधान सभाबाट जारी गरिएको नेपालको संविधानमा बालबालिकाको विकास र संरक्षणलाई मौलिक हकका रूपमा अंगीकार गरिएको छ। संविधानले बालबालिकाको सर्वोत्तम हितको व्यवस्था गरेको छ।

राष्ट्रिय जनगणना २०६८ अनुसार २ करोड ६५ लाख कूल जनसंख्या रहेको नेपालमा ३९.८ प्रतिशत १६ वर्षमुनीका बालबालिका छन् भने १८ वर्षमुनीका ४४.४ प्रतिशत छन् । त्यसैगरी १० देखि १९ वर्ष उमेर समूहका बालबालिका तथा किशोरकिशोरी २४.२ प्रतिशत छन् । प्राथमिकस्तरमा खुद भर्नादर ९६.६, निम्न माध्यमिकस्तरमा ७७.७ प्रतिशत, माध्यमिकस्तर (कक्षा ९ र १०) मा ५८.६ प्रतिशत र उच्च माध्यमिकस्तर (कक्षा ११ र १२) मा १६.४ प्रतिशत पुगेको पाइन्छ । पाँच वर्षमुनीको बाल मृत्युदर (प्रति हजारमा) ३८, शिशु मृत्युदर (प्रति हजारमा) ३३, नवजात शिशु मृत्युदर (प्रति हजारमा) २३ र कूल प्रजनन् दर २.३ रहेको देखिएको छ ।

बालअधिकार महासन्धि, १९८९ ले प्रत्याभूत गरेका बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागिताका अधिकारलाई नेपाल सरकारले पूर्ण सम्मान दर्शाएको छ । बालबालिकालाई सबै प्रकारका हिंसाबाट मुक्त राखी आधारभूत बालअधिकारको सुनिश्चितताका लागि नीतिगत तथा कानूनी व्यवस्था गरिएको

छ । नेपालमा बालअधिकारको संरक्षण, सम्बर्धनका क्षेत्रमा भएका प्रगतिले बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन भइरहेको इंङ्कित गरेको छ । बालबालिकाको सर्वाङ्गीण विकास र अधिकार सुनिश्चित गर्नको लागि नीतिगत र कानूनी व्यवस्थामा सुधारका साथै कार्यक्रम तर्जुमा र कार्यान्वयनमा थप प्राथमिकता दिन आवश्यक देखिन्छ ।

## १.२ नेपालमा बालबालिकासम्बन्धी संवैधानिक र कानूनी व्यवस्था

### १.२.१ **नेपालको संविधान** (२०७२) **मा बालबालिकासम्बन्धी व्यवस्था**

नेपालको संविधान (२०७२) ले आधारभूत मानव अधिकारलाई सुनिश्चित गरेको छ । संविधानले प्रत्याभूत गरेका केही राजनीतिक अधिकारबाहेक अन्य सबै अधिकार बालबालिकाका हकमा पनि लागू हुन्छन् । नेपालको संवैधानिक इतिहासमै पहिलोपल्ट अघिल्लो अन्तरिम संविधानमा मौलिक हकअन्तर्गत राखिएको बालबालिकाको हक अधिकारलाई यस संविधानले अझ थप व्यवस्थित गरेको छ । संविधानको धारा ३९ अन्तर्गत बालबालिकाको हक शीर्षकमा १० वटा उपधारामा बालबालिकाको विकास, संरक्षण, सहभागिता लगायतको हकको प्रत्याभूति गरिएको छ ।

नेपालको संविधानमा राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत बुँदा (ञ) को सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिअन्तर्गतको उपबुँदा (५) मा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने भन्ने व्यवस्था उल्लेख भएको छ । यस संविधानमा बालअधिकारका मूलभूतः सिद्धान्तहरूसहित बालअधिकारका आधारभूत मान्यताहरूलाई स्पष्ट रूपमा अंगीकार गरिएकोले बालअधिकारको दृष्टिकोणबाट यो संविधान अत्यन्तै प्रगतिशील देखिन्छ । धारा ११ को नेपालको नागरिक ठहर्ने, धारा १६ को सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ को समानताको हक, धारा २९ को शोषणविरुद्धको हक, धारा ३० को स्वच्छ वातावरणको हक, धारा ३१ को शिक्षासम्बन्धी हक, धारा ३५ को स्वास्थ्यसम्बन्धी हक, धारा ४३ को सामाजिक सुरक्षाको हकजस्ता प्रावधानहरू बालबालिकाको लागि पनि समानरूपमा लागू हुन्छन् । जसका केही प्रमुख प्रावधानहरू तल उल्लेख गरिएको छ ।

धारा ३९ः बालबालिकाको हक

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ ।

२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइनेछैन ।

५. कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइनेछैन ।

८. प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

९. असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

१०. उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

मौलिक हक र कर्तव्य अन्तर्गतको धारा ३९ को बालबालिकासम्बन्धी विशेष व्यवस्थाका अतिरिक्त अन्य ११ वटा धाराहरू प्रत्यक्ष वा परोक्ष रूपमा बालबालिकाको विकास र संरक्षणसँग सम्बन्धित छन् । संविधानको भाग-२ मा नागरिकता शीर्षकअन्तर्गत धारा ११(४) मा नेपालको नागरिक ठहर्ने उपशीर्षकमा भनिएको छ : नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ । त्यसैगरी भाग-३ मा मौलिक हक र कर्तव्य अन्तर्गत धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक अन्तर्गत दुई वटा उपधारा छन् । पहिलोमा भनिएको छ, प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । धारा १६ (२) मा उल्लेख गरिएको छ : कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानून बनाइने छैन ।

धारा १८ मा समानताको हकअन्तर्गत रहेका देहायका उपधाराहरू पनि बालबालिकासँग सम्बन्धित छन् :

१. सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

२. सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

३. राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । स्पष्टीकरणः यस भाग र भाग ४ को प्रयोजनका लागि “आर्थिक रूपले विपन्न” भन्नाले संघीय कानूनमा तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्झनु पर्छ ।

४. समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।

५. पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।

धारा २९ मा व्यवस्था गरिएको शोषण विरुद्धको हकअन्तर्गत देहायका उपधाराहरूले पनि बालबालिकालाई समेट्दछ_ :

१. प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।

२. धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।

३. कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।

४. कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन ।

५. उपधारा (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

धारा ३०(१) मा व्यवस्था गरिएको स्वच्छ वातावरणको हक अन्तर्गत भनिएको छः प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ । यो धारालाई पनि बालबालिकासँग समेत सम्बन्धित रहेको मान्न सकिन्छ ।

धारा ३१ मा शिक्षा सम्बन्धी हकअन्तर्गत देहायवमोजिमका उपधाराहरू बालबालिकासँग सम्बन्धित छन् :

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

संविधानको धारा ३४ (१) मा श्रमको हकअन्तर्गत प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने व्यवस्था गरिएको छ ।

त्यसैगरी धारा ३५ मा स्वास्थ्यसम्बन्धी हक अन्तर्गत देहायवमोजिमका व्यवस्था गरिएको छ :

१. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।

२. प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।

३. प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।

४. प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

धारा ३८. महिलाको हक :(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।

धारा ४३ मा सामाजिक सुरक्षाको हक शीर्षकमा भनिएको छ : आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

संविधानको भाग-४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ मा राज्यका नीतिहरू उल्लेख गरिएको छ । तीमध्ये देहायका नीतिहरू बालबालिकासँगसमेत सम्बन्धित देखिन्छन् :

(ख) राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति :

(२) मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै विधिको शासन कायम राख्ने ।

(३) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने ।

(झ) श्रम र रोजगारसम्बन्धी नीति :

(३) बालश्रमलगायत श्रमशोषणका सबै रूपको अन्त्य गर्ने ।

(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति :

(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाहजस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने ।

(५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने ।

त्यसैगरी धारा ५१ (१४) मा गरिएको गैरसरकारी संस्थासम्बन्धी व्यवस्था पनि बालबालिकासँग समेत सम्बन्धित देखिन्छ । जसमा सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थाहरूलाई संलग्न गराउने उल्लेख गरिएको छ ।

### १.२.२ बालबालिकासम्बन्धी कानूनी व्यवस्था

नेपालमा बालबालिकासम्बन्धी ऐन २०४८, बालश्रम निषेध र नियमित गर्ने ऐन २०५१ जस्ता केही विशेष ऐनहरू रहेका छन् भने मुलुकी ऐन लगायतका विभिन्न ऐनहरूमा बालबालिकासम्बन्धी विविध व्यवस्थाहरू भएको देखिन्छ । मुलुकी ऐनलाई प्रतिस्थापन गर्न बनाइएको देवानी संहिता, फौज्दारी संहिता लगायतका विधेयकहरू संसदमा छलफलको क्रममा रहेका छन् । जहाँ बालबालिकासम्बन्धी अहम् महत्व राख्ने विषयहरू पनि रहेका छन् । नेपालको संविधानकै मर्मअनुसार बालबालिकासम्बन्धी ऐन २०४८ लाई प्रतिस्थापन गर्ने नयाँ बालबालिकासम्बन्धी नयाँ ऐनको मस्यौदाका सम्बन्धमा यो वर्ष सम्बन्धित निकाय र व्यक्तिहरूबीच निकै विर्मश भयो । प्रस्तावित बालबालिकासम्बन्धी ऐनमा नाम, राष्ट्रियता र पहिचानको अधिकारलाई पहिलेको तुलनामा व्यापक रूपमा प्रत्याभूत गरिएको छ । ऐनले प्रत्येक बालबालिकालाई जन्मनासाथ प्रचलित कानूनको अधीनमा रही नागरिकता प्राप्त गर्ने अधिकार हुने व्यवस्था प्रस्ताव गरेको छ ।

प्रस्तावित बालबालिकासम्बन्धी ऐनमा उचित हेरचाह, संरक्षण र पालनपोषणको अधिकारअन्तर्गत प्रत्येक बालबालिकालाई आफ्ना बाबु आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य

व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक दण्ड सजाय, हिंसा र यातना, हेला, अमानवीय व्यवहार, यौनजन्य दुर्व्यवहार र सबै प्रकारका शोषणविरूद्ध संरक्षण प्राप्त गर्ने अधिकारको व्यवस्था गरिएको छ । साथै घर, विद्यालय वा अन्य कुनै पनि ठाउँमा बालबालिकालाई कुनै पनि प्रकारको शारीरिक वा मानसिक दण्ड सजाय दिन तथा अपमानजनक व्यवहार गर्न हुँदैन भन्ने उल्लेख गरिएको छ ।

बालबालिकासम्बन्धी नयाँ ऐनमा संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धिसँग मेल खाने गरी बालबालिकाको परिभाषा गरिने भएको छ। जसअनुसार १८ उमेर नपुगेसम्मका सबैलाई बालबालिकाको मानिनेछ। यसैगरी प्रारम्भिक बालविकासलगायतका अधिकार सबै क्षेत्रमा संस्थागत रूपमा बालसंरक्षण नीति तय गरिनुपर्ने, बैकल्पिक हेरचाहसम्बन्धी व्यवस्थालगायत बालन्यायसम्बन्धी व्यवस्थालाई अझ स्पष्ट पारिएको छ । प्रस्तावित ऐनका प्रावधानहरूका विषयमा सरोकारवालाहरूबीच व्यापक छलफल वर्षभरी नै जारी रह्यो ।

बालबालिकासँग सरोकार राख्ने प्रावधानहरू समावेश भएका नेपालका ४० वटाभन्दा बढी ऐन-नियमहरूका सम्बन्धमा समीक्षा पनि हुँदै आएको छ। बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६, लाई पनि परिमार्जन गर्ने तयारी भइरहेको छ । यस अतिरिक्त आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन २०४९, बालन्याय (कार्यविधि) नियमावली २०६३, आपत्कालीन बालउद्धार कोष (सञ्चालन) नियमावली २०६७, अन्तरदेशीय धर्मपुत्र तथा धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७ जस्ता ऐन वा नियमहरू बालबालिकाको हक र हितका विषयमा प्रत्यक्ष रूपमा जोडिएका छन् । नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने शर्त तथा प्रक्रिया, २०६५, जन्म, मृत्यु र अन्य व्यक्तिगत घटना दर्ता ऐन २०३३, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८, आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ पनि बालबालिकाको हक र हितको विषयसँग प्रत्यक्ष रूपमा सम्बन्धित छन् ।

त्यसैगरी कानूनी सहायता ऐन २०५४, कारागार ऐन २०१९, चन्दा ऐन २०३०, चलचित्र निर्माण, प्रदर्शन र वितरण ऐन २०२६, चिठ्ठा ऐन २०२५, छापाखाना र प्रकाशन सम्बन्धी ऐन २०४८, जीवनासक विषादी ऐन २०४८ तथा दैवी प्रकोप उद्धार ऐन २०३९ मा पनि बालबालिसँग सरोकार राख्ने केही प्रावधानहरू छन् । निर्माण व्यवसाय ऐन २०५५, निर्वाचन अपराध र सजाय ऐन २०४७, मदिरा ऐन २०३१, मानव शरीरको अङ्ग प्रत्यारोपण नियमित र निषेध ऐन २०५५, लागु औषध नियन्त्रण ऐन २०३३, अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ र यसको नियमावली, संस्था दर्ता ऐन २०३४, शिक्षा ऐन २०२८, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६३ र यसको नियमावली २०६४ तथा चिया बगानसम्बन्धी (श्रम) नियमावली २०५० मा पनि बालबालिकासम्बन्धी प्रावधान समाविष्ट छन् ।

## १.३ व्यवस्थापिका संसद र बालबालिका

व्यवस्थापिका संसदमा रहेका १२ वटा विषयगत समितिहरूमध्ये **महिला, बालबालिका, जेष्ठ नागरिक र समाज कल्याण समितिको** क्षेत्राधिकार भित्र बालबालिकाका विषय पनि पर्दछ । समितिले २०७२ साउन १ गतेदेखि २०७३ असार मसान्तसम्म समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन तयार पारेको छ। समितिका ४० वटा बैठकहरूका अतिरिक्त समिति अन्तर्गत गठित विभिन्न उपसमितिका अनेकौं औपचारिक/अनौपचारिक बैठकहरूमा उक्त प्रतिवेदनमा छलफल भएको छ । बैठकहरूमा बालबालिकासँग सम्बन्धित विषयवस्तुमा पनि छलफल भए । व्यवस्थापिका-संसदको नियमित विद्यायनसम्बन्धी कार्य अन्तर्गत सरकारको तर्फबाट सदनमा प्रस्तुत भई सदनबाट निर्णय भए अनुसार हालसम्म ५ वटा विधेयकहरू पारित भइसकेका छन् । जसमध्ये खोप विधेयक २०७१, शिक्षा ऐन (आठौं संशोधन) विधेयक २०७२ र मानव शरीरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) (पहिलो संशोधन) विधेयक २०७२ गरी बालबालिकासंग प्रत्यक्षरूपमा सरोकार राख्ने तीन विधेयकहरू पारित भएका छन् । समितिले यसअवधिमा आफ्नो कार्यक्षेत्रअन्तर्गत बालबालिकासँग सम्बन्धित विषयमा विभिन्न मन्त्रालय र सम्बन्धित निकायलाई निर्देशनहरू दिएको छ।

समितिले भूकम्प पीडित क्षेत्रका अपाङ्गता भएका, असहाय बालबालिका र सुत्केरी महिलाको व्यवस्थापनको लागि सरकारले हालसम्म गरेका काम कारवाहिको जानकारी यथासक्य चाँडो लिखित रूपमा समितिमा पठाउन २०७२ माघ ९ गते महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई निर्देशन दियो । समितिले २०७३ असार ८ गते कञ्चनपुर जिल्लामा राम दुलारी रानाको जघन्य हत्याबाट पीडित परिवार र पीडितलाई सहयोग गर्ने अधिकारकर्मीहरूलाई समेत शान्ति सुरक्षाको प्रत्याभूति गर्दै मृतकको नावालक छोराको पालनपोषणको लागि तत्काल यथोचित प्रवन्ध मिलाउन गृह मन्त्रालय र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई निर्देशन दियो ।

समितिले यही अवधिमा पाठ्यपुस्तकको अभावको विषयलाई पनि सम्बोधन गरेको थियो । २०७२ मंसिर १८ गते समितिले २०७३ शैक्षिक सत्र प्रारम्भ हुनु अगावै पाठ्यपुस्तक बालबालिकाको पहुँचमा पुऱ्याउन कक्षा १ देखि ५ सम्म निजी क्षेत्रलाई समेत छपाई तथा वितरणमा मुलुकभर संलग्न गराउने व्यवस्था गर्न शिक्षा मन्त्रालयलाई निर्देशन दियो ।

समितिले एक शैक्षिक वर्षको पाठ्यपुस्तक छपाई तथा वितरणको सम्बन्धमा जनक शिक्षा सामग्री केन्द्र, साझा प्रकाशन तथा निजी क्षेत्रको कार्य क्षमता तथा प्रभावकारिताको सघन तथा घनिभूत अनुगमन तथा मूल्याङ्कन गरी सोको आधारमा पाठ्यपुस्तक छपाई तथा वितरणको व्यवस्था गर्ने निर्देशन पनि दियो । समितिले विद्यालयतहमा प्रत्येक विद्यार्थीको हातमा नयाँ पाठ्यपुस्तक परेको सुनिश्चित गर्न सम्बन्धित

जिल्ला शिक्षा कार्यालयलाई बिक्री वितरणको तथ्याङ्क राख्नुको साथै कडाईका साथ अनुगमन गर्ने गरी जिम्मेवार बनाउन संयन्त्र निर्माण गर्न निर्देशन दियो । यही सन्दर्भमा समितिले जनक शिक्षा सामग्री केन्द र साझा प्रकाशनको पूर्वाधार तथा क्षमता अभिवृद्धीको साथै केन्द्रको कमी कमजोरी पहिचान गर्दै सो को आधारमा नीतिगत स्वायत्तता प्रदान गरी निजी क्षेत्रसंग स्वच्छ प्रतिस्पर्धा गर्ने गरी आत्मनिर्भर बनाउने सोच अघि साऱ्यो । समितिले एक शैक्षिक वर्षसम्मको पाठ्यपुस्तक छपाई तथा वितरणसम्बन्धी कार्यको संसदीय अनुगमनको व्यवस्था गर्दै आगामी शैक्षिक वर्षमा उचित निर्णय गरिने जनायो ।

२०७२ माघ ४ गते समितिले भूकम्प र नाकाबन्दीपश्चात जनताको जीवन कष्टकर भइरहेको परिस्थितिमा अत्यावश्यक औषधी समेतको अभाव भई स्वास्थ्य सेवा प्रभावित भएको अवस्था अविलम्ब अन्त्य गरी औषधी आपूर्ति तथा उपलब्धता सहज पार्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएको थियो । समितिले बालबालिकासँग सम्बन्धित विभिन्न समसामयिक विषयमा सम्बन्धित मन्त्रालयका उच्च तहसँग छलफल गर्दै समस्या सम्बोधनका निम्ति झक्झकाउने कार्य पनि गर्दै आएको छ ।

## १.४ राष्ट्रिय मानव अधिकार आयोग र बालबालिका

राष्ट्रिय मानव अधिकार आयोग देशमा मानव अधिकारको अनुगमन गर्ने संवैधानिक निकायका रूपमा कार्यरत छ । यसको क्षेत्राधिकारभित्र बालबालिकाको समग्र अवस्थाको अनुगमन पनि पर्दछ । त्यसैगरी राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग पनि बालबालिकासँग प्रत्यक्ष सरोकार राख्दछन् ।

राष्ट्रिय मानवअधिकार आयोगले आर्थिक वर्ष २०७२/७३ मा पनि बेलाबेला बालअधिकारका विषयमा आफ्नो ध्यानाकर्षण भएको जनायो । २०७२ साउन १३ गते आयोगले संविधानको मस्यौदामाथि सर्वसाधारणको राय सुझाव संकलन गर्ने क्रममा प्रदर्शनकारी र प्रहरीबीच जनकपुरमा भएको झडपमा १४ वर्षीय दिनेशकुमार साहमाथि प्रहरीले औचित्यहिन ढंगले बल प्रयोग गरेकोमा ध्यानाकर्षण भएको जनायो । आयोगले साउन ३० गतेका दिन कर्णाली स्वायत्त प्रदेशको माग राख्दै जुम्लामा कलिला बालबालिकालाई अर्धनग्न अवस्थामा सडकमा उतारेर बन्द, हड्तालमा सहभागी बनाउनु बालअधिकार विपरित कार्य हो भन्ने जनाउँदै भोलिपल्ट एक विज्ञप्ति जारी गऱ्यो । भदौ ८ गते आयोगले कैलालीमा दुई वर्षीय बालकको ज्यान गएकोमा आफ्नो ध्यानाकर्षण भएको जनायो । भदौ २७ गते आयोगले विज्ञप्तिमार्फत विद्यालय सुचारु गर्न तथा बन्दमा बालबालिकाको प्रयोग नगर्न आग्रह गऱ्यो । यसक्रममा आयोगले राजधानीमा विद्यालय सञ्चालकहरूसँग परामर्श पनि गरेको थियो । आयोगले भदौ ३१ गते एक विज्ञप्ति प्रकाशित गर्दै दुई दिनअघि रूपन्देहीको बेथरीमा प्रहरीले चलाएको गोली लागी चार वर्षीय चन्दनकुमार पटेल र १३ वर्षीया रञ्जना क्षेत्रीको ज्यान गएकोमा आफ्नो ध्यानाकर्षण भएको जनायो ।

## १.५ बालअधिकारसम्बन्धी महासन्धि र यसको ऐच्छिक सन्धिपत्र र नेपालको प्रतिवेदन

नेपालले २०४६ सालको जनआन्दोलनलगत्तै, २०४७ भदौ २९ गते अनुमोदन गरेको बालअधिकारसम्बन्धी महासन्धिले बालबालिकाको सर्वोत्तम हित, दीर्घजीवन र विकास, संरक्षण, भेदभाव विहिनता, सहभागिता र विचार र भावनाको कदर जस्ता मूल सिद्धान्तमा आधारित भएर ४० सारभूत हकअधिकारहरू सुनिश्चित गरेको छ । महासन्धिमा रहेका कूल ५४ धाराहरूमध्ये ४० धाराहरूले बालबालिकाको अधिकारको व्याख्या गरेका छन् । बाँकी १४ धाराहरू कार्यान्वयन र अनुगमनसँग सम्बन्धित छन् ।

बालअधिकारसम्बन्धी महासन्धिमा उल्लेख गरिएका कुनै धाराहरूलाई थप कानूनी स्पष्टताको आवश्यकता परेको खण्डमा सोसम्बन्धी निर्माण गरिने विशेष व्यवस्थालाई ऐच्छिक सन्धिपत्र भनिन्छ । बालअधिकारसम्बन्धी महासन्धिका देहायका तीनवटा ऐच्छिक सन्धिपत्रहरू रहेका छन् । जसमध्ये उजुरीसम्बन्धी ऐच्छिक सन्धिपत्र भने नेपालले अनुमोदन गरिसकेको छैन ।

१) सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी ऐच्छिक सन्धिपत्र, २०००

२) बालबालिकाको बेचबिखन, बालबालिकाको यौन शोषण र बालबालिकाको अश्लील चित्रण सम्बन्धी ऐच्छिक सन्धिपत्र, २०००

३) बालअधिकारसम्बन्धी महासन्धिको बालअधिकार हननको उजुरी सम्बन्धमा ऐच्छिक सन्धिपत्र २०११

राष्ट्रले मानव अधिकारको सम्मान गर्नुपर्ने, संरक्षण गर्नुपर्ने र परिपालना गर्नुपर्ने दायित्व बोकेको हुन्छ । राष्ट्र मानव अधिकारको संरक्षक पनि हो र प्रत्याभूति गराउने निकाय पनि हो । अझ कुनै अन्तर्राष्ट्रिय महासन्धिमा अनुमोदन गरिसकेपछि राज्यका थप दायित्वहरू हुन्छन् । जस अन्तर्गत सन्धिको इमान्दारीका साथ पालना गर्नु, आफ्ना ऐन, कानून, रीति परम्परामा भएका भेदभावमूलक व्यवस्थाहरू हटाउनु, त्यस्ता ऐनहरूलाई महासन्धि अनुकुल बनाउँदै लैजानु र ती महासन्धिमा उल्लेखित अधिकारहरूको उपभोगको अवस्थाका सम्बन्धमा आवधिक प्रतिवेदन संयुक्त राष्ट्रसंघको बालअधिकार समितिमा प्रस्तुत गर्नु पर्ने सरकारको दायित्व हुन्छ ।

नेपालको सन्धि ऐन, २०४७ को दफा ९ ले नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिहरूसँग नेपालको कानूनी प्रवधानहरू बाझिएको हदसम्म नेपाली कानूनी प्रावधानहरू अमान्य हुने व्यवस्था रहेको छ । त्यस्तो अवस्थामा ती अन्तर्राष्ट्रिय कानूनका प्रावधानहरू नेपाल कानून सरह लागू हुने व्यवस्था गरिएको छ । त्यसैले नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय कानूनी प्रावधान मान्ने-नमान्ने वा पालना गर्ने नगर्ने भन्ने राज्यको इच्छामा निर्भर गर्दैन । ती कानूनहरू लागू गर्नु र परिपालना गर्नु राज्यका तीनवटै अंगको दायित्व हो ।

संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धिमा अनुमोदन गरेपछि महासन्धिको धारा ४४ बमोजिम दुईवर्षभित्र प्रारम्भिक प्रतिवेदन र त्यसपछि ५-५ वर्षमा आवधिक प्रतिवेदन संयुक्त राष्ट्रछसंघको बालअधिकार समितिमा पठाउनु पर्ने हुन्छ । नेपालले यस महासन्धिअन्तर्गत सन् १९९५ फेब्रुअरीमा प्रारम्भिक प्रतिवेदन पठायो । त्यसमाथि समितिले केही समापन टिप्पणी प्रस्तुत गरेपछि मे १९९६ मा नेपालले थप सूचना राखी प्रतिवेदन पेश गऱ्यो । नेपालले सन् १९९७–२००२ बीचका प्रयास तथा स्थितिलाई समेटी पहिलो प्रतिवेदन सन् २००३ मा र दोस्रो प्रतिवेदन सन् २००५ मा बुझायो । तेश्रो, चौथो र पाँचौ संयुक्त प्रतिवेदन सन् २०१२ मा बुझाएको थियो । यससन्दर्भमा संयुक्त राष्ट्रसंघमा सन् २०१५ को मे महिनामा छलफल हुने तालिकानुसार बालअधिकार समितिबाट थप सूचना जानकारी माग गरिएकोमा सो समेत बुझाई सकिएको थियो । २०७२ साल बैशाख १२ गतेको भूकम्पका कारण उक्त प्रतिवेदनमाथिको छलफल स्थगित गरी सन् २०१६ को मे महिनाका लागि तय गरिएको थियो । उक्त प्रतिवेदनको प्रस्तुती र छलफल २०७३ जेठ ४ देखि २१ गतेसम्म सम्पन्न संयुक्त राष्ट्रसंघको बालअधिकार समितिको बहत्तरौं सत्रमा भएको थियो ।

प्रतिवेदनको समापन टिप्पणीमा उक्त समितिले बालअधिकारलाई सम्मान गरेकोमा नयाँ संविधानको स्वागत गऱ्यो । तर समितिले बालबालिकासम्बन्धी नयाँ कानूनको मस्यौदामा भने बालअधिकारका सम्बन्धमा एकीकृत, विस्तृत दृष्टिकोण नदेखिएको जनायो । ऐनको मस्यौदा बालअधिकारका सम्बन्धमा राज्यको भूमिका पर्याप्त परिमाणमा प्रष्ट नरहेको निष्कर्ष समितिले निकाल्यो । समितिले महत्वपूर्ण सिफारिसका रूपमा बालमैत्री स्थानीय शासनको राष्ट्रिय खाका र कार्यान्वयनको निर्देशिका तयार पारेकोमा नेपाल सरकारको प्रशंसा गऱ्यो । तर बालबालिकाका निम्ति विनियोजना गर्दै आएको श्रोत अपर्याप्त हुने गरेकोमा चासो व्यक्त गऱ्यो । राज्यले बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्न परिचालन गर्दै आएको बजेट सीमित भएको र भ्रष्टाचारका कारण थप अपर्याप्त रहेको समितिले जनायो ।

समितिले बालबालिकाको सर्वोत्तम हित शीर्षकअन्तर्गत बालबालिकालाई प्रभाव पार्ने कानूनी प्रक्रियामा उनीहरूको आवाज अझ सुनिने वा उनीहरूको धारणालाई स्थान दिने अवस्था सिर्जना गर्न विद्यमान बालबालिकासम्बन्धी ऐनमा सुधार गर्न समेत सुझाव दियो । समितिले बालबालिकाको धारणा वा विचारको कदर तथा बालबालिकाको सहभागिताका लागि आमाबाबु, शिक्षक, सरकारी कर्मचारी, न्यायपालिका र समग्र समाजलाई बालअधिकारको विषयमा शैक्षिक सूचना उपलब्ध गराउनसमेत सरकारकालाई सिफारिस गरेको छ ।

समितिले बालबालिकालाई परिवार, विद्यालय वा अन्य संस्थाहरूमा शारीरिक दण्ड दिने वा दुर्व्यवहार गर्ने परिपाटीको समूल अन्त्य गर्न कानूनी व्यवस्था गर्न सिफारिस गरेको छ । यस सन्दर्भमा समितिले

बालबालिकासम्बन्धी ऐन र मुलुकी ऐनका सम्बन्धित दफाहरूलाई बालअधिकार महासन्धिको धारा १९ को मर्मानुसार बनाउन आवश्यक संशोधन गर्न देहायबमोजिमका बुँदाहरू सिफारिस गरेको छ :

क) बाबुआमा, शिक्षक र बालबालिकासँग काम गर्ने व्यावसायी खासगरी संस्थाहरू साथै आमजनतालाई बालबालिकालाई गर्ने शारीरिक दण्ड र दुर्व्यवहारको नकारात्मक असरका सम्बन्धमा सूचित गर्न र बालबालिका तथा आमसञ्चार माध्यमलाई यस प्रक्रियामा सकृय रूपमा संलग्न गराउन संचेतना बढाउनुका साथै सशक्त अभियान गर्न समेत सिफारिस गरेको छ ।

ख) समितिले बालबालिकाको मानव गरिमा अनुकूल हुनेगरी बालअधिकार महासन्धिको धारा २८ (२) ले परिकल्पना गरे झैं समाजका सबै तहमा शारीरिक दण्ड सजायको वैकल्पिक उपायको व्यवस्था गर्दै सकारात्मक विशेषतः सकारात्मक अनुशासनका उपायहरू प्रयोगमा ल्याउने कुरा सुनिश्चित गर्न समेत नेपाल सरकारलाई सिफारिस गरेको छ ।

समितिले बालबालिका र अपाङ्गता शीर्षक अन्तर्गत नयाँ संविधानमा अपाङ्गता भएका बालबालिकाको अधिकारसम्बन्धी प्रावधान समावेश गरिनुलाई स्वागतयोग्य कदम ठानेको भए पनि केही सवालहरूमा चासो व्यक्त गरेको छ :

क) अपाङ्गताका भएका बालबालिकाका निम्ति तय गरिएको विशेष वा छुट्टै व्यवस्था र विस्तृत र समावेशी शिक्षासम्बन्धी नीतिगत ढाँचा देखिँदैन ।

ख) अपाङ्गता भएका बालबालिकाविरुद्ध भेदभाव र सामाजिक कुप्रचलन, जो भूकम्पपछिका दिनमा पनि बढे, विद्यमान छन् ।

ग) अपाङ्गता भएका बालबालिकाले स्वास्थ्य सेवा र आश्रयको पहुँचका निम्ति व्यवधानको सामना गर्नु परको छ ।

घ) अपाङ्गता भएका बालबालिकाका निम्ति पर्याप्त शारीरिक रूपमा सहज संरचना रहेको छैन ।

ङ) अपाङ्गता भएका बालबालिका लक्षित विद्यमान समावेशी व्यवस्था शारीरिक वा इन्द्रियगत रूपमा अपाङ्गता भएका बालबालिकाका निम्ति सीमित छन् । ती प्रावधानले मानसिक वा बौद्धिक अपाङ्गता भएका कारण पीडा भोगिरहेका बालबालिकालाई समेटेको छैन ।

च) अपाङ्गता भएका बालबालिकामाथि हुने दुर्व्यवहार र वेवास्ताका सम्बन्धमा मात्र केन्द्रित छुट्टै तथ्यांकको अभाव छ ।

### १.६ बालबालिकासम्बन्धी योजना, नीति तथा कार्यक्रम

#### १.६.१ योजना तथा कार्ययोजना

नेपालको चौधौं योजना (२०७३/७४-०७५/७६) को आधार पत्रले बालबालिका तथा किशोरकिशोरीको हक अधिकारको संरक्षण गर्दै उनीहरूलाई सक्षम र योग्य नागरिक बन्ने वातावरण निर्माण गर्ने सोच तथा बालबालिका विरूद्ध हुने सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा, क्षति वा दुर्व्यवहारबाट बालबालिका तथा किशोरकिशोरीलाई संरक्षण गर्ने लक्ष्य लिएको छ। यस योजनाले लिएका उद्धेश्यहरूमा - १) बालबालिका र किशोरकिशोरीको समग्र अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु, र २) बालबालिका र किशोरकिशोरीउपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहारको अन्त्य गर्नु रहेका छन् । यी उद्धेश्यहरूको प्राप्तिका लागि देहायानुसारका रणनीतिहरू र कार्यनीतिहरू अवलम्बन गरिएका छन् :

**रणनीतिः**

१. बालबालिकालाई गर्भावस्थादेखि नै आवश्यक स्वास्थ्य र पोषण सेवा सुनिश्चित गर्ने ।

२. बालबालिका र किशोरकिशोरीको शारीरिक, मानसिक र बौद्धिक विकासमा जोड दिने ।

३. बालबालिका र किशोरकिशोरीविरूद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने ।

४. सबै प्रकारका बालश्रम न्यूनीकरण तथा निषेध गर्ने ।

५. सडक बालबालिकाको उद्धार, संरक्षण, नियन्त्रण गर्ने ।

**उद्धेश्य हासिल गर्नका लागि उपर्युक्त रणनीति अनुसार देहायका कार्यनीतिको आधारमा कार्यक्रमहरू सञ्चालन गरिनेछ :**

१. गर्भावस्थामा आमा र शिशुको सुरक्षाका लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ। (१)

२. गर्भावस्थादेखि जन्मपश्चात् उपलब्ध गराइने खोप, भिटामिन 'ए', पोलियोजस्ता आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार गरिनेछ। (१)

३. बालबालिकाको लागि निःशुल्क रूपमा उपलब्ध गराइने स्वास्थ्य सुविधाको विस्तार र गुणस्तरमा वृद्धि गरिनेछ। (१)

४. एचआईभी एड्स सङ्क्रमित बालबालिका तथा किशोरकिशोरीको स्वास्थ्य सेवामा सहज पहुँच बनाइनेछ। (१)

५. बालबालिकाहरूको जन्मदर्तालाई अनिवार्य गरी प्रारम्भिक बालविकास प्रणालीलाई व्यवस्थित गरिनेछ। (२)
६. आफ्नो धारणा बनाउन सक्षम बालबालिका तथा किशोरकिशोरीहरूलाई आफूसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई विभिन्न तहको निर्णय प्रक्रियामा बाल सहभागिता अभिवृद्धि गरिनेछ। (२)
७. बालमैत्री स्थानीय शासन प्रणालीअनुरूप सबै स्थानीय निकायलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ। (२)
८. बालसंरक्षण समिति र बालक्लब सञ्चालन र परिचालनमा स्थानीय निकायबाट सहयोग पुऱ्याइनेछ। (२)
९. समाजमा प्रचलनमा रहेका विभिन्न हानिकारक अभ्यासका साथै बालबालिका तथा किशोरकिशोरीमाथि हुने हिंसालाई रोकथाम गर्न कारण पहिचान गरी आवश्यक निरोधात्मक उपायको अवलम्बन गरिनेछ। (३)
१०. हिंसाबाट प्रभावित बालबालिका तथा किशोरकिशोरीहरूको उपयुक्त संरक्षणका साथै उनीहरूलाई कानूनी सहायता तथा आवश्यक उपचारात्मक सेवा उपलब्ध गराइनेछ। (३)
११. बेचबिखन, बालश्रमलगायत अन्य हिंसामा परेका बालबालिका तथा किशोरकिशोरीका लागि राहत, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन र कानूनी तथा मनोवैज्ञानिक परामर्श सेवाका कार्यक्रमहरू सञ्चालन गरिनेछ। (३)
१२. बालविवाह, चाँडो हुने विवाह र जबरजस्ती विवाह विरूद्ध सामाजिक जागरण ल्याउन सचेतनामूलक कार्यक्रमलाई समुदायस्तरसम्म विस्तार गरिनेछ। (३)
१३. कानूनी विवादमा परेका बालबालिकाहरूको आचरणमा सुधार ल्याउन एवम् उनीहरूको शिक्षादीक्षा लगायत जीवनउपयोगी र व्यावसायिक सीपसम्बन्धी कार्यलाई प्रोत्साहन गरिनेछ। (३)
१४. घटना व्यवस्थापनलगायत बालबालिकाहरूलाई प्रवाह गरिने सेवा बालमैत्री, छिटो, छरितो बनाउन सेवा प्रदायक संस्थाको क्षमता अभिवृद्धिका साथै सोको अनुगमन र समन्वय गर्ने निकायको सुदृढीकरण गरिनेछ। (३)
१५. सबै प्रकारका बालश्रमलाई न्यूनीकरण गर्दै यसलाई निषेध गरिनेछ। (४)
१६. बालबालिकालाई अनुशासनका नाममा दिइने शारीरिक तथा मानसिक सजायलाई परिवार, समुदाय, विद्यालयबाट निरूत्साहन गर्न सकारात्मक अनुशासन पद्दतिलाई प्रोत्साहन गरिनेछ। (४)
१७. बालबालिकालाई प्रलोभन दिई वा जबरजस्ती गरी सडक बालबालिका बनाउने कार्यलाई नियन्त्रण गरिनेछ। (५)

१८. सडक बालबालिकाको दिगो व्यवस्थापन गर्न सडकमा रहेका बालबालिकाको उद्धार, मनोसामाजिक परामर्श सेवाका साथै पारिवारिक पुनर्मिलन एवम् उचित व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ। (५)

१९. बालबालिका र किशोरकिशोरीको लालनपालन, शिक्षा तथा नैतिक विकासको निम्ति उपयुक्त वातावरण निर्माण गर्न परिवारलाई उत्प्रेरित गरिनेछ। (५)

बालबालिकासम्बन्धी छुट्टै कार्ययोजना तय गर्ने क्रममा नेपाल सरकारले बालबालिकासम्बन्धी प्रथम कार्ययोजनाको रूपमा सन् १९९० को दशकको लागि बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजना र दोस्रो कार्ययोजनाको रूपमा सन् २००४-२०१४ को लागि दशवर्षे कार्ययोजना तयार गरी लागू गरिसकेको छ। तेस्रो कार्ययोजना तयारी क्रममा रहेको छ। साथै, सशस्त्र द्वन्द्व प्रभावित बालबालिकाको पुनःस्थापना तथा पुर्नएकीकरण, राष्ट्रिय कार्ययोजना, किशोर-किशारी सम्बन्धी राष्ट्रिय कार्ययोजना, मानव ओसारपसार सम्बन्धी राष्ट्रिय कार्ययोजनालगायतका कार्ययोजनाहरू कार्यान्वयनमा रहेका छन्।

### १.६.२ **राष्ट्रिय नीति**

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ मा समग्र बालअधिकारलाई समेट्दै प्रत्येक बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धन गर्नुलाई बालबालिकासम्बन्धी राष्ट्रिय नीतिको प्रमुख उद्धेश्यका रूपमा उल्लेख गरिएको छ। नीतिका अन्य उद्धेश्यहरू देहायबमोजिम छन्ः

- सबै प्रकारका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने,
- बालबालिका जन्मनुअघि र जन्मेपछि उनीहरूलाई आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने,
- आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजहरूसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई बालसहभागिता अभिवृद्धि गर्ने,
- बालबालिकाप्रतिको विभेद अन्त्य गर्ने, आदि रहेका छन्।

### १.६.३ **अर्थिक वर्ष २०७२/०७३ का बालबालिका सम्बन्धी प्रमुख कार्यक्रमहरू**

विभिन्न मन्त्रालयहरूबाट आर्थिक वर्ष २०७२/०७३ मा सञ्चालन गरिएका बालबालिका सम्बन्धी मुख्य कार्यक्रमहरूमा **महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**बाट बालकल्याण कार्यक्रम अन्तर्गत आपतकालीन बाल उद्धार कोषको सञ्चालन तथा आपतमा परेका बालबालिकालाई सहयोग, सिंहदरवार भित्र दिवा शिशु स्याहार केन्द्र सञ्चालन, कानूनी विवादमा परेका बालबालिकालाई

भक्तपुर, मोरङ र कास्कीमा बाल सुधार गृहमा पुनःस्थापना, अनाथ, असहाय बालबालिकाको लागि बालकल्याण गृहहरू (मोरङ, सप्तरी, पर्सा र रूपन्देही) सञ्चालन निरन्तरता प्रदान गरिएको छ । **शिक्षा मन्त्रालय**बाट बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्नको लागि प्रारम्भिक बाल विकास, आधारभूत तहको शिक्षा, माध्यमिक तहको शिक्षामा प्रत्येक वर्ष थप जोड दिएको पाइएको छ । मुख्य कार्यक्रमहरूमा विभिन्न किसिमका छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक वितरण, विद्यालय खाजा तथा अन्य शिक्षा सम्बन्धी सुविधा प्रदान गरिएको छ । **स्वास्थ्य मन्त्रालय**बाट बाल स्वास्थ्य अन्तर्गत गर्भावस्था, नवजात शिशु, शिशु तथा बालबालिकाका लागि विभिन्न खोप, सुनौलो हजार दिन कार्यक्रम र निश्चित स्वास्थ्य सेवा र औषधीहरू तोकिएका स्वास्थ्य संस्थाहरू तथा अस्पतालहरूमा निःशुल्क उपलब्ध गराइएको छ । **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**बाट बालबालिकाको लागि पोषण अनुदान तथा बालबालिका सम्बन्धी सामाजिक सुरक्षाका कार्यक्रम, बालमैत्री स्थानीय शासन अभिवृद्धि गर्ने जस्ता स्थानीयस्तरसम्म नै लागू हुने खालका कार्यक्रम सञ्चालन गरिएको छ । **शान्ति तथा पुनर्निर्माण मन्त्रालय**अन्तर्गत द्वन्द प्रभावित बालबालिकाका लागि छात्रबृत्ति प्रदान गर्ने कार्य गरिएको छ ।

**केन्द्रीय बालकल्याण समितिले** आर्थिक वर्ष २०७२/०७३ मा नेपालको संविधानमा बालअधिकार सुनिश्चित गर्ने तथा बालबालिकासम्बन्धी कानूनमा समयानुकूल सुधार गर्ने विषयमा पैरवी तथा समन्वय कार्यलाई निरन्तरता दियो । सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन कार्यान्वयन गर्ने क्रममा समितिले काठमाण्डौ उपत्यकालाई सडक बालबालिकामुक्त उपत्यका बनाउने अभियान सञ्चालन गरिरहेको छ । बालअधिकार संरक्षणसम्बन्धी व्यापक चेतना जागरण गर्ने, सम्बद्ध मन्त्रालयहरूसँग बालअधिकारका विषयमा समन्वय तथा सहजीकरण गर्ने कार्यलाई पनि समितिले निरन्तर अघि बढाइरहेको छ । आपत तथा जोखिममा परेका बालबालिकाको उद्धार तथा उनीहरूलाई सहयोग, बालगृह अनुगमन, बालबालिकासम्बन्धी घटना व्यवस्थापन, सरोकारवाला निकायको क्षमता अभिबृद्धि, बालबालिका खोजतलास समन्वय केन्द्र निःशुल्क फोन नं. १०४ सञ्चालन तथा व्यवस्थापनजस्ता कार्यलाई पनि निरन्तरता दिइएको छ । बालहेल्पलाइन नं. १०९८ नेपाल सञ्चालन तथा व्यवस्थापन सहयोग र सुदृढीकरण, धार्मिक संघ संस्थामा आवासीय रूपमा रहेका बालबालिकाको तथ्याङ्क संकलन तथा अनुगमन, बालविवाह रोकथाम तथा न्यूनीकरण, बालबालिका बेचविखन तथा ओसारपसार रोकथाम तथा न्यूनीकरण, कर्णाली अञ्चललगायत पिछडिएका क्षेत्रमा बालअधिकार सचेतना अभिवृद्धि कार्यक्रम जारी रहेको छ । समितिले राष्ट्रिय बालअधिकार सूचना स्रोत केन्द्र सञ्चालन गरिरहेको छ र जिल्लाजिल्लामा पनि बालबालिकासम्बन्धी सूचना व्यवस्थापन सुदृढीकरण कार्य भइरहेको छ । यसैगरी नेपाल सरकारबाट बालबालिका संरक्षण तथा बालअधिकार सम्वर्द्धनका लागि घोषणा गरिएका राष्ट्रिय अभियानहरूलाई सफल पार्न ३१ जिल्लामा जिल्ला बालकल्याण समितिलगायत सरोकारवाला निकायहरूसँगको समन्वयमा बालविवाह रोकथाम तथा न्यूनीकरण, बालबालिका बेचविखन तथा

ओसार पसार रोकथाम तथा न्यूनीकरण, विद्यालय शान्ति क्षेत्र घोषणा, शारीरिक र मानसिक दण्ड सजाय रोकथाम तथा नियन्त्रण जस्ता विषयमा प्रभावकारी अन्तरक्रियाका साथै विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन् ।

केन्द्रीय बालकल्याण समितिले विकासका साझेदार संस्थाहरूको सहयोगमा जिल्ला बालकल्याण समितिमा एकजना बालअधिकार अधिकृतको व्यवस्था गरी जिल्लास्तरमा बालबालिकासम्बन्धी कार्य सम्पादन व्यापक रूपमा गर्ने उद्धेश्यले २०६१ सालबाट शुरु गरेको बालअधिकार संरक्षण सम्वर्द्धन कार्यक्रम २०६९ सालमा पचहत्तरै जिल्लामा पुगेको थियो । तर ती संस्थाहरूको सहयोगले निरन्तरता पाउँन नसकेकोले २०७१ सालदेखि नै बालअधिकार अधिकृतको संख्यामा कटौती हुँदै २०७३ असार मसान्तसम्म आइपुग्दा यससम्बन्धी सहयोग अति न्यून हुन पुग्यो । फलस्वरूप केन्द्रीय बालकल्याण समितिले २०७३ साल साउनदेखि जिल्ला तथा प्रदेशहरूमा बालअधिकारको विषयलाई विषयगत निकाय तथा कार्यालयहरूमा रणनीतिक रूपबाट सहजीकरण गर्ने भएको छ । सोहीबमोजिम सात प्रदेशमा १२ जना बालअधिकार स्रोतव्यक्तिको व्यवस्था गरी कार्यक्रमलाई निरन्तर अगाडि बढाएको छ।

बालबालिकालाई शिक्षा तथा स्वास्थ्यसम्बन्धी सेवा प्रवाहका लागि समुदायसम्म पहुँच हुने गरी जिल्ला शिक्षा कार्यालय तथा जिल्ला जनस्वास्थ्य कार्यालय अन्तर्गतका संरचनाहरू क्रियाशिल देखिएको छ । बालमैत्री स्थानीय शासनको कार्यान्वयन गर्न गाँउ/नगर तथा जिल्ला विकास समितिको संख्या यो वर्ष पनि केही बढेको पाइएको छ । यसैगरी बालसंरक्षण कार्यलाई विशेष प्राथमिकता प्रदान गर्न जिल्ला बालकल्याण समिति अन्तर्गत गाउँ बालसंरक्षण तथा सम्वर्द्धन समितिहरू क्रियाशिल रहेको पाइएको छ ।

यस अतिरिक्त २०७२ साल बैशाख १२ गते शनिबारको दिन ११:५६ बजे गोरखाको बारपाक केन्द्रबिन्दु भएको ७.८ म्याग्निच्यूडको भूकम्प र सो पश्चातका निरन्तर पराकम्पनबाट प्रभावित खासगरी १४ जिल्लाहरूका ४४ हजार १ सय ३१ जना कठिन/जोखिम अवस्थाका बालबालिकाको सूचना व्यवस्थापन गरी १३ हजार ४ सय ५९ जनालाई आपत्कालीन शिक्षा तथा पारिवारिक सहयोग प्रदान गरेको छ । यसैगरी देशका विभिन्न २० जिल्लाका द्वन्द्व प्रभावित बालबालिका १६ हजार ९ सय ६ जनामध्ये शिक्षा, स्वास्थ्य, मनोसामाजिक, कानूनी र वैकल्पिक स्याहारलगायत निजका परिवारलाई जीविकोपार्जन व्यवस्थापनमा सहयोग गरी ३ हजार ५ सय ५७ जनालाई आर्थिक सहयोग समेत प्रदान गरिएको छ ।

बालअधिकार हननूका घटनालाई तत्काल सम्बोधन गरी आवश्यक कारवाही गर्न तथा बालबालिकाको आपत्कालीन उद्धार, राहत, परामर्श र संरक्षणका लागि सञ्चालित बालहेल्पलाइन निःशुल्क फोन १०९८ (दश नौ आठ) सहितको एकीकृत सेवा कूल ११ जिल्लामा सञ्चालनमा रहेको छ ।

बालहेल्पलाइन सञ्चालनबाट वर्षभरिमा कूल ३ हजार ७ सय ११ बालबालिकाको उद्धार गरी आवश्यक अन्य सेवा प्रदान गरिएको छ ।

चालु आर्थिक वर्ष २०७३/०७४ मा पनि जिल्लास्तरमा बालविवाह रोकथाम तथा न्यूनीकरण, बालबालिका बेचविखन तथा ओसारपसार रोकथाम तथा न्यूनीकरण, बाल दुर्व्यवहार रोकथाम तथा नियन्त्रण र पारिवारिक सचेतना जस्ता कार्यक्रमहरू सम्बन्धित जिल्ला बालकल्याण समिति र जिल्लामा रहेका मानव बेचविखनविरूद्ध लगायतका विभिन्न विषयगत कार्यदल, लैङ्गिक तथा बालअधिकार मूलप्रवाहीकरण समन्वय समिति, घरेलु हिंसा पीडितका लागि अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रजस्ता संरचनाबाट बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यक्रमलाई निरन्तरता दिइएको छ । जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, गाउँ विकास समिति तथा नगरपालिका, जिल्लास्थित विषयगत कार्यालयहरू (जिल्ला शिक्षा कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, कृषि विकास कार्यालय, जिल्ला प्रहरी कार्यालय आदि), बालक्लब, आमा समूह, सामुदायिक वन समूह, उपभोक्ता समूह तथा अन्य समूहहरू), समूदायमा आधारित अन्य संस्थालगायत गैरसरकारी संघसंस्थाहरू अघिल्ला वर्षहरू भन्दा यस वर्ष बढी क्रियाशिल रहेको पाइयो भने आउँदा वर्षहरूमा बालबालिकाको विषयमा आ-आफ्नो क्षेत्राधिकार वमोजिम अझबढी प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नेछन् भन्ने अपेक्षा गर्न सक्ने वातावरण सिर्जना भएको छ ।

केन्द्रीय बालकल्याण समितिले आर्थिक वर्ष २०७२/०७३ मा गरेका प्रकाशनहरू देहायानुसार छन् :

| क्र.सं. | प्रकाशन |
|---|---|
| १ | नेपालमा बालबालिकाको स्थिति, २०७२ |
| २ | स्थानीय निकाय र समुदायस्तरमा बालसहभागिता प्रवर्द्धन तथा बालसंरक्षणको लागि सहयोगी पुस्तिका |
| ३ | बालमैत्रीउन्मूख चित्रे गाविस : सफलताका कथाहरू घटना अध्ययनको संगालो |
| ४ | बालगृहको स्थिति प्रतिवेदन |
| ५ | सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन २०७२ |
| ६ | बालसंरक्षण नक्साङ्कन सारांश प्रतिवेदन |
| ७ | आवासीय बालगृहको अनुगमन तथा निरीक्षणसम्बन्धी प्रबन्ध |
| ८ | विपद र बालबालिकाः तनाब कम गराउने क्रियाकलाप |
| ९ | काठमाण्डौ उपत्यकाका सडक बालबालिका र सो क्षेत्रमा कार्यरत संस्थाहरूको नक्साङ्कन प्रतिवेदन |
| १० | बालअधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमा प्रक्रिया सहयोगी पुस्तिका |
| ११ | बालसंरक्षणसम्बन्धी सहयोगी पुस्तिका भाग १ देखि ८ सम्म |
| १२ | घटना व्यवस्थापन प्रक्रिया |
| १३ | ४९ जिल्ला बालकल्याण समितिबाट सम्बन्धित जिल्लाका बालबालिकासम्बन्धी स्थिति प्रतिवेदन प्रकाशन |

### १.७ केही मन्त्रालयहरूको बालबालिकासम्बन्धी बजेट स्थिति

२०७३ जेठ १५ गते सरकारले आर्थिक वर्ष २०७३/७४ का लागि १० खर्ब ४८ अर्ब ९२ करोड १३ लाख ५४ हजारको वजेट व्यवस्थापिका संसदमा पेश गरेको छ। गत आर्थिक वर्षमा कूल बजेट ८ खर्ब १९ अर्ब ४६ करोड बजेट बिनियोजन गरिएको थियो। उक्त बजेटमध्ये बालबालिकासम्बन्धी कार्यक्रममा बढी रकम विनियोजन गर्ने चारवटा मन्त्रालयको बजेटमा बालबालिकासम्बन्धी खर्चको विश्लेषण युरोपियन युनियन र सेभ द चिल्ड्रेनको आर्थिक सहयोग बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान र कन्सोर्टियमले २०७२ सालमा विश्लेषण गरेको थियो। सोअनुसार विगत पाँच आर्थिक वर्षको चारवटा मन्त्रालयको कूल बार्षिक बजेटमा बालबालिकासम्बन्धी कार्यक्रममा विनियोजित बजेटको प्रतिशत र आर्थिक वर्ष २०७३/७४ मा सो मन्त्रालय/क्षेत्रको लागि विनियोजित रकम तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १: चारवटा मन्त्रालयको पाँच आर्थिक वर्षमा बालबालिकासम्बन्धी कार्यक्रममा विनियोजन गरिएको बजेट प्रतिशत**

| आ.ब. | २०७३/७४+ **कूल बजेट** | २०७२/७३ % | २०७१/७२ % | २०७०/७१ % | २०६९/७० % | २०६८/६९ % |
|---|---|---|---|---|---|---|
| बासंब* % -मबासकमं | २४२०६५५ | २९ | ९ | ७ | ५ | १० |
| बासंब % -शिमं | ११६३६०६४९ | ४५ | ८१ | ८३ | ८१ | ८३ |
| बासंब % -स्वामं | ४०५६३०२७ | ४१ | ४० | ४० | ४३ | ४२ |
| बासंब % -संमास्थाविमं | ११६७३७९०८ | २५ | २५ | ११ | १० | १५ |

* बालबालिकासम्बन्धी बजेट

+ बार्षिक विकास कार्यक्रम, २०७३/०७४

*स्रोत : बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान, २०७२*

प्रस्तुत तालिकामा सबै शिक्षा मन्त्रालयबाहेक अन्य तीन मन्त्रालयको कूल बार्षिक बजेटबाट बालबालिकासम्बन्धी कार्यक्रममा खर्च गरिने बजेटको प्रतिशत प्रत्येक वर्ष बढ्दो क्रममा देखिएको छ। शिक्षा मन्त्रालयको हकमा शायद चालु र पुँजीगत शिर्षकको परिमार्जनको कारण आ.ब. २०७२/७३ मा बालबालिकासम्बन्धी शिक्षा बजेट कम देखिन गएको हुन सक्छ। शिक्षा मन्त्रालयको जानकारी अनुसार प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्मको शिक्षासम्बन्धी कार्यक्रममा शिक्षाको कूल बजेटको करिब ७२ प्रतिशत बजेट विनियोजन/खर्च हुने देखिएको छ।

## १.८ विकास लक्ष्यहरू र बालबालिका

### १.८.१ सहस्राब्दी विकास लक्ष्य र बालबालिका

सन् २०१५ सम्म हासिल गर्नुपर्ने सहस्राब्दी विकास लक्ष्यहरू अन्तर्गत बालबालिकासँग सम्बन्धित सूचक तथा परिलक्ष्यहरूका सन्दर्भमा प्राथमिक तहमा खुद भर्नादर ९६.६ प्रतिशत पुगेको छ भने प्राथमिक र माध्यमिकस्तरको शिक्षामा छात्रा र छात्रको अनुपातमा उल्लेख्य सुधार आएकाले लैङ्गिक समानता कायम भई सन् २०१५ का लागि निर्धारित गन्तव्य हासिल भइसकेको छ । तर १५ देखि २४ वर्ष उमेर समूहको साक्षरतादर ८८.६ प्रतिशत र प्राथमिक तहमा टिकाउदर ८६.८ प्रतिशत पुगे पनि तय गरिएको लक्ष्य हासिल गर्न सकेको छैन । शिक्षा क्षेत्रमा लगानी उल्लेखनीय रूपमा वृद्धि हुनु, विद्यालय तहको शिक्षामा विकास साझेदारसमेतको संलग्नतामा विषय क्षेत्रगत कार्यक्रम सञ्चालन गरिनु, छात्रवृत्ति, दिवा खाजा कार्यक्रम, छात्राहरूका लागि पृथक शौचालय आदि कार्यक्रमको कारण भर्नादरको लक्ष्य हासिल हुनसकेको देखिन्छ ।

यसैगरी, बाल स्वास्थ्यसम्बन्धी सहस्राव्दी विकास लक्ष्यका सूचकहरू सन् २०१५ भन्दा अगाडी नै हासिल गरेकोमा नेपालले अन्तर्राष्ट्रिय पुरस्कार पनि पाएको छ । पाँच वर्षमुनीको बाल मृत्युदर (प्रति हजारमा) ३८, शिशु मृत्युदर (प्रति हजारमा) ३३, नवजात शिशु मृत्युदर (प्रति हजारमा) २३ सम्म उल्लेखनीय रूपमा घटेको छ भने दादुराबिरुद्धको खोप पाउनेको प्रतिशत ९२ पुगी लक्ष्य हासिल भैसकेको छ । समग्रमा, सहस्राब्दी विकास लक्ष्य हासिलसम्बन्धी प्रगति उत्साहजनक रहेको छ ।

### १.८.२ दीगो विकास लक्ष्य र बालबालिका

सन् २०१५ सम्मको सहस्राब्दी विकास लक्ष्यको समयावधि लगत्तै विश्वमा दीगो विकास लक्ष्य (सन् २०१६ - २०३०) निर्धारण गरिएको छ । जस अन्तर्गत तय गरिएका १७ वटा लक्ष्यहरूमध्ये बालबालिकासम्बन्धी मुख्य सूचक, स्थिति र परिलक्ष्यलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका** २ः बालबालिकासंग सम्बन्धितसूचक, स्थिति र परिलक्ष्य (सन्‌मा)

| **लक्ष्य** २ः दीगो कृषिको प्रवर्द्धन, पोषणमा सुधार, खाद्य सुरक्षा र भोकमरीको अन्त्य | | | | |
|---|---|---|---|---|
| **प्रमुख सूचक र परिलक्ष्य** | २०१४ | २०२० | २०२५ | २०३० |
| ०-५९ महिनाका बालबालिकामा कुपोणको स्थिति (प्रतिशत) | ४१.० | २६.० | १३.५ | १ |
| पाँचवर्षमुनीका कुपोषित बालबालिका (प्रतिशत) | ३०.१ | १९.२ | १०.१ | १ |
| पाँचवर्षमुनीका पुड्का बालबालिका (प्रतिशत) - उमेर अनुसार उचाई नपुगेका | ३७.४ | २३.७ | १२.४ | १ |

| | | | | |
|---|---|---|---|---|
| पाँचवर्षमुनीका ख्याउटे बालबालिका (प्रतिशत) - उचाइअनुसार तौल नपुगेका | ११.३ | ७.४ | ४.२ | १ |
| **लक्ष्य ३ः स्वस्थ्य जीवन** | | | | |
| नवजात शिशु मृत्युदर (प्रति हजारमा) - संख्या | २३ | १४ | ८ | १ |
| पाँच वर्षमुनीको बाल मृत्युदर (प्रति हजारमा) - संख्या | २३ | २३ | १४ | १ |
| तालिम प्राप्त स्वास्थ्यकर्मीबाट प्रसुती गरिएको प्रतिशत | ५५.६ | ६८.५ | ७९.३ | ९० |
| **लक्ष्य** ४ः गुणस्तरीय शिक्षा | | | | |
| प्राथमिक शिक्षामा खुद भर्नादर (प्रतिशत) | ९५.३ | १०० | १०० | १०० |
| कक्षा १ मा भर्ना भै कक्षा ८ सम्म पुग्ने विद्यार्थी (प्रतिशत) | ९५.३ | ८२.२ | ८८.६ | ९५ |
| **लक्ष्य ५**ः लैङ्गिक समानता | | | | |
| प्राथमिक शिक्षामा लैङ्गिक समानता अनुपात | १.०२ | १ | १ | १ |
| माध्यमिक शिक्षामा लैङ्गिक समानता अनुपात | १.०२ | १ | १ | १ |
| १८ वर्षभन्दा कम उमेरमा विवाह भएका महिला (प्रतिशत) | २९ | १८ | ९ | ० |
| शारीरिक सजाय पाउने छात्रा (प्रतिशत) | २१.० | १३.१ | ६.६ | ० |

*स्रोतः राष्ट्रिय योजना आयोग, २०७२*


### १.९ आमसञ्चार माध्यममा प्रकाशमा आएका बालहिंसासम्बन्धी घटना

२०७२ साल बैशाखदेखि चैतसम्मका राष्ट्रियस्तरका १७ वटा दैनिक र अनलाइन न्यूज पोर्टलमा प्रकाशित बालबालिकासम्बन्धी समाचारमा यस अविधमा बालबालिका ओसारपोसार, बलात्कारलगायतका दुर्व्यवहार, बालविवाह, अपहरण र हत्या एवम् विद्यालयमा सजायका रूपमा शारीरिक यातना दिइएका घटनाहरू उजागर भए। यद्यपि यस अवधिमा बालबालिकाविरुद्ध भएका घटना यतिमात्रै हुन् भन्ने निष्कर्ष भने निकाल्न मिल्दैन, वर्षभरी प्रकाशित समाचारहरूको विश्लेषणले पनि नेपालमा बालबालिकाको समग्र अवस्थाको चित्रण गर्दछ । कानूनी प्रक्रियामा रहेका कतिपय घटना प्रकाशमा आउँदैनन्, सार्वजनिक भएका घटनामात्र समेटिएका हुन्छन् ।

केन्द्रीय बालकल्याण समितिको सञ्चार अनुगमनमा राष्ट्रिय दैनिक पत्रिकाहरू - कान्तिपुर, नेपाल समाचारपत्र, नागरिक, अन्नपूर्ण पोस्ट, कारोबार, नयाँ पत्रिका, द हिमालयन टाईम्स, द काठमाण्डौ पोष्ट एवम् अनलाइन न्यूज पोर्टलहरूः सेतोपाटी, रातोपाटी, अनलाईन खबर, ई-कान्तिपुर, उज्यालो, नागरिक अनलाइन, नयाँ पेज, बिबिसी नेपाली सेवा र हिमाल खबर पत्रिका अनलाइन संस्करणलाई समेटिएको छ । उल्लेखित आमसञ्चार माध्यमहरूमा बालबालिकाको हितविरुद्धका घटनाका सम्बन्धमा जम्मा ४ सय २१ वटा समाचार प्रकाशित भएका थिए । २०७२ सालमा विभिन्न राष्ट्रिय दैनिक पत्रपत्रिका र अनलाइन खबरहरूमा प्रकाशित बालबालिका विरुद्धका घटनाहरूमा सबैभन्दा धेरै ओसारपसार ७१

प्रतिशत, बलात्कार ११ प्रतिशत, बालविवाह ७ प्रतिशत, अपहरण तथा हत्या ६ प्रतिशत र शारीरिक दण्ड सजाय ५ प्रतिशत देखिएको छ ।

**ग्राफ १ : आमसञ्चार माध्यममा प्रकाशित बालहिंसाको घटना, २०७२/७३ (प्रतिशतमा)**




*स्रोत : केन्द्रीय बालकल्याण समिति, २०७३*

२०७२ सालमा देशका प्रतिनिधि आमसञ्चार माध्यममा प्रकाशित बालबालिकासम्बन्धी समाचारलाई देहायवमोजिम उपशीर्षकमा समेट्न सकिन्छ । बफाङ

**क. बालबालिका ओसारपसार**

२०७२ बैशाखदेखि चैत महिनासम्म ३ सय ८ जना बालबालिकाको ओसारपसार गरिएको घटनामा केन्द्रीय बालकल्याण समिति, नेपाल प्रहरी, जिल्ला प्रशासन कार्यालय, जिल्ला बालकल्याण समिति, बालहेल्पलाइन १०९८, बालबालिका खोजतलास केन्द्र १०४, गैर सरकारी संस्थाहरू लगायत विभिन्न निकायहरूबाट उद्धार गरिएको समाचार प्रकाशमा आएको छ । महिनाका आधारमा विश्लेषण गर्दा वर्षभरिमा ओसारपसार गरिएका कूल बालबालिकामध्ये २ सय ७० जना अर्थात ८८ प्रतिशतलाई भूकम्पलगत्तैका चार महिनाको अवधिमा ओसारपसार गरिएको देखिन्छ । बाँकी ८ महिनामा ३८ जना १२ प्रतिशत बालबालिकाको ओसारपसार भएको देखिन्छ । ओसारपसार भएका बालबालिकाको घटनालाई विश्लेषण गर्दा भुकम्पलाई बहाना बनाई ९० प्रतिशत बालबालिकाको ओसारपसार गरेको पाइएको छ भने अन्य कारणले १० प्रतिशत बालबालिकालाई ओसारपसार गरेको पाइएको छ । ओसार पसार भएका ३ सय ८ जना बालबालिका मध्ये २ सय ७७ जना अर्थात ९० प्रतिशत आन्तरिक र ३१ जना अर्थात १० प्रतिशत सीमापार ओसारपसारको शिकार भएको पाइएको छ । ओसारपसारको शिकार हुने बालबालिका ४ वर्षदेखि १८ वर्ष उमेर समूहका रहेका छन् भने बालिकाको तुलनामा बालक १२ प्रतिशत बढी रहेका छन् ।

**ख. बालयौन दुर्व्यवहार र बलात्कार**

२०७२ साल बैसाखदेखि चैत महिनासम्म जम्मा ४४ जना बालबालिका बलात्कारबाट पीडित भएका घटनाहरू प्रकाशमा आएका छन् । विभिन्न सञ्चार माध्यमबाट उजागर भएका घटनालाई केलाउँदा सबैभन्दा बढी फागुन महिनामा १२ वटा घटनाहरू भएको पाइएको छ । बलात्कारका घटना भएका अन्य महिनाहरूमा क्रमशः, चैतमा ५ वटा , बैशाख, साउन, मंसिर र माघ प्रत्येक महिनामा ४ वटा, असारमा ३ वटा, भदौ, असोज र पुस प्रत्येक महिना २ वटा तथा जेठ र कार्तिक प्रत्येक महिना एउटा घटना भएका छन् । बालबालिकामाथि बलात्कारका घटना २३ जिल्लाहरूमा भएकोमा सबैभन्दा बढी काभ्रे जिल्लामा ८ वटा घटना प्रकाशमा आएको देखिन्छ । देशको राजधानी काठमाण्डौमा ६ वटा बलात्कारका घटना प्रकाशित भएका छन् । यसै गरी सिन्धुपाल्चोकमा ५, रौतहटमा ३, भक्तपुर, धनकुटा र ललितपुर प्रत्येकमा २/२, ताप्लेजुङ, रुकुम, रामेछाप, दाङ, धनुषा, सप्तरी, पर्सा, बाँके, सिरहा, बाग्लुङ, स्याङजा, सिन्धुली, कास्की, कैलाली, सुर्खेत, सुनसरी प्रत्येक जिल्लामा १/१ वटा घटना प्रकाशमा आएको देखिन्छ । बलात्कारका घटनाहरूमध्ये २० प्रतिशत अर्थात नौ जनामाथि सामुहिक बलात्कार भएको देखिन्छ । जसमध्ये एक सुस्तमनस्थिति भएकी बालिकासमेत गरी तीन बालिका थिए । सुस्तमनस्थितिकी बालिकाको काठमाण्डौमा र काभ्रेको पनौतीमा दुई किशोरी प्रहरीबाट बलात्कार भएका थिए । अन्य तीन बालिका बालकहरूबाटै बलात्कृत हुन पुगेका थिए । त्यसैगरी तीनजना बालिका छुट्टाछुट्टै घटनामा अपरिचित व्यक्तिबाट सामुहिक रूपमा बलात्कृत भएका थिए । जम्मा प्रकाशित घटनाहरूमध्ये ४८ प्रतिशत अपरिचित व्यक्तिबाट, चिनजानका व्यक्तिबाट ४१ प्रतिशत तथा हाडनाताका व्यक्तिबाट ११ प्रतिशत बालिका बलात्कृत भएको देखिन्छ । हाडनाताका व्यक्तिबाट बलात्कृत हुनेहरूमध्ये तीनजना बालिका आफ्नै बुबाबाट, एकजना हजुरबुबाबाट र एकजना काकाबाट बलात्कृत भएका थिए । सबैभन्दा कम उमेरकी तीन वर्षकी एकजना बालिका, सबैभन्दा बढी संख्यामा ११ देखि १४ वर्ष उमेरका १९ जना (४३ प्रतिशत) बालिका बलात्कृत भएका घटना प्रकाशनमा आएको देखिन्छ ।

**ग. बालविवाह**

कानूनी वन्देज तथा विभिन्न सचेतनामूलक कार्यक्रमका कारण नेपाली समाजमा वालविवाह प्रचलन क्रमशः कम भएको आमसञ्चार माध्यमको अन्तर्वस्तु विश्लेषणबाट पनि देखिन्छ । तर पहाडदेखि तराईमधेससम्मै केही क्षेत्र वा समूदायमा नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ । कतिपय अवस्थामा बालबालिकाका घटना उजागर हुँदैनन् । तर पनि समाचार माध्यमले यस्ता घटनाहरूलाई प्रकाशमा ल्याउने प्रयत्न गरेका छन् । यस वर्ष २९ वटा बालविवाहका घटना प्रकाशमा आएका छन् । सबैभन्दा बढी माघमा ७ वटा, फागुनमा ६ वटा, असार, मंसिर र चैतमा चार/चार वटा, साउन, असोज,

कार्तिक र पुस महिनामा एउटा/एउटा बालविवाह भएका घटनाहरू प्रकाशमा आएका छन् । प्रकाशित घटनाहरूमा अभिभावकका कारणले सबैभन्दा बढी ७१ प्रतिशत बालबालिकाको बाल्यावस्थामै विवाह गरेको पाइयो भने २९ प्रतिशत बालबालिकाले आफूखुशी विवाह गरेको देखिन्छ । सञ्चार माध्यममा प्रकाशित बालविवाहका घटनाहरूमध्ये ५० प्रतिशत घटनामा बालक र बालिका दुवैको उमेर नपुग्दै विवाह भएको देखिएको छ भने ५० प्रतिशत विवाहको घटनाहरूमा बालिका र उमेर पुगेका वयस्क पुरुष बीच भएको देखिएको छ ।

**घ. अपहरण तथा हत्या**

२०७२ सालभरी १२ वटा बालबालिकाको अपहरण तथा १६ वटा हत्याका घटना समाचार माध्यममा प्रकाशमा आएको छ । अपहरण गरिएका १२ बालबालिकामध्ये सातजनाको अपहरणपछि हत्या गरिएको छ । अन्य चारजनालाई अपहरणपश्चात फिर्ता गरिएको छ भने एक जनाको अवस्था ज्ञात हुन सकेको छैन । हत्या गरिएका १६ जना बालबालिकामध्ये सातजनाको अपहरण गरी हत्या गरिएको बुझिएको छ । अन्धविश्वासमा परेर नवलपरासी र रौतहटमा गरी २०७२ सालमा तीन जना बालबालिकाको हत्या गरिएका घटनाका सम्बन्धम पनि समाचार प्रकाशित भएका छन् । साथै पाँचजना बालबालिकाको आफ्नै बुबाआमाबाट हत्या भएको छ । उमेर समूहका आधारमा विश्लेषण गर्दा सबैभन्दा सानो १४ महिनाको बालिकाको हत्या गरिएको छ । १७ जना बालबालिका १० वर्षमुनीका रहेका थिए भने  ११ वर्ष देखि १४ वर्षका चार जना रहेका थिए । अपहरण तथा हत्या भएका बालबालिका मध्ये ५५ प्रतिशत बालक तथा ४५ प्रतिशत बालिका रहेका छन् । उक्त घटनाहरू मध्ये महोत्तरी र मुगुमा चार-चार जनाको हत्या भएको छ भने कैलालीमा एक बालकको हत्या र अर्को एक जनाको अपहरण भएको छ । त्यसै गरी एउटा–एउटा घटना भएका अन्य जिल्लाहरूमा काठमाण्डौ, रौतहट, नवलपरासी, रूपन्देहि, धनुषा, बाँके, मोरङ, पर्सा, ललितपुर, बारा र सर्लाहि रहेका छन् । २१ वटा अपहरण तथा हत्याका घटनाहरूमध्ये सबैभन्दा बढी मंसिर महिनामा छ वटा घटना भएको पाईएको छ । करीब ६ महिनासम्म चलेको मधेश आन्दोलनका क्रममा माथि उल्लेखित १६ वटा हत्या भएका घटनामध्ये ३२ प्रतिशत बालबालिकाले उक्त आन्दोलनका क्रममा ज्यान गुमाएको पाईएको छ ।

**ङ. शारीरिक सजाय**

खासगरी निजी विद्यालय तथा उच्च माध्यमिक विद्यालयहरूमा बालबालिकाको शैक्षिक एवम् नैतिक पक्ष सुधार्न अनुशासन कायम गर्नु पर्दछ भन्ने नाममा *डिसीप्लिन ईन्चार्ज* नियुक्त गर्ने प्रचलन बढ्दै गएको देखिन्छ । तर त्यस्ता *डिसीप्लिन ईन्चार्ज* बालअधिकारको विषयमा संवेदनशील नभएको अवस्थामा बालबालिका शारीरिक तथा मानसिक सजायबाट पीडित हुन पुगेका घटनाहरू प्रकाशमा

आउने गरेका छन् । कतिपय शिक्षकबाट बालबालिका पीडित भईरहेका समाचार पनि प्रकाशित भएका छन् । वर्षभरी विभिन्न सञ्चार माध्यममा १९ वटा यस्ता घटनाहरू प्रकाशमा आएका छन् । जसमध्ये विद्यालयमा सामान्य कुटाई तथा सजाय पाएका १२ प्रतिशत, गम्भीर प्रकारको कुटाइ खाएका ८८ प्रतिशत बालबालिका रहेको पाइएको छ । गम्भीर सजाय पाएका मध्ये एकजना बालिकाको आखाँको ज्योति गुमेको घटना प्रकाशमा आएको छ । दुईजना बालकको कानको जाली फुटेको तथा अन्य १५ जनालाई शिक्षकले शरीरमा निलडाम हुनेगरी पिटेको र एकजना बालकलाई विद्यालयबाट निष्कासन गरिएको घटना पनि समाचारका रूपमा प्रकाशित भएका छन् ।

उल्लेखित घटनाहरूको अध्ययन गर्दा विद्यालयमा दिइने शारीरिक दण्ड-सजायका कूल घटनामध्ये ३० प्रतिशत सामुदायिक तथा ७० प्रतिशत निजी विद्यालयमा हुने गरेको देखिन्छ । विद्यालयमा बालबालिकालाई दिइने शारीरिक सजाय ९५ प्रतिशत पुरुष शिक्षकबाट र पाँच प्रतिशत महिला शिक्षकबाट हुने गरेको पाइएको छ ।

आमसञ्चार माध्यमले बालबालिकाको विषयवस्तुलाई स्थान दिँदै आएका छन् र बालबालिकामाथि हुने कतिपय अपराधहरू उजारगर पनि गर्दै आएका छन । आमसञ्चार माध्यममा बाल संवेदनशीलताको अझ अभिवृद्धिका लागि २०७२ माघमा केन्द्रीय बालकल्याण समितिको पहलमा प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासंघ तथा नेपाल सरकार सूचना विभागले संयुक्त रूपमा बालसम्वेदनशील पत्रकारिता निर्देशिका २०७२ तर्जुमा गरिएको छ । उक्त बाल सम्वेदनशील पत्रकारिता निर्देशिका प्रेस काउन्सिल नेपालले नेपाल पत्रकार महासंघसँगको परामर्शमा जारी गरेको बाल संवेदनशील पत्रकारिता निर्देशिका, २०७२ को अङ्गका रूपमा रहने भएको छ (विस्तृत विवरण अनुसूचि १) ।

परिच्छेद

२

# बालबचावट

## २.१ परिचय

यस परिच्छेदमा बालअधिकारसम्बन्धी महासन्धिमा बालबचावटसँग सम्बन्धित दीर्घ जीवन र विकास (धारा ६), स्वास्थ्यसम्बन्धी अधिकार (धारा २४) अन्तर्गत  मूलतः गर्भ र जन्मको अवस्था, बाल्यकालमा हुने रोगका जोखिम र खोप, शिशु तथा बाल मृत्युदर, बाल पोषण, एचआईभी/एड्स संक्रमित तथा प्रभावित बालबालिकाजस्ता विषयहरू समावेश गरिएका छन् ।

## २.२ गर्भ र जन्मको अवस्था

सुरक्षित गर्भपतनसम्बन्धी राष्ट्रिय नीति, २०६० र सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६० अनुसार अवाञ्छित वा गर्भवती महिलाको स्वास्थ्यमा खतरा उत्पन्न हुन सक्ने अवस्थामा गर्भपतन गराउन जायज ठहरिन्छ । त्यसैले १२ हप्तासम्मको कुनैपनि गर्भ, जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको १८ हप्तासम्मको गर्भ र गर्भपात नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्दछ वा गर्भवती महिलाको स्वास्थ्य शारीरिक वा मानसिक रूपले खराब हुन सक्दछ वा विकलाङ्ग बच्चा जन्मन सक्छ भन्ने अधिकार प्राप्त चिकित्सकको राय भएमा वा भ्रूण विकलाङ्ग र बाँच्न सक्ने नदेखिएमा गर्भवती महिलाले चाहेको खण्डमा गर्भपतन गराउन पाउने कानूनी प्रावधान रहेको छ । तर मुलुकी ऐनको एघारौं संशोधन २०५९ मा ज्यानसम्बन्धीको महल २८ नम्बरमा गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान गरी गरिने गर्भपतनलाई गैरकानूनी कार्य मानिएको छ । यो व्यवस्थाले नेपालमा व्याप्त रहेको छोरा प्रतिको मोह र छोरी प्रतिको पूर्वाग्रह तथा भेदभावका कारण हुने स्त्री जातिको भ्रुणको हत्याको परिपाटीलाई रोक्ने प्रयत्न गरेको छ । यो प्रावधान विपरित अभ्यास गर्ने चिकित्सकलाई कानूनको दायरामा ल्याई कारवाहीसमेत हुने

व्यवस्था छ। गर्भपतन गराउने उद्धेश्यले भ्रूणको लिङ्ग पहिचान गर्नेगराउनेलाई ३ देखि ६ महिनासम्म र लिङ्ग पहिचान गरी गर्भपतन गराउनेलाई ६ महिनादेखि २ वर्षसम्म कैद हुनसक्ने व्यवस्था गरिएको छ।

बालबालिकालाई जन्मनुअघि र जन्मेपछि आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने उद्धेश्यका साथ स्वास्थ्य र शिक्षासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालित छन् । साथै बालबालिकालाई लक्षित गर्दै पोषण र सुनौला हजार दिनजस्ता बालस्याहारका कार्यक्रम लागू गरिएका छन् ।

गर्भवती महिला र बच्चाको स्वास्थ्यको लागि आइरन, क्याल्सियमलगायतका औषधिहरू अस्पताल तथा स्वास्थ्य चौकीबाट निःशुल्क उपलब्ध गराइने व्यवस्था छ। सरकारी अस्पताल तथा स्वास्थ्य चौकीमा सुत्केरी गराउने महिलालाई निःशुल्क सेवा उपलब्ध गराई यातायात खर्चसमेत प्रदान गर्ने गरिएको छ। पूर्व प्रसुती र प्रसुतीपश्चात प्रदान गरिनुपर्ने स्वास्थ्य सेवा पनि सञ्चालनमा रहेको छ। स्वास्थ्य सेवा विभागको पछिल्लो वार्षिक प्रतिवेदन (०७१/०७२) अनुसार दक्ष प्रसुतीकर्ताको सहयोगमा सुत्केरी भएको प्रतिशत ५५.६ पुगेको छ। आर्थिक सर्वेक्षण २०७२/०७३ अनुसार २४सै घण्टा अत्यावश्यक प्रसुती सेवा प्रदान गरिएका जिल्लाहरू यस आर्थिक वर्ष को प्रथम ८ महिनामा ६७ पुगेको छ जबकी यो संख्या ०६९/०७० मा २६ जिल्लामात्रै रहेको थियो ।

### २.३ बाल्यकालमा हुने रोगका जोखिम र खोप

स्वास्थ्य सेवा विभागको पछिल्लो वार्षिक प्रतिवेदनका अनुसार देशभरमा ६ केन्द्रीय अस्पताल, ३ क्षेत्रीय अस्पताल, ३ उप-क्षेत्रीय अस्पताल, १० अञ्चल अस्पताल, ७५ जिल्ला जनस्वास्थ्य अस्पताल, २ सय २ प्राथमिक स्वास्थ्य सेवा केन्द्र, ३ हजार ८ सय ५ स्वास्थ्य चौकी, १२ हजार ९ सय ८ प्राथमिक स्वास्थ्य आउटरिच क्लिनिक तथा १६ हजार ८ सय ४० विस्तारित खोप केन्द्रहरू सञ्चालित छन् । महिला सामुदायीक स्वास्थ्य स्वयंसेविकाको संख्या ५१ हजार ४ सय ७० रहेको छ। बालबालिकाको सुरक्षित जन्म, खोप लगायत मातृ शिशु स्वास्थ्यसँग सम्बन्धित अवस्थामा सुधार तथा बालबालिकाको मृत्युदर न्यूनीकरण गर्नमा स्वास्थ्य स्वयम्सेविकाको भूमिका अहम् रहँदै आएको छ।

२०७३ जेठ १५ गते व्यवस्थापिका संसदमा प्रस्तुत गरिएको आर्थिक वर्ष २०७३/७४ को बजेटको बुँदा नं. २४५ मा आगामी आर्थिक वर्ष सात लाख बालबालिकालाई ११ प्रकारका रोगविरुद्धको खोप निशुल्क रूपमा लगाइने घोषणा गरिएको छ।

### २.४ शिशु तथा बाल मृत्युदर र खोप

बाल स्वास्थ्यसम्बन्धी नीति र कार्यक्रममा नेपाल सरकारले विगतदेखि दिएको प्राथमिकताको कारण शिशु र बाल स्वास्थ्यमा आएको सुधार सम्बन्धित सूचकहरूले प्रष्ट्याएको छ। बाल स्वास्थ्यसम्बन्धी सहस्राव्दी विकास लक्ष्यका सूचकहरू सन् २०१५ भन्दा अगाडी नै हासिल गरेकोमा नेपालले अन्तर

ष्ट्रिय पुरस्कार पनि पाएको छ । नेपाल जनसांख्यिक स्वास्थ्य सर्भेक्षण र आर्थिक सर्वेक्षण २०७२/७३ अनुसार पाँच वर्षमुनीको बाल मृत्युदर (प्रति हजारमा) ३८, शिशु मृत्युदर (प्रति हजारमा) ३३, नवजात शिशु मृत्युदर (प्रति हजारमा) २३ र कूल प्रजनन दर २.३ रहेको छ ।

स्वास्थ्य सेवा विभागको बार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७१/७२ मा ०-२८ दिनसम्मका ३२ हजार १ सय ९ नवजात शिशुहरूलाई स्वास्थ्य संस्थाबाट स्वास्थ्य उपचार सेवा प्रदान गरेको जानकारीमा आएको छ । यसैगरी १४ लाख १३ हजार १ सय ११ झाडापखालाको घटना दर्ता भएका थिए भने झाडापखालाको नयाँ दर्ताको घटना क्रमशः घट्दै गएको पाइन्छ । स्वासप्रश्वास समस्याका २२ लाख ८ हजार २ सय २१ घटना दर्ता हुन आएको देखिन्छ । गम्भीर स्वासप्रस्वास संक्रमणमा पाँच वर्षमुनिका नयाँ बिरामी बालबालिकाका प्रति हजारमा ७ सय ६५ जना भेटिएका छन् । अघिल्लो आर्थिक वर्षमा त्यस्ता स्वासप्रस्वास सम्बन्धी नयाँ बिरामी बालबालिकाको संख्या ९ सय ५१ जना रहेको थियो । शिशुको शारीरिक बृद्धी अनुगमनमा दर्ता भएका बालबालिकाको प्रतिशत ९७ पुगेको देखिन्छ । यसैगरी पाँच वर्षमुनिका बालबालिकामध्ये पहिलो पटक झाडापखालाबाट प्रभावित बालबालिका आर्थिक वर्ष २०७१/७२ मा प्रति हजारमा ५ सय २ जना भेटिएका छन् भने अघिल्लो आर्थिक वर्षमा यो संख्या ६ सय २९ रहेको थियो ।

बालबालिकाका लागि दिइने खोप कार्यक्रम राष्ट्रियस्तरमा उच्च प्राथमिकतामा रहेको छ । खोपको प्रभावकारी सञ्चालन गर्ने देशहरूमा नेपाल पनि एक हो । कूल जनसंख्यामा कुनै पनि किसिमको विभेदबिना ९७ प्रतिशत जनसंख्याको खोपमा पहुँच पुगेको देखिन्छ । यस आर्थिक वर्षसम्ममा पूर्ण खोपको घोषणा भएको जिल्लाको संख्या ६ पुगेको छ भने सन् २०१७ सम्ममा देशका सबै जिल्लाहरू पूर्ण खोप पाएको जिल्ला घोषण गर्ने प्रतिबद्धता सरकारले जनाएको छ । नेपाललाई सन् २०१४ को मार्च २७ तारिखका दिन विश्वमा पोलियोरहित मुलुकको रूपमा मान्यता दिएको छ । आर्थिक वर्ष २०७०/७१ र २०७१/७२ मा खोप पाएका बालबालिकाको प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३: खोप पाउने बालबालिकाको प्रतिशत (आर्थिक वर्ष २०७०/७१ र २०७१/७२)**

| क्र.सं. | खोप | २०७०/७१ | २०७१/७२ |
|---|---|---|---|
| | बिसिजी (१ वर्षमुनीका) | ९९ | ९४ |
| | डिपिटी-हेपB-हिप३ (१ वर्षमुनीका) | ९२ | ९१ |
| | ओपिभी३ (१ वर्षमुनीका) | ९२ | ९० |
| | दादुरा/रुबेला (१ वर्षमुनीका) | ८८ | ८५ |
| | जापानिज इन्सेफ्लाइटिस् (१२-२३ महिना) | ४३ | ५३ |
| | राष्ट्रिय खोप कार्यक्रममा तय गरिएका दिनहरूमा पूर्ण खोप पाएका (१ वर्षमुनीका) | – | ७३ |

*स्रोतः स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, बार्षिक प्रतिवेदन, २०७१/७२*

माथिको तालिकाबाट खोप पाउने बालबालिकाको प्रतिशत किन घट्न गयो भन्नेतर्फ नीति निर्माता र कार्यक्रम सञ्चालकहरूको गम्भीर ध्यानाकर्षण हुन अतिजरुरी देखिएको छ ।

बाल स्वास्थ्य सुधारका लागि कार्यान्वयनमा रहेका कार्यक्रमहरूमध्ये सामुदायमा आधारित नवजात शिशु र बाल स्वास्थ्यको एकिकृत व्यवस्थापन, नवजात शिशु स्याहार, सुनौलो हजार दिन, भिटामिन 'ए', विभिन्न खोप, मातृशिशु, पोषणजस्ता कार्यक्रहरू प्रमुख रहेका छन् । १५ वर्षसम्मका बालबालिकालाई मुटुसम्बन्धी रोगमा विशेष प्राथमिकताका साथ निःशुल्क उपचारको व्यवस्था समेत रहेको छ ।

आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यको वुँदा नं.२४३ मा महिलालाई सुरक्षित प्रसुती सेवा निःशुल्क रूपमा उपलब्ध गराउन सघन आकस्मिक प्रसुती सेवा र नवजात शिशु सेवालाई ७५ जिल्लामा विस्तार गरिने जनाइएको छ ।

**२.५ पोषण**

बालबालिका र महिलाको पोषण स्थिति सुधारका लागि सरकार र विकासका सहकर्मीहरू विगत चार दशकभन्दा बढी समयदेखि प्रयासरत रहेका छन् । कुपोषण न्यूनीकरणका लागि गरिएको समय तथा आर्थिक र मानवीय स्रोतको लगानी स्वरूप पोषण स्थितिमा केही सुधार हुँदै आएको विभिन्न अध्ययनबाट जानकारीमा आएको छ । पोषण स्थिति सुधार गर्नु राष्ट्रिय सराकोकारको विषय भएको छ र यस अनुसार विभिन्न कार्ययोजना, नीति तथा रणनीति, कार्यक्रम र परियोजनाहरू सञ्चालनमा रहेका छन् । विगत धेरै समयदेखि राष्ट्रिय भिटामिन 'ए', बालबालिकाको बृद्धि अनुगमन तथा परामर्श, आइरनको कमीबाट हुने एनिमिया नियन्त्रण र रोकथाम, आयोडिनको कमिको रोकथाम, जुका नियन्त्रण, पोषणयुक्त खानेकुरा वितरण जस्ता कार्यक्रमहरू व्यापक रूपमा कार्यान्वयनमा रहेको छ भने विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम बिस्तार हुँदैछ । सरकारी र गैरसरकारी क्षेत्रबाट पोषण पुनःस्थापना केन्द्र/सेवा निरन्तर रूपमा सञ्चालनमा रहेको छ भने विपद अवस्थामा पोषण कार्यक्रम समेत सञ्चालनमा रहेको छ । पोषणमा प्रभाव पार्ने मूल पक्षहरूमा आयोडिनको कमी, भिटामिन 'ए' को कमी र आयोडिनको कमीबाट हुने कुपोषणमा निरन्तर र उत्साहजनक रूपमा सुधार भइरहेको छ भने प्रोटिनको कमीले हुने कुपोषणमा निकै कम रूपमा सुधार भएको पाइन्छ । आर्थिक वर्ष २०७१/७२ को स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागको प्रतिवेदन अनुसार उमेरअनुसार उचाइ नपुगेका/पुड्कोपना भएका पाँचवर्षमुनीका बालबालिका ३७.४ प्रतिशत रहेको, उमेरअनुसार तौल नपुगेका पाँचवर्षमुनीका बालबालिका ३० प्रतिशत रहेको र ख्याउटेपना (उचाई अनुसार तौल नपुगेका) भएका पाँचवर्षमुनीका बालबालिका ११ प्रतिशत रहेको देखिएको छ । सन् २००१ मा यो दर क्रमशः ५७ प्रतिशत, ४३ प्रतिशत र ११ प्रतिशत रहेको थियो । उपलब्ध तथ्याङ्कका आधारमा करिब डेढ दशकको अवधिमा

पनि पोषणको क्षेत्रमा उल्लेख्य प्रगति हुन नसकेको देखिन्छ । खासगरी आमाको कुपोषण, जन्मदाको कम तौल, सामान्य अवस्था र विरामी भएको बेला शिशु स्याहार र खानपानको अव्यवस्था, पोषणयुक्त खानाको अपर्याप्तता, सरसफाई, खाद्य समस्या, अधिक सन्तान संख्या, आहारव्यवहारजस्ता कारणले बालबालिकाको पोषण स्थितिमा उल्लेख्य सुधार आउन नसकेको जानकारीमा आएको छ ।

केन्द्रीय बालकल्याण समितिको समन्वयमा हालै गरिएको काठमाण्डौ उपत्यकाका २५ वटा बालगृहमा रहेका १४ वर्षसम्मका ६ सय २६ जना बालबालिकाको पोषण स्थितिसम्बन्धी अध्ययनको प्रारम्भिक नतिजा अनुसार बालगृहमा सन्तुलित खानासम्बन्धी ज्ञान र अभ्यासमा कमी रहेको, दिनमा ३ पटकमात्र खाना दिइएको, खाजाका रूपमा धेरैजसो चाउचाउ, बिस्कुट र दालमोठजस्ता तयारी खाजा दिने गरिएको पाइएको छ । अधिकांश बालगृहमा वातावरणीय स्वास्थ्य स्थिति सामान्य रहेको पाइएको छ भने सरकारले उपलब्ध गराउने सबै प्रकारका खोप र जुकाको औषधी उपलव्ध भएको देखिएको छ । अध्ययन गरिएका बालबालिकामध्ये ६५ प्रतिशतमा उमेर अनुसारको तौल बढी भएको, २० प्रतिशतमा पोषण स्थिति सामान्य रहेको, १३ प्रतिशतमा सामान्य कुपोषण र २ प्रतिशतमा गम्भीर कुपोषण भएको पाइएको छ । सन्तुलित खानाको अपर्याप्त स्थिति र तयारी खाना (जंक फुड) को अत्याधिक प्रयोगबाट पोषणको यस्तो स्थिति पोषणको रहन गएको हुन सक्दछ ।

आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यको वुँदा नं.२४३ मा आमा र शिशुको पोषण सुनिश्चित गर्न सुनौला हजार दिन कार्यक्रमलाई थप प्रभावकारी बनाइने घोषणा गरिएको छ ।

### २.६ एचआईभी/एड्स प्रभावित तथा संक्रमित बालबालिका

नेपालमा सरकारी निकाय र विकासका साझेदार संस्थाहरूको संयुक्त प्रयासमा एचआईभी/एड्ससम्बन्धी जनचेतना जागरण र उपचारको कार्यक्रम शुरु भएदेखि नै बालबालिकासंग सम्बन्धित कार्यक्रमहरू पनि सञ्चालन हुँदै आएको देखिन्छ । संक्रमित बालबालिकालाई शिक्षा, स्वास्थ्य र पोषणमा सहयोग पुऱ्याउने उद्धेश्यले नगद हस्तान्तरण गर्ने गरिएको छ । एचआईभी/एड्सबाट प्रभावित र संक्रमित बालबालिकाका लागि विशेष ध्यान दिइ उनीहरूको मानव अधिकारको संरक्षण र प्रवर्द्धनतर्फ उन्मुख हुने क्रममा एचआईभी/एड्सबाट प्रभावित र संक्रमित बालबालिकाका लागि नगद हस्तान्तरण कार्यक्रम सञ्चालन निर्देशिका, २०७० तर्जुमा गरिएको छ । यो निर्देशिकाअनुसार कार्यक्रम कार्यान्वयन र अनुगमन प्रभावकारी बनाउनको लागि केन्द्रीयस्तरमा स्वास्थ्य मन्त्रालयको योजना तथा बैदेशिक सहायता महाशाखाका प्रमुखको संयोजकत्वमा सरकारी र विकासका साझेदार संस्थाको प्रतिनिधित्व हुने गरी ११ जनाको समिति र जिल्लामा जिल्ला जनस्वास्थ्य प्रमुखको संयोजकत्वमा सरकारी कार्यालय र एचआईभी/एड्सबाट प्रभावित र संक्रमित व्यक्तिहरू संलग्न संस्थाहरूको संजालको प्रतिनिधित्व हुने

गरी गठन गरिने सात सदस्यीय जिल्लास्तरीय समिति सक्रिय रूपमा कार्यरत छन् । यी दुवै समितिले निर्देशिकाअनुसार एचआईभी/एड्सबाट संक्रमित बालबालिकाको प्रमाणीकरण गर्ने तथा कार्यक्रम सञ्चालन भएनभएको र नगद सहयोगको उपयोगिताको अवस्थाको अनुगमन गर्ने गरेका छन् ।

स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदनका अनुसार आर्थिक वर्ष २०७१/०७२ अनुसार सन् २०१४ सम्म नेपालमा एचआईभी/एड्स संक्रमितको संख्या ३९ हजार २ सय ४९ रहेको थियो जसमध्ये ५ प्रतिशत अर्थात १ हजार ९ सय ६८ (बालक ५१.४६ प्रतिशत र बालिका ४८.५४ प्रतिशत) १४ वर्ष सम्मका बालबालिका रहेका छन् । बाँकी ९५ प्रतिशत संक्रमित १५ वर्ष उमेरभन्दा माथिका छन् । तर सन् २०१५ सम्ममा एचआईभी सङ्क्रमित १५ वर्षमुनीका बालबालिकाको सङ्ख्या १ हजार ५ सय ८९ (बालकः ८ सय १५ र बालिका ७ सय ७४) रहेको देखिएको छ ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको २०१५ डिसेम्बरसम्मको प्रतिवेदनअनुसार एचआईभी संक्रमित १४ वर्ष सम्मका बालबालिकाको दर्ता भएको संख्या २ हजार ९ रहेको छ । जसमध्ये १ हजार २ सय ४ जना बालक (६० प्रतिशत) र ८ सय ५ जना बालिका (४० प्रतिशत) रहेका छन् ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले २०७२ सालमा काठमाण्डौ उपत्यकाका तीनवटा जिल्लाका १० वर्ष देखि २४ वर्ष उमेर समूहका विषेषतः सडकमा आश्रित बालबालिका तथा युवामा गरेको सर्वेक्षण अनुसार ०.८६ प्रतिशतमा एचआईभी संक्रमण देखिएको छ । उक्त सर्वेक्षणमा ३ सय ५० जना बालबालिका तथा युवालाई सहभागि गराइएको थियो । जसमध्ये २ सय ८८ जना (८२.३ प्रतिशत) पुरुष र ६२ जना (१७.७ प्रतिशत) महिला रहेका थिए ।

आमाबाट नवजात शिशुमा एचआईभी/एड्स संक्रमण नियन्त्रण गर्नको लागि संक्रमण रोकथाम अर्थात *प्रिभेन्सन अफ मदर टु चाइल्ड ट्रान्समिसन (पी.एम.टी.सी.टी.)* कार्यक्रम सञ्चालनमा रहेको छ । हालसम्म प्राप्त जानकारी अनुसार एचआईभी/एड्सबाट संक्रमित बालबालिकामध्ये ४२ जिल्लामा करिब १३५० जनाको पहचान भै प्रमाणीकरण भएका १३३९ जनालाई प्रति महिना रु. १००० का दरले सहयोग भइरहेको छ । ४२ वटै जिल्लाका एचआईभी/एड्सबाट संक्रमित बालबालिका रहेको समुदायमा समुदाय स्याहार केन्द्र र घरमा आधारित स्याहारको व्यवस्था/कार्यक्रम रहेको छ । यस केन्द्रले उक्त बालबालिकाको अवस्थाको बारेमा समन्वय तथा जिल्लास्तरमा जानकारी दिने र थप सहयोग आवश्यकता भएका बालबालिका पहिचान गरी स्वास्थ्य, पोषण र औषधीउपचारको सहयोगका लागि समन्वय गर्ने गर्दछ भने आवश्यकतानुसार औषधीउपचार शुरु गरिएका बालबालिका र निजको अभिभावकलाई उक्त केन्द्रमा सामान्यतः १५ दिनसम्मको आवासीय सेवासमेत प्रदान गर्ने गरेको पाइएको छ । यस्ता बालबालिकाको लागि जटील उपचार र थप पोषणको सहयोग प्रदान गरिन्छ । उपलब्ध

जानकारी अनुसार काठमाण्डौमा ४, ललितपुरमा ३ र पोखरामा १ गरी जम्मा ८ वटा बालगृहहरूमा एचआईभी/एड्सबाट संक्रमित ६७ बालक र ४९ बालिका गरी जम्मा १ सय १६ जना बालबलिकालाई आवाससहित शिक्षा, स्वास्थ्यलगायतका आवश्यकता परिपूर्ति गर्दै संरक्षण प्रदान गरिएको छ ।

एचआईभी/एड्सबाट संक्रमित बालबालिकाविरुद्धको लान्छना र भेदभाव न्यूनीकरण गर्नु र निजहरूको आवास देशभरी सर्बत्र छरिएकाले घरघरमा सेवा पुऱ्याउनु तथा यसको अनुगमन गर्नु अति चुनौतीपूर्ण रहको छ । लान्छना र भेदभावको कारण यस्ता बालबालिकाको जीवन कष्ठकर रहेको देखिन्छ ।

समग्रमा, बालबालिका तथा किशोरकिशोरी लक्षित यौन तथा प्रजनन् स्वास्थ्य कार्यक्रम ६८ जिल्लामा विकासका सहकर्मीसँगको सहकार्यमा सञ्चालन भइरहेको छ । अर्कोतर्फ, सार्वजनिक स्वास्थ्य संस्थाहरूलाई किशोरकिशोरीमैत्री बनाउने क्रममा राष्ट्रिय यौन तथा प्रजनन् स्वास्थ्य कार्यक्रमलाई थप जोड दिइरहेको पाइन्छ । यसबाट बालस्वास्थ्यमा प्रभावकारी प्रयास भएको देखिन्छ । बालबालिकासम्बन्धी स्वास्थ्यको क्षेत्रमा भएका उल्लेखनीय प्रयासका नतिजा सकारात्मक देखिएका छन् । तथापी एचआईभी/एड्सबाट संक्रमित बालबालिकाका लागि गरिएको बर्तमान अस्थाई व्यवस्थालाई सालबसाली कार्यक्रमको रूपमा सञ्चालन गर्नुपर्ने र यस विषयमा राष्ट्रिय अध्ययन गर्नुपर्ने आवश्यकता देखिन्छ ।



भविष्य खोज्दैछन् संक्रमित बालबालिका

जुन विभेद यी संक्रमित बालबालिकाले भोगेका छन्, त्यो हामीले महसुस गरेभन्दा कयौं गुणा भयंकर छ।

परिच्छेद

३

# बालसंरक्षण

## ३.१ परिचय

यस परिच्छेदमा बालसंरक्षणअन्तर्गत बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पार्ने खालका कार्य वा व्यवहारबाट उनीहरूलाई संरक्षण गर्ने, बालबालिकामाथि आइपर्ने कुनै पनि जोखिम तथा हानि, क्षतिबाट जोगाउनेजस्ता विषयलाई समेटिएको छ। जसअनुसार संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि सन् १९८९ मा भएका बालसंरक्षण सम्बन्धी व्यवस्थाहरू जस्तै, बालअधिकारको संरक्षण (धारा ४), आमाबाबुबाट स्याहार (धारा ५), जन्मदर्ता, नाम र राष्ट्रियता वा पहिचान (धारा ७ र ८), अभिभावकबाट अलग्याउन नहुने (धारा ९), पारिवारिक पुनर्मिलन (धारा १०), गोपनीयताको हकको संरक्षण (धारा १६), सबै प्रकारको हिंसाबाट संरक्षण (धारा १९), पारिवारिक स्याहारको वातावरण नभएका बालबालिकालाई विशेष वा बैकल्पिक स्याहार (धारा २०), धर्म सन्तान (धारा २१), शरणार्थी बालबालिका (धारा २२), बालश्रम (धारा ३२), लागू औषध दूर्व्यसन (धारा ३३), यौन शोषण (धारा ३४), अपहरण र बेचबिखन (धारा ३५), थुना र सजाय (धारा ३७), युद्ध र सशस्त्र द्वन्द्व (धारा ३८), पीडित बालबालिकाको पुनःस्थापना (धारा ३९), बालन्याय (धारा ४०) लगायतका विषयहरूमा उपलब्ध भएका तथ्य-तथ्याङ्क प्रस्तुत गरिएको छ।

## ३.२ बालश्रम

नेपाल सरकारद्वारा बालश्रम मुक्त समाज निर्माणका लागि विभिन्न ऐन कानूनको व्यवस्थाका साथै अनुगमन तथा नियमनमा जोड दिइएको छ। बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ ले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन

निषेध गरेको छ । तर १४ देखि १६ वर्षसम्मका बालबालिकालाई जोखिमपूर्ण भनी उल्लेख गरिएका बाहेकका खासखास क्षेत्रमा हल्का र विशेष सुविधा तथा निगरानीका आधारमा काममा लगाउन सकिने व्यवस्था गरेको छ । १४ वर्ष उमेर नपुगेका बालबालिकालाई भने कुनै पनि स्वरूपमा श्रमिकका रूपमा काममा लगाउन नहुने व्यवस्था गरेको छ । तर उमेर ढाँटेर बालबालिकालाई जोखिमपूर्ण काममा समेत संलग्न गराइएका घटनाहरू पनि प्रकाशमा आएका छन् ।

यसअघि तर्जूमा गरिएको बालश्रम सम्बन्धी राष्ट्रिय गुरुयोजना (२००४-२०१४) को प्रभावकारी कार्यान्वयन भने हुन सकेन । दोस्रो राष्ट्रिय गुरुयोजना (२०१६-२०२६) को मस्यौदा अन्तिम चरणमा पुगेको छ ।

बालबालिकालाई शारीरिक, मानसिक, भावनात्मक एवम् संवेगात्मक लगायत समग्र बालविकासमा असर पुऱ्याउने खालका श्रमजन्य कार्यमा लगाउनु बालश्रम हो । यस्ता कार्यले बालबालिकालाई शिक्षा र स्वास्थ्यको पहुँचबाट टाढा राख्छ र उनीहरूको स्वभाविक बालापनमा अवरोध सिर्जनामात्र नभई सिंगो भविष्य नै अँध्यारो बनाउँछ । शिक्षा र सिर्जनात्मक क्रियाकलापमा लाग्नुपर्ने कलिला बालबालिकालाई कुनै पनि निहुँमा कडा श्रम गर्न बाध्य गराइनु स्वीकार्य हुन सक्दैन । तथापी बालश्रमका निकृष्ट स्वरूपहरू विश्वभरी नै एउटा ठूलो समस्याका रूपमा देखापरेको छ र नेपाल पनि यसको अपवाद बन्न सकेको छैन । विभिन्न उद्योग, व्यवसाय, कलकारखाना, रेष्टुरेन्ट, यातायात क्षेत्र, निर्माण क्षेत्र, कृषि आदि सबैजसो व्यसायिक क्षेत्रमा मात्र होइन घर-घरमा पनि बालबालिकालाई श्रममा लगाइने गरेको पाइएको छ । नेपालका अधिकांश श्रम क्षेत्रहरूमा बालश्रम रहेका छन् । यद्यपी औपचारिक एवम् संगठित क्षेत्र भन्दा अनौपचारिक क्षेत्रहरूमा बालश्रमिक बढी मात्रामा छरिएर रहेका छन् ।

अन्तर्राष्ट्रिय श्रम संगठन अन्तर्गत रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेरसम्बन्धी महासन्धि, १९७३ (नं. १३८), र निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धि, १९९९ (नं. १८२) लाई क्रमशः सन् २००३ र २००४ मा नेपाल सरकारले अनुमोदन गरेको छ । रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेरसम्बन्धी महासन्धि, १९७३ (नं. १३८) ले रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर १५ वर्ष (विकासोन्मुख देशमा १४ वर्ष) तोकेको छ, जुन उमेर अनिवार्य शिक्षा प्राप्त गर्ने उमेर बराबर हुनुपर्दछ । निकृष्ट प्रकारको बालश्रमसम्बन्धी महासन्धि, १९९९ (नं १८२) ले बालबालिकालाई सबै प्रकारको दासत्व वा सो सरहको व्यवसाय जस्तै बालबालिकाको बेचविखन, ऋण बधुँवा, बालजफ्तीपूर्ण वा अनिवार्य रूपले बाध्यतामा गराइने श्रम वा बालबालिकालाई बेश्यावृत्तिको लागि प्रयोग गर्न पाइँदैन भनेको छ । बलपूर्वकको श्रम उन्मूलन सम्बन्धी महासन्धि २००१ (नं. १२९), अन्तर्राष्ट्रिय श्रमस्तर कार्यान्वयन अभिवृद्धि गर्न त्रिपक्षीय सहमति सम्बन्धी महासन्धि २००१ (नं. १४४) मा पनि नेपालले हस्ताक्षर गरेको छ ।

बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ अनुसार नेपालमा १४ वर्ष उमेर नपुगेका बालबालिकालाई काममा लगाउन पाइँदैन, यस विपरीत कसैले काममा लगाएमा ३ महिनासम्म कैद वा १० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । १४-१६ वर्ष उमेर समूहका बालबालिकालाई हल्का खालका काममा लगाउँदा आमाबाबु वा अभिभावकको स्वीकृति लिनुपर्ने, त्यसको जानकारी श्रम कार्यालयलाई दिनुपर्ने, दिनको ६ घण्टाभन्दा बढी तथा रातिमा काममा लगाउन नहुने लगायतको व्यवस्था गरेको छ तर १६ वर्षभन्दा मुनिकालाई जोखिमपूर्ण श्रममा भने लगाउन नहुने स्पष्ट व्यवस्था गरेको छ। यस विपरीत कसैले जोखिमपूर्ण काममा लगाएमा १ वर्षसम्म कैद वा ५० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

चौधौं योजना (आर्थिक वर्ष २०७३/७४-२०७५/७६) को आधारपत्रमा बाल श्रमसम्बन्धी नीति, कानून र कार्यक्रममा सुधार गरिनेछ र निकृष्ट बालश्रम निवारण र बालश्रम न्यूनीकरणका लागि कार्यक्रमहरू सञ्चालन गरी बाल श्रमिकहरूको उद्धार र पुनःस्थापना गरिनेछ भन्ने उल्लेख हुनुले बालश्रम राष्ट्रिय प्राथमिकतामा परेको पाइन्छ।

नेपालको राष्ट्रिय जनसंख्या, २०६८ का अनुसार १ लाख ४ हजार ७ सय १४ जना बालबालिका (बालकः ५६ हजार २ सय ६७ र बालिका ४८ हजार ४ सय ४७) कामकाजमा संलग्न रहेको पाइएको छ। बहुक्षेत्रीय कल्स्टर सर्वेक्षण (MICS) २०१४ का अनुसार ५ देखि १७ वर्ष उमेर समूहका ३७.४ प्रतिशत बालबालिका बालश्रममा संलग्न रहेको पाइएको छ। ५ देखि ११ वर्ष उमेर समूहका कम्तिमा १ घण्टा कामकाजमा संलग्न २७.९ प्रतिशत (बालकः २९.९ र बालिकाः २६.५) बालबालिका रहेको देखाएको छ। १२ देखि १४ वर्ष उमेर समूहका कामकाजमा संलग्न १४ घण्टाभन्दा कम ४४.२ प्रतिशत (बालकः ४३.४ र बालिकाः ४४.८) १४ घण्टाभन्दा बढी १५.२ प्रतिशत (बालकः १२.३ र बालिकाः १७.६) बालबालिका रहेको देखाएको छ। १५ देखि १४ वर्ष उमेर समूहका कामकाजमा संलग्न ४३ घण्टाभन्दा कम ६१.३ प्रतिशत (बालकः ५८.५ र बालिकाः ६४.४), ४३ घण्टाभन्दा बढी २.६ प्रतिशत (बालकः २.१ र बालिकाः ३.१) बालबालिका रहेको छ। आईएलो प्रतिवेदन, २०१२ का अनुसार १३ हजार ७ सय १५ जना (१८.२ प्रतिशत जम्मा ७५ हजार १ सय ६९ श्रमिकमध्ये) बालबालिका उपत्यकाभित्र बालश्रमिकको रूपमा कार्यरत रहेको देखिन्छ।

बालश्रम प्रयोग हुने क्षेत्रहरूमध्ये ईट्टा उद्योग पनि एक हो, जहाँ बालबालिका जोखिमपूर्ण श्रम गरिरहेका छन् । राष्ट्रिय मानवअधिकार आयोगको राष्ट्रिय प्रतिवेदन २०१३-२०१५ अनुसार ईट्टा उद्योगमा उपत्यकामा १३ हजार ७ सय १५ र उपत्यका बाहिर १४ हजार ६ सय १८ जना बालश्रमिक रहेको अनुमान गरिएको छ। ईट्टा उद्योगलाई बालश्रम मुक्त बनाउने केही प्रयासहरू पनि हुँदै आएका र केही सकारात्मक परिणामहरू देखिएका छन्। जिल्ला बालकल्याण समिति भक्तपुरको संयोजकत्वमा विभिन्न

निकाय, संघसंस्थाको साझेदारीमा भक्तपुर जिल्लालाई बालश्रम मुक्त जिल्ला बनाउने उद्धेश्यका साथ जारी गरिएको पाँच वर्षे रणनीति-पत्र कार्यान्वयन भइरहेको छ ।

घरको आर्थिक अवस्था तथा अभिभावकको ऋणका कारण बालबालिका श्रमिक एवम् कतिपय अवस्थामा बधुँवा सरहको रूपमा समेत प्रयोग भएका छन् । वयस्कको तुलनामा बालबालिकालाई काममा लगाउन सहज हुने र थोरै तलबमा लामो समयसम्म पनि श्रममा लगाउन सकिनेलगायतका कारण बालश्रमको प्रयोग भइरहेको देखिन्छ । वैदेशिक रोजगारीका कारण श्रमशक्तिको अभाव भएका बेला नाइके वा ठेकेदारहरूले विभिन्न आर्थिक प्रलोभन देखाई बालबालिकालाई विकल्पको रूपमा प्रयोग गर्ने गरेका छन् । नेपालमा बालश्रम बढिरहेको र श्रमको प्रयोजनका लागि समेत बालबालिकाको ओसारपसार हुने गरेको पाइएको छ । नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा लघु अध्ययन भएको देखिए पनि विस्तृत अध्ययनको खाँचो महसुस गरिएको छ ।

### ३.३ सडक बालबालिका

नेपाल सरकारले जारी गरेको बालबालिकासम्बन्धी राष्ट्रिय नीतिको कार्यान्वयन गर्ने क्रममा यस वर्ष काठमाण्डौ उपत्यकामा सडक बालबालिका मुक्त अभियान कार्यक्रम सञ्चालन पश्चात् सडकमा आश्रित रहने बालबालिकाको संख्यामा उल्लेख्य कमी आएको देखिएको छ । अघिल्लो वर्ष काठमाण्डौ उपत्यकामा सडक बालबालिका रहने विभिन्न २० प्रमुख क्षेत्रमा ३ सय ४२ सम्मको संख्यामा सडक बालबालिका रहेको अनुमान गरिएको थियो ।

काठमाण्डौ उपत्यकाका अतिरिक्त नेपालका अन्य केही शहरी क्षेत्रहरूमा पनि सडक बालबालिका रहेका छन् । जिल्ला बालकल्याण समिति, कास्कीका अनुसार अघिल्लो आर्थिक वर्षमा पोखरामा १ सय ११ जना सडक बालबालिका रहेका थिए । विराटनगर, इटहरी, धरान, नारायणगढ, बुटवललगायतका शहरहरूमा सडक बालबालिका रहेका छन् भने कतिपय क्षेत्रमा शहरीकरणको विकास सँगसँगै सडकमा विभिन्न स्वरूपमा बालबालिका आश्रित हुन थालेको यस वर्ष पनि देखिएको छ ।

सडक बालबालिका संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ अनुसार केन्द्रीय बालकल्याण समितिसँगको सहकार्यमा सञ्चालन गरिएका विभिन्न सम्पर्क गृह र सामाजिकीकरण केन्द्रहरूमार्फत् सडक बालबालिकाको उद्धार, संरक्षण मनोविमर्श सेवा, सामाजिकीकरण, पारिवारिक पुनर्मिलन, पुनःस्थापना तथा पुनर्एकीकरणका कार्यक्रमहरू प्रभावकारी देखिएको छ ।

पारिवारिक सहयोग कार्यक्रमलाई प्रवर्द्धन गर्दै स्थानीय तहमा नै बालअधिकारसम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने तथा सडक बालबालिकाको व्यवस्थापनसम्बन्धी कार्यक्रमहरू सरकारी, गैरसरकारी, विकासका साझेदार संस्था र नागरिक समाजसंगको समन्वय, सहयोग र सहकार्यमा सञ्चालन

हुन सकेकोले नै उपत्यकामा सकारात्मक परिणाम देखा परेको हो । यद्यपी, सडक बालबालिकाको पुनःस्थापना कार्य चुनौतीपूर्ण रहँदै आएको छ ।

काठमाण्डौ उपत्यकालाई सडक बालबालिका मुक्त बनाउने अभियान कार्यक्रम अन्तर्गत २०७२ माघ १८ गते राष्ट्रिय दैनिक पत्रिकाहरूमा सूचना प्रकाशन गरी सम्पर्क गृह, सामाजिकीकरण केन्द्र र लागु औषध पुनःस्थापना केन्द्रको सञ्चालनका लागि केन्द्रीय बालकल्याण समितिले प्रस्ताव आह्वान गरेको थियो । त्यसपछिका दिनमा सडक बालबालिकाको व्यवस्थापन र अनुगमनसम्बन्धी निरन्तर प्रयासकै फलस्वरूप २०७३ बैशाख २७ गतेदेखि औपचारिक रूपमा सडकबाट बालबालिकाको उद्धार कार्य प्रारम्भ भइसकेको छ । त्यसयता बालबालिकाको आवासीय संरक्षण र व्यवस्थापन कार्य निरन्तर रूपमा सञ्चालन छ ।

यस अभियानमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, महानगरीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ, बालबालिका खोजतलास समन्वय केन्द्र १०४, काठमाण्डौ महानगरपालिका, जिल्ला बालकल्याण समिति काठमाण्डौ र ललितपुर, महिला तथा बालबालिका कार्यालय काठमाण्डौं, बालहेल्पलाइन १०९८ लगायतका निकायहरूको र सम्बन्धित गैरसरकारी संस्थाहरूबीचको समन्वय उल्लेखनीय छ ।

बालबालिका सडक बस्नु पर्दैन, सडक बस्न हुँदैन भन्ने उद्घोषका साथ सडकमा रहेका बालबालिका समेतलाई पुनःस्थापना कार्यक्रममा पूर्वसूचित गरिएपछि काठमाण्डौ उपत्यकाका खासगरी कलंकी, ठमेल, भूगोलपार्क, सिंहदरवार, भक्तपुर, कोटेश्वर, महांकाल, खुलामञ्च, बौद्ध, गौशाला, लोकन्थली, पशुपति क्षेत्र, पुल्चोक, भण्डारखाल, पुरानो बसपार्क, रत्नपार्क, स्वयम्भु, जावलाखेल, लगनखेल, ग्वार्कोजस्ता स्थानहरूबाट सडक बालबालिका उद्धार गरिएका छन् । उल्लेखित स्थानहरूबाट हालसम्म २ सय ७४ बालक र ५२ बालिका गरी जम्मा ३ सय २६ जना केन्द्रीय बालकल्याण समितिबाट र सम्पर्क गृहहरूको पहलमा ७९ जना बालक गरी कूल ४ सय ५ जना सडक बालबालिकाको उद्धार गरिएको छ र यो क्रम जारी रहेको छ ।

उद्धार गरिएका सडक बालबालिकामध्ये हाल ८७ बालक र २२ बालिका गरी जम्मा १ सय ९ जना बालबालिकाले संस्थामा नै बसेर विद्यालय शिक्षा लिइरहेका छन् भने ८ बालक र १ बालिका गरी जम्मा ९ जना बालबालिका विभिन्न किसिमका सिपमूलक तालिममा सहभागी छन् । त्यसैगरी १ सय २० बालक र १ बालिका गरी जम्मा १ सय २१ जना बालबालिकालाई उनीहरूको परिवारमा पुनःस्थापना गरिएको छ भने हाल विभिन्न सम्पर्क गृह र सामाजिकीकरण केन्द्रहरूमा १ सय ३८ बालक र २८ जना बालिकाहरू गरी जम्मा १ सय ६६ जना बालबालिका सामाजिकीकरणको प्रक्रियामा रहेका छन् । उद्धार गरी सामाजिकीकरणको प्रक्रियामा रहेका  बालबालिकामध्ये २२ जना बालिका र ८ जना बालक गरी

जम्मा ३० जना बालबालिकालाई काठमाण्डौ स्थित लागुऔषध पुनःस्थापना केन्द्रमा राखिएको छ।

हालसम्म उद्धार गरिएका सडक बालबालिकामध्ये ब्राह्मण क्षेत्री ३४ प्रतिशत, आदिबासी जनजाति ४६ प्रतिशत, दलित १७ प्रतिशत र मधेशी ३ प्रतिशत रहेको पाइएको छ।

**तालिका ४: सडकबाट उद्धार गरिएका बालबालिकाको संख्या**

| उद्धार गरिएको बालबालिका | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| केन्द्रीय बालकल्याण समितिमार्फत | २७४ | ५२ | ३२६ |
| सम्पर्क गृहबाट | ७९ | ० | ७९ |
| **उद्धार गरिएको बालबालिका** | ३५३ | ५२ | ४०५ |
| परिवारमा पुनःस्थापना गरिएका | १२० | १ | १२१ |
| संस्थामा नै बसेर विद्यालय शिक्षा लिइरहेका | ८७ | २२ | १०९ |
| विभिन्न किसिमका सीपमूलक तालिममा सहभागी | ८ | १ | ९ |
| सामाजिकीकरणको प्रक्रियामा रहेका | १३८ | २८ | १६६ |

*स्रोत : केन्द्रीय बालकल्याण समिति, २०७३*

यसैगरी निरक्षर २४ प्रतिशत र सामान्य लेखपढ गर्नसक्ने ७६ प्रतिशत देखिएको छ। सडकमा आएका बालबालिका मध्ये ५३ प्रतिशतका बाबुआमा दुवै जीवित रहेको, ३३ प्रतिशतको बाबुआमामध्ये एक जीवित रहेको देखिएको छ भने बाबुआमा दुवै नभएका ७ प्रतिशत र बाबुआमाको अवस्थाबारे थाहा नभएको ७ प्रतिशत देखिएको छ। सडकमा आएका बालबालिकामध्ये काठमाण्डौ, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाबाट तुलनात्मक रूपमा बढी देखिन्छ भने अन्य जिल्लालगायत भारतबाट समेत पनि बालबालिका काठमाण्डौको सडकमा आएको देखिन्छ। सडकमा रहने बालिकाहरू थोरै भएता पनि उनीहरू अधिक जोखिममा रहने गरेका छन्। उद्धारका क्रममा काखे छोरी सहितकी एक बालिका र दुई गर्भवती बालिकाहरू पनि भेटिएका छन्।

### ३.४ बालविवाह

बालविवाह उच्च रहेका मुलुकहरूमध्ये नेपाल अग्रपंक्तिमा रहेको छ। दक्षिण एशियामा नेपाल बंगलादेश र भारतपछि तेश्रो स्थानमा पर्दछ। नेपालमा विवाहका लागि कानूनी रूपमा तोकिएको न्यूनतम उमेर नपुग्दै विवाह गर्ने प्रचलन बालअधिकार संरक्षणको सन्दर्भमा गम्भीर चुनौतीको रूपमा देखिएको छ। मुलुकी ऐन (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरूषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए बीस वर्ष नपुगी विवाहवारी गर्न नहुने व्यवस्था गरेकोमा हाल सोमा समेत सुधार गरी संरक्षकको मञ्जुरी भएपनि नभएपनि विवाह गर्ने न्यूनतम उमेर "केही नेपाल

कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२" अनुसार २० वर्ष तोकिएको छ ।

बालबालिकाउपर हुने हिंसाविरुद्धको दक्षिण एशियाली पहलले नेपाललगायत सार्क मुलुकहरूमा बालविवाह अन्त्यका लागि क्षेत्रीय कार्ययोजना (२०१५-२०१८) समेत तयार गरेको छ । दिगो विकासका लक्ष्यहरूको कार्यसूची (२०१६-३०) मा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ ।

केन्द्रीय तथ्याङ्क विभागको पपुलेसन मोनोग्राफ, सन् २०१४, भाग २ (सामाजिक जनसांख्यिकी) अनुसार १० देखि १८ वर्ष उमेर समूहका बालबालिकामध्ये २६.३ प्रतिशतको विवाह भएको देखिन्छ ।

**तालिका ५: उमेर समूहअनुसार बालविवाहको स्थिति, २०६८ (प्रतिशतमा)**

| १०-१४ वर्ष उमेर समूह | | | १५-१६ वर्ष उमेर समूह | | | १७-१८ वर्ष उमेर समूह | | | १०-१८ वर्ष उमेर समूह | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **बालक** | **बालिका** | **जम्मा** | **बालक** | **बालिका** | **जम्मा** | **बालक** | **बालिका** | **जम्मा** | **बालक** | **बालिका** | **जम्मा** |
| ०.५ | १.१ | ०.८ | २.४ | ८.८ | ५.६ | ९.० | ३०.५ | १९.९ | ११.९ | ४०.४ | २६.३ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, पपुलेसन मोनोग्राफ, भाग २, सन् २०१४*

माथिको तालिकाको आधारमा १० देखि १८ वर्षसम्मका बालबालिकामध्ये १७ र १८ वर्ष उमेर समूहका बालबालिकाको विवाह कूल बालविवाहको ७५.६६ प्रतिशत हुन आउँछ । १० देखि १४ वर्ष उमेर समूहमा हुने विवाह प्रायः नगन्य अवस्थामा पुग्नुलाई भने सकारात्मक दिशातर्फ उन्मुख भएको मान्न सकिन्छ ।

बालविवाहको अन्त्य गर्ने प्रयासका क्रममा २०७२ फागुन २८ गते नेपाल सरकारले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा तय गरिएको बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ पारित गरिसकेको छ । बालविवाहविरुद्धका नीतिगत विषयहरू विगतका राष्ट्रिय विकास योजनाहरूदेखि नै समावेश हुँदै आएका छन् ।

बालविवाह अन्त्यका लागि राष्ट्रिय नीति तर्जुमा गर्ने सन्दर्भमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र युनिसेफको संयुक्त पहलमा सन् २०१४ मा बालविवाह बढी हुने दैलेख, बझाङ, बैतडी, कपिलवस्तु, रौतहट र सप्तरीलगायतका ६ वटा जिल्लामा १२ सय घरधुरीमा गरिएको सर्वेक्षणको सारांश प्रतिवेदनका अनुसार ६५ प्रतिशत बालिकाको १८ वर्ष नपुग्दै विवाह हुने गरेको र १८ प्रतिशत बालिकाको १५ वर्ष भित्रै विवाह हुने गरेको पाइएको छ । त्यसैगरी उक्त उमेर समूहभित्र विवाह हुने बालिकाहरूमा ४८ प्रतिशत दलित र ५२ प्रतिशत गैरदलित रहेका छन् । उक्त जिल्लाहरूमध्ये १८ वर्ष नपुग्दै विवाह हुनेमा सप्तरीमा सबैभन्दा बढी ८२ प्रतिशत छ भने बझाङमा सबैभन्दा कम ५९ प्रतिशत बालिकाको विवाह हुने गरेको छ । १५ वर्षभित्र विवाह हुने बढी र कम जिल्लाहरूमा पनि

सप्तरी र बझाङ जिल्लाहरू पर्दछन् । बालविवाह कसरी हुने गरेको छ भन्ने सन्दर्भमा ६१ प्रतिशतको अभिभावकद्वारा विवाह गराइएको पाइन्छ भने ३३ प्रतिशत आफुखुशी विवाह गर्ने गरेको देखिन्छ । त्यसैगरी ६ प्रतिशत बालिकाको जबरजस्ती विवाह गर्ने गरेको देखिएको छ । आफुखुशी विवाह गर्नेहरूको अध्ययन अनुसार दलित समुदायमा ३२ प्रतिशत र गैर दलित समुदायमा २९ प्रतिशत बालविवाह हुने गरेको देखिन्छ ।



# १८ वर्षीया किशोरी तीन सन्तानकी आमा

छेदु शेर्पा
संखुवासभा

१८ वर्षीया किशोरी निम्छिको शेर्पा तीन सन्तानको आमा बनेकी छिन्। अशिक्षा र अज्ञानताले गर्दा उनले १४ वर्षमै बिहे गरिन् र लगातार तीन बच्चा जन्माइन्।

स्याबुन-५ देउराली चिचेका फुर्लम्बा शेर्पासँग २०६८ सालमा विवाह गरेकी उनका तीन वर्षीया जेठी छोरी निमलमु, दुई वर्षीय छोरा तेन्जी र एक महिनाका छोरा लाक्पा शेर्पा छन्। २०७३ चैत २० गते जन्मिएकी उनी आमा बनेकोमा आफैं छक्क मान्छिन्। तीन सन्तानकी आमा भए पनि उनी छोराछोरीसँगै खेल्ने गर्छिन्।

उनमा बच्चालाई स्तनपान गराउने तरिका, पोषकतत्व र सरसफाइबारे कुनै ज्ञान छैन। उनी आफैं सानो उमेरकी भएकीले आफ्ना सन्तानलाई कसरी पालनपोषण गर्ने र हुर्काउने भन्ने ज्ञान पनि छैन। कसरी हुर्काउँछौ यी सन्तान भन्ने जिज्ञासामा उनले 'आफैं हुर्किन्छन्' भन्ने जवाफ दिइन्।

गाउँमा दुई वर्षमुनिका बालबालिकालाई खुवाउनुपर्ने खानेकुराका विषयमा अभिभावक नै जानकार हुँदैनन्। त्यस कारण बालबालिका कुपोषित हुने गर्छन्। किशोरी आमाहरू भने स्वास्थ्यसम्बन्धी ज्ञान नहुँदा अकालमै मृत्यु हुने जोखिममा रहेका हुन्छन्।

» बाँकी पृष्ठ २

अन्नपूर्ण

स्याबुन-५ देउराली चिचेकी १८ वर्षीया निम्छिकी शेर्पा तीन सन्तानका साथ।

सन् २०३० सम्ममा बालविवाहको अन्त्य गर्ने तय गरिएको राष्ट्रिय रणनीतिको कार्यान्वयनका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलगायत नेपाल सरकारका ११ मन्त्रालय, राष्ट्रिय योजना आयोग, महान्यायाधिवक्ताको कार्यालय तथा नागरिक समाजको प्रभावकारी भूमिकाको अपेक्षा गरिएको छ । राष्ट्रिय रणनीतिमा बालिका र किशोरीको सशक्तीकरण शीर्षक अन्तर्गत राष्ट्रियदेखि स्थानीयस्तरसम्मका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेष गरी विद्यालय बाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ । रणनीतिले बालविवाहमुक्त स्थानीय निकायको अभियान सञ्चालन गर्ने योजना अघि सारेको छ । यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि यसको विस्तृत कार्ययोजना निर्माणाधिन अवस्थामा रहेको छ ।

नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा निर्देशनालयका अनुसार गत आर्थिक वर्ष २०७०/७१ मा नेपाल प्रहरीमा जम्मा २३ वटामात्र बालविवाहको उजुरी परेको थियो भने यस आर्थिक वर्ष २०७२/७३ मा बहुविवाहका ४ सय ६३ वटा घटनामध्ये १८ वर्षमुनीका पाँचजना (१.१ प्रतिशत) बालिका बहुविवाहबाट पीडित भएको पाइएको छ । जसमध्ये ११ देखि १६ वर्ष उमेरका तीन जना बालिका र १७ देखि १८ वर्षका दुई जना बालिका रहेका छन् । बालविवाहका घटनाका सम्बन्धमा प्रहरीमा ज्यादै कम परिमाणमा उजुरी दर्ता हुने गरेको देखिन्छ । बालविवाहको रोकथामका दिशामा उजुरी नहुने समस्या पनि प्रमुख चुनौतीका रूपमा रहेको छ । उजुरी नै ज्यादै कम पर्ने भएकोले यस अपराधका सन्दर्भमा कारवाहीको प्रक्रिया पनि उल्लेखनीय रूपमा अघि बढेको पाइँदैन ।

नेपालको राष्ट्रिय जनसांख्यिकी तथा स्वास्थ्य सर्भे (२०११) अनुसार सन् २००१ मा १५ देखि १९ वर्ष उमेर समूहमा अविवाहित महिला ६० प्रतिशत रहेकोमा सन् २०११ मा ७१ प्रतिशत पुगेको देखिन्छ । यस आधारमा कम उमेरमा विवाह गर्ने क्रम क्रमशः घट्दै गएको मान्न सकिन्छ । यसैगरी नेपालमा २० देखि २४ वर्ष उमेर समूहका ४१ प्रतिशत महिलाहरूको विवाह १८ वर्ष पुग्नु अगावै हुने गरेको तथ्य प्रकाशमा आएको छ । राष्ट्रसंघीय जनसंख्या कोषकाअनुसार ग्रामीण क्षेत्रमा बसोबास गर्ने मध्ये ४३ प्रतिशत र शहरमा बस्ने २७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै विवाह गर्छन् । प्रवेशिका वा सो भन्दा धेरै पढेका महिलाहरूको विवाह गर्ने सरदर उमेर २२ वर्ष रहेको देखिन्छ भने विद्यालय नगएका महिलाहरूको विवाह गर्ने सरदर उमेर १७ वर्ष भएको देखिन्छ । बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०१४ का अनुसार १५ वर्षमुनी १५.५ प्रतिशत बालबालिकाको विवाह भएको देखिएको छ भने १८ वर्षमुनी ४८.५ प्रतिशत बालबालिकाको विवाह भएको देखिन्छ । त्यसैगरी १५ देखि १९ वर्ष उमेर समूहका २४.५ बालबालिकाको विवाह भएको देखिएको छ । बालविवाहबाट बालकका तुलनामा बालिका बढी पीडित हुने गरेको देखिन्छ । २० देखि २४ वर्ष उमेर समूहका ४१ प्रतिशत महिलाहरूको विवाह १८ वर्ष पुग्नु अगावै भएको देखिन्छ भने यसको तुलनामा यही उमेर समूहका ११ प्रतिशतमात्र पुरुषहरूको विवाह १८ वर्षभन्दा कम उमेरमा भएको पाइन्छ । बालविवाहविरुद्धका चेतना जागरण अभियान केन्द्रदेखि समुदायस्तरसम्म सञ्चालनमा रहेका छन् । तथापी सम्बन्धित प्रभावित क्षेत्रमा समुदायले बुझ्ने गरी बालविवाहका नकारात्मक पक्षहरूलाई स्पष्ट गराउदै जानु आवश्यक छ ।



बालविवाहविरुद्ध बालिका अभियान

[illegible]- कमा बढेको भन्दै रुपन्देहीको सूर्यपुराका बालिकाहरूले बालविवाहविरुद्ध अभियान चलेका छन् ।

बालविवाहबाट प्रताडित बालिकाहरूकै पहलमा अभियान थालिएको हो । उनीहरूले सोमबार सूर्यपुरामा वृहत् साइकल र्‍यालीको आयोजना गरे । बालविवाहका कारण हुने समस्याहरू लेखिएका प्लेकार्डसहित नारा लगाउँदै उनीहरूले गाविस परिक्रमा गरे । गाविस प्रांगणमा पुगेर अभिभावक र गाविसका सरोकारवालालाई बोलाएर बालविवाहका कारण आफूहरूको लेख्ने, पढ्ने, खेल्ने र सिक्ने समय खोसिएको भन्दै त्यसलाई रोक्न आग्रह गरे । 'परम्पराका नाममा हुने बालविवाहले बालिकालाई निकै दुःख भएको छ । सिंगो समाजलाई कलंकित बनाएको छ,' बालिका ज्ञानमती कुर्मीले भनिन्, 'अब सानो उमेरमा छोरीहरूको बिहे नगरिदिनुस् ।'

'अबदेखि १८ वर्ष नपुगी छोरीहरूको बिहे गरिदिए अभिभावकका विरुद्ध प्रहरीमा जाने उनीहरूले चेतावनी दिए । स्थानीय सुस्मा पौडेलले अब प्रहरी गाविस र संघसंस्थासित सहयोग मागेर गाउँमा हुने बालविवाह रोक्ने बताइन् । छोरीको सानैमा बिहे गरे पुण्य कमाइन्छ भन्ने धार्मिक विश्वास र पालनपोषण तथा शिक्षामा खर्च गर्नु नपर्ने व्यावहारिक कारणले सूर्यपुरामा अझै बालविवाह हुने गरेको छ ।

रुपन्देहीको सूर्यपुरमा सोमबार बालविवाहविरुद्ध निकालिएको साइकल र्‍यालीका सहभागी बालिका ।

तस्बिर : [illegible]

नेपालमा बालविवाहविरुद्ध सरकारी तथा गैरसरकारी क्षेत्र र बालक्लबमार्फत् स्वयम् बालबालिका समेत क्रियाशिल हुँदै आएका छन् । परिणामस्वरूप समुदायमा कतिपय हुन लागेका बालविवाह रोक्नुका साथै बालविवाह भएको अवस्थामा भोज बहिष्कार समेत गरेको जानकारी पाइएको छ ।

युनिसेफको स्टेट अफ द वर्ल्डस् चिल्ड्रेन २०१५ कन्ट्री स्टाटिस्टिकल इन्फर्मेसन २०१५ मा समेटिएको सन् २००५ देखि २०१३ सम्मको तथ्याङ्कले नेपालमा कूल विवाहितहरूमध्ये १०.१ प्रतिशत १५ वर्षमुनीका बालबालिका रहेको देखाएको छ । सोही प्रतिवेदनअनुसार नेपालमा १८ वर्षमुनीका विवाहितहरू ४०.७ प्रतिशत रहेका छन् ।

सेभ द चिल्ड्रेन, प्लान नेपाल र वर्ल्ड भिजनले २०१२ मा गरेको नेपाल बालविवाह सर्वेक्षणका अनुसार ६७ प्रतिशत बालिकाको अभिभावकको दबावमा विवाह हुने गरेको छ । त्यसैगरी १४ प्रतिशत बालकको विवाह घरको कामकाजमा सघाउ पुगोस् भन्ने उद्धेश्यले गर्ने गरिएको छ । तर बालविवाह गर्ने बालबालिकामध्ये ३२ प्रतिशत बालबालिकाले प्रेम सम्बन्धका कारण विवाह गर्ने गरेको देखिएको छ । यी विविध तथ्याङ्कले नेपालमा बालविवाह एक गहन समस्याका रूपमा रहेको पाइन्छ । उपलब्ध तथ्याङ्कहरूलाई विश्लेषण गर्दा बालविवाह अभिभावकको दबावका कारणमात्रै नभई करिब एक तिहाइ बालविवाह आफुखुसी समेत हुनेगरेको देखिन्छ । अतः बालविवाहले पुऱ्याउने समग्र हानिका बारेमा विशेषतः बालिकालाई नै सचेत गराउनुपर्ने देखिएको छ ।


kantipur.ekantipur.com |१५ देश

बालविवाह गराउनेको भोज बहिष्कार

कान्तिपुर संवाददाता

भडेवा (पाल्पा)- उमेर नपुग्दै विवाह गर्ने जोडी प्रत्येक वर्ष बढ्दै गएपछि त्यस्तो विवाह गर्ने गराउनेको बिहे भोज नै बहिष्कारको घोषणा गरिएको छ। सर्वदलीय, सर्वपक्षीय भेलाले गाविसमा बालविवाह गरेर भोजभतेर गरेमा कोही नजाने निर्णय गरेका हुन्। गाविसमा आयोजित सर्वपक्षीय भेलामा सहभागीले बालविवाह न्यूनीकरणका लागि सात बुँदे प्रतिबद्धतासमेत जारी गरेका छन्। 'राजनीतिक दल, बुद्धिजीवी नागरिक समाजलगायत सबै यो कुरामा सहमत छन्,' इलाका हुलाक कार्यालय प्रमुख चन्द्रदेव पन्थीले भने, 'यसले बालविवाह रोक्न मद्दत मिल्छ।' भडेवा बालविवाह अत्यधिक हुने गाविसभित्र पर्छ। पन्थीका अनुसार प्रत्येक वर्ष बालविवाह गर्नेको संख्या बढ्दै गएपछि सबैको रायसुझाव अनुसार नै सहमतिसहित सातबुँदे प्रतिबद्धता जारी गरेका हुन्। सहमतिपछि भडेवा ३ मा एउटा उमेर नपुगेकी किशोरीको विवाह भएको छ। १४ पुगेर १५ लागेकी कमला सोमै गोठादी बिहे गरेर गएकी थिइन्। 'त्यहाँ उनका घरमा भोज खान कोही गएनन्,' उनले भने। 'अहिले धेरैले सोधेर मात्र बिहे गर्ने र गराउने गर्न थालेका छन्,' सातमुलेका गजेन्द्र पन्थीले भने। गाविस सचिव भिमबहादुर रानाका अनुसार २०६९ सालयता प्रत्येक वर्ष उमेर नपुग्दै कम्तीमा २२ जोडीले विवाह गरेको तथ्यांक भेटिएको छ। '२२ देखि २४ जोडीले हरेक वर्ष उमेर नपुग्दै विवाह गरेर नागरिकता र विवाह दर्ता गर्न आएका रोहछन्,' उनले भने।

वीरगञ्जकी १५ वर्षीया रिंकू ठाकुरले बालविवाहविरुद्ध बालिका स्वयम् जागरुक भएको अवस्थामा कुप्रथाको रोकथाम सम्भव हुन सक्ने उदाहरण प्रस्तुत गरेकी छिन् । रिंकूले वालविवाहका विरुद्धमा अकाट्य तर्क प्रस्तुत गर्दा पनि अभिभावकको निर्णयमा परिवर्तन नहुने देखेपछि घरपरिवारबाट अलग हुने विकल्प अंगालिन् । त्यसपछिका दिनमा उनी सामाजिक संस्थाको संरक्षणमा रही आफ्नो अध्ययनलाई निरन्तरता दिइरहेकी छन् । । आफ्नो विवाह गराउने तयारीको प्रतिरोध गर्दै उनले अभिभावक र समाजलाई गतिलो पाठ सिकाएकी छिन् ।

एक नावालिगको यस्तो साहसिक निर्णयको सम्मान गर्दै २०७२ सालमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले सार्वजनिक रूपमा नै उनको अभिनन्दन गरेको थियो ।

## ३.५ बालअधिकारविरुद्धका घटना, पीडित बालबालिकाको उद्धार, शारीरिक र मनोबैज्ञानिक सुधार एवम् पारिवारिक पुनःस्थापना तथा पुनर्एकीकरण

### ३.५.१ जीवनको अधिकार

बालअधिकार महासन्धिको धारा ६ मा बालबालिकाको जीवनको अधिकारको प्रत्याभूति गरिएको छ । जसमा भनिएको छ, बाँच्न पाउने प्रत्येक बालकको जन्मसिद्ध अधिकार हो भनी पक्ष राष्ट्रहरू स्वीकार गर्छन् । नेपालमा २०७२ साउन १ गतेदेखि ०७३ असार ३० सम्मको अवधिमा बालबालिकाको बाँच्न पाउने अधिकारको हनन् भएका केही घटना पनि प्रकाशमा आए ।

२०७३ असार १७ गते ललितपुरको टौखेलस्थित पुष्पाञ्जली माध्यमिक विद्यालयको पर्खाल भत्किएर कक्षा कोठामा ठोक्किँदा दुई जना विद्यार्थीको ज्यान गयो भने २४ जना विद्यार्थी घाइते भए । वर्षा

भइरहेको अवस्थामा भत्किएको पर्खालले कक्षा ३ र ८ मा क्षति पुऱ्याएको थियो । ढलेको पर्खालले लागेर ज्यान गुमाउने ९ वर्षीया कृपा राई र १० वर्षीया अञ्जना पुन मगर कक्षा ३ का विद्यार्थी थिए । घटनाका समयमा दुवै कक्षा कोठामा अध्ययन गरिरहेका थिए । अस्पताल पुग्दानपुग्दै दुवैको मृत्यु भएको थियो ।

२०७२ साउन ५ गते नवलपरासी जिल्लाको कुडिया गा.वि.स. वडा नं.४ मर्चहवा निवासी सोनु भनिने १० वर्षीय जीवन कोहारलाई सोही ठाउँ निवासी ५० वर्षीय कोदइ हरिजन, ७० वर्षीय गंगा चमार, ३५ वर्षीय सूर्यमान हरिजन, ४० वर्षीय रुदल हरिजनले घाँटी रेटेर हत्या गरे । कोदइका छोरा १८ वर्षीय विजय हरिजन विरामी भएपछि उनलाई निको बनाउने नाममा कोदइको घरमा बली चढाउने भन्दै बालकको घाँटी रेटिएको थियो । पीडित बालकको लास २०७२ साउन ८ गते घरभन्दा केही टाढा झाडीमा फेला परेको थियो । आरोपित कोदइकी पत्नी ३४ वर्षीया विजय, अर्को छोरा १४ वर्षीय लक्ष्मी, रुदलकी पत्नी ४५ वर्षीया वुधु, छोरा १९ वर्षीय दिननाथ, ३५ वर्षीय सूर्यमान र उनकी पत्नी ३० वर्षीया सुनिता हरिजन र सोखाँ गंगा चमारलाई प्रहरीले गिरफ्तार गऱ्यो । त्यसैगरी मधेस आन्दोलनका क्रममा पनि ७ जना बालबालिकाको जीवनको अधिकारको हरण भयो (विस्तृत विवरणः ३.१३.३ मधेस आन्दोलन र बालअधिकारको सवाल) ।



**बलि चढाउने नाउँमा बालकको हत्या**

परासी (अन्नपूर्ण) : नवलपरासीको कुडिया गाविस ४ मा बलि चढाउने नाउँमा एक बालकको हत्या गरिएको छ। गाउँमा झारफुक (सोखा) को काम गर्ने स्थानीय रुद्धल चमारले छिमेकी शिवमंगल कोहारका १० वर्षीय छोरा जीवनको बलि चढाउने भन्दै हत्या गरेको प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालय बेलाटारीका निरीक्षक जगतवन्धु पोखरेलका अनुसार छिमेकी सुकइ चमारका छोरा बिरामी परेपछि झारफुक गर्न रुद्धललाई बोलाएका थिए। झारफुकका क्रममा सुकइका छोराले मान्छेको मासु खान मन लाग्यो भन्दै बर्बराउन थालेपछि रुद्धलले बालकको हत्या गरेका हुन्।

बिरामी सुकइका छोरा र हत्या गरिएका बालक साथी हुन्। बिहीबार साँझ बालक हराएपछि आफन्त र गाउँलेले खोजतलास गर्दा नपाएपछि प्रहरीलाई खबर गरेका थिए। खोजतलासको क्रममा बालकको शव घरनजिकै रहेको झाडीमा घाँटी रेटेर फालेको अवस्थामा फेला परेको प्रहरी निरीक्षक पोखरलेले बताए।

घटनामा संलग्न धामी रुद्धलसहित आठजनालाई पक्राउ गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ। अन्य एकजना फरार रहेकाले उनको खोजी भइरहेको प्रहरीले जनाएको छ।

केन्द्रीय बालकल्याण समितिको अभिलेख अनुसार बालबालिकाले पनि आत्महत्या गरेको घटनाहरू पाइएको छ । बालबालिकाले अशिक्षा, गरिबी, पढाईमा असफलता, मानसिक तनाव, निराशा, आवेश वा आक्रोश आदि विविध कारणहरूले आत्महत्या गरेको जानकारीमा आएको छ । आर्थिक वर्ष २०७२/०७३ मा सिरहा, पर्सा, झापा, ताप्लेजुङ, रुकुम र गोरखा गरी ६ जिल्लामा जम्मा २९ बालिका र नौ बालक गरी कूल ३८ जना बालबालिकाले आत्महत्या गरेको पाइएको छ । जसमध्ये ११ देखि १४ वर्ष उमेर समूहका ७ बालिका र ३ बालक गरी दशजनाले, १५ देखि १६ वर्ष उमेर समूहका ११ बालिका र एक बालक गरी १२ जनाले र १७ देखि १८ वर्ष उमेर समूहका ११ बालिका र ५ बालक गरी जम्मा १६ जनाले आत्महत्या गरेका छन् । यसबाट घर, परिवार वा समाजमा आइपर्ने समस्याबाट बालबालिकामा गम्भीर असर परेको देखिन्छ ।

### ३.५.२ दुर्व्यवहार लगायतका बालअधिकार हनन्का घटना

दुर्व्यवहार लगायत बालअधिकार हननूका विविध घटनाबाट बालबालिका प्रभावित भइरहेका छन् । नेपाल प्रहरीमा दर्ता भएका यौन शोषण, दुर्व्यवहारका घटनाहरूलाई केलाउँदा कूल घटनामध्ये आधाभन्दा बढी नै बालबालिका पीडित भएको देखिन आँउछ । बालबालिकाविरुद्ध हुने यौन शोषण, दुर्व्यवहारका घटनाहरूलाई मूख्यतयाः जबरजस्ती करणी (बलात्कार) र जबरजस्ती करणीको उद्योग (बलात्कारको प्रयास) का रूपमा मुद्दा दर्ता गर्ने गरेको पाइन्छ । आर्थिक वर्ष २०७२/०७३ मा प्रहरीमा दर्ता भएका १ हजार ९० वटा जबरजस्ती करणीको घटनामा ६२.५ प्रतिशत पीडित (६ सय ८१ जना) १८ वर्षमुनीका बालबालिका रहेको पाइएको छ । यसैगरी जबरजस्ती करणी उद्योगमा ४ सय ५२ घटनामा १८ वर्षमुनीका ५८.८ प्रतिशत (२ सय ६६ जना) बालबालिका पीडित रहेको देखिन्छ ।

**तालिका ६: बालिकाविरुद्ध यौन दुर्व्यवहारका घटनाहरू**

| उमेर समूह | जबरजस्ती करणी | | | जबरजस्ती करणी उद्योग | | |
|---|---|---|---|---|---|---|
| ० देखि १० | | २१३ | | | ५७ | |
| ११ देखि १६ | | ३५० | | | १६५ | |
| १७ देखि १८ | | ११८ | | | ४४ | |
| **जम्मा** | | ६८१ | | | २६६ | |

*स्रोतः महिला तथा बालबालिका सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, २०७३*

जबरजस्ती करणीबाट पीडित बालबालिका (उमेर समूहका आधारमा) को विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका ७: जबरजस्ती करणीबाट पीडित बालिका (क्षेत्रगत तथा उमेर समूहका आधारमा) को विवरण**

| क्षेत्र | १० वर्ष मुनि | ११-१६ वर्षसम्म | १७-१८ वर्षसम्म | जम्मा मुद्दा संख्या | बालिका जम्मा संख्या |
|---|---|---|---|---|---|
| पूर्वाञ्चल | ५८ | ८९ | ३३ | २९५ | १८० |
| मध्यमाञ्चल | ४२ | ८६ | ३९ | २४९ | १६७ |
| पश्चिमाञ्चल | ३८ | ५४ | १३ | १८२ | १०५ |
| मध्येपश्चिमाञ्चल | ३५ | ४० | १५ | १५२ | ९० |
| सुदूर पश्चिम | १२ | २० | ४ | ७५ | ३६ |
| उपत्यका | २८ | ६१ | १४ | १३७ | १०३ |
| जम्मा | २१३ | ३५० | ११८ | १०९० | ६८१ |

*स्रोतः महिला तथा बालबालिका सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, २०७३*

एक आर्थिक वर्षमा जम्मा ६ सय ८१ जना बालिका जबरजस्ती करणीबाट पीडित भएको देखिन्छ । यसमध्ये सबभन्दा बढी १ सय ८० पूर्वाञ्चलमा (२६.४३ प्रतिशत) र सबभन्दा कम सुदूरपञ्चिमाञ्चलमा

(५.२९ प्रतिशत) देखिन्छ। यो स्थिति बालहिंसाको क्रुरताको सङ्केत हो। यस्तो स्थिति सुधारमा थप ध्यान दिनु अति जरुरी छ।

जबरजस्ती करणीबाट पीडितबाहेक बालबालिका जबरजस्ती करणीको प्रयासबाट समेत पीडित हुनुपरेको स्थिति छ।

**तालिका ८: जबरजस्ती करणीको प्रयासबाट पीडित बालिकाको विवरण**

| क्षेत्र | १० वर्षमूनि | ११-१६ वर्षसम्म | १७-१८ वर्षसम्म | जम्मा मुद्दा संख्या | बालबालिकाको जम्मा संख्या |
|---|---|---|---|---|---|
| पूर्वाञ्चल | १७ | ४४ | ११ | १२४ | ७२ |
| मध्यमाञ्चल | १४ | ४५ | १० | १०९ | ६९ |
| पश्चिमाञ्चल | १६ | २६ | ६ | ७७ | ४८ |
| मध्यपश्चिमाञ्चल | ३ | २५ | ७ | ६८ | ३५ |
| सुदूर पश्चिम | ० | ४ | ४ | २४ | ८ |
| उपत्यका | ७ | २१ | ६ | ५० | ३४ |
| जम्मा | ५७ | १६५ | ४४ | ४५२ | २६६ |

*स्रोतः महिला तथा बालबालिका सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, २०७३*

जबरजस्ती करणीको प्रयासबाट पीडितमध्ये सबभन्दा बढी पूर्वाञ्चलमा र सबभन्दा कम सुदूर पश्चिमाञ्चलमा देखिएको छ। यस्तो घृणित अवस्थाको बारेमा समुदायस्तरसम्म व्यापक चेतना जागरण गर्नु पर्नेछ।

मानवअधिकार वर्ष पुस्तक २०१६ अनुसार २०७१ पुष १७ देखि २०७२ पुष १६ गते अर्थात सन् २०१५ को अवधिमा कूल ८ सय ३८ बालअधिकार उल्लंघन तथा ज्यादतीका घटनामा ५५ जना बालक तथा ७ सय ८३ जना बालिका पीडित भएको देखिएको छ।

**तालिका ९: सन् २०१५ मा बालअधिकार उल्लंघन तथा ज्यादतीका घटनामा पीडित संख्या**

| घटनाको प्रकार | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| बालश्रम | २४ | २२ | ४६ |
| बालबालिका बेचविखन | ३४ | २ | ३६ |
| बालविवाह | २३ | १ | २४ |
| बलात्कार | ४९२ | - | ४९२ |
| नवजात शिशुको हत्या | ४ | ८ | १२ |
| विद्यालयमा शारीरिक सजाय | ७ | २१ | २८ |
| यौन दुर्व्यवहार | १९९ | १ | २०० |
| **जम्मा** | ७८३ | ५५ | ८३८ |

*स्रोतः मानवअधिकार वर्ष पुस्तक, सन् २०१६*

सन् २०१५ मा ४ सय ९२ बालिका बलात्कृत भए भने २ सयजना यौन दुर्व्यवहारबाट पीडित भए । सन् २०१४ मा १७ वर्षसम्मका ५ सय २५ जना बालबालिका बलात्कारको शिकार भएको अभिलेख गरिएको थियो । सन् २०१४ मा बालअधिकार उल्लंघन तथा ज्यादतिका कूल ९ सय ४० घटनामा ७६ जना बालक तथा ८ सय ६४ जना बालिका पीडित भएका थिए ।

### ३.६ हराएका/फेला परेका बालबालिका र उद्धार तथा पुनःस्थापना

#### ३.६.१ हराएका, फेला परेका र वेवारिस बालबालिका (बालबालिका खोजतलास समन्वय केन्द्र १०४)

बालबालिका अपहरण र हराउने जस्ता बालअपराधका घटनाको अन्त्य गर्न र बालबालिकामाथि हुने सबैप्रकारका अपराधको नियन्त्रण गर्न सरकारी निकाय, गैरसरकारी संघसंस्था, विकासका साझेदार निकाय तथा नागरिक समाजको संयुक्त प्रयासमा एक दशकअघि स्थापित **बालबालिका खोजतलास समन्वय केन्द्र**ले आर्थिक वर्ष २०७२/७३ मा पनि प्रभावकारी भूमिका निर्वाह गर्‍यो । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, समाज कल्याण परिषद्, नेपाल प्रहरी, नागरिक समाज एवम् राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरूको पहलमा सञ्चालन भइरहेको केन्द्रमा **शुल्क नलाग्ने फोन नम्बर १०४** मार्फत् हराएका बालबालिका लगायतका सूचना दिन सकिन्छ । उक्त फोन सेवा नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, नेपाल प्रहरी, समाज कल्याण परिषद्, केन्द्रीय बालकल्याण समिति, नेपाल टेलिकम, एनसेललगायत विभिन्न निकाय एवम् संघसंस्थाको पहलमा सञ्चालन भइरहेको छ । बालबालिका खोजतलास समन्वय केन्द्र सञ्चालनका लागि प्रहरी उपरीक्षकको नेतृत्वमा ११ जना नेपाल प्रहरीका र ९ जना केन्द्रीय बालकल्याण समितिका कर्मचारीहरू रहेका छन् ।

तालिका ९ मा देखाइएअनुसार आर्थिक वर्ष २०७२/०७३ मा हराएका कूल १ हजार ५ सय २ बालबालिकामध्ये ४ सय ८ बालबालिका फेला परिसकेका छन् भने १ हजार १ सय ४ जना बालबालिकाको खोजी कार्य जारी छ । खोजतलास जारी रहेका बालबालिकाको संख्या उपत्यका बाहिरबाट फेला परेका बालबालिकाको अद्यावधिक विवरण प्राप्त नभएकोले उच्च देखिएको छ । तर उपत्यका स्थित केन्द्रमा हराएको निवेदन परेका २ सय ४० जना बालबालिकामध्ये १ सय ९५ जना फेला परेका छन् । ४५ बालबालिकाको खोजतलास जारी छ भने एकजना बालक मृत अवस्थामा फेला परेका थिए ।


शिचम

2015 August 9 Sunday

हराएका बालबालिका निकै कम भेटिन्छन्

**तालिका १०: बालबालिका हराएका, फेला परेका र खोजतलास जारी रहेको अवस्था, २०७२/०७३**

| विकास क्षेत्र | | हराएका | | | हराएका मध्ये फेला परेका | | | खोजतलास जारी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| पूर्वाञ्चल | | १३३ | २८५ | ४१८ | २१ | ४५ | ६६ | ११२ | २४० | २५२ |
| मध्यमाञ्चल | उपत्यका | १६७ | ७३ | २४० | १३३ | ६२ | १९५ | ३४ | ११ | ४५ |
| | उपत्यका बाहेक | ८६ | १७७ | २६३ | १७ | ३३ | ५० | ६९ | १४४ | २१३ |
| पश्चिमाञ्चल | | ९७ | २०७ | ३०४ | १७ | ३० | ४७ | ८० | १७७ | २५७ |
| मध्य पश्चिमाञ्चल | | ८४ | ११६ | २०० | ६ | २६ | ३२ | ७८ | ९० | १६८ |
| सुदूर पश्चिमाञ्चल | | ३३ | ४४ | ७७ | ९ | ९ | १८ | २४ | ४५ | ६९ |
| जम्मा | | ६०० | ९०२ | १५०२ | २०३ | २०५ | ४०८ | ३९७ | ७०७ | ११०४ |

*स्रोत : बालबालिका खोजतलास समन्वय केन्द्र, केन्द्रीय बालकल्याण समिति, २०७३*

पाँच विकास क्षेत्रहरूबीच तुलना गर्दा सबैभन्दा बढी जनसंख्या भएको मध्यमाञ्चलमा सबैभन्दा बढी ५ सय ३ बालबालिका हराएको देखिन्छ भने सबैभन्दा कम जनसंख्या भएको सूदुर पश्चिमाञ्चलमा सबैभन्दा कम ७७ जना बालबालिका हराएको देखिन्छ।

आर्थिक वर्ष २०७२/०७३ को असार मसान्तसम्म हराएका १ हजार ५ सय २ बालबालिकामध्ये खोजतलासपछि ४ सय ८ जना फेला परे। २०७३ असार मसान्तसम्म काठमाण्डौ उपत्यकास्थित केन्द्रमा १ सय ६७ बालक र ७३ बालिका सहित २ सय ४० जना हराएको निवेदन दर्ता गरिएको थियो। तीमध्ये १ सय ३३ बालक र ६२ बालिका गरी १ सय ९५ बालबालिका खोजतलासपछि फेला परे। त्यसैगरी उपत्यकाबाहेक पाँच विकास क्षेत्रबाट २०७३ असार मसान्तसम्म ४ सय ३३ बालक र ८ सय २९ जना बालिका गरी जम्मा १ हजार २ सय ६२ बालबालिका हराएका सूचना प्राप्त भएको थियो। तीमध्ये ७० बालक र १ सय ४३ बालिका गरी जम्मा २ सय १३ जना बालबालिका फेला परेका छन्।

आर्थिक वर्ष २०७२/०७३ को असार मसान्तसम्म केन्द्रको तथ्याङ्कमा अभिलिखित ३ सय ४८ वेवारिस अवस्थामा फेला परेका बालबालिकामध्ये २ सय ४० जनालाई अभिभावकको जिम्मा लगाइएको थियो। बाँकी १ सय ८ जना संरक्षण गृहमा पठाइएका छन्।

उपत्यका स्थित खोजतलास केन्द्रमा १ सय ७० बालक र ६९ बालिका गरी जम्मा २ सय ३९ बालबालिका वेवारिस वा अलपत्र अवस्थामा फेला परेका थिए। फेला परेलगत्तैदेखि केन्द्रको संरक्षणमा रहन थालेका मध्ये १ सय १८ बालक र ३३ बालिका गरी १ सय ५२ बालबालिकालाई

अभिभावकको जिम्मा लगाइएको थियो । तीमध्ये ४५ जना बालक र २८ बालिका गरी जम्मा ७३ बालबालिका विभिन्न संरक्षण गृहमा रही आएका छन् । तर ६ बालक र ८ बालिका गरी १४ जना विभिन्न बालकल्याण गृहबाट आफुखुशी भागेको जानकारी प्राप्त भएको छ ।

उपत्यका बाहेक पाँच विकास क्षेत्रबाट प्राप्त विवरणअनुसार ७७ बालक र ३२ बालिका गरी १ सय ९ जना वेवारिस अवस्थामा फेला परेका बालबालिकामध्ये ६३ जना बालक र २५ जना बालिका गरी जम्मा ८८ जनालाई अभिभावकको जिम्मा लगाइएको थियो । तीमध्ये १४ जना बालक र ६ जना बालिका गरी २० बालबालिका विभिन्न संरक्षण गृहमा आश्रय लिइरहेका छन् ।

**तालिका ११: बेवारिस अवस्थामा फेला परेका बालबालिकाको विवरण**

| जम्मा बेवारिस अवस्थामा फेला परेका | | | जम्मा परिवारमा पुनःस्थापना गरिएका | | | हाल बा'की संरक्षण गृहमा रहेका | | | संरक्षण गृहबाट भागेका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| २४७ | १०१ | ३४८ | १८२ | ५८ | २४० | ५९ | ३५ | ९४ | ६ | ८ | १४ |

*स्रोत : बालबालिका खोजतलास समन्वय केन्द्र, केन्द्रीय बालकल्याण समिति, २०७३*

### ३.६.२ उद्धार तथा पारिवारिक पुनःस्थापना

केन्द्रीय बालकल्याण समितिले जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार, राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन, पुनःएकीकरण तथा पुनःस्थापना लगायतका कार्य गर्ने गरेको छ । आर्थिक वर्ष २०७२/७३ मा केन्द्रीय तथा जिल्ला बालकल्याण समितिद्वारा बालक ७ र बालिका १४ गरी जम्मा २१ जना श्रमिक बालबालिकालाई उद्धार गरिएको छ ।

बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९ मा बालहेल्पलाइनका बारेमा स्पष्ट रूपमा "संरक्षण तथा सुरक्षाको आवश्यकता परेका बालबालिकाका लागि तत्काल सहायता उपलब्ध गराउनको लागि हेल्पलाइन/हटलाइनजस्ता सेवाको प्रवर्द्धन गरिनेछ। निःशुल्क बालहेल्पलाइन फोन नं. १०९८ लाई सबै जिल्लामा विस्तार गर्नुका साथै यसलाई सार्क क्षेत्रका राष्ट्रहरूका साझा निःशुल्क बालहेल्पलाइनमा परिणत गर्नेसमेत प्रयास गरिनेछ" भन्ने उल्लेख भएको छ ।

केन्द्रीय बालकल्याण समितिको संयोजनमा विभिन्न पाँचवटा संघसंस्थाहरूको सहकार्यमा काठमाण्डौ, मोरङ, मकवानपुर, बाँके, कास्की, कैलाली, चितवन, लमजुङ, उदयपुर, रूपन्देही र सुर्खेत गरी देशका ११ जिल्लामा बालहेल्पलाइन अर्थात निःशुल्क टेलिफोन नम्बर दश नौ आठ प्रभावकारी रूपमा सञ्चालन भइरहेको छ । विगतमाझैं यो वर्ष पनि बालअधिकारको संरक्षण तथा सम्बर्धनका लागि हेल्पलाइन प्रभावकारी सावित भएको छ ।

बालअधिकार उल्लङ्घनको अवस्थामा छिटो-छरितो र बालमैत्री ढङ्गले बालबालिकाको संरक्षण, उद्धार र आवश्यक आपत्कालीन सहयोग पुर्‍याउने प्रभावकारी संरचना बालहेल्पलाइन हो । बालहेल्पलाइन विश्वका १ सय ३४ भन्दा बढी देशहरूमा सञ्चालन भई बालसंरक्षण प्रणालीको एक महत्वपूर्ण अङ्गका रूपमा स्थापित भएको छ । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट **बालहेल्पलाइन सञ्चालन कार्यविधि** २०६४ जारी भई सरकारद्वारा बालहेल्पलाइनलाई पैसा नलाग्ने फोन नम्बर १०९८ उपलब्ध गराइएको छ । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको संयोजकत्वमा बालहेल्पलाइन १०९८ को केन्द्रीय निर्देशन समितिको गठन भई सोको सचिवालय केन्द्रीय बालकल्याण समितिमा रहेको छ । बालबालिकासमेतका लागि सम्झन सजिलो होस् भन्नका लागि फोन नम्बर १०९८ को उच्चारण "**दश नौ आठ**" भनी गरिन्छ जुन दक्षिण एसियाका देशहरूको बालहेल्पलाइनको साझा नम्बरका रूपमा क्रमशः स्थापित हुँदैछ ।

नेपालमा पहिलो पटक गैरसरकारी क्षेत्रबाट प्रारम्भ भएको बालबालिकाको आपत्कालीन उद्धार सहयोग तथा परामर्शका लागि सन् १९८९ मा स्थापित सिविन हेल्पलाइनको अवधारणालाई बालहेल्पलाइनमा परिणत गरी सन् २००७ बाट राज्यको संरचना भित्र आएको छ । हाल नेपालमा पाँचवटा संस्थाहरूले देहायका ११ जिल्लामा यो कार्यक्रम सञ्चालन गरिरहेका छन् ।

**तालिका १२: बालहेल्पलाइन सञ्चालनमा रहेका जिल्लाहरू**

| **क्र.सं.** | **संस्थाको नाम** | **बालहेल्पलाइन सञ्चालन जिल्ला** |
|---|---|---|
| | नेपाल बालमजदुर सरोकार केन्द्र (सिविन नेपाल), काठमाण्डौ | काठमाण्डौ, मकवानपुर, बाँके, मोरङ, कास्की र कैलाली |
| | दियालो परिवार, चितवन | चितवन |
| | आवाज, सुर्खेत | सुर्खेत |
| | लक्ष्मीनारायण सामुदायिक पुस्तकालय, लमजुङ | लमजुङ |
| | नेपाल सामाजिक विकास तथा जन सशक्तीकरण केन्द्र, उदयपुर | उदयपुर |
| | तराई विकास मञ्च, रूपन्देही | रूपन्देही |

आर्थिक वर्ष २०७२/०७३ मा बालहेल्पलाइनमार्फत् कूल ३ हजार ७ सय ११ बालबालिकालाई आपत्कालीन उद्धार, राहत, मनोविमर्श, उपचार/आवधिक संरक्षणलगायत पारिवारिक पुनःस्थापनाजस्ता कार्यमा व्यवस्थापन सहयोग प्रदान गरिएको छ । अघिल्लो आर्थिक वर्ष अर्थात् २०७२ असार मसान्तसम्म यस हेल्पलाइनमार्फत् जोखिमपूर्ण अवस्थामा रहेका २ हजार १ सय ८४ बालक र १ हजार ८ सय ८५ बालिका गरी जम्मा ४ हजार ६९ बालबालिकाको आपतकालीन उद्धार गरिएको थियो ।

**तालिका १३: बालहेल्पलाइनामार्फत आर्थिक वर्ष २०७२/०७३ मा गरिएको सहयोग**

| क्र.स. | जिल्ला | संख्या | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | काठमाण्डौ | ७५३ | ८४८ | १६०१ |
| २ | चितवन | ३३४ | २६५ | ५९९ |
| ३ | सुर्खेत | १५ | ५३ | ६८ |
| ४ | बाँके | १०३ | २१ | १२४ |
| ५ | मोरङ | ८७ | ११० | १९७ |
| ६ | कैलाली | १५१ | १५५ | ३०६ |
| ७ | मकवानपुर | २१४ | २३५ | ४४९ |
| ८ | कास्की | ९० | १३५ | २२५ |
| ९ | रूपन्देही | ५४ | ६५ | ११९ |
| १० | लमजुङ | ४ | २ | ६ |
| ११ | उदयपुर | १४ | ३ | १७ |
| जम्मा | | १८१९ | १८९२ | ३७११ |

*स्रोतः केन्द्रीय बालकल्याण समिति, २०७३*

माथिको तालिकानुसार कूल ३ हजार ७ सय ११ बालबालिकालाई बालहेल्पलाइनबाट प्रदान गरिएको सेवामा करिब ५१ प्रतिशत बालिका लाभान्वित भएको देखिन्छ।

काठमाण्डौ, कास्की, बाँके, कैलाली, मकवानपुर र मोरङ जिल्लाका हेल्पलाइनबाट प्राप्त तथ्याङ्कअनुसार यी ६ जिल्लामा जम्मा ७८ हजार ३ सय ११ टेलिफोन कल हेल्पलाइन १०९८ मा आएको देखिन्छ। यसले बालबालिकासँग सम्बन्धित समस्या र जानकारी सूचनाका लागि हेल्पलाइन उपयोगी रहन गएको देखिएको छ। उल्लेखित ६ जिल्लाहरूमा हेल्पलाइनमा दर्ता हुन आएका घटनाका विषयवस्तुलाई विश्लेषण गर्दा यौन दुर्व्यवहारका १ सय ९, बालश्रमका १ सय ३७, शारीरिक मानसिक यातनाका ८१, अनुशासनका नाममा दिइएको सजायका ३२, मनोसामाजिक समस्याका २७, बाबुआमा विहीन ११, बेवास्ता गरिएका २ सय ४८, बालमृत्युका ४८, बालविवाहका ८७, बौद्धिक अपाङ्गतासम्बन्धी ९, मानसिक रोगी ५, शारीरिक अपाङ्गतासम्बन्धी ११, आर्थिक तथा शैक्षिक समस्याका १ हजार ८८, अनलाईन/इन्टरनेट माध्यमबाट दुर्व्यवहारका ५ लगायत गरी जम्मा २ हजार ९ सय २ घटनालाई सम्बोधन गरेको देखिन्छ।

बालबालिकाविरुद्धका अपराधजन्य घटनाहरूमा बालबालिकाको हकहितको संरक्षणको निम्ति सञ्चालित हेल्पलाइनलाई प्रहरी प्रशासन, जिल्ला बालकल्याण समिति, जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग, कानूनी सहयोग गर्ने सस्थाहरू, बालबालिका तथा मानवअधिकारसँग सम्बन्धित संघ-संस्थाहरू, अस्पताल, सञ्चारमाध्यम, स्थानीय निकाय वा समुदाय, बालबालिकाका समूह तथा व्यक्तिहरूको सहयोग र समन्वय प्राप्त भइरहेको छ । बालहेल्पलाइन सेवाले बालबालिकाविरुद्धका अपराध नियन्त्रण गर्न तथा बालअधिकार हननूबारे राज्यलाई जानकारी दिन सहयोग पुऱ्याइरहेको छ । यसर्थ आगामी दिनहरूमा बालअधिकार प्रवर्द्धन गर्न तथा बालसंरक्षणका लागि यस सेवालाई विकसित गर्दै लैजानुपर्ने देखिन्छ ।

बालहेल्पलाइनअन्तर्गत निःशुल्क हटलाइन टेलिफोन, प्रत्यक्ष तथा टेलिफोनमार्फत मनोसामाजिक मनोविमर्श, उद्धार सवारी साधन/एम्बुलेन्स, आपत्कालीन उद्धार, राहत तथा संरक्षण र प्राथमिक स्वास्थोपचार लगायतका सेवा उपलब्ध गराउँदै आएको छ। औषधी उपचार, हराएका बालबालिकाको खोजी कार्य, पारिवारिक पुनर्एकीकरण, पुनःस्थापना तथा अन्य सेवाका लागि संस्थाहरूमा स्थानान्तरण र कानूनी सहयोग तथा मध्यस्थतासम्बन्धी सेवा पनि बालहेल्पलाइनअन्तर्गत उपलब्ध गराइँदै आएको छ।

### ३.७ भूकम्पबाट प्रभावित बालबालिका

नेपालमा दुर्भाग्यपूर्ण रूपमा गएको (२०७२ साल बैशाख १२ गते शनिबारको दिन ११:५६ बजे गोरखाको बारपाक केन्द्रबिन्दु भएको ७.८ म्याग्निच्यूडको) भूकम्प र सोपश्चातका निरन्तर पराकम्पनबाट नेपालमा धेरै धनजनको क्षति पुगेको थियो । यसबाट करिब ५६ लाख मानिसलाई प्रभाव परेको, २८ लाख मानिस विस्थापित भएको, ८ हजार ६ सय १७ जना मानिसको ज्यान गएको र ४ लाख ७३ हजारभन्दा बढी घर भत्केको तथा क्षति पुगेको जानकारी प्राप्त भएको थियो ।

यसैगरी ११ लाख २१ हजारभन्दा बढी बालबालिका भूकम्पबाट प्रभावित भएको जानकारी प्राप्त भएको थियो । भूकम्पपश्चात् बालबालिकालाई विभिन्न संकट वा समस्याबाट राहत प्रदान गर्न र सम्भावित विभिन्न किसिमका शोषण तथा हिंसाबाट संरक्षण गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बालकल्याण समितिले केही नीतिगत निर्णयका साथै आवश्यक निर्देशिकाहरू जारी गरी जिल्ला प्रशासन कार्यालय, महिला बालबालिका कार्यालय तथा जिल्ला बालकल्याण समितिमा परिपत्र गरेको थियो । विपद्पछिको अवस्थामा बालबालिकालाई परिवारबाट अलग्याउँदा आइपर्न सक्ने थप जोखिमलाई न्यूनीकरण गर्दै जोखिम परिस्थितिका बालबालिकालाई संरक्षण गर्न भूकम्पपश्चात् तत्कालै अस्थाई बासस्थानहरूमा बालसंरक्षणका सन्दर्भमा आईपर्न सक्ने जोखिमहरूका बारेमा सबैलाई सचेत गर्न सार्वजनिक सूचना प्रवाह गरिएको थियो ।

साथै, केन्द्रीय बालकल्याण समितिले तत्काल संरक्षण कार्य सञ्चालनका लागि दिग्दर्शन, २०७२ निर्माण गऱ्यो । यस दिग्दर्शनले कसैले बाबुआमा, अविभावक वा संरक्षकबाट बिछोडिएका वा अभिभावक विहीन भएका बालबालिका फेला पारेमा वा त्यस्ता बालबालिकाका बारेमा कतैबाट सूचना पाएमा चरणवद्ध रूपमा गर्नुपर्ने कार्यहरू उल्लेख गरेको थियो ।

भूकम्पले बढी प्रभाव पारेका १४ जिल्लाहरूबाट २०७३ साल असार मसान्तसम्म संकलित तथ्याङ्क अनुसार जम्मा ४४ हजार १ सय ३१ जना जोखिममा रहेका बालबालिका पहिचान भएका छन् । जसमा बुबा र आमा दुवै नभएका बालबालिकाको संख्या १ हजार २ सय २४ रहेको छ भने सोमध्ये भूकम्पकै कारण बाबुआमा दुवै गुमाएका बालबालिकाको संख्या १ सय २० रहेको छ। संकलित तथ्याङ्क अनुसार १४ जिल्लामा आमा वा बाबु कुनै एक जना नभएका बालबालिका २० हजार ६ सय २८ जना रहेका छन् । जसमध्ये भूकम्पकै कारण बुबा वा आमा कुनै एक जना गुमाएका बालबालिका १ हजार २ सय ६२ जना पहिचान भएका छन् । संकलित तथ्याङ्कमध्ये आमाबाबु दुवै वा कुनै एक नभएका जम्मा बालबालिका २१ हजार ८ सय ५२ जना भएको पाइएको छ जसमध्ये भूकम्पको कारणले आमाबाबु दुवै वा कुनै एक गुमाउने बालबालिकाको संख्या १ हजार ३ सय ८२ रहेको तथ्याङ्कले देखाएको छ । अन्य कारणले जोखिममा परेका बालबालिकाको संख्या २२ हजार २ सय ७९ देखिएको छ (विस्तृत विवरण अनुसूचि २ क, ख र ग) ।

२०७३ साल असार मसान्तसम्म बाबुआमा दुवै गुमाएका, बाबु वा आमामध्ये कुनै एक गुमाएका, परिबारबाट अलग्गिएका, कुनै पनि वयस्कको संरक्षणमा नभएका र जोखिममा परेका बालबालिकाको एकमुष्ट तथ्याङ्क देहायानुसार प्रस्तुत गरिएको छ ।

**तालिका १४: भूकम्प प्रभावित र जोखिममा रहेका बालबालिकाको संख्या**

| क्रसं | जिल्ला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| | सिन्धुपाल्चोक | २३६७ | २४३८ | ४८०५ |
| | दोलखा | ८९७ | ८७२ | १७६९ |
| | काभ्रेपलाञ्चोक | १५०७ | १४६४ | २९७१ |
| | रसुवा | ४९३ | ४७७ | ९७० |
| | नुवाकोट | १६२१ | १७७८ | ३३९९ |
| | धादिङ | १२११ | ११५१ | २३६२ |
| | गोरखा | २०४० | २२२८ | ४२६८ |
| | मकवानपुर | १६०० | १७८२ | ३३८२ |
| | रामेछाप | ८३३ | ८३९ | १६७२ |
| | ओखलढुङ्गा | १८५८ | १९४४ | ३८०२ |

| | | | | |
|---|---|---|---|---|
| | सिन्धुली | २२३५ | २३९५ | ४६३० |
| | भक्तपुर | ९८६ | ११५६ | २१४२ |
| | ललितपुर | १३६० | १२२० | २५८० |
| | काठमाण्डौ | २५२७ | २८५२ | ५३७९ |
| | **जम्मा** | २१५३५ | २२५९६ | ४४१३१ |

*स्रोतः केन्द्रीय बालकल्याण समिति, २०७३*

२०७३ असार मसान्तसम्ममा १४ जिल्लाका जिल्ला बालकल्याण समितिमार्फत् कूल १३ हजार ४ सय ५९ र जिल्ला बालकल्याण समितिको समन्वयमा सोही तथ्याङ्कको आधारमा जिल्लामा कार्यरत अन्य साझेदार गैरसरकारी संस्थाहरूबाट ८ हजार २ सय २२ बालबालिका गरी जम्मा २१ हजार ६ सय ८१ बालबालिकालाई आपत्कालीन शैक्षिक तथा पारिवारिक आर्थिक सहयोग प्रदान गरिएको छ । यो संख्या असार मसान्तसम्म सङ्कलन गरिएको भूकम्प प्रभावित बालबालिकाको कूल संख्याको ४९.१३ प्रतिशत हुन आउँछ ।

**तालिका १५: २०७३ साल असार मसान्तसम्म प्रदान गरिएको सहयोग**

| क्रसं | जिल्ला | जि.बा.क.स. मार्फत सहयोग | | | अन्य गैरसरकारी मार्फत सहयोग |
|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | |
| १ | सिन्धुपाल्चोक | ७०६ | ६८७ | १३९३ | १८३७ |
| २ | दोलखा | ५२६ | ५६९ | १०९५ | २६० |
| ३ | काभ्रेपलाञ्चोक | ५४५ | ५७५ | ११२० | २०० |
| ४ | रसुवा | २८६ | ३२४ | ६१० | ६२४ |
| ५ | नुवाकोट | ३९९ | ५२१ | ९२० | २४७६ |
| ६ | धादिङ | ५९४ | ५९१ | ११८५ | १६० |
| ७ | गोरखा | ४६० | ५१० | ९७० | ७४५ |
| ८ | मकवानपुर | ४०९ | ४९२ | ९०१ | २०२ |
| ९ | रामेछाप | ४६७ | ४९४ | ९६१ | २०० |
| १० | ओखलढुङ्गा | ४३० | ४५० | ८८० | २०० |
| ११ | सिन्धुली | ४४२ | ५१५ | ९५७ | २०० |
| १२ | भक्तपुर | २२८ | २५४ | ४८२ | २८३ |
| १३ | ललितपुर | ५७७ | ४४८ | १०२५ | ३०५ |
| १४ | काठमाण्डौ | ४४० | ५२० | ९६० | ५३० |
| **जम्मा** | | ६५०९ | ६९५० | १३४५९ | ८२२२ |

*स्रोत : केन्द्रीय बालकल्याण समिति, २०७३*

गृह मन्त्रालय, विपद् व्यवस्थापन महाशाखाबाट प्राप्त जानकारी अनुसार भूकम्पले प्रभाव पारेका २५ जिल्लामा मात्र १६ वर्षसम्मका बालक १ हजार ३ सय ६५ र बालिका १ हजार ५ सय ५ गरी जम्मा २ हजार ८ सय ७० जना बालबालिकाले जीवन गुमाएका छन् । यसमध्ये पाँचवर्षसम्मका १ हजार ४ सय ९० (करिब ५२ प्रतिशत) र सोभन्दामाथि १६ वर्षसम्मका १ हजार ३ सय ८० जना रहेका छन् (विस्तृत विवरण अनुसूचि १ घ) । हालसम्म पाँच वर्षसम्मका बालक ३ जना र बालिका १ जना गरी जम्मा ४ जना र पाँच वर्षमाथि १६ वर्षसम्मका ८ बालक र ६ बालिका गरी जम्मा १४ जना (कूल १८) बालबालिका फेला नपरेको देखिएको छ । भूकम्पबाट बालबालिका निकै प्रभावित भएको तथ्यलाई दृष्टिगत गर्दा विपद्बाट बालबालिकामा पर्नसक्ने क्षति तथा असर न्यूनीकरणका लागि नेपालमा धेरै काम गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ३.८ सशस्त्र द्वन्द्व प्रभावित बालबालिका

एकदशक लामो (२०५२–२०६२) सशस्त्र द्वन्द्व भएको पनि धेरै समय बिति सकेको छ । तथापी, यस क्रममा भएको धेरै धनजनको क्षतिका कारण बालबालिकामाथि परेको प्रभावको असर अझै पनि रहेको छ । यसक्रममा धेरै बालबालिकाले ज्यान गुमाए भने कतिपय अपाङ्ग भए । नेपाल सरकारले सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापना एवं पुनःएकीकरणका लागि राष्ट्रिय कार्ययोजना २०६७ पुस १४ गते पारित गरी सोको कार्यान्वयन कार्यविधि २०७० समेत स्वीकृत गरेको थियो । यसै कार्ययोजनाको कार्यान्वयनार्थ केन्द्रीय बालकल्याण समितिले सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाबारे २० जिल्लाहरूबाट तथ्याङ्क सङ्कलन गरेको छ । प्राप्त तथ्याङ्क अनुसार उल्लेखित २० जिल्लाहरूमा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिका मध्ये बालक ४ सय ४८ र बालिका ३ सय ४२ गरी ७ सय ९० जनाले दुवै बाबुआमा गुमाएका छन् । समग्रमा बीस जिल्लामा जम्मा १६ हजार ९ सय ६ जना बालबालिका सशस्त्र द्वन्द्वबाट कुनै न कुनै रूपबाट प्रभावित भएको पाइएको छ ।

नेपाल सरकारले द्वन्द्वपीडित परिवारका बालबालिकाको शिक्षाका लागि छात्रवृत्तिको व्यवस्था गर्नुका साथै द्वन्द्व प्रभावित बालबालिकाको उचित स्याहारको लागि समेत शहीद प्रतिष्ठानलाई अनुदान उपलव्ध गराउने गरेको छ। जसअन्तर्गत पाँचै विकासक्षेत्रलाई समेट्ने गरेर पूर्वाञ्चलको सुनसरीमा, मध्यमाञ्चलको दोलखामा, पश्चिमाञ्चलको कास्कीमा, मध्यपश्चिमाञ्चलको दाङमा र सुदूर पश्चिमाञ्चलको डोटीमा गरी पाँच वटा आवासीय विद्यालयहरू सञ्चालित छन् । शहीद प्रतिष्ठानअन्तर्गतका आवासीय विद्यालयमा रहेका बालबालिकाको संख्या तालिका १४ मा देखाइएको छ। गत आ.ब. ०७१/ ०७२ सम्ममा देशभरिका पाँच वटा आवासीय विद्यालयहरूमा ८ सय ५५ बालक र ५ सय ९ बालिका गरी जम्मा १ हजार ३ सय ६४ जना बालबालिका रहेका थिए भने यो आर्थिक वर्ष ०७२/०७३ सम्ममा ८ सय ८८ बालक र ५ सय ४७ बालिका गरी जम्मा १ हजार ४ सय ३५ जना बालबालिका आश्रित रहेका छन् ।

**तालिका १६: शहीद प्रतिष्ठानअन्तर्गतका आवासीय विद्यालयमा रहेका बालबालिकाको संख्या**

| क्रसं | जिल्ला | ०७१/०७२ | | | ०७२/०७३ | | |
|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | श्री शहीद स्मृति आवासीय मा.वि. सुनसरी | १७१ | १२५ | २९६ | २०४ | १३३ | ३३७ |
| २ | श्री शहीद स्मृति आवासीय मा.वि.दोलखा | ११७ | ६३ | १८० | १२२ | ७२ | १९४ |
| ३ | श्री शहीद स्मृति आवासीय मा.वि.कास्की | १२९ | १०३ | २३२ | १५९ | ९९ | २५८ |
| ४ | श्री शहीद स्मृति आवासीय मा.वि.दाङ | २७७ | १३९ | ४१६ | २५२ | १७१ | ४२३ |
| ५ | श्री शहीद स्मृति आवासीय मा.वि.डोटी | १६१ | ७९ | २४० | १५१ | ७२ | २२३ |
| जम्मा | | ८५५ | ५०९ | १३६४ | ८८८ | ५४७ | १४३५ |

*स्रोतः शहीद प्रतिष्ठान नेपाल, २०७३*


शान्ति तथा पुनर्निर्माण मन्त्रालयले आ.ब. २०७२/ ०७३ मा टुहुरा बालबालिका पुनःस्थापना कार्यक्रममार्फत आमाबाबु दुवै गुमाएका बालबालिकालाई १८ वर्ष उमेर नपुग्दासम्म सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत ३४ जिल्लाका जम्मा ६ सय २० जना बालबालिकालाई प्रति बालबालिका वार्षिक ६० हजार रूपैंया आर्थिक सहायता उपलब्ध गराइएको छ । कार्यक्रमको लागि आमाबाबु गुमाएका बालबालिका पुनःस्थापना कार्यक्रम सञ्चालन कार्यविधि २०६८ लागू गरेको छ । साथै, सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले शिक्षा मन्त्रालयमार्फत वार्षिक रूपमा कक्षाअनुसार १० हजारदेखि १६ हजार रूपैंया सम्मको छात्रवृत्ति प्रदान गरिने कार्यक्रमलाई निरन्तर दिइएको छ ।

सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापना एवं पुनःएकीकरणका लागि राष्ट्रिय कार्ययोजना २०६७ कार्यान्वयनका लागि केन्द्रीय बालकल्याण समितिले सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाबारे २० जिल्लाहरूबाट गरेको तथ्याङ्क संकलनको आधारमा ती २० जिल्लाहरूमा शान्ति तथा पुनर्निर्माण मन्त्रालय, नेपाल शान्ति कोष सचिवालयको सहयोगमा केन्द्रीय बालकल्याण समितिले सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापना एवं पुनःएकीकरण परियोजना सञ्चालन गरेको छ । जुन परियोजनाले सशस्त्र द्वन्द्वका कारणले अत्याधिक जोखिममा परेका बालबालिकाको पुनःपुष्टीकरण गरी शैक्षिक, स्वास्थ्य उपचार, कानूनी उपचार, जिविकोपार्जन, बैकल्पिक स्याहार, मनोसामाजिक परामर्शलगायतका सेवा प्रवाह गरिरहेको छ ।

हालसम्म सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापना एवम् पुनःएकीकरण परियोजनामार्फत् २० जिल्लामा ३ हजार ५ सय ५७ बालबालिका तथा परिवारलाई विभिन्न प्रकारका सेवा प्रवाह गरिसकेको छ । जसअन्तर्गत ३ हजार २५ बालबालिकालाई शैक्षिक सहयोग, १ सय ६६ जना

बालबालिकालाई स्वास्थ्य उपचार सहयोग, १ सय ७७ जनालाई मनोसामाजिक परामर्श सहयोग, १ सय ५० जना बालबालिकाका परिवारलाई जीविकोपार्जन सहयोग, १२ जना बालबालिकालाई कानूनी उपचार सहयोग र २७ जना बालबालिकालाई बैकल्पिक स्याहार सहयोग गरिएको छ । हालसम्म सहयोग पाउने सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकामध्ये ८५.०४ प्रतिशतले शिक्षाका लागि सहयोग पाएका छन् (विस्तृत विवरण अनुसूचि ३) ।

**ग्राफ २: सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुन:स्थापना एवं पुन:एकीकरण परियोजनामार्फत लभान्वित बालबालिका**




*स्रोत : केन्द्रीय बालकल्याण समिति, २०७३*

आर्थिक वर्ष २०७२/०७३ मा पहिचान भएका जम्मा १६ हजार ९ सय ६ जना सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकामध्ये १४ हजार ८ सय ५८ बालबालिकाको पुनर्पुष्टीकरण गरिसकिएको छ। सेवा प्रवाहका लागि १ सय २७ वटा प्राथमिक सेवा प्रदायकसँग सेवा नक्सांकन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने प्रयास भएको छ। यसै परियोजनाअन्तर्गत २० जिल्लाका ७६ वटा विद्यालयहरूमा विद्यालय शान्ति क्षेत्रसम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिएको छ भने विभिन्न राजनैतिक दलहरूको हस्ताक्षरसहित बर्दिया र रोल्पा जिल्लाका १० वटा विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरिएको छ ।

## ३.९ बेचबिखनमा परेका बालबालिका

नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा निर्देशनालयका अनुसार आर्थिक वर्ष २०७२/०७३ मा मानव बेचबिखनका २ सय १२ वटा घटनाबाट ३ सय ५२ जना पीडित रहेकोमा १८ वर्षमुनीका १ सय ९ जना बालिका (३१ प्रतिशत) बेचबिखनमा परेका देखिन्छ। जसमध्ये १० वर्षमुनीका १ जना बालिका, ११ देखि १६ वर्ष उमेरका ६२ जना बालिका र १७ देखि १८ वर्षका ४६ जना बालिका रहेका छन् ।

**तालिका १७: बेचबिखनमा परेका बालबालिकाको विवरण**

| क्षेत्र | १० वर्ष मुनि | ११-१६ वर्षसम्म | १७-१८ वर्षसम्म | बालबालिकाजम्मा संख्या | जम्मा मुद्दा संख्या |
|---|---|---|---|---|---|
| पुर्वाञ्चल | १ | ८ | ४ | १३ | ६२ |
| मध्यमाञ्चल | ० | ७ | १० | १७ | ४८ |
| पश्चिमाञ्चल | ० | २३ | १५ | ३८ | ७८ |
| मध्यपश्चिमाञ्चल | ० | ७ | ९ | १६ | ३२ |
| सुदूर पश्चिम | ० | ८ | ० | ८ | ३७ |
| उपत्यका | ० | ९ | ८ | १७ | ९५ |
| जम्मा | १ | ६२ | ४६ | १०९ | ३५२ |

*स्रोतः महिला तथा बालबालिका सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, २०७३*

क्षेत्रगत रूपमा हेर्दा सबैभन्दा बढी पश्चिमाञ्चल क्षेत्रमा ३८ जना बालिका बेचबिखनमा परेका थिए भने अन्य क्षेत्रहरूमा उपत्यका र मध्यमाञ्चल क्षेत्रमा १७/१७ जना, मध्यपश्चिमाञ्चलमा १६ जना, पूर्वाञ्चल क्षेत्रमा १३ जना र सबैभन्दा कम सुदुरपश्चिम क्षेत्रमा सबैभन्दा कम ८ जना बालिका बेचबिखनमा परेका थिए। त्यसैगरी मानव बेचबिखनका घटनामा संलग्न ४ सय ४७ जना अभियुक्तमध्ये २ जना बालबालिका (१ जना बालक र १ जना बालिका) रहेको जानकारी प्राप्त भएको छ।

## ३.१० अल्पसंख्यक र आदिबासी बालबालिका

नेपालको संविधान २०७२ को मौलिक हक र कर्तव्यअन्तर्गत धारा १८ मा समानताको हक भित्र उपधारा २ मा सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाती, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, बैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भन्ने कुरा उल्लेख गरिएको छ। त्यसैगरी उपधारा ३ मा सामाजिक वा सास्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडावर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विषेश व्यवस्थाको प्रावधान रहेको उल्लेख गरिएको छ।

धारा ४२ को उपधारा १ मा सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत पिछडा वर्ग, लैङ्गिक तथा यौनिक

अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पिडित वा पिछडिएका क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता गर्ने व्यवस्था गरिएको छ । धारा ५१ मा राज्यका नीतिअन्तर्गत उपधारा को ञ (८) मा आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सूनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसंग सरोकार राख्ने निणर्यहरूमा सहभागि गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान सीप संस्कृती, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्वर्द्धन गर्ने प्रावधान उल्लेख गरिएको छ । जसबाट  अल्पसंख्यक बालबालिकाको संरक्षण हुने अवस्था छ । यसरी देशको संविधानले मौलिक हक र कर्तव्य, राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू अन्तर्गत अल्पसंख्यक, आदिवासी तथा पिछडालगायत सम्पूर्णको संरक्षणको व्यवस्था गरिएको छ । जस अन्तर्गत बालबालिकाको समेत संरक्षण समावेश हुन्छ ।

शिक्षाको क्षेत्रमा दलित र जनजाति बालबालिकाको पहुँचको दृष्टिले २०७२ सालमा प्रारम्भिक बालविकास केन्द्रमा जम्मा ९ लाख ७७ हजार ३ सय ६५ बालबालिका भर्ना भएकोमा १७.९ प्रतिशत दलित बालबालिका (बालक १७.२ प्रतिशत र बालिका १८.६ प्रतिशत) र ३८.८ प्रतिशत जनजाति बालबालिका (बालक ३८.७ प्रतिशत र ३९.० प्रतिशत बालिका) रहेको देखिन्छ । यसबाट प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकामध्ये बालिकाको सहभागिता बढी देखिएको छ । प्रारम्भिक बालबिकास केन्द्रमा भर्ना भएका कूल बालबालिकामध्ये दलित र जनजाति बालबालिकाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १८: प्रारम्भिक बालबिकास केन्द्रमा भर्ना भएका दलित तथा जनजाति बालबालिका**

| विद्यार्थी | प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिका | | | प्रतिशत | |
|---|---|---|---|---|---|
| | जम्मा | दलित | जनजाति | दलित | जनजाति |
| बालिका | ४,७०,५२० | ८७,५२२ | १,८३,३९९ | १८.६ | ३९.० |
| बालक | ५,०६,८४५ | ८७,२५७ | १,९५,८९६ | १७.२ | ३८.७ |
| **जम्मा** | ९,७७,३६५ | १,७४,७७९ | ३,७९,२९५ | १७.९ | ३८.८ |

*स्रोतः शिक्षा विभाग, २०७२*

२०७२ मा देशभर प्राथमिकतहमा जम्मा ४२ लाख ६४ हजार ९ सय ४२ बालबालिका भर्ना भएकोमा दलित बालबालिकाको संख्या ८ लाख ४१ हजार ५ सय ४६ रहेको छ । यो संख्या देशभरको प्राथमिकतहमा भर्ना भएका जम्मा बालबालिकाको १९.७ प्रतिशत हो । निम्न माध्यमिकतहमा १४.४ प्रतिशत दलित बालबालिका भर्ना भएका थिए भने आधारभूततहमा १८.१ प्रतिशत दलित बालबालिका भर्ना भएका थिए ।

**तालिका १९: प्राथमिक, निम्न माध्यमिक तथा आधारभूततहमा दलित बालबालिका**

| शैक्षिकतह | छात्रा | छात्र | जम्मा | बालबालिकाको भर्ना प्रतिशत |
|---|---|---|---|---|
| प्राथमिक (१-५) | ४,३०,२६३ | ४,११,२८३ | ८,४१,५४६ | १९.७ |
| निम्न माध्यमिक (६-८) | १,३८,०१५ | १,३०,८७८ | २,६८,८९३ | १४.४ |
| आधारभूत (१-८) | ५,६८,२७८ | ५,४२,१६१ | ११,१०१४३९ | १८.१ |

*स्रोतः शिक्षाविभाग, २०१५*

शैक्षिक सत्र २०७२ मा प्राथमिकतहमा भर्ना भएका जम्मा बालबालिकाको ३४.४ प्रतिशत बालबालिका जनजाति थिए भने निम्न माध्यमिकतहमा ३८.६ प्रतिशत र आधारभूततहमा ३५.७ प्रतिशत बालबालिका जनजाति रहेको देखिन्छ ।

**तालिका २०: प्राथमिक, निम्न माध्यमिक तथा आधारभूततहमा जनजाति बालबालिका**

| शैक्षिकतह | छात्रा | छात्र | जम्मा | भर्ना प्रतिशत |
|---|---|---|---|---|
| प्राथमिक (१-५) | ७,४३,२१९ | ७,२५,६३८ | १४,६८,८५७ | ३४.४ |
| निम्न माध्यमिक (६-८) | ३,७५,३४८ | ३,४३,१५१ | ७,१८,४९९ | ३८.६ |
| आधारभूत (१-८) | ११,१८,५६७ | १०,६८,७८९ | २१,८७,३५६ | ३५.७ |

*स्रोतः शिक्षाविभाग, २०१५*

*पपुलेसन मोनोग्राफ, २०१४* का अनुसार कूल जनसंख्याको ३४.९७ प्रतिशत आदिवासी जनजाति रहेको सन्दर्भमा  शिक्षाको आधारभूततहसम्म जनजाति बालबालिकाको उपस्थिति उल्लेख्य देखिएको छ ।

### ३.११ अभिभावकसँगै कारागारमा रहेका बालबालिका

बाबुआमा तथा अभिभावक विभिन्न कसुरमा सजाय पाएर कैदीबन्दीहरूको रूपमा रहँदा उनीहरूमा आश्रित बालबालिका पनि संगै कारागारमा रहने गरेको पाइन्छ । बाबु वा आमा कैदी भएका कारण बालबालिका पनि कारागारमा नै बस्नु पर्ने अवस्थाले बालबालिकाको मनोभावनामा नकारात्मक असर पर्न सक्दछ । कारागार व्यवस्थापन विभागको २०७३ असार मसान्तसम्मको कैदीबन्दीको विवरण अनुसार विभिन्न जिल्लास्थित ३४ वटा कारागारमा कूल  ११ हजार ५ सय ९७ कैदीबन्दी (१० हजार ४ सय ५८ पुरुष र १ हजार १ सय ३९ महिला) मा आश्रित बालबालिका जम्मा ९३ जना रहेको देखिन्छ (विस्तृत विवरण अनुसूचि  ४ )।

कारागारमा कैदीहरूसँग आश्रित यस्ता बालबालिकालाई केही सामाजिक संस्थाहरूले कारागारबाट स्थानान्तरण गरी संस्थागत स्याहार उपलब्ध गराउँदै शिक्षा र संरक्षण प्रदान गर्ने गरेका छन् । यस वर्ष

विभिन्न कारागारबाट बाहिर ल्याई ५३ जना बालबालिका विभिन्न बाल संरक्षण गृहरूमा राखिएको देखिन्छ । कतिपय यस्ता बालबालिकाको बाबुआमा कैदमुक्त भएपछि पनि आफ्ना बालबालिकालाई लिन नआई सम्पर्क विहिन हुन पुगेबाट त्यस्ता बालबालिकाको पारिवारिक सम्बन्ध सम्पर्क नरही कालान्तरमा नागरिकता प्राप्त गर्ने लगायतका कानूनी पहिचानको समस्या रहन गएको केही घटनाहरू समेत रहेको यस क्षेत्रमा क्रियाशिल संघसंस्थाहरूले जनाएका छन् ।

### ३.१२ **जन्मदर्ता**

बालअधिकार महासन्धिको धारा ७ मा जन्मनासाथ बालबालिकालाई दर्ता गरिनेछ र बालबालिकाले जन्मेपछि आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार र सम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरूबाट स्याहार पाउने अधिकारको व्यवस्था गरिएको छ । जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ लागू भएको ४० वर्ष भइसकेको छ । यो अवधिमा देशका सबै गाउँ विकास समिति एवम् नगरपालिकामा रहेका स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट व्यक्तिगत घटना दर्तासम्बन्धी कामहरू हुँदैं आएको छ । परिवार वा व्यक्तिगत घटना समय मै दर्ता गरी वैधानिकता दिनु प्रत्येक नागरिकको कर्तव्य हो । जन्मदर्तालाई प्रभावकारी बनाउन नेपाल सरकारले विद्यालय भर्ना गर्दा वा सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत बालसंरक्षण अनुदानका लागि लाभग्राहीको रूपमा दर्ता हुनु लगायत विभिन्न सेवा सुविधाका लागि जन्मदर्ता प्रमाणपत्रलाई अनिवार्य गरेपछि आम मानिसमा व्यक्तिगत घटना दर्ता गराउन जरुरी छ भन्ने चेतना बढ्दै गएको छ ।

> २२ वर्षअघि काठमाण्डौका एक पुरुष र भारतबाट आएकी एक महिलाबीच वैवाहिक सम्बन्ध कायम भएपछि दुई सन्तानका रूपमा ती दाजुभाईको जन्म भएको थियो । वुवाको मृत्यु भएपछि आमाले अर्को विवाह गरेर दुवै दाजुभाईलाई छोडेर गइन् र उनीहरूको अवस्था अति कठीन हुन गयो । अभिभावकत्वको अभावमा ती दुवै दाजुभाई बाल्यकालमै सडकमा पुगे । काठमाण्डौँमा कार्यरत एक गैरसरकारी संस्थाले बसन्तपुरबाट १७ वर्षअघि दुई नावालक दाजुभाईलाई उद्धार गरी बालगृहमा संरक्षण दियो । त्यसपछि बालकहरूको जन्मदर्ता र नागरिकताको लागि संस्थाले पत्रिकामा नाम प्रकाशित गऱ्यो । ती दाजुभाईका आमा जीवितै भएका कारणले प्रक्रिया अगाडि बढाउन कानूनी जटिलता आइलाग्यो । दुवै दाजुभाई नेपालमै जन्मिएका हुन् र बावु नेपाली हो तर मृत्यु भइसकेको छ । तर उनी नेपाली भएको कुनै प्रमाण छैन । यस्तो जटिल अवस्थाका कारणले दुवै दाजुभाई हालसम्म नागरिकताबाट वञ्चित छन् । उनले बालगृहमै रहेर कक्षा १२ उत्तीर्ण गरिसकेका छन् ।

केन्द्रीय तथ्याङ्क विभागको बहुसूचक क्लस्टर सर्वेक्षण (सन् २०१०/११) मा बालबालिकाको जन्मदर्ता ४२ प्रतिशत देखिएको थियो भने सन् २०१४ मा गरिएको यस्तै सर्वेक्षणबाट यो दर बढेर ५८.१ प्रतिशत (बालक ५९.२ र बालिका ५७.०) पुगेको देखिएको छ । बालसंरक्षण अनुदान कार्यक्रम

कार्यान्वयनमा आएपश्चात् युनिसेफले गरेको अर्को सर्वेक्षणमा कर्णाली अञ्चलमा भने पाँच वर्षमुनीका बालबालिकाको जन्मदर्ता दर ९० प्रतिशत नाघेको देखिएको छ ।

पञ्जिकरण विभागबाट प्राप्त पछिल्लो तथ्याङ्कनुसार २०७२ सालमा २१ जिल्लामा जम्मा ४५ हजार ३ सय ८१ जनाको जन्मदर्ता भएको पाइयो । हरेक वर्ष सोही वर्ष जन्मेका बालबालिका मात्रै कतिको जन्म दर्ता भयो भन्ने एकीकृत तथ्याङ्क भने उपलब्ध हुन सकेको छैन । बालबालिकाको पहिलो अधिकारको रूपमा रहेको जन्मदर्तालाई अभियान कै रूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ (विस्तृत विवरण अनुसूचि ५)।

नेपालमा खासगरी परित्यक्त भएका, अलपत्र परेका, पारिवारिक विखण्डन भएका, सडकमा रहेका लगायतका बालबालिकाको जन्मदर्तामा कठिनाइ उत्पन्न हुने गरेकोले उनीहरूको कानूनी पहिचानको समस्या रहने गरेको पाइन्छ ।

### ३.१३ धर्मसन्तान

धर्मसन्तानको रूपमा कुनै बालक वा बालिकालाई अपनाउने कार्यको मूल मर्म भनेको परिवारविहीन बालबालिकालाई परिवार दिनु हो । आफ्नो सन्तान नहुने व्यक्तिले वा भएको भए पनि कानूनबमोजिम अर्काको सन्तान वा परिवारविहीन बालबालिकालाई आफ्नै सन्तानका रूपमा अपनाइएका सन्तानलाई धर्मसन्तान भनी बुझ्ने गरिएको छ ।

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २१ मा धर्मपुत्र/धर्मपुत्री लिन दिन पाउने कुरालाई मान्यता दिएको छ । साथै धर्मपुत्र/धर्मपुत्रीसम्बन्धी कार्यलाई अझ व्यवस्थित गर्नकालागि अन्तरदेशीय धर्मपुत्र/ धर्मपुत्रीसम्बन्धी बालबालिकाको संरक्षण र सहयोगसम्बन्धी महासन्धि, २९ मे १९९३ पारित भएको छ ।

विभिन्न कारणले परिवारविहीन हुन पुगेका र संरक्षणको आवश्यकता परेका बालबालिकाका लागि बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २२ मा बालकल्याण अधिकारीद्वारा संरक्षक तोकी बालबालिकाको संरक्षण गर्नसक्ने व्यवस्था गरेको छ । मुलुकी ऐनको व्यवस्थाको अतिरिक्त बालबालिकासम्बन्धी नियमावली, २०५१, बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९, नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्नदिने सम्बन्धी शर्त तथा प्रक्रिया, २०६५ र अन्तरदेशीय धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७ मा धर्मसन्तानसम्बन्धी विभिन्न व्यवस्था गरिएका छन् ।

### ३.१३.१ विदेशी नागरिकलाई धर्मसन्तान

परिवारविहीन बालबालिकाका लागि स्वदेशमा उपयुक्त परिवार उपलब्ध हुन नसकिने अवस्थामा बालबालिकालाई अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्ने परिवार उपलब्ध भएमा अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री ग्रहण गराउन प्रक्रिया अघि बढाइन्छ। मुलुकी ऐनको धर्मपुत्रको महलमा २०३३ सालमा गरिएको (छैटौं संशोधन) ले विदेशी नागरिकलाई नेपाली नागरिक धर्मपुत्र ग्रहण गर्न दिन सकिने व्यवस्था गरेको छ । नेपाल सरकारले मिति २०६५/२/६ मा नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सम्बन्धी सर्त तथा प्रक्रिया, २०६५ जारी गरी लागू गरेको छ । विगतमा धेरै बालबालिकालाई विदेशीहरूले धर्मसन्तानका रूपमा ग्रहण गर्ने गरेको भएता पनि गत केही वर्षदेखि यो संख्या अति न्यून हुन पुगेको छ ।


अन्तरदेशीय धर्मपुत्र धर्मपुत्री व्यवस्थापन विकास समिति, २०७२ अनुसार आर्थिक वर्ष २०७०/०७१ मा भारत, नर्वे र संयुक्त राज्य अमेरिकामा एक एक जना बालिका गरी जम्मा ३ जना बालिकामात्र र २०७२ साल चैत्र मसान्तसम्ममा अमेरिकामा २ जना बालिका र स्लोभानियामा एकजना गरी तीनजना बालिकामात्र धर्मसन्तानको रूपमा ग्रहण भएको देखिन्छ ।

### ३.१३.२ स्वदेशी नागरिकलाई धर्मसन्तान

मुलुकी ऐन, २०२० ले धर्मपुत्रसम्बन्धी महलको व्यवस्था गरेको छ । जसअनुसार धर्मपुत्र राख्दा आफू जन्मेको एकै भुँडीका सन्तानमा, त्यस्तो सन्तान नभए सौतेनी आमापट्टिको छोराको सन्तानमा, त्यस्तो सन्तान पनि नभए एक बाजेका सन्तानमा, एक बाजेका सन्तान पनि नभए छोरीहरूका छोरामा, छोरीहरूको छोरा पनि नभए जिज्यू बाज्येका सन्तानमा, त्यस्तो सन्तान पनि नभए दिदीबहिनीका छोरामा, दिदी बहिनीका छोरा पनि नभए आफ्ना गोत्रका दाजु भाइको छोरामा राख्नुपर्छ। त्यस्ता नातेदार भएसम्म अरु गोत्रका मानिस धर्मपुत्र राख्न नहुने प्रावधान गरिएको देखिन्छ। लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०६३ ले “धर्मपुत्रको” भन्ने शब्दको सट्टा “धर्मपुत्र, धर्मपुत्रीको” भन्ने शब्दहरू राखिएका छन् । साथै आफ्नो छोराछोरी भएका व्यक्तिबाहेक अन्यले लिखत गरी धर्मपुत्र वा धर्मपुत्री राख्न हुने प्रावधान गरिएको छ । तर, छोरा हुनेले धर्मपुत्र र छोरी हुनेले धर्मपुत्री राख्न नपाउने व्यवस्था गरिएको छ। धर्मसन्तानको लिखत आधिकारिक रूपमा सुरक्षित हुनुपर्ने भएकाले यो मालपोत कार्यालयमा दर्ता पास गरी राखिने गरिएकोमा नेपाल राजपत्रको भाग २ मिति २०७२ असोज १४ गतेको अतिरिक्ताङ्कको १५(घ) मा प्रकाशित नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन २०७२ अनुसार सो कार्य जिल्ला अदालतबाट गरिने भएको छ ।

भूमिसुधार तथा व्यवस्थापन विभागका अनुसार आर्थिक वर्ष २०७१/०७२ मा जम्मा ६२ जना बालबालिका नेपालभित्रै धर्मसन्तानका रूपमा अपनाइएका थिए । आर्थिक वर्ष २०७२/०७३ मा देशका विभिन्न जिल्लास्थित १३ वटा मालपोत कार्यालयबाट जम्मा ३० जना बालबालिकालाई धर्मसन्तानका रूपमा ग्रहण गरिएको देखिन्छ ।

**ग्राफ ३ : स्वदेशभित्र ग्रहण गरिएको धर्म सन्तानको संख्या, आर्थिक वर्ष २०७२/०७३**



*स्रोतः भूमिसुधार तथा व्यवस्थापन विभाग, २०७३*

माथिको तालिकानुसार वर्षभरिमा सप्तरी जिल्लाको मालपोत कार्यालयबाट सबभन्दा बढी ८ जना बालबालिका धर्म सन्तानको रूपमा दर्ता गरिएको देखिएको छ भने भक्तपुर, कलङ्की, तनहूँ, धनगढी, चन्द्रौटा, कपिलबस्तु, भैरहवा र लमजुङ मालपोत कार्यालयबाट एक-एक जनामात्र बालबालिका धर्म सन्तानको रूपमा दर्ता भएको देखिएको छ । यसबाट देशभित्र धर्म सन्तान ग्रहण गर्ने क्रम चलिरहेको देखिन्छ ।

### ३.१४ शरणार्थी बालबालिका

संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २२ मा राज्यले शरणार्थी भएका वा शरणार्थी हुने अवस्थामा रहेका बालबालिकालाई पक्ष राष्ट्रले विशेष संरक्षण दिनुपर्ने र शरणार्थी बालबालिकाको पनि अरु बालबालिका सरहकै अधिकार उपभोगमा सुनिश्चितता गर्नुपर्दछ भन्ने उल्लेख गरेको छ । राजनीतिक, सामाजिक तथा अन्य कारणले आफ्नो देशमा बस्न नसकी अर्को देशमा शरण लिई शरणार्थीका रूपमा बस्ने चलन प्रायः संसारभरी नै छ । यसका लागि अन्तर्राष्ट्रिय कानून पनि बनाइएको छ । यसरी शरणार्थी भएर गएका विदेशी नागरिकलाई सम्बन्धित देशले सुरक्षा तथा संरक्षण दिनुपर्ने हुन्छ । त्यसमा पनि शरणार्थीको रूपमा बस्न बाध्य बालबालिकालाई विशेष संरक्षणको आवश्यकता पर्दछ ।

नेपालमा भुटानी तथा तिब्बती शरणार्थीहरूका विषयमा लामो समयदेखि चर्चा हुँदै आइरहको विदितै छ ।  नेपालमा रहेका शरणार्थीहरूका लागि उनीहरूको मानवअधिकार तथा संरक्षणका क्षेत्रमा संयुक्त राष्ट्र संघीय उच्चायोगले सहजीकरण र वकालत गर्दै आइरहेको छ । भुटानी शरणार्थी शिविर स्थल सिमित क्षेत्रमा रहेको तथा तथ्याङ्क विवरण पनि दुरुस्त रहेको पाइन्छ  । तर अन्य देशबाट विस्थापित भई नेपालमा आश्रित शरणार्थीहरूको आश्रय स्थल तथा विवरण औपचारिक रूपमा अद्यावधिक भएको पाईदैन । अनौपचारिक जानकारीका रूपमा प्राप्त सूचना अनुसार भुटानी तथा तिब्बती शरणार्थीहरूका अतिरिक्त नेपालमा आश्रित अन्य विभिन्न देशका शरणार्थीहरूमा बालबालिका पनि रहेको विवरण प्राप्त भएको छ ।

गृह मन्त्रालयबाट प्राप्त तथ्याङ्कनुसार नेपालमा हाल बेलडाँगी, शनिश्चरेस्थित भुटानी शरणार्थीहरूको क्याम्प र सो बाहिर रहेका समेत गरी १७ वर्षसम्मका बालक ३ हजार १ सय ७५ र बालिका ३ हजार १७ गरी जम्मा ६ हजार १ सय ९२ जना भुटानी शरणार्थी बालबालिका रहेका छन् ।

**तालिका २१: भुटानी शरणार्थी बालबालिकासम्बन्धी विवरण, २०१५ डिसेम्बरसम्म**

| **शिविरको नाम** | **०–४** | | | **५–११** | | | **१२–१७** | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **बालिका** | **बालक** | **जम्मा** | **बालिका** | **बालक** | **जम्मा** | **बालिका** | **बालक** | **जम्मा** | |
| बेलडाँगी | ६५९ | ६७७ | १३३६ | ९४८ | १०२५ | १९७३ | ७९६ | ८५४ | १६५० | ४९५९ |
| शनिश्चरे | १९१ | २०६ | ३९७ | २३८ | २१३ | ४५१ | १८४ | १९८ | ३८२ | १२३० |
| शिविर बाहिर | ० | १ | १ | ० | १ | १ | १ | ० | १ | ३ |
| **जम्मा** | **८५०** | **८८४** | **१७३४** | **११८६** | **१२३९** | **२४२५** | **९८१** | **१०५२** | **२०३३** | **६१९२** |

*स्रोतः गृह मन्त्रालय, २०७२*

नेपालमा रहेका १७ हजार ५ सय ७३ जना भुटानी शरणार्थीमध्ये ३५.२६ प्रतिशत १७ वर्षसम्मका बालबालिका रहेका छन् । नेपालमा तिब्बती शरणार्थी रहेको निकै चर्चा हुने गरे पनि यससम्बन्धी एकिकृत तथ्याङ्क प्राप्त हुन सकेन ।

भुटानी तथा तिब्बती शरणार्थी बाहेक पाकिस्तान, म्यानमार, अफगानिस्तान, श्रीलंका, बंगलादेश र सोमालिया लगायतका ६ देशबाट हाल नेपालमा ५ सय शरणार्थी रहेका छन् । तीमध्ये १ सय ८४ जना बालबालिका (९५ बालिका र ८९ बालक) रहेका छन् । उमेरको समूह आधारमा हेर्दा ५ देखि ११ वर्ष सम्मका ८८ जना (३९ बालिका र ४९ बालक) सबैभन्दा बढी रहेका छन् । त्यसैगरी ० देखि ४ वर्ष उमेरका ५७ जना (३६ जना बालिका र २१ जना बालक) र १२ देखि १७ वर्ष उमेरका ३९ जना (२० जना बालिका र १९ जना बालक) रहेका छन् । उक्त १ सय ८४ जना शरणार्थी बालबालिका

मध्ये सबैभन्दा बढी पाकिस्तानका ७९ जना (४१ जना बालिका र ३८ जना बालक) रहेका छन् भने त्यसपछि क्रमशः म्यानमारका ६६ जना (३३ जना बालिका र ३३ जना बालक) र अफगानिस्तानका ३१ जना (१८ जना बालिका र १३ जना बालक) रहेका छन् ।

**तालिका २२: नेपालमा आश्रित शरणार्थी बालबालिकाको विवरण** (**भुटान बाहेक**)

| **उत्पतिको देश** | **०–४ वर्ष** | **५–११ वर्ष** | **१२–१७ वर्ष** | **बालिका** | **बालक** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| | **बालबालिका** | **बालबालिका** | **बालबालिका** | | | |
| पाकिस्तान | २२ | ३८ | १९ | ४१ | ३८ | ७९ |
| म्यानमार | २१ | ३२ | १३ | ३३ | ३३ | ६६ |
| अफगानिस्तान | १४ | १३ | ४ | १८ | १३ | ३१ |
| श्रीलंका, वंगलादेश र सोमालिया | ० | ५ | ३ | ३ | ५ | ८ |
| **जम्मा** | ५७ | ८८ | ३९ | ९५ | ८९ | १८४ |

*स्रोत : केन्द्रीय बालकल्याण समिति, २०७३*

### ३.१५ अपाङ्गता भएका बालबालिका

केन्द्रीय तथ्याङ्क विभागले २०१४ मा प्रकाशन गरेको पपुलेशन मोनाग्राफ भोलुम २ का अनुसार नेपालमा कुल जनसंख्याको ०.९९ प्रतिशत (९२,०१२ जना) ० देखि १४ वर्ष सम्मका बालबालिकामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ । जसमध्ये शारीरिक अपाङ्गता ३६.१ प्रतिशत, दृष्टिविहीन १८.५ प्रतिशत, पूर्ण सुन्न नसक्ने १०.४ प्रतिशत, बोल्न नसक्ने १५.५ प्रतिशत, बहु अपाङ्गतामा ९.५ प्रतिशत, सुस्त मनस्थिति ४.५३ प्रतिशत, बौद्धिक अपाङ्गता ४.३ प्रतिशत र दृष्टि-श्रवण अपाङ्गता १.६ प्रतिशत रहको छ । तर यस क्षेत्रमा क्रियाशिल संदसंस्थाहरूले अपाङ्गता भएका बालबालिकाको संख्या धैरै रहेको बताउने गरेका छन् । बालविवाहका कारण कम उमेरमै बच्चा जन्माउने, गर्भावस्थामा उचित संरक्षणको अभावलगायतले अपाङ्गता भएका बालबालिका जन्मने दर बढ्दै गएको भन्ने अनौपचारिक टिप्पणीहरू हुँदै आएता पनि यससम्बन्धी एकिकृत तथ्याङ्क जानकारीको अभाव रहँदै आएको छ । अपाङ्गता भएका बालबालिकाको संरक्षण, विकासका निम्ति सेवा सुविधाहरूको अभाव रहेको छ । खासगरी बौद्धिक अपाङ्गता र बहुअपाङ्गता भएका बालबालिकाका निम्ति अति न्यून सेवाहरू रहेका छन् । बेवारिस अवस्थामा फेला परेका बौद्धिक तथा बहुअपाङ्गता भएका बालबालिकाको संरक्षण चुनौतीपूर्ण रहँदै आएको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको निम्ति हाल क्रमिक रूपमा संवेदनशीलता बढ्दै गएको देखिन्छ । विद्यालय लगायत सरकारी, सार्वजनिक भवन निर्माण तथा सडक पेटी निर्माण समेत अपाङ्गमैत्री बनाउने

क्रम निरन्तर बढिरहेको छ । अपाङ्गता भएका बालबालिकालगायत सबै व्यक्तिहरूलाई अपाङ्गताको स्तर अनुसार परिचयपत्र वितरण गरी सामाजिक सुरक्षा भत्ता प्रदान गरिदै आएको छ । अपाङ्गता भएका बालबालिकाको संरक्षण तथा शिक्षाका निमित्त आवाशीय रूपमानै विद्यालयहरूमा विशेष शिक्षा सञ्चालन हुँदै आएका पनि छन् । शिक्षा विभागको पछिल्लो प्रतिवेदन २०७२ अनुसार आधारभुत तहमा विभिन्न प्रकारका अपाङ्गता भएका ६३ हजार ४ सय (३० हजार ६ सय ८६ बालिका) बालबालिका भर्ना भएको देखिन्छ जुन जम्मा भर्ना भएका बालबालिकाको १.०३ प्रतिशत हुन आँउछ । यसै गरी माध्यामिक तह (कक्षा ९ देखि १२ सम्म) मा ९ हजार ३ सय ९५ (४ हजार ६ सय १७ बालिका) अपाङ्गता भएका बालबालिका भर्ना भएका छन् जुन कूल भर्नाको ०.६८ प्रतिशत हुन आउँछ ।

### ३.१६ सडक दुर्घटना र बालबालिकाको अवस्था

नेपालमा हरेक वर्ष १८ सय भन्दा बढी मानिसको सडक दुर्घटनामा मृत्यु हुने गरेको पाइन्छ भने १५ हजार भन्दा बढी घाइते हुने गरेका छन् । महानगरीय ट्राफिक व्यवस्थापन महाशाखाबाट प्राप्त तथ्याङ्कबाट वर्षेनी सडक दुर्घटनामा ज्यान गुमाउनेहरूमध्ये १० प्रतिशत बालबालिका रहने गरेको देखिन्छ ।

आ.व. २०७२/०७३ मा उपत्यकाभित्र ५ हजार ६ सय ६८ सडक दुर्घटना भएकोमा मृत्यु भएका १ सय ६६ जना मध्ये ७.९ प्रतिशत बालबालिका (आठ बालक र पाँच बालिका) रहेका छन् । त्यसैगरी सोही अवधिमा गम्भीर घाईते भएका २ सय ७५ जना मध्ये ९.५ प्रतिशत बालबालिका (१९ बालक र सात बालिका) रहेका छन् भने घाइते भएका ३ हजार ९ सय १ जना मध्ये ८.५ प्रतिशत बालबालिका (२ सय २६ बालक र १ सय ५ बालिका) रहेको पाइएको छ । _

**ताालिका २३: उपत्यकामा बालबालिकाको सडक दुर्घटनासम्बन्धी विवरण**

| आ.ब. | मृत्यू | | | गम्भीर घाइते | | | साधारण घाइते | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| २०७१/७२ | ९ | ४ | १३ | १० | ४ | १४ | १८१ | ९६ | २७७ |
| २०७२/७३ | ८ | ५ | १३ | १९ | ७ | २६ | २२६ | १०५ | ३३१ |

*स्रोत : प्रहरी प्रधान कार्यालय, महानगरीय ट्राफिक व्यवस्थापन महाशाखा, २०७३*

वृहत ट्राफिक जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने क्रममा महानगरीय ट्राफिक व्यवस्थापन महाशाखाले आर्थिक वर्ष २०७२/०७३ मा ११ हजार ९ सय ४६ जना विद्यालय र उच्च माविका विद्यार्थीहरूलाई सचेतनामूलक कार्यक्रममा संलग्न गराइएको थियो ।

### ३.१७ मधेस आन्दोलन र बालअधिकारको सवाल

कुनै पनि असहजताबाट सिर्जित जस्तोसुकै अवस्थामा पनि सुरक्षित हुन पाउने बालबालिकाको

अधिकारलाई बालअधिकार महासन्धि, १९८९ तथा यसको ऐच्छिक सन्धिपत्र २०००, सशस्त्र द्वन्द्वसम्बन्धी अन्तराष्ट्रिय मानवीय कानूनका रूपमा रहेको जेनेभा महासन्धि १९४९, निकृष्ट प्रकारको बालश्रमसम्बन्धी आईएलओको महासन्धि नं. १८२ लगायतमा प्राथमिकताका साथ उल्लेख गरिएको छ। त्यस्तै नेपालको संविधान (२०७२), बालबालिकासम्बन्धी ऐन, २०४८ लगायत राष्ट्रिय-अन्तराष्ट्रिय कानून र घोषणाहरूले शिक्षालाई बालबालिकाको नैसर्गिक अधिकारको रूपमा स्थापित गरेका छन् ।

यस वर्ष पनि बालबालिका शान्ति क्षेत्र कायम गर्ने राजनीतिक दलहरूको प्रतिवद्धताबीच विभिन्न स्वरूपमा सञ्चालित आन्दोलनको तारो विद्यालय र विद्यार्थी हुने क्रमः रोकिएन । बालबालिकाको पठनपाठनको अधिकारदेखि बाँच्न पाउने अधिकारसम्म हनन् भएको उदाहरण मधेस आन्दोलनका क्रममा पनि देखियो । तराई मधेशमा भएको आन्दोलनका क्रममा रूपन्देही, धनुषा, महोत्तरी र कैलालीमा गरी ७ बालबालिकाले ज्यान गुमाउनु पऱ्यो भने ७ जना गम्भीर घाइते भए । अभिभावकका मृत्युका कारण प्रभावित हुने बालबालिकाका कथा त अलग्गै छन् ।

महोत्तरी, धनुषा, बारा, पर्सा, रौतहट, सप्तरी, सिराहा र सर्लाही गरी तराई मधेसका आठ जिल्लाहरूमा २०७३ असोज ३ गते संविधान जारी भएलगत्तैदेखि पुष १५ गतेसम्म करिब १ सय ३५ दिन आन्दोलन र नाकाबन्दीका कारण जनजीवन आक्रान्त हुन पुगेको थियो । तराई मधेसका कूल ३ हजार ६ सय ७६ विद्यालयमा अध्ययन गर्ने करिब १३ लाख ५६ हजार ८ सय ५३ विद्यार्थीले सो अवधिमा कूल ८२ दिन विद्यालयबाट वञ्चित हुनु परेको थियो । तराईका बालबालिका सो अवधिमा आधारभूत खोपबाट समेत वञ्चित भएको पाइएको छ ।

२०७२ पुष १५ गतेसम्म भएको तराई मधेस आन्दोलनका क्रममा चार जना बालक र तीन जना बालिका गरी कूल सात जना बालबालिका गम्भीर घाइते भएको विवरण प्राप्त भएको थियो । तीमध्ये एक बालकको साउन ३० गते नवलपारासीमा बसमा ढुंगा हानेर भाग्ने क्रममा खुट्टा भाँचिएको थियो । त्यसैगरी, २०७२ भदौ ७ गते कैलालीको टिकापुर घटनामा दुई बालक घाइते भएका थिए । २०७२ कार्तिक ९ गते सुनसरीमा आन्दोलनकारीको समूहले पेट्रोल बोकेर गाउँ आउँदै गरेका व्यक्तिहरूको पेट्रोल नियन्त्रणमा लिइ नष्ट गर्ने क्रममा एक सत्र वर्षीया र अर्की दुई वर्षकी वालिका गम्भीर घाइते भएपछि अस्पतालमा भर्ना गरिएको थियो । त्यस



# तराईका बालबालिका खोपबाट वञ्चित

दीपा दाहाल
काठमाडौं

लगातारको आन्दोलन र भारतीय नाकाबन्दीका कारण तराईका लाखौं बालबालिका अत्यावश्यक खोप लगाउन र भिटामिन 'ए' खानबाट वञ्चित भएका छन्। बन्दका कारण कतिपय स्वास्थ्य केन्द्रमा खोप ढुवानी हुनसकेको छैन भने ढुवानी गरेर केन्द्रमा पुर्‍याएको खोप पनि बालबालिकाले लगाउन पाएका छैनन्।

नियमित लगाउनुपर्ने क्षयरोग, [illegible] रोगविरुद्ध विभिन्न १० प्रकारका खोपबाट पाँच वर्षमुनिका लाखौं बालबालिका वञ्चित भएका हुन्। स्वास्थ्य सेवा विभागको बालस्वास्थ्य महाशाखाका अनुसार आन्दोलनका कारण तराईका ८ जिल्लाका बालबालिकालाई पछिल्लो दुई महिनायता खोप लगाउन र भिटामिन 'ए' खुवाउन सकिएको छैन।

'ढुवानी गर्न समस्या भएपछि हामीले सबै ठाउँमा खोप पुर्‍याउन सकेका छैनौं। स्थानीय सवारीसाधनले जोखिम मोलेर पुर्‍याएको खोप लगाउन पनि बालबालिका आउन सकेका छैनन्', महाशाखाका निर्देशक डा. कृष्ण पौडेलले शनिवार अन्नपूर्णसँग भने, 'खोप स्टोरमा समेत ठूलो समस्या भइरहेको छ।'

## नाकाबन्दीको असर

पौडेलले ठूलो संख्यामा बालबालिका खोप सेवाबाट वञ्चित [illegible] स्वास्थ्य केन्द्रमा खोप पुर्‍याउनसकेका छैनौं। स्थानीय स्वास्थ्य केन्द्रमा पनि जति सकिन्छ, लगाउन नछोड्नु भनेर निर्देशन दिइरहेका छौं', उनले भने, 'स्वास्थ्य केन्द्रमा स्टक भए घरदैलो गरेर भए पनि नियमित लगाइरहेका बालबालिकालाई खोप दिनू भनेका छौं।'

केन्द्रीय बालकल्याण समितिले [illegible]

नियमित लगाउनुपर्ने क्षयरोग, पोलियो, धनुष्टंकार, दादुरा, रुबेलालगायत रोगविरुद्ध विभिन्न १० प्रकारका खोपबाट पाँच वर्षमुनिका लाखौं बालबालिका वञ्चित भएका हुन्।

[illegible] समेत औषधि पसल, क्लिनिक र सरकारी तथा निजी अस्पतालहरूमा आवश्यक औषधिको अभाव हुन गई प्रसूति तथा सुत्केरी र बालबालिकाको औषधिउपचार गर्ने कार्यसमेत प्रभावित भएको स्पष्ट पारेको छ। आन्दोलनका कारण नेपाललाई पूर्ण खोपयुक्त राष्ट्र घोषणा गर्ने अभियान पनि प्रभावित भएको छ। सन् २०१७ सम्ममा नेपालका सबै बालबालिकालाई शतप्रतिशत खोपको पहुँचमा पुर्‍याउने लक्ष्य छ।

[illegible] विज्ञहरूले आन्दोलनका कारण विद्यालय जान नपाउँदा बालबालिकाको मानसिक स्वास्थ्य खल्बलिन पुगेको बताएका छन्। शिक्षण अस्पतालका मानसिक रोग विशेषज्ञ डा. सरोजराज ओझाले बन्द, हडताल तथा हिंसाका कारण तराई-मधेसका [illegible] बालबालिकामा मानसिक समस्या देखिन थालेको बताए। 'आन्दोलन र अभाव हुँदा डरसँगै चिन्ता उत्पन्न भई मनोवैज्ञानिक प्रभाव पर्छ', ओझाले भने, 'ठूलो मान्छेले अनुभव र अनुभूति भाषामा उतार्न सक्ने भए पनि बालबालिकाले नसक्ने भएकाले उनीहरूको विशेष हेरचाह गर्नुपर्छ।'

घटनाको करिब एक महिनापछि मंसिर ४ गते, मधेसी मोर्चाका कार्यकर्ताहरूले मोरङको कटहरीमा बिरामी बोकेर विराटनगरतर्फ आउँदै गरेको एम्बुलेन्समा तोडफोड गर्दा आमासँग भित्रै रहेकी डेढ वर्षे बालिका घाइते भएकी थिइन् । त्यसको दुई दिनपछि, मंसिर ६ गते साँझ सप्तरीमा प्रहरीले आन्दोलनकारीलाई लक्षित गरी चलाएको गोली मेनरोडस्थित आफ्नै घरको छतमा बाबुसँग बसिरहेकी सात वर्षीया बालिकाको पिठ्यूँमा लागेको थियो ।

तराई मधेस आन्दोलनका क्रममा छ जना बालक र एक बालिका गरी कूल सात जना बालबालिकाले ज्यान गुमाउनु पर्‍यो । जसमध्ये २०७२ भदौ ७ गते कैलालीको टिकापुरमा डेढ वर्षीय टकेन्द्र साउदको 'आन्दोलनकारी'बाट टाउकोमा गोली लागी ज्यान गएको थियो । त्यस घटनाको लगभग दुई सातापछि, भदौ २५ गते जनकपुरमा प्रहरीको गोली लागी चौध वर्षीय दिलिप यादव र सत्र वर्षीय निकुकुमार यादवले जीवन गुमाउनु परेको थियो । त्यसलगत्तै, भदौ २९ गते रूपन्देहीको लुम्बिनी-भैरहवा सडकअन्तर्गत रूपन्देही बेथरीमा प्रहरी र आन्दोलनकारी बीच भएको झडपमा चार वर्षीय चन्दन पटेलको प्रहरीको गोली लागी मृत्यु भएको थियो । २०७२ मंसिर ११ गते सप्तरीमा पूर्वपश्चिम राजमार्गको भारदह १ स्थित सडकखण्डमा मधेसी मोर्चाका कार्यकर्ताले चलिरहेको यात्रु बसमा आक्रमण गर्दा बस अनियन्त्रित हुन गई पल्टिएको थियो । सो बसमा आफ्ना अभिभावकसँगै यात्रा गरिरहेकी तुलसीपुर ९ की नौ वर्षीया निर्जला बस्नेतको मृत्यु भएको थियो । त्यसैगरी २०७२ पुस ५ गते रौतहटको सदरमुकाम गौरको जुद्ध उच्च माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत तेजापाकड १ का शेख तबरेज आलमको प्रहरीले हानेको गोली लागेर मृत्यु भएको थियो ।

२०७२ साउन ३० गते नवलपरासीमा रात्रीकालीन बसहरूमा आन्दोलनरत पक्षले ढुंगा हान्न लगाएको पुष्टी भएको थियो । २०७२ असोज ११ गते मधेशवादी मोर्चाहरूको आव्हानमा मेचीदेखि महाकालीसम्म हुलाकी राजमार्गमा मानव साङ्लोमा बालबालिकालाई पनि प्रयोग गरिएको थियो । २०७२ कात्तिक २३ गते सर्लाहीको मुख्य चोक नजिकै २० जनाको समूह बनाएर बालकहरूले भारतीय बजारबाट डिजल, पेट्रोल लिएर आउने सवारी साधनबाट तेल निकाल्न ग्यालन र पाइप लिएर सडक अवरुद्ध गर्दै नाराबाजी गरेका थिए । २०७२ असोज ७ गते बारामा स्कर्टिङ गरिएको गाडीमा ढुंगा हान्न आन्दोलनरत पक्षले बालबालिकालाई २० रूपैयाँ दिएर प्रयोग गर्ने गरेको बालबालिकाले बताएको दावी प्रहरीले गर्‍यो । त्यसैगरी २०७२ मंसिर ८ गते काठमाण्डौमा नेकपा (माओवादी)ले राजधानीमा भारतीय नाकाबन्दीविरुद्ध गरेको प्रदर्शनमा विभिन्न निजी तथा सरकारी विद्यालयका विद्यार्थीहरूलाई सहभागी गराइएको थियो । २०७२ मंसिर ११ गते भारतीय नाकाबन्दीको विरोधमा प्याब्सन, एनप्याब्सन, हिसान, अभिभावक संघ लगायतले विद्यार्थीहरूलाई चक्रपथ र राजधानीका मुख्य सडकमा साङ्ले जुलुशमा सहभागी गराए । भोलिपल्ट, मंसिर १२ गते मधेस आन्दोलनको समर्थन गर्दै जनकपुरमा विद्यार्थी रंगभूमि मैदानमा

बाहूबिघामा भेला भई प्रदर्शन गरे । त्यसको केही दिनपछि मंसिर १५ गते मधेस आन्दोलनको समर्थन भन्दै बारामा प्याब्सनको अगुवाईमा विद्यार्थीलाई मानव साङ्लो प्रदर्शन गरियो । भोलिपल्टै, मंसिर १६ गते सिरहास्थित पूर्वपश्चिम राजमार्गमा बालबालिकालाई विद्यार्थी पोसाकमै मानव साङ्लोमा सहभागी गराइयो । भोलिपल्टै, मंसिर १७ गते महोत्तरीमा प्याव्सनको आव्हानमा जिल्लाका ७० भन्दा बढी निजी विद्यालयका विद्यार्थीलाई मानव साङ्लोमा सहभागी गराए । त्यसको तीन दिनपछि नै, मंसिर २० गते तनहूँमा भारतीय नाकाबन्दीको विरोध गर्न दमौली अनशन चौतारामा आयोजित सभामा राष्ट्रिय झन्डा बोक्दै विद्यालय पोसाकमै विद्यार्थीलाई ने.क.पा.(माओवादी) ले जुलुसमा सहभागी गरायो । मंसिर २४ गते महोत्तरीमा जिल्लाका सीमा नाकामा तस्करीका लागि सयौं बालबालिकालाई दिनमा २ देखि ५ पटकसम्म समान ओसार्न १० देखि ५० रूपैयाँ दिई प्रयोग गर्ने गरेको प्रकाशमा आयो । भोलिपल्टै मंसिर २५ गते रौतहटमा संयुक्त मधेसी मोर्चाले विद्यार्थीलाई मानव साङ्लोमा प्रदर्शन गरायो ।

यो सबै घटनाक्रमहरूले राजनैतिक अभिष्टका लागि बालबालिका र विद्यालयलाई प्रयोग गर्ने प्रचलनलाई अझै अन्त्य गर्न सकिएको छैन भन्ने देखाउँछ । यद्यपी, राजनैतिक दलहरूले बालबालिका शान्ति क्षेत्र हुन् भन्ने अवधारणालाई स्वीकार गरिसकेका छन् भने सरकारले विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका जारी गरिसकेको छ ।

### ३.१८ सामाजिक सुरक्षा र बालबालिका

सामान्यतः राज्यले अतिआवश्यक आधारभूत सहयोगको आवश्यक पर्ने नागरिकहरू र उनीहरूसँग आश्रित व्यक्तिहरूका लागि प्रदान गर्ने सहयोगको व्यवस्था सामाजिक सुरक्षा हो । यो देश-देश अनुसार फरक हुन सक्छ । नेपालमा वि.सं. १९९१ (सन् १९३४/३५) तिर प्रथम विश्वयुद्धबाट फर्केका घाइते नेपाली सैनिकहरूलाई बार्षिक एकमुष्ट रकम उपलब्ध गराउने कार्यसंगै नेपालमा सामाजिक सुरक्षाको प्रयास शुरु भएको भनिन्छ ।

नेपालको संविधान (२०७२) को धारा ४३ मा सामाजिक सुरक्षाको हक शीर्षकमा भनिएको छ : आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ । बालबालिकाको सामाजिक सुरक्षाका विषयवस्तुहरू विभिन्न स्वरूपमा छात्रबृत्तिसम्बन्धी कार्यक्रमहरूको निर्देशिका, दिवा खाजा कार्यक्रम निर्देशिका, बालबालिकासम्बन्धी ऐन २०४८, बालबालिकासम्बन्धी नियमावली २०५१, बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६, बालसंरक्षण अनुदान निर्देशिका २०६६ लगायतमा समेटिएका छन् ।

सामाजिक सुरक्षासम्बन्धी कार्यक्रममा सुधार र विस्तार भइरहेको पाइन्छ । सरकारले बालबालिका लक्षित सामाजिक सुरक्षासम्बन्धी प्रत्यक्ष र अप्रत्यक्ष एवम् नगद तथा जिन्सी हस्तान्तरण र सेवा प्रदान गर्ने जस्ता कार्यहरू गरेको पाइन्छ । प्रत्यक्ष सेवा सुविधाअन्तर्गत बाल पोषण नगद अनुदान, निःशुल्क स्वास्थ्य सेवा सुविधा र स्वास्थ्य बीमा, विभिन्न बालबालिकालाई छात्रवृत्ति र जिन्सी सुविधा, द्वन्द्व प्रभावित बालबालिकाका लागि छात्रबृत्ति, निःशुल्क आधारभूत शिक्षा, प्राथमिक विद्यालय खाजाजस्ता कार्यक्रमहरूबाट बालबालिका लाभान्वित भएका छन् ।

यसैगरी बालबालिकाको सामाजिक सुरक्षासम्बन्धित हुने स्वास्थ्य संस्थामा सुत्केरी गराएवापतको यातायात खर्च सुविधा, खोप कार्यक्रम, शिक्षाको लागि खाद्यान्न कार्यक्रम, आयोडिन युक्त नुन वितरण, सबैको लागि शिक्षा कार्यक्रम, १५ वर्षमुनिको बालबालिकाको लागि डायलाइसिस, मुटुरोग र क्यान्सरसम्बन्धी निःशुल्क उपचारका कार्यक्रमहरू लागु गरिएका छन् । त्यसैगरी पूर्ण अपाङ्गता भएका बालबालिकालाई मासिक रु १००० र आंसिक अपाङ्गता भएका बालबालिकालाई मासिक रु ३०० प्रदान गर्ने गरिएको छ । शहीदका परिवारलाई जीवनयापन र १८ वर्षसम्मका ३ जनासम्मका बालबालिकालाई अध्ययन खर्च प्रदान गर्ने व्यवस्था छ ।

दुर्गम क्षेत्रका बालबालिका, दलित बालबालिका तथा अपाङ्गता भएका बालबालिकाका लागि सामाजिक सुरक्षा बापत पाँच वर्षमुनीका बालबालिका भएका आमालाई प्रति बालबालबालिका दुई सय रूपैंया दिने गरिएको छ । यस्तो सामाजिक सुरक्षा भत्ता कर्णाली अञ्चलभरिका पाँच वर्षभन्दा कम उमेरका सबै बालबालिकालाई प्रदान गर्ने गरिएको छ भने कर्णाली अञ्चल बाहेकका अन्य क्षेत्रमा दलित परिवारका पाँच वर्षमुनीका बालबालिकालाई मात्र प्रदान गर्ने गरिएको छ । आर्थिक वर्ष २०७२/७३ मा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ (विस्तृत विवरण अनुसूचि ६) । जसमा बालबालिकाको संख्या ४ लाख ६६ हजार ७४ जनामात्र देखिएको छ । यो संख्या गत आर्थिक वर्ष ५ लाख ७ हजार ७ सय १८ जना रहेको पाइएको थियो । यसले कार्यक्रम सञ्चालन वा सूचना व्यवस्थापन मध्ये एक वा दुवैमा केही कमजोरी भएको इङ्कित गर्दछ ।

बालबालिकालाई समेटिएका सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमबाट बालबालिकाको स्वास्थ्य, पोषण, शिक्षा, स्याहारसुसार र समग्र बालसंरक्षणमा सकारात्मक प्रभाव परिरहेको जानकारी अध्ययनबाट पाइन्छ ।

आर्थिक वर्ष २०७३/०७४ को बजेट बक्तव्यको बुँदा नं २९१ मा सबै क्षेत्रका विपन्न परिवारका २ जना बालबालिकाले क्रमशः बाल संरक्षण अनुदान प्राप्त गर्ने व्यवस्था गरिएको छ । त्यसैगरी बुँदा नं. २०७ मा आधारभूत शिक्षाको शिक्षाको सूनिश्चितता, निरन्तरता र सिकाई उपलब्धीमा सुधार ल्याउन लक्षित वर्ग, क्षेत्र र विपन्न समूहका बालबालिकालाई प्रोत्साहनमूलक सुविधाहरू एकिकृत रूपमा

उपलब्ध गराउन बजेट विनियोजन गरिएको छ । बुँदा नं २१२ मा कर्णाली अञ्चलका सबै, मानव विकास सूचाङ्कमा पछि परेका र तोकिएका जिल्लाहरूका विद्यार्थीलाई दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको छ ।

### ३.१९ बालन्याय

बालअधिकारसम्बन्धी महासन्धिको धारा ३७ र ४० को मर्मअनुरूप नेपालले बालबालिकासम्बन्धी ऐन, २०४८, यसको नियमावली, २०५१ र बालन्याय (कार्यविधि) नियमावली, २०६३ बनाई कानूनी विवादमा परेका बालबालिकालाई न्यायको प्रक्रियामा विशेष संरक्षणको अधिकारको व्यवस्था गरेको छ । बालन्यायसम्बन्धी विषयका कार्यलाई व्यवस्थित गर्न केन्द्रमा सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा बालन्याय समन्वय समिति गठन भएको छ भने जिल्लाहरूमा पनि जिल्ला न्यायाधीशको अध्यक्षतामा जिल्ला बालन्याय समन्वय समितिहरू गठन भएका छन् । तलको तालिकामा आर्थिक वर्ष २०७२/०७३ मा साधारण चोरीदेखि कर्तव्य ज्यान र बाल यौन दुराचारसम्मका घटनामा संलग्न भइ बालबालिका कानूनको विवादमा परेको देखिन्छ ।

बालविज्याँइमा संलग्न बालबालिकाका निम्ति अपनाइने बालन्याय प्रणालीका अतिरिक्त बालबालिकासँग सम्बन्धित विषयहरूमा अदालत संवेदनशील हुँदै गएको छ । कानूनले दण्डनीय ठानेको कार्य गरेका तर कम उमेर तथा शारीरिक तथा मानसिक अपरिपक्वताको कारण वयस्क सरह कानूनी कारवाही गर्न नसक्ने अवस्थाका बालबालिकाको आचरण सच्याउन उपयुक्त उपचारका लागि राज्यले भिन्दै पद्धति अवलम्बन गर्ने गर्दछ । बालबालिकासम्बन्धी ऐन २०४८ को दफा ५५ मा मुद्दा हेर्ने अधिकारी र मुद्दाको सम्बन्धमा अपनाउने यस्तो कार्यविधि अन्तर्गत सरकारले आवश्यकताअनुसार बाल अदालत गठन गर्ने व्यवस्था गरिएको छ । विश्वका प्रायः सबै देशले बालबालिकाको हकमा यस्तो भिन्न पद्धति अपनाउँदै आएका छन् । बालबालिकालाई संरक्षण दिने, गल्ती सच्याउने र समाजप्रति जिम्मेवार बनाउदै कानूनको पालना गराउनका लागि सुधारात्मक उपाय अपनाउन बालन्याय प्रणालीको आवश्यकता परेको हो ।

नेपालको न्यायालयमा बालअधिकार महासन्धिको मर्मअनुसार केही महत्वपूर्ण फैसलाहरू भएका छन् । सन् २००५ मा संयुक्त राष्ट्र संघको बालअधिकार समितिलाई दिइएको जानकारी अनुसार त्यस अवधिसम्म सर्वोच्च अदालतले बालबालिकाको हितमा तीनवटा महत्वपूर्ण फैसलाहरू गरेको थियो । बालबालिकाको संगठित हुन पाउने अधिकारको सम्मान गर्दै बालक्लब गठन गर्न पाउने आदेश, अपाङ्गता भएका बालबालिकालाई निःशुल्क शिक्षा उपलब्ध गराउने आदेश तथा विद्यालय वा कुनै पनि संस्थामा बालबालिकालाई शारीरिक रूपमा दण्डित गर्न नपाउने आदेश त्यस अवधिमा नेपालका न्यायालयले गरेका बालबालिकाको हितसँग सम्बन्धित ऐतिहासिक फैसलाहरू थिए ।

सर्वोच्च अदालतले २०७२ भदौ ८ गते अधिवक्ता पुष्पराज पाण्डेविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको मुद्दामा महिलाको कोख भाडामा दिने कार्य गर्दा त्यसरी जन्मिने बालबालिकाको नागरिकतालगायत अन्य हक र महिलाको प्रजनन् स्वास्थ्यको समेत हकलाई ख्याल गर्दै तत्काल सरोगेसी सेवा बन्द गर्न अन्तरिम आदेश जारी गरेको छ ।

**तालिका २४: बालबिज्याँईसम्बन्धी मुद्दाको प्रकृति, जम्मा मुद्दा संख्या र फैसलाको विवरण**

| क्र.स. | मुद्दाको प्रकृति | जम्मा मुद्दा संख्या | फैसलाको अवस्था | |
|---|---|---|---|---|
| | | | फैसला भएको संख्या | फैसला हुन बाँकी संख्या |
| १. | साधारण चोरी | २७ | २१ | ६ |
| २. | नकवजनी चोरी | ११ | ९ | २ |
| ३. | कर्तब्य ज्यान | ७ | ४ | ३ |
| ४. | ज्यान मार्ने उद्योग | ५ | ३ | २ |
| ५. | जबरजस्ती करणी | ३७ | २७ | १० |
| ६. | जबरजस्ती करणी उद्योग | १२ | ७ | ५ |
| ७. | केही सार्वजनिक अपराध | १५ | १२ | ३ |
| ८. | लागूऔषध | १६ | ११ | ५ |
| ९. | सवारी ज्यान | १ | १ | ० |
| १०. | बनसम्बन्धी | ३ | ३ | ० |
| ११. | जबरजस्ती करणी (अप्राकृतिक मैथुन) | २ | २ | ० |
| १२. | बाल यौन दुराचार | १ | १ | ० |
| १३. | अखेटोपहार | १ | १ | ० |
| | **जम्मा** | १३८ | १०२ | ३६ |
| | | १००% | ७३.९% | २६.१% |

*स्रोतः बालन्याय समन्वय समिति सचिवालय, २०७३*

यस आर्थिक वर्ष २०७२/०७३ मा प्राप्त १ सय ३८ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरू मध्ये १ सय २ अर्थात ७३.९ प्रतिशत मुद्दाहरू फैसला भइसकेका छन् भने बाँकी ३६ अर्थात २६.१ प्रतिशत मुद्दाहरू चालु अवस्थामा रहेका छन् । यस आर्थिक वर्षमा बालबालिकाले गर्ने बिज्याँईहरूमा सबभन्दा बढि जबरजस्ती करणीसम्बन्धी मुद्दाको संख्या ३७ देखिएको छ । त्यसपछि साधारण चोरीसम्बन्धी बालबिज्याँईको संख्या २७ देखिन्छ भने लागुऔषधसम्बन्धी मुद्दाहरूको संख्या १६ देखिन्छ । त्यस्तै

बालबालिकाले गर्ने अन्य बिज्याँईहरूमा सार्वजनिक अपराध, जबरजस्ती करणी उद्योग, नकवजनी चोरी, कर्तब्य ज्यानसम्बन्धी बिज्याँईहरूको संख्या क्रमश १५, १२, ११ र ७ देखिन्छ । यस आर्थिक वर्षमा यौन सँगसम्बन्धी (जबरजस्ती करणी ३७, जबरजस्ती करणी उद्योग १२, जबरजस्ती करणी (अप्राकृतिक मैथुन) २ र बालयौन दुराचार १) गरी जम्मा ५२ वटा घटना अर्थात कूल विज्याईको ३७.६८ प्रतिशत हुनुले किन बालबालिका यौन अपराधतर्फ धकेलिईरहेका छन् भन्ने गम्भीर प्रश्न खडा गरेको छ । गत वर्ष कूल विज्याईको ४८.८१ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०७२/०७३ मा अदालतमा दर्ता भएका जम्मा १ सय ३८ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरूमा प्रतिवादी बालबालिकाको संख्या १ सय ५६ देखिन्छ जसको लिङ्गगत विवरण हेर्दा १ सय ५५ अर्थात ९९.३ प्रतिशत बालक रहेका छन् भने प्रतिवादी बालिकाको संख्या १ अर्थात ०.७ प्रतिशतमात्र देखिन्छ ।

**तालिका २५: प्रतिवादी बालबालिकाको संख्या र लिङ्गगत विवरण**

| क्र.स. | मुद्दाको प्रकृति | जम्मा मुद्दा संख्या | जम्मा प्रतिवादी संख्या | लिङ्ग | |
|---|---|---|---|---|---|
| | | | | बालक | बालिका |
| १. | साधारण चोरी | २७ | ३० | ३० | ० |
| २. | नकवजनी चोरी | ११ | १३ | १३ | ० |
| ३. | कर्तब्य ज्यान | ७ | ८ | ८ | ० |
| ४. | ज्यान मार्ने उद्योग | ५ | ५ | ५ | ० |
| ५. | जबरजस्ती करणी | ३७ | ३८ | ३८ | ० |
| ६. | जबरजस्ती करणी उद्योग | १२ | १२ | १२ | ० |
| ७. | केही सार्वजनिक अपराध | १५ | २१ | २१ | ० |
| ८. | लागूऔषध | १६ | १९ | १९ | ० |
| ९. | सवारी ज्यान | १ | १ | १ | ० |
| १०. | बनसम्बन्धी | ३ | ५ | ४ | १ |
| ११. | जबरजस्ती करणी (अप्राकृतिक मैथुन) | २ | २ | २ | ० |
| १२. | बाल यौनदुराचार | १ | १ | १ | ० |
| १३. | अखेटोपहार | १ | १ | १ | ० |
| | **जम्मा** | **१३८** | **१५६** | **१५५** | **१** |
| | | **१३८** | **१००** | **९९.३%** | **०.७%** |

*स्रोतः बालन्याय समन्वय समिति सचिवालय, २०७३*

बालबिज्याँइमा संलग्न संख्यालाई उमेरगत समूहमा हेर्दा १४ वर्षमुनीका बालबालिकाको संख्या ६६ अर्थात ४२.३ प्रतिशत देखिन्छ भने १४ देखि १६ वर्षबीचका बालबालिकाको संख्या ९० अर्थात ५७.७ प्रतिशत देखिन्छ । जसमध्ये १५५ जना बालक र १ जनामात्र बालिका रहेको पाइएको छ । बालबिज्याँईसम्बन्धी जम्मा फैसला मुद्दाहरूमध्ये ७८ वटा अर्थात ७६.५ प्रतिशत मुद्दाहरूमा बालबालिकालाई दोषी ठहर गरिएको छ भने २३ अर्थात २२.५ प्रतिशत मुद्दाहरूमा बालबालिकालाई सफाई दिइएको छ ।

**तालिका २६: बालबिज्याँईका मुद्दाहरूमा फैसलासम्बन्धी विवरण**

| क्र.स. | मुद्दाको प्रकृति | फैसला भएका जम्मा मुद्दा संख्या | फैसला | | |
|---|---|---|---|---|---|
| | | | ठहर | सफाई | मुद्दा परिवर्तन |
| १. | साधारण चोरी | २१ | १८ | ३ | ० |
| २. | नकवजनी चोरी | ९ | ६ | ३ | ० |
| ३. | कर्तब्य ज्यान | ४ | २ | २ | ० |
| ४. | ज्यान मार्ने उद्योग | ३ | २ | १ | ० |
| ५. | जबरजस्ती करणी | २७ | २२ | ४ | १ |
| ६. | जबरजस्ती करणी उद्योग | ७ | ४ | ३ | ० |
| ७. | केही सार्वजनिक अपराध | १२ | ९ | ३ | ० |
| ८. | लागूऔषध | ११ | १० | १ | ० |
| ९. | सवारी ज्यान | १ | ० | १ | ० |
| १०. | बनसम्बन्धी | ३ | २ | १ | ० |
| ११. | जबरजस्ती करणी (अप्राकृतिक मैथुन) | २ | १ | १ | ० |
| १२. | बाल यौनदुराचार | १ | १ | ० | ० |
| १३. | अखेटोपहार | १ | १ | ० | |
| | **जम्मा** | **१०२** | **७८** | **२३** | **१** |
| | | **१००** | **७६.५%** | **२२.५%** | **१%** |

*स्रोतः बालन्याय समन्वय समितिको सचिवालय, २०७३*

बालबिज्याँईसम्बन्धी दोषी ठहर भएका जम्मा ७८ मुद्दाहरूमध्ये ३० वटा अर्थात ३८.५ प्रतिशत मुद्दामा सजाय स्थगन गरी अभिभावक, विद्यालयको जिम्मामा तथा अन्य तोकिएको शर्तहरू पालना गर्ने गरी छाडिएको छ भने २९ अर्थात ३७.१ प्रतिशत मुद्दामा कैद ठेकिएको छ। त्यस्तै २ अर्थात २.६ प्रतिशत मुद्दामा जरिमाना र २ अर्थात २.६ प्रतिशत मुद्दामा कैद र जरिमाना दुवै सजाय गरिएको छ र १५ वटा मुद्दामा अर्थात १९.२ प्रतिशत मुद्दामा सम्झाईबुझाई गरी छाडिएको छ ।

बालन्याय कार्यविधि नियमावलीको नियम १६ अन्तर्गत मुद्दा दायर भएको १२० दिन भित्र फैसला गर्नुपर्ने प्रावधान रहेतापनि आर्थिक वर्ष २०७२/०७३ सालमा जम्मा फैसला भएका १ सय २ वटा मुद्दाहरूको फैसला गर्न लागेको समयावधि हेर्दा जम्मा ६९ अर्थात ६७.६ प्रतिशत मुद्दाहरूमात्र ४ महिनाभित्र, २६ अर्थात २५.५ प्रतिशत मुद्दाहरू ६ महिनाभित्र र बाँकी ७ अर्थात ६.९ प्रतिशत मुद्दाहरू १ वर्षभित्र फैसला भएको देखिन्छ। एक वर्षभित्र फैसला भएका ७ मुद्दामा जबरजस्ती करणीका ३ लागू औषधसम्बन्धी २ कर्तव्यज्यानसम्बन्धी १ र नकवजनी चोरी अन्तर्गत १ मुद्दा रहेका छन्।

### ३.२० बालसुधार गृह

बालन्यायको महत्वपूर्ण पक्षका रूपमा रहेको बालसुधार गृहको व्यवस्था अन्तर्गत हालसम्म भक्तपुर, मोरङ र कास्कीमा मात्र बालसुधारगृह सञ्चालनमा रहेका छन् भने बाँके जिल्लामा भवन निर्माण सम्पन्न भैसकेको छ र सञ्चालनको तयारीमा रहेको छ। नेपाल सरकारको पुर्ण सहयोगमा यी सुधार गृहहरू सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी न्यूनतम सुविधाविहिन बालबालिकाका लागि शैक्षिक कायक्रम (युसेप) नेपाललाई दिइएको छ। कारागार व्यवस्थापन विभागको तर्फबाट नियमानुसारको राशन तथा बन्दीलाई दिइने सुविधा प्रदान गरिनुका साथै आवश्यक सुरक्षाकर्मी खटाईएको छ। सुधार गृह सञ्चालनका लागि नेपाल सरकारले हरेक वर्ष अनुदान समेत दिदै आएको छ। यद्यपी यी सुधार गृहहरूको सञ्चालन उद्धेश्य अनुरूप प्रभावकारी रूपमा हुन सकेको अवस्था छैन। बालबालिकाका हकका निम्ति सुधारात्मक गतिविधिहरू सञ्चालन गर्न थप मिहेनत गर्नुपर्ने देखिएको छ।

**तालिका २७: बालसुधार गृहमा रहेका बालबालिका**

| मुद्दा | भक्तपुर | | | कास्की | | | मोरङ | | | कूल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | फैसला भएको | पुर्पक्ष | जम्मा | फैसला भएको | पुर्पक्ष | जम्मा | फैसला भएको | पुर्पक्ष | जम्मा | |
| कर्तव्य ज्यान | १० | ३ | १३ | १० | १३ | २३ | ६ | २ | ८ | ४४ |
| जबरजस्ती करणी | ५२ | २७ | ७९ | ११ | २४ | ३५ | २२ | १५ | ३७ | १५१ |
| ज्यान मार्ने उद्योग | ० | ० | ० | १ | ० | १ | २ | २ | ४ | ५ |
| मानव अपहरण | ० | ३ | ३ | १ | ० | १ | ० | १ | १ | ५ |
| लागू औषध | २ | ९ | ११ | ३ | ३ | ६ | ० | १ | १ | १८ |
| डाँका | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ |
| चोरी | ३ | ५ | ८ | ३ | ० | ३ | ० | ० | ० | ११ |
| सार्वजनिक अपराध | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | १ |
| सवारी ज्यान/अङ्गभङ्ग | ० | ० | ० | १ | ० | १ | ० | १ | १ | २ |
| कूल जम्मा | ६८ | ४७ | ११५ | ३० | ४० | ७० | ३० | २३ | ५३ | २३८ |

*स्रोत : युसेप नेपाल, २०७३*

हाल सुधार गृहमा रहेका मध्ये ६३.४४ प्रतिशत यौनसम्बन्धी अपराध, २०.५८ प्रतिशत कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, ७.५६ प्रतिशत लागुऔषधलगायतका गम्भीर आपराधिक कार्यमा संलग्न भएको देखिन्छ । अतः यस्ता बालबालिकाको निम्ति बालसुधार गृहमा सजाय अवधि व्यतित गर्नेमात्र नभई उनिहरूका निम्ति गृहहरूबाट सुधारात्मक प्रक्रिया अपनाउनु जरुरी छ । साथै के कसरी बालबालिका यस्ता गतिविधिमा संलग्न हुन्छन् भन्ने विश्लेषण गरी रोकथाममूलक क्रियाकलापतर्फ पनि ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ ।

बाल सुधार गृहहरूमा हरेक वर्ष अदालतको निर्णयबाट तथा प्रशासन कार्यालयहरूबाट समेत सजाय तोकिएर वा पुर्पक्षका लागि बालबिज्याईमा संलग्न भएका बालबालिका बालसुधार गृहमा प्रवेश गर्दछन् भने घटना अनुसार आधिकारिक निकायको निर्णयानुसार तथा तोकिएको सजायको अवधिको समाप्ती पश्चात बालबालिकालाई छुटकारा दिई सकेसम्म परिवारका सदस्य वा नातेदारसँग पुनर्मिलन गराइने गरिन्छ । अतः वर्षभरी बालबालिका आउने र जाने क्रम जारी रहन्छ । आ.व. २०७१/२०७२ र २०७२/२०७३ मा प्रवेश गरेका, पारिवारिक पुनर्मिलनमा गएका बालबालिकाको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका २८: बालसुधार गृह प्रवेश गरेका र पारिवारिक पुनर्मिलन गरेका बालबालिकाको विवरण**

| बाल सुधार गृह प्रवेश गरेका बालबालिका | | | | बाल सुधार गृहबाट पारिवारिक पुनर्मिलन गरेका बालबालिका | |
|---|---|---|---|---|---|
| क्र.स. | सुधार गृह | आ.ब. ०७१ / ०७२ | आ.ब. ०७२/ ०७३ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ |
| १ | भक्तपुर | १०० | ८७ | ८२ | ६१ |
| २ | कास्की | ४१ | ३८ | ४२ | २७ |
| ३ | मोरङ | ४५ | ५१ | ४७ | ३७ |

*स्रोत : युसेप नेपाल, २०७३*

गत आर्थिक वर्ष २०७१/०७२ मा कूल १ सय ८६ जना बालबालिका बालसुधार गृहमा प्रवेश गरेका थिए र १ सय ७१ जना बालबालिकालाई सुधार गृहबाट परिवारमा पुनर्मिलन गराईएको थियो । आर्थिक वर्ष २०७२/०७३ प्रवेश र पुनर्मिलनको संख्या क्रमशः १ सय ७६ र १ सय २५ रहेको छ ।

### ३.२१ बालबालिकाको स्याहार

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ३४ मा नेपाल सरकारले आवश्यकताअनुसार देशभर बालकल्याण गृहको स्थापना र सञ्चालन गर्ने वा सञ्चालन गर्न अनुमति प्रदान गर्न सक्ने व्यवस्था

गरिएको छ र दफा ३५ मा वेवारिस बालकलाई बालकल्याण गृहमा राख्ने व्यवस्था उल्लेख गरिएको छ। त्यसैगरी दफा ४३ मा बावु, आमा नभएका अनाथ, अपाङ्ग वा सुस्त मनस्थितिका बालबालिकाको पालनपोषण तथा बासस्थानका निम्ति आवश्यकताअनुसार अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको स्थापना गर्ने व्यवस्था व्यवस्था गरिएको छ। सबै बालगृहमा बालबालिकाको हितको प्रत्याभूति गर्न आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ कार्यान्वयनमा रहेको छ।

आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ को मापदण्ड ६४ को खण्ड (ग) अनुसार प्रचलित ऐन नियमअनुसार दर्ता भएका संस्थाले काठमाण्डौ उपत्यकामा केन्द्रीय बालकल्याण समितिबाट र अन्य जिल्लाहरूमा जिल्ला बालकल्याण समितिबाट अनुमति लिएपछि मात्र आवासीय बालगृह सञ्चालन गर्न पाउने प्रावधान छ। यसमा आवासीय बालगृहको सुविधा आवश्यक भएको सुनिश्चित गर्ने, बालबालिकाको पूर्ण परिचय खुलाउने, आवश्यक स्वास्थ्योपचारका साथै मनोसामाजिक हेरचाह र कानूनी कार्वाहीको प्रक्रिया शुरु गर्ने, आवास, पोशाक तथा भोजनको व्यवस्थाको प्रत्याभूति हुनुपर्ने लगायतका विषयमा विस्तृत रूपमा उल्लेख गरिएको छ। साथै बालबालिकाको भर्ना, सेवा र सुविधा, दायित्व, गोपनियता, अनुशासन, विदाई र पुर्नमिलनसम्बन्धी निर्देशिका तयार गर्नु पर्ने र बालबालिकाको परिवारका सदस्य वा अन्य नातेदार पत्ता लागेको अवस्थामा उनीहरूलाई सूचित गर्ने तथा बालगृहमा भर्ना गरिएका बालबालिकाको हक लाग्ने पुर्ख्यौली वा अन्य सम्पत्तिको खोजी र संरक्षण गर्नेलगायतका विकास, संरक्षण, बचावट र सहभागितासँग सम्बन्धित कूल ७८ वटा मापदण्डहरूको व्यवस्था गरिएको छ।

### ३.२१.१ बालगृह

गत आर्थिक वर्ष (२०७१/७२) मा ४४ जिल्लाहरूमा जम्मा ५ सय ७७ आवासीय बालगृहहरू सञ्चालनमा रहेका थिए। यी बालगृहहरूमा बालक ७ हजार ९ सय ८९ र बालिका ८ हजार ४ सय ११ गरी जम्मा १६ हजार ४ सय  बालबालिका आश्रित रहेको पाइएको थियो। यस आर्थिक वर्ष (२०७२/७३) मा अन्य थप जिल्लाहरूमा बालगृह सञ्चालनमा आएको पाइएन र उक्त ४४ जिल्लाहरूमा जम्मा ५ सय ७२ आवासीय बालगृहरू सञ्चालनमा रहेको पाइएको छ। उक्त बालगृहहरूमध्ये प्रदेश नं. १ का ७ जिल्लाहरूमा २९ वटा, प्रदेश नं. २ का ८ जिल्लाहरूमा १५ वटा, प्रदेश नं. ३ का ११ जिल्लाहरूमा ४ सय २१ वटा, प्रदेश नं. ४ का ४ जिल्लाहरूमा ५४ वटा, प्रदेश नं. ५ का ७ जिल्लाहरूमा २९ वटा, प्रदेश नं. ६ का ४ जिल्लाहरूमा १२ वटा र प्रदेश नं. ७ का ३ जिल्लाहरूमा १२ वटा बालगृहहरू सञ्चालनमा रहेको पाइएको छ। ती बालगृहमा बालक ८ हजार ४ सय ३५ र बालिका ८ हजार ४ सय ५१ गरी जम्मा १६ हजार ८ सय ८६ जना बालबालिका आश्रित रहेको पाइएको छ (विस्तृत विवरण अनुसूचि ७)।

उक्त ४४ जिल्लाहरूमध्ये १७ वटा जिल्लाहरूमा प्रति जिल्ला एक-एक वटा मात्र बालगृह सञ्चालनमा रहेको पाइएको छ भने सबैभन्दा धेरै काठमाण्डौ जिल्लामा २ सय र क्रमशः ललितपुरमा १ सय ३२, कास्कीमा ४६, चितवनमा ३३ र भक्तपुरमा १८ वटा बालगृहहरू रहेका छन् । काठमाण्डौ उपत्यकामा मात्र जम्मा ३ सय ५० (कूल बालगृहको ६१.१८ प्रतिशत) बालगृहहरू सञ्चालनमा रहेको पाइन्छ ।

केन्द्रीय बालकल्याण समितिले बालगृह र आश्रित बालबालिकाको सूचना व्यवस्थित गर्ने उद्धेश्यले एक सफ्टवेयर निर्माण गरी बालगृहको आधारभूत सूचनाहरू व्यवस्थित गर्ने कार्यको थालनि गरेको छ । २०७३ साल असार समान्तसम्ममा काठमाण्डौ उपत्यकामा सञ्चालित १ सय १६ र कास्की जिल्लामा सञ्चालित ५२ गरी जम्मा १ सय ६८ बालगृहका १ सय ८५ जना व्यक्तिहरूलाई बालगृह र त्यहाँ रहेका बालबालिकाको विवरण राख्ने प्रयोजनका लागि उक्त सफ्टवेयर सञ्चालन र व्यवस्थापन सम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिएको छ । यस अभिमुखीकरण कार्यक्रमबाट आवासीय बालगृह र त्यहाँ रहेका र संरक्षणका लागि भर्ना हुन आउने बालबालिकाको भर्ना, विदाई र पुनस्थापना प्रक्रिया व्यवस्थित गर्न र जन्मदर्ता तथा नागरिकता बनाउने आदि कार्यमा आउने समस्याहरूलाई पारदर्शी ढंगले छलफल समाधान गर्न सहज हुने देखिएको छ । साथै नियमनकारी निकायलाई बालगृह र बालबालिकाको विवरण लगायत बालगृहका कार्यक्रम, उद्धेश्यहरू र समस्याका बारेमा समेत सहजीकरण र नियमन गर्न सहज हुने भएको छ ।

आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०६९ को मापदण्ड ६४ “ग” ले बालगृह सञ्चालन गर्न अनुमति लिनुपर्ने व्यवस्था गरेको छ । सोही प्रयोजनका लागि केन्द्रीय बालकल्याण समितिबाट बालगृह सञ्चालन अनुमति र नवीकरणका निमित्त आवश्यक शर्त तथा पूर्वाधारसम्बन्धी व्यवस्थापन सूची, २०७३ निर्माण गरी पचहत्तरै जिल्लामा कार्यान्वयनका लागि पत्राचार गरिएको छ ।

आर्थिक वर्ष २०७२/७३ मा केन्द्रीय बालकल्याण समितिबाट ४० र सम्बन्धित जिल्ला बालकल्याण समितिबाट ३ सय ७४ गरी जम्मा ४ सय १४ वटा बालगृहहरूको स्थलगत अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव समेत दिइएको छ । विभिन्न माध्यमबाट प्राप्त सूचना तथा स्थलगत अनुगमनका क्रममा १० वटा बालगृहहरू प्रचलित मापदण्ड विपरित सञ्चालनमा रहेको र बालबालिका थप जोखिममा पर्न सक्ने देखिएकाले त्यहाँबाट ७६ बालक र ६० बालिका गरी जम्मा १ सय ३६ बालबालिकाको उद्धार गरिएको छ । तीमध्ये १६ बालक र २० बालिका सम्बन्धित परिवारमा पठाइएको, ३ बालक, २ बालिका अन्य बालगृहमा संरक्षणका लागि पठाइएको साथै ५७ बालक र ३८ बालिका थप पारिवारिक लेखाजोखापश्चात पुनर्मिलनका लागि आवधिक गृहमा पठाइएको छ ।

केन्द्रीय बालकल्याण समितिले हालै सञ्चालन गरेको काठमाण्डौ उपत्यकाभित्रका नमुना छनौट गरिएका ४९ वटा बालगृहमा आश्रित बालबालिकाको सामाजिक सम्बन्ध अध्ययनको प्रारम्भिक नतिजाबाट अधिकांश बालगृहहरू बैदेशिक सहयोगमा नै सञ्चालनमा रहेको तथा करिव एकतिहाईले भने धार्मिक समूहबाट सहयोग प्राप्त गरिरहेको पाइएको छ । सहभागी बालगृह सञ्चालकहरूका अनुसार दुई तिहाईभन्दा बढी बालबालिका पारिवारिक कमजोर आर्थिक अवस्थाका कारण बालगृहमा आएको र तिनलाई अभिभावक वा नातेदारले नै बालगृहमा ल्याएको देखिएको छ। यस अतिरिक्त, बालबालिका र उनीहरूका अभिभावकहरूले मान्दै आएको धर्मको बीचमा फरक पाइएको छ। बालगृहमा बालबालिका पठाएका अभिभावकहरूले मानेको धर्मको सम्बन्धमा विश्लेषण गर्दा सबैभन्दा धेरै हिन्दु धर्म मान्ने र त्यसपछि दोस्रोमा क्रिश्चियन धर्म मान्ने गरेको देखिन्छ । यी दुई धर्म मान्नेहरूको तुलनामा बौद्ध, इस्लाम, किराँती तथा अन्य धर्म मान्नेको संख्या न्यून पाइएको छ । अध्ययन गरिएका बालगृहहरूमा रहेका सबैभन्दा धेरै (विभिन्न धर्महरूमध्ये) बालबालिकाले क्रिश्चियन धर्म मानेको तर उनीहरूका अभिभावकहरूमध्ये सबैभन्दा धेरै हिन्दु धर्म मान्नेहरू रहेको देखिएको छ। बालगृह सञ्चालक तथा आर्थिक सहयोग गर्ने दाताले मानेको वा आस्था राखेको धर्मप्रति बालगृहमा रहेका बालबालिकाको बढी झुकाव भएको वा सो मान्नुपर्ने अवस्था रहेको पाइएको छ । खासगरी, अभिभावक विहीन बालबालिका तथा परिवारबाट परित्यक्त बालबालिकामा बालगृह सञ्चालकको प्रभाव बढी पर्न गई बालगृह सञ्चालकले अँगालेको धर्मलाई त्यस्ता बालबालिकाले पनि अँगाल्नसक्ने अवस्था एवं सम्भावना धेरै देखिएको देखिन्छ।

आर्थिक वर्ष २०७२/७३ मा केन्द्रीय बालकल्याण समितिले जोखिमपूर्ण अवस्थामा रहेका, परिवारबाट उपचार तथा शिक्षाको राम्रो प्रबन्ध नपाएका बालक ७८ जना बालिका ६९ गरी १ सय ४७ जनालाई आर्थिक सहयोग उपलब्ध गराइएको छ। यसै गरी विषेषतः अपाङ्गता भएका बालबालिकालाई संरक्षण प्रदान गर्ने बालगृहहरूमा रहेका ३३ बालक र ३७ बालिका गरी ७० जनालाई सहयोग उपलब्ध गराइएको छ।

### ३.२१.२ धार्मिक संस्थामा आवासीय रूपमा रहेका बालबालिका

७५ जिल्लाहरूमध्ये ४५ जिल्लाबाट प्राप्त तथ्याङ्क अनुसार २७ वटा जिल्ला (झापा, प्यूठान, पाँचथर, धादिङ्, दैलेख, ओखलढुङ्गा, कन्चनपुर, भोजपुर, मुगु, स्याङ्जा, भक्तपुर, इलाम, मकवानपुर, हुम्ला, गोरखा, रूपन्देही, चितवन, बागलुङ्, धनुषा, सुनसरी, कैलाली, रुकुम, सिरहा, बर्दिया, सप्तरी, सर्लाही र काठमाण्डौ जिल्ला) हरूका धार्मिक संस्थाहरूमा बालबालिका आवासीय रूपमा रहेको पाइएको छ भने आधिकारिक रूपमा विभिन्न धार्मिक संघसंस्थामा बालबालिका आवासीय रूपमा नरहेको जिल्लाहरू (बैतडी, तेह्रथुम, खोटाङ्, अर्घाखाँची, संखुवासभा, सल्यान, दार्चुला, जाजरकोट, पाल्पा, मनाङ्,

सुर्खेत, डडेल्धुरा, गुल्मी, दाङ, अछाम, रसुवा, ताप्लेजुङ र रोल्पा) १८ वटा रहेको जानकारी प्राप्त भएको छ । प्राप्त २७ जिल्लाको तथ्याङ्क अनुसार बालबालिका आवासीय रूपमा रहेका हिन्दु धर्मसँग सम्बन्धित रहेका मन्दिर, धाम, गुरुकूल, विद्यापिठ, आश्रम र केन्द्रहरूको संख्या ४४, बौद्ध धर्मसँग सम्बन्धित गुम्बा र विहारहरूका संख्या ३१, इस्लाम धर्मसँग सम्बन्धित मदरसाहरूको संख्या ६१, र क्रिश्चियन धर्मसँग सम्बन्धित चर्चहरूको संख्या ११ गरी कूल १४७ वटा धार्मिक संस्थाहरूमा ५ हजार २ सय ३४ बालक र १ हजार ४ सय ५२ गरी ६ हजार ६ सय ८६ जना बालबालिका विभिन्न २७ जिल्लाका धार्मिक संघसंस्थामा आवासीय रूपमा रहेको पाइएको छ । बौद्ध धर्मसँग सम्बन्धित धेरै गुम्बाहरूमा बालबालिका रहने गरेको भए पनि यससम्बन्धी एकीकृत तथ्याङ्क उपलव्ध हुन सकेको छैन । काठमाण्डौलगायतका कतिपय जिल्लामा वौद्ध धर्मसँग सम्बन्धित गुम्बाहरूबाट बालबालिकासम्बन्धी विवरण प्राप्त हुन कठिनाइ रहेको पाइएको छ (विस्तृत विवरण अनुसूचि ८) ।



nagariknews.com समाचार 3

धार्मिक स्वतन्त्रता छैन बालगृहमा

कंचनशरण लामिछाने

पोखरा, भदौ २०

मापदण्डविपरीत बालबालिका ल्याएका तथा धार्मिक स्वतन्त्रता नदिने चारवटा बालगृह कास्की प्रशासनले बन्द गराएको छ

### ३.२२ गोपनीयताको हकको संरक्षण

संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत धारा ५१ मा राज्यका नीतिहरू उल्लेख गरिएको छ । तीमध्ये राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी एउटा नीतिमा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने जनाइएको छ । नेपाल पक्ष भएको बालअधिकार महासन्धिको धारा १६ ले बालबालिकाको गोपनियताको संरक्षण गरेको छ । उक्त धारामा कुनै पनि बालबालिकाको गोपनियता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैर कानूनी हस्तक्षेप गरिने छैन, उनीहरूको प्रतिष्ठा तथा ख्यातीमा गैर कानूनी रूपमा आक्रमण गरिनेछैन भन्ने उल्लेख गरिएको छ । नेपालको संविधानमा मौलिक हकअन्तर्गत धारा २८ मा गोपनीयताको हकको प्रत्याभूति गरिएको छ । बालबालिकाको गोपनीयताको हक संरक्षण गर्ने क्रममा संचारको श्रव्य-दृष्य एवम् छापा माध्यममा हिंसा, शोषण वा दुर्व्यवहारमा परेका बालबालिकासम्बन्धी सूचना वा समाचारमा वास्तविक नाम नदिने र तस्वीर नचिने गरी दिने अभ्यास बढ्दो क्रममा रहेको छ । बालबालिकाविरुद्ध भएका खासगरी यौनशोषण, दुर्व्यवहारलगायत बालबिज्याँईका घटनाहरूमा अदालती कारवाहीका क्रममा लिखतहरूमा बालबालिकाको वास्तविक नाम उल्लेख नगरी साङ्केतिक नाम उल्लेख गर्ने व्यवस्था सबैतिर कार्यान्वयनमा रहेको छ ।

परिच्छेद

४

# बालविकास

## ४.१ परिचय

यस परिच्छेदमा व्यक्ति, परिवार, समुदाय र समाजका विभिन्न पक्षहरूसँगको अन्तरक्रिया र सहयोगमा निर्भर हुने बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, ज्ञानात्मक, सामाजिक पक्षहरूको विकासकासंग सम्बन्धित बालबालिकाको शिक्षा (धारा २८ र २९), खेल तथा मनोरञ्जन (धारा ३१) जस्ता बालविकासमा सहयोग पुऱ्याउने विषयहरू समेटिएका छन् ।

## ४.२ प्रारम्भिक बालविकास

विश्व बैंकको एक अध्ययनअनुसार मानव मस्तिष्कको विकास गर्भावस्थामा २५ प्रतिशत र जन्मेदेखि ५ वर्षको उमेरसम्म ८० देखि ९० प्रतिशत भइसक्दछ। त्यसैले गर्भावस्थादेखि ५ वर्षको उमेरलाई प्रारम्भिक बालविकासको उमेर मानी बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकासमा सहयोग पुऱ्याउने कार्यमा नेपाल सरकार संवेदनशील रहेको देखिन्छ ।

नेपालको संविधान (२०७२), शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावलीलगायतका कानूनी व्यवस्थाहरूमा प्रारम्भिक बालविकासलाई स्थान दिइएको छ। यसैक्रममा प्रारम्भिक बालविकास निर्देशिका, २०६३ तथा सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५) मा बालविकासको सञ्चालन अझ व्यवस्थित गर्ने प्रयास उल्लेख भएको छ ।

प्रारम्भिक बालविकासलाई देशव्यापी बनाउने क्रममा आर्थिक वर्ष २०७१/७२ को शैक्षिक सत्रमा कूल ३५ हजार १ सय २१ प्रारम्भिक बालविकास केन्द्र रहेका थिए भने आर्थिक वर्ष २०७२/७३ को शैक्षिक सत्रमा समुदायमा आधारित बालविकास केन्द्र ३० हजार ४ सय ४८ र संस्थागत विद्यालयमा

आधारित बालविकास केन्द्र ५ हजार ५ सय ४३ गरी जम्मा ३५ हजार ९ सय ९१ वटा बालविकास केन्द्र सञ्चालनमा रहेको पाइन्छ । विगत वर्षहरूदेखि बालविकास केन्द्रको संख्या क्रमशः बढ्दै गएको पाइन्छ । तलको तालिकामा २०७२ सालको प्रारम्भिक बालविकास केन्द्रको तथ्याङ्कसहित तीन वर्षको संख्या दिइएको छ ।

**तालिका २९: प्रारम्भिक बाल विकास केन्द्र**

| | २०६९ | २०७० | २०७१ | २०७२ |
|---|---|---|---|---|
| सामुदायिक विद्यालय र समुदायमा आधारित | २९२७३ | २९५३५ | ३००३४ | ३०,४४८ |
| संस्थागत विद्यालयमा आधारित | ४९०१ | ५०८७ | ५०८७ | ५,५४३ |
| **जम्मा** | ३४१७४ | ३४६२२ | ३५१२१ | ३५,९९१ |

*स्रोतः शिक्षा विभाग, २०७३*

माथिको तालिकामा २०६९ साललाई आधार मान्दा २०७० मा १.३१, २०७१ मा १.४४ र २०७२ सालमा २.४८ प्रतिशतले बालविकास केन्द्रको क्रमशः बृद्धि भइरहेको देखिएबाट बालविकासमा सरकारले दिएको प्राथमिकता उल्लेखनीय मान्न सकिन्छ ।

शिक्षा विभागको तथ्याङ्क अनुसार प्रारम्भिक बाल विकासको भर्नादर ८१ प्रतिशत पुगेको छ जुन गत वर्ष ७७.७ प्रतिशत रहेको थियो । २०७१ सालमा ३५ हजार १ सय २१ बालविकास केन्द्रमा जम्मा १० लाख १४ हजार ३ सय ३९ बालबालिका (बालिका ४ लाख ८८ हजार ६ सय २८ र बालक ५ लाख २५ हजार ७ सय ११) भर्ना भएकोमा २०७२ सालमा ३५ हजार ९ सय ९१ बालविकास केन्द्रहरूमा जम्मा ९ लाख ७७ हजार ३ सय ६५ बालबालिका (बालिका ४ लाख ७० हजार ५ सय २० जना र बालक ५ लाख ६ हजार ८ सय ४५ जना) भर्ना भएको पाइएको छ । यसबाट अघिल्लो वर्षको तुलनामा २०७२ सालको शैक्षिक सत्रमा ३६ हजार ९ सय ७४ जना बालबालिका घटेको देखिन्छ । बालविकास केन्द्रको विस्तार र यसप्रतिको जनचासो बढ्दाबढ्दै पनि बालबालिकाको संख्या घट्न जानुले जनसंख्याको बृद्धिको घट्दो दरको प्रभावको सङ्केत अनुमान गर्न सकिन्छ ।

प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको संख्या र १ कक्षाका कूल विद्यार्थीमध्ये प्रारम्भिक बालविकासको अनुभव भएकाको प्रतिशत सबभन्दा बढी तराईमा देखिएको छ । जनसंख्याको हिसाबले यो अवस्था स्वभाविक नै हो ।

**तालिका ३०: प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको विवरण**

| भौगोलिक क्षेत्र | कक्षा १ मा नयाँ भर्ना संख्या | | | प्रारम्भिक बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना भएका कूल विद्यार्थीमा यसको प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका (%) | बालक (%) | जम्मा (%) |
| हिमाल | २१,३४९ | २१,०७५ | ४२,४२४ | ५५.९ | ५८.२ | ५७ |
| पहाड | ८२,७७५ | ८६,१४६ | १,६८,९२१ | ५७.६ | ५८.५ | ५८.१ |
| काठमाण्डौ उपत्यका | १४,९०४ | १६.०६१ | ३०,९६५ | ५८.६ | ६३.५ | ६१.१ |
| तराइ | १,४८,४३२ | १,४३,००२ | २,९१,४३४ | ६६.९ | ६५.९ | ६६.४ |
| **जम्मा** | २,६७,४६० | २,६६,२८४ | ५,३३,७४४ | ६२.३ | ६२.५ | ६२.४ |

*स्रोतः शिक्षा विभाग, २०७३*

प्रारम्भिक बालविकास केन्द्रबाट कक्षा १ मा आएका बालबालिका र कूल विद्यार्थीमा यसको प्रतिशत भने गत शैक्षिक सत्रमा ५९.६ प्रतिशत रहेकोमा यस शैक्षिक सत्रमा ६२.४ प्रतिशत अथवा २.८ प्रतिशतले बढेको देखिन्छ ।

शिक्षा विभागको गत शैक्षिक सत्र (२०७१/७२) अनुसार कक्षा १ मा भर्ना भएका कूल विद्यार्थी संख्या ९ लाख २२ हजार १ सय ४७ जना रहेकोमा यसपालीको शैक्षिक सत्रमा कूल १० लाख, ५३ हजार ८ सय २४ जना विद्यार्थी भर्ना भएको देखिएको छ । (विस्तृत विवरण अनुसुचि ९)

### ४.३ विद्यालयस्तरको शिक्षा

नेपाल सरकार बालअधिकारसम्बन्धी महासन्धिको धारा २८ र २९ अनुसार बालबालिकाको शिक्षा स्थिति सुधारमा प्रतिबद्ध रहेको छ । यसको परिणामस्वरूप सहस्राब्दी विकास लक्ष्य अनुसार प्राथमिक विद्यालय भर्ना र लैङ्गिक समानताको सूचकमा उल्लेखनीय प्रगति हासिल भएको छ ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकअन्तर्गत सुनिश्चित गरेको छ । सरकारी र गैरसरकारी क्षेत्रबाट गरिएको लगानी तथा व्यापक शैक्षिक चेतना जागरण कार्यक्रमको परिणामस्वरूप प्राथमिक शिक्षामा भर्नादर बढ्दै आएको छ । शिक्षा विभागको तथ्याङ्कअनुसार प्राथमिक विद्यालयमा खूद भर्नादर २०७१ सालमा ९६.२ प्रतिशत र २०७२ सालमा ९६.६ प्रतिशत पुगेको छ । निम्न माध्यमिकस्तरमा खूद भर्नादर ७७.७ प्रतिशत (गत वर्ष ७४.६) देखिन्छ भने माध्यमिक (कक्षा ९ र १०) स्तरमा ५८.६ (गत वर्ष ५६.१) प्रतिशत र उच्च माध्यमिकस्तरमा (कक्षा ११ र १२) मा १६.४ (गत वर्ष १३.१)

प्रतिशत देखिन्छ । यसबाट सामान्यतः प्राथमिकस्तरभन्दा माथि कक्षा बढ्दै जाँदा खूद भर्नादर भने क्रमशः कम हुँदै गएको देखिन्छ ।

विद्यार्थीको उही कक्षा दोहोऱ्याउने दरमा पनि क्रमिक रूपमा सुधार हुदै आएको देखिएको छ । २०७२ मा कक्षा १ र कक्षा ८ मा दोहोऱ्याउने दर क्रमशः १३.९ प्रतिशत र ३.९ प्रतिशत रहेको छ । शैक्षिक सत्र २०७१ मा यो दर क्रमशः १५.२ प्रतिशत र ४.५ प्रतिशत रहेको थियो ।

२०७२ सालमा देशभरमा प्राथमिकतहमा २१ लाख ६५ हजार ३ सय ८६ छात्रा र २० लाख ९९ हजार ५ सय ५६ छात्र गरी जम्मा ४२ लाख ६४ हजार ९ सय ४२ विद्यार्थी भर्ना भएको देखिन्छ भने २०७१ सालमा २२ लाख १ हजार ३ सय १३ छात्रा र २१ लाख ३४ हजार ४२ छात्र गरी जम्मा ४३ लाख ३५ हजार ३ सय ५५ विद्यार्थी भर्ना भएको थियो । यसबाट देशमा कूल जन्मदर क्रमशः घट्दै गएको परिणामस्वरूप प्राथमिकतहमा विद्यार्थी भर्नादरमा कमी आउन थालेको सङ्केत हुनसक्ने देखिन्छ । विद्यार्थी भर्नाको अनुपात हेर्ने हो भने निम्न माध्यमिक र आधारभूत तहमा पनि छात्राको संख्या छात्रको तुलनामा उच्च रहेको पाइन्छ । तलको तालिकामा आधारभूत तहसम्मको बालबालिकाको संख्या प्रस्तुत गरिएको छ ।

**तालिका ३१: शैक्षिकतहका आधारमा विद्यार्थी संख्या, २०७२**

| शैक्षिकतह/विद्यार्थी संख्या | छात्रा | छात्र | जम्मा | बालिका भर्ना प्रतिशत |
|---|---|---|---|---|
| प्राथमिक (१-५) | २१,६५,३८६ | २०,९९,५५६ | ४२,६४,९४२ | ५०.८ |
| निम्नमाध्यमिक (६-८) | ९,४४,८१६ | ९,१८,०५७ | १८,६२,८७३ | ५०.७ |
| आधारभूत (१-८) | ३१,१०,२०२ | ३०,१७,६१३ | ६१,२७,८१५ | ५०.८ |
| कक्षा ९ - १० | ४७८,१६८ | ४६०७२९ | ९३८,८९७ | ५०.९ |
| कक्षा ११ - १२ | २२८३५० | २२२४०३ | ४५०,७५३ | ५०.१० |
| कक्षा ९ - १२ | ७०६,५१८ | ६८३,१३२ | १,३८९,६५० | ५०.११ |
| **कक्षा १ – १२ सम्म** | ३,८१६,७२० | ३,७००,७४५ | ७,५१७,४६५ | ५०.१२ |

*स्रोतः शिक्षा विभाग, २०७३*

गत शैक्षिक सत्रमा माध्यमिकतहमा (कक्षा ९ र १०) विद्यार्थीको संख्या ९ लाख ५ सय ८५, उच्च माध्यमिकतहमा ४ लाख १६ हजार ९ सय ९५ र कक्षा ९-१२ को माध्यमिकस्तरमा १३ लाख १७ हजार ५ सय ८० थियो भने यो शैक्षिक सत्रमा (२०७२) माध्यमिकतहमा ९ लाख ३८ हजार ८ सय

९७, उच्च माध्यमिकतहमा ४ लाख ५० हजार ७ सय ५३ र माध्यमिकस्तर (कक्षा ९-१२) मा १३ लाख ८९ हजार ६ सय ५० रहेको देखिन्छ। यसबाट विद्यालयको माथिल्लो कक्षाहरूमा विद्यार्थी भर्ना संख्या बढ्दो क्रममा रहेको देखिन्छ। आर्थिक सर्वेक्षण २०७२/७३ अनुसार शैक्षिक सत्र २०७२ मा कक्षा ११ र १२ मा अध्ययन गर्ने नियमित विद्यार्थी संख्या शैक्षिक सत्र २०७१ को तुलनामा करिब २ प्रतिशतले घटेको देखिएको छ।

लैङ्गिक समानता सूचि यो शैक्षिक सत्रमा प्राथमिकस्तरमा ०.९९, निम्न माध्यमिकस्तरमा १.०३, माध्यमिकस्तरमा ०.९८ र उच्च माध्यमिकस्तरमा १.०३ रहेको छ भने गत शैक्षिक सत्रमा निम्न माध्यमिकस्तरमा १.०२ रहेको थियो बाँकी अरु सूचि समान रहेको देखिन्छ। यसबाट विद्यालय शिक्षामा लैङ्गिक समानताको दृष्टिकोणबाट बालक र बालिका दुवैले करिब समान अवसर पाएको देखिन्छ। तहगत विद्यार्थीको कूल भर्नादर र खूद भर्नादर र लैङ्गिक समता सूचक तलको तालिकामा प्रस्तुत गरिएको छ।


**तालिका ३२: तहगत विद्यार्थी भर्नादर (कूल र खूद भर्नादर तथा लैङ्गिक समानता सूचक) विवरण**

| विद्यालय तह | कुल भर्नादर | | | खुद भर्नादर | | | लैङ्गिक समता सूचक |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| प्राथमिक तह (१-५) | १४०.८ | १३०.२ | १३५.४ | ९६.३ | ९६.९ | ९६.६ | १.०३ |
| निम्नमाध्यमिक तह (६-८) | ९७.४ | ९३.४ | ९५.४ | ७८.९ | ७६.५ | ७७.७ | १.०३ |
| आधारभूत तह (१-८) | १२४.१ | ११६.३ | १२०.१ | ८९.६ | ८९.२ | ८९.४ | १.०३ |
| माध्यमिक तह (९-१०) | ७४.७ | ७५.५ | ७५.१ | ५७.३ | ५८.६ | ५७.९ | १.०४ |
| उच्चमाध्यमिक तह (११-१२) | ३७.६ | ३७.६ | ३७.६ | १६.९ | १६.४ | १६.६ | ०.९ |
| माध्यमिक तह (१-१२) | ५६.६ | ५६.८ | ५६.७ | ३७.६ | ३७.८ | ३७.७ | १.०३ |

*स्रोतः आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, २०७२/७३*

विद्यालयतहको (कक्षा १-१२) समग्र भर्ना संख्यामा छात्रको भन्दा छात्राको संख्या बढी हुनुले छोरा र छोरीबीच अब शिक्षामा बिभेद समाप्त भएको देखिन्छ। उच्चमाध्यमिक तह (कक्षा ११-१२) मा मात्र लैङ्गिक समता सूचक ०.९ रहेको छ (विस्तृत विवरण अनुसूचि १०)।

**ग्राफ ४: कक्षागत विद्यार्थी भर्ना संख्या**




शिक्षा विभागको सूचनाको आधारमा प्राथमिकस्तरमा कक्षा १ मा भर्ना भइ कक्षा ५ सम्म पुग्ने बालबालिकाको प्रतिशत ८७.५ (बालक ८७.१ र बालिका ८७.९) तथा कक्षा ८ सम्म पुग्नेको प्रतिशत ७६.६ (बालक ७५.९ र बालिका ७७.४) देखिन्छ । यो दर गत शैक्षिक सत्रमा क्रमशः ८६.८ र ७४.६ प्रतिशत रहेको थियो ।

शिक्षामा पहुँचको बृद्धि सन्तोषजनक हुँदै गएको देखिएता पनि शिक्षाको गुणस्तर कायम गर्न भने चुनौतीपूर्ण रहेको छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रका अनुसार कक्षा ३ मा नेपाली विषयको विद्यार्थी सिकाई उपलब्धि राष्ट्रिय औसत सन् २०१२ मा ६३ प्रतिशत रहेकोमा सन् २०१५ मा ५२ मा झरेको छ भने गणितमा क्रमशः ६० बाट ४५ मा झरेको छ। यसैगरी कक्षा ५ को नेपालीमा सिकाई उपलब्धि सन् २०१२ मा ६० रहेकोमा २०१५ मा ४६, गणितमा क्रमशः ५३ र ४८ तथा अंग्रेजीमा ५४ र ४७ हुन आउनुले शिक्षाको गुणस्तर खस्कँदै गएको देखिन्छ। संस्थागतभन्दा सामुदायिक विद्यालयमा र शहरी क्षेत्रका भन्दा ग्रामीण क्षेत्रका विद्यालयमा सिकाई उपलब्धि तुलनात्मक रूपमा कमी रहको देखिन्छ।

**विद्यार्थी भर्ना तथा टिकाउका लागि अपनाइएका रणनीतिहरू**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता तथा शैक्षिक पुर्नसंरचनाको लागि शिक्षा ऐन आठौं संशोधन गरी कानूनी प्रावधान ल्याईएको ।
- कक्षा ८ सम्म निःशुल्क शिक्षाको व्यवस्था तथा आधारभूत तहसम्म अध्ययनरत सम्पूर्ण छात्राहरूको लागि छात्रवृत्तिको व्यवस्था गरिएको ।
- आवासीय छात्रवृत्ति बढाइएको र पाँचै विकास क्षेत्रमा एक-एक नमूना आवासीय विद्यालयको लागि पाँच जिल्लाहरू छनौट गरिएको (पूर्वाञ्चल सिराहा, मध्यमाञ्चल रौतहट, पश्चिमाञ्चल कपिलवस्तु, मध्येपश्चिमाञ्चल बाँके र सुदुर पश्चिमाञ्चल कैलाली) ।

- मुक्त कम्लहरीहरूका लागि नियमित छात्रवृत्ति तथा आवासीय छात्रवास सुविधामा वृद्धि गरिएको, सीमान्तकृत वर्ग र लक्षित समुदाय तथा कर्णाली अञ्चलका बालबालिकाको लागि कक्षा १२ सम्म निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरिएको ।
- अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन निर्देशिका २०७१, विद्यालय बाहिर रहेका बालबालिकाको लागि रणनीतिक योजना २०७०, विद्यालय शिक्षाको लागि समता रणनीति २०७१, गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७, विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा तथा कार्यान्वयन निर्देशिका २०६८ लागू गरिएको ।
- निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा निर्देशिका, २०७२ र विद्यालय क्षेत्र विकास कार्यक्रम (सन् २०१६-२२) लागू गरिएको ।

### ४.४ अनिवार्य र निःशुल्क शिक्षा

नेपाल सरकारले शिक्षा ऐन, २०२८ (आठौं संशोधन ऐन, २०७३) को दफा १६ (घ) १ मा निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन नपाउने व्यवस्था गरको छ भने दफा १६ घ (१) ख मा सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि नेपाल सरकारले स्रोतको व्यवस्था गर्नेछ भन्ने प्रावधान रहेको छ ।

निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनको लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा निर्देशिका, २०७२, तर्जुमा गरिएको छ । २१ जिल्लामा निशुल्क अनिवार्य शिक्षा कार्यक्रम लागू गरिएको छ । आर्थिक वर्ष २०७२/७३ मा निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा लागू गरिएका पाँचथर, कास्की, मुस्ताङ, धनकुटा, सप्तरी, सिरहा, ललितपुर, भक्तपुर, पर्सा, रूपन्देही, स्याङ्जा, मनाङ, डोल्पा, हुम्ला, बर्दिया, सुर्खेत, जाजरकोट, डोटी, बैतडी, डडेल्धुरा र कञ्चनपुर जिल्लामा १ सय ३० वैकल्पिक सिकाई केन्द्र स्थापना भएका छन् ।

आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यको बुँदा नं २०५ मा आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क बनाइएको बताइएको छ । बुँदा नं २०९ मा तराईका जिल्लाहरूमा विद्यालय बाहिर रहेका किशोरकिशोरीको पहिचान गरी विद्यालय भर्ना र निरन्तरताका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिएको छ । साथै बुँदा नं १७३ मा कर्णालीलगायत छरिएको बस्ती भएका हिमाली र उच्च पहाडी क्षेत्रहरूमा आवासीय विद्यालयहरू विस्तार गरिने कार्यक्रम रहेको उल्लेख गरिएको छ ।

### ४.५ एस.एल.सी. परीक्षाको स्थिति

२०७१ सालको एस.एल.सी. परीक्षामा जम्मा ४ लाख ५ हजार ३ सय ३८ जना विद्यार्थी सामेल भएकोमा १ लाख ९२ हजार २ सय ६७ जना (४७.४३ प्रतिशत) उतीर्ण भएका थिए भने एक्जेम्प्टेटतर्फबाट १८ हजार ७ सय ७८ जना (१३.८ प्रतिशत) मात्र उतीर्ण भएका थिए । सामुदायिक विद्यालयबाट एस.एल.सी. परीक्षामा सम्मिलित हुने विद्यार्थी प्रत्येक वर्ष करिब एक प्रतिशत घट्दै गएको र संस्थागत विद्यालयमा करिब एक प्रतिशतले बढ्दै गएको देखिएको थियो ।

२०७२ सालदेखि एस.एल.सी.को परीक्षाफल ग्रेडका आधारमा प्रकाशित गर्न थालिएको छ । नयाँ व्यवस्थाअनुसार कुनै पनि विद्यार्थीलाई अनुत्तीर्ण घोषणा नगरिने व्यवस्था गरिएको छ। २०७२ सालको एस. एल. सी. परीक्षामा जम्मा ४ लाख ५६ हजार १ सय ३६ जना विद्यार्थीले परीक्षा फाराम भरे पनि ४ लाख ३७ हजार ३ सय २६ जना विद्यार्थी परीक्षामा सामेल भएका थिए । यो वर्षको परीक्षाफल ग्रेड प्रणालीमा आधारित भएकोले गत वर्षहरू भैंं परीक्षाको उतीर्ण नतिजालाई विश्लेषण गर्न सकिएन । प्रकाशित परीक्षाफल देहायानुसार प्रस्तुत गरिएको छ ।

**ग्राफ ५: २०७२ सालको एस.एल.सी. परीक्षाको नतिजा**




*स्रोतः परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर, २०७३*

उपर्युक्त ग्राफबाट सबभन्दा बढी १ लाख ४ हजार २ सय ७८ जना विद्यार्थी जिपिए १.६ देखि २.० सम्मको स्तरमा रहेको देखिन्छ । यो स्तरभन्दा माथि प्रत्येक स्तरमा विद्यार्थी संख्या क्रमशः कम हुँदै गएको देखिन्छ । २०७२ सालको एक्जेम्टेड परीक्षामा जम्मा १ लाख ५० हजार ८ सय २६ विद्यार्थी सहभागी भएकोमा नियमिततर्फको जस्तै सबभन्दा बढी ७५ हजार ३ सय ४० जना विद्यार्थी जिपिए १.६ देखि २.० सम्मको स्तरमा रहेका छन् भने सोभन्दा माथिको स्तरमा विद्यार्थी संख्या क्रमशः कम हुँदै गएको छ (विस्तृत विवरण अनुसूचि ११ क र ख)।

विद्यालयस्तरको शिक्षाको गुणस्तरमा प्रभाव पार्ने विविध पक्षहरूको स्थिति विश्लेषण गरी विद्यालयस्तरीय शिक्षाको अन्तिम परीक्षाका रूपमा रहेको एस.एल.सी.को नतिजा सुधार गर्ने उपायहरू प्रभावकारी रूपमा लागू गर्नुपर्ने देखिन्छ ।

## ४.६ विद्यालयको संख्या

शिक्षा मन्त्रालयको प्रतिवेदन अनुसार शैक्षिक सत्र २०७१ मा कूल विद्यालय संख्या ३४ हजार ८ सय ६ रहेकोमा शैक्षिक सत्र २०७२ मा सो संख्या ३४ हजार ८ सय ३७ पुगेको छ । जुन भौगोलिक क्षेत्र अनुसार हिमाल, पहाड, काठमाण्डौ उपत्यका र तराईमा क्रमशः १२.११ प्रतिशत, ५०.४३ प्रतिशत, ६.३१ प्रतिशत र ३१.१२ प्रतिशत रहेको छ । शैक्षिक सत्र २०७२ मा बन्द भएका वा गाभिएका विद्यालयहरूको संख्या जम्मा १ सय ४८ रहेको छ । पाँचै विकास क्षेत्रमा रहेका सरकारी, सामुदायिक र निजीस्तरमा सञ्चालन भइरहेका विद्यालयको संख्या तलको तालिकामा दिइएको छ ।

**तालिका ३३: विभिन्न प्रकारका विद्यालयहरूको क्षेत्रगत संख्या**

| विकास क्षेत्र | सरकारीस्तर | | | समुदायस्तर | | | निजिस्तर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्राथमिक | निमावि | मावि | प्राथमिक | निमावि | मावि | प्राथमिक | निमावि | मावि |
| पूर्वाञ्चल | ५५७८ | १५७७ | ७९५ | ८२० | ८५० | ४६९ | १०७० | ६८१ | ४४९ |
| मध्यमाञ्चल | ६७४३ | २१०५ | ११५५ | ९५१ | ९०८ | ५६६ | २१४७ | १७२९ | १४१८ |
| पश्चिमाञ्चल | ५८६७ | १५८९ | ९७४ | ४६३ | ८०५ | ४७८ | १२६१ | ९१३ | ६४४ |
| मध्येपश्चिमाञ्चल | ३८३० | ९८१ | ४८७ | १०६६ | ८७२ | ४०७ | ५८५ | ३२१ | २०० |
| सुदुरपश्चिमाञ्चल | २६६९ | ८३० | ३९१ | ८६१ | ६९८ | ४०६ | ४५१ | २३२ | १२९ |
| जम्मा | २४६८७ | ७०८२ | ३८०२ | ४१६१ | ४१३३ | २३२६ | ५५१४ | ३८७६ | २८४० |

*स्रोतः शिक्षा विभाग, फ्लास १ प्रतिवेदन, २०७२*

विकास क्षेत्र अनुसार र सञ्चालनको किसिम अनुसार विद्यालयको संख्या हरेक तहमा मध्यमाञ्चलमा सबभन्दा बढी रहेका छन् भने सबभन्दा कम सुदूरपश्चिमाञ्चलमा रहेका छन् । जनसंख्याको हिसाबले यो स्वभाविक देखिन्छ । देशको जनसंख्यामा घट्दो जन्मदर र २०७२ सालमा कक्षा १ मा एकै वर्ष अघिल्लो वर्षको तुलनामा ३ लाख ८८ हजार ४ सय ३ जनाले कमी आएको तथ्याङ्क देखिनुलाई आउँदा वर्षहरूमा विद्यालयको संख्या र कक्षा कोठाको संख्यामा विद्यार्थीको कमी हुने सङ्केतका रूपमा बुझ्न सकिन्छ ।

देशभित्र विभिन्न परम्परागत वा धार्मिक विद्यालयहरू (मदरसा, गुम्बा/विहार, आश्रम/गुरुकुल) समेत सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०७१ मा यो संख्या ८ सय ७५ रहेको थियो । शैक्षिक सत्र २०७२ मा यस्ता विद्यालयको संख्या ९ सय ३० पुगेको छ ।

**तालिका ३४: धार्मिक विद्यालयहरूको संख्या**

| धार्मिक विद्यालय | तहगत विद्यालय | | | | |
|---|---|---|---|---|---|
| | प्राथमिक | निम्नमाध्यमिक | माध्यमिक | उच्च माध्यमिक | जम्मा |
| मदरसा | ७६४ | २७ | १४ | ४ | ७६५ |
| गुम्बा र बिहार | ८० | ८ | १ | ० | ८२ |
| आश्रम र गुरुकुल | ६८ | २३ | ८ | २ | ८३ |
| जम्मा | ९१२ | ५८ | २३ | ६ | ९३० |

*स्रोतः शिक्षा विभाग, फ्लास १ प्रतिवेदन, २०७२*

कूल ९ सय ३० विद्यालयहरूमानै विभिन्न तहगत विद्यालयहरू समावेश भएकाले माथिको तालिकामा जम्मा योगफल फरक देखिन्छ। धार्मिक विद्यालयहरूमध्ये मदरसामा गत वर्षभन्दा ३०, गुम्बा र बिहारमा ६ र आश्रम तथा गुरुकुलमा १५ गरी ५१ विद्यालय थपिएका छन् । यस वर्ष धार्मिक शिक्षालयहरूको संख्या तुलनात्मक रूपमा मदरसामा अधिक रूपमा बढेको देखिन्छ ।

२०७२ बैशाख १२ गतेको भूकम्पबाट जम्मा ९ हजार ३ सय ५३ विद्यालयका २२ हजार ४ सय १ कक्षा कोठामा पूर्णरूपमा क्षति पुगेको थियो । त्यस्तै, १४ हजार २४ कक्षा कोठा आंशिक रूपमा र १८ हजार ९ सय ४२ वटा कक्षा कोठामा सामान्य रूपमा क्षतिग्रस्त भएका थिए। साथै, ३ हजार ७ सय ७३ विद्यालयको शौचालय, १ हजार ४ सय ५९ विद्यालयका पर्खाल र १ हजार ५ सय ६८ विद्यालयको खानेपानी प्रणालीमा क्षति पुगेको थियो । ५४ जना शिक्षक र ७ सय २० जना विद्यार्थीले ज्यान गुमाएका थिए । भौतिक क्षतिको पुनर्निर्माण कार्य शुरु भैसकेको देखिएको छ। आर्थिक सर्वेक्षण २०७२/०७३ अनुसार भूकम्पबाट बढी प्रभावित जिल्लाहरूमा कार्यक्रम कार्यान्वयन एकाईमार्फत ३ सय २ विद्यालय निर्माण कार्य शुरु भएको छ भने गैर सरकारी क्षेत्रबाट ६ सय ५२ विद्यालयका ३ हजार ८ सय ६७ कक्षाकोठा निर्माणकार्य प्रारम्भ भएको छ ।

### ४.७ बालबालिकाको लागि मनोरञ्जन, खेल र साँस्कृतिक क्रियाकलाप

नेपालभरका विद्यालयहरूमा मनोरञ्जन, खेल र साँस्कृतिक क्रियाकलापका कार्यक्रमहरू हुने गरेका छन् । विद्यार्थीहरूको शारीरिक तथा मानसिक विकासका लागि विभिन्न खेल, साँस्कृतिक तथा प्राज्ञिक

विषयबस्तु तथा क्रियाकलापहरू सञ्चालन गर्ने गरिएको छ । यस्ता क्रियाकलापमा वक्तृत्वकला, चित्रकला, हिज्जे, हाजिरीजवाफ, नाचगान, खेलकुदजस्ता विविध प्रतियोगिता हुने गरेको छ । नेपालले १९ वर्ष मुनिका बालबालिकाको फुटबल र क्रिकेटमा उत्साहजनक सहभागिता जनाएको पाइन्छ ।

यस वर्ष बालबालिकाको खेल्न पाउने र मनोरञ्जन लिन पाउने अधिकारलाई प्राथमिकता दिँदै राष्ट्रिय बालदिवसको अवसरमा केन्द्रीय बालकल्याण समिति, कन्सोर्टियम नेपाल र स्पोर्टस् एकेडेमिक अफ नेपालको संयुक्त आयोजनामा उपत्यकाका विद्यालयका कक्षा १० सम्म अध्ययनरत विद्यार्थीबीच एक दिवसीय क्रिकेट प्रतियोगिता सम्पन्न गरिएको थियो ।

२०७३ माघ ८ देखि १० गतेसम्म अन्तराष्ट्रिय क्रिकेट परिषद (आई. सी. सी) द्वारा बङ्गलादेशमा आयोजित १९ वर्षमुनीका उमेर समूहबीचको एक दिवसीय प्रतियोगितामा नेपालले समेत सहभागिता जनाएको थियो । त्यसैगरी भलिबल, फुटबल, कराँते, जुडो, पौडीलगायतका अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा समेत पनि १८ वर्ष उमेरसम्मका नेपाली बालबालिकाको उल्लेखनीय सहभागिता हुनुका साथै गौरव गर्न लायकका पदक र स्थानहरू हासिल गरिरहेका छन् ।

बालबालिकाको मनोरञ्जन समेतका लागि प्रायः सबै टेलिभिजन, एफ.एम लगायतका सञ्चार माध्यमले बालकेन्द्रित विशेषः कार्यक्रम सञ्चालन गर्ने गरेका छन् ।

परिच्छेद

५

# बालसहभागिता

## ५.१. परिचय

बालबालिकासँग सरोकार राख्ने विषय तथा विकास प्रक्रिया र सुशासनका विभिन्न तहमा उमेर र क्षमताको आधारमा बालबालिकाले बालमैत्री ढङ्गमा जानकारी पाउनु, आफ्ना कुरा राख्न पाउनु र सोलाई उचित मान्यता दिई अर्थपूर्ण रूपमा सहभागी हुन पाउने अधिकार बालसहभागिता हो । बालसहभागिता बालबालिकाको आधारभूत अधिकार हो । विगत केही वर्षहरूदेखि राष्ट्रिय विकास योजना र बालबालिका सम्बन्धित राष्ट्रिय कार्ययोजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता र विचार समायोजनका विषयलाई प्रोत्साहन दिएको पाइन्छ । विद्यालय वा समुदायमा आधारित बालक्लबहरू मार्फत बालबालिका विभिन्न गतिविधिमा सहभागी हुने गरेका छन् । बालबालिकाका यस्ता संस्थाहरूलाई कानूनी मान्यता दिन सर्वोच्च अदालतले सरकारका नाममा आदेशसमेत दिइसकेको छ। बालअधिकारसम्बन्धी महासन्धिका प्रावधानहरूमध्ये बालअधिकारको संरक्षण (धारा ४), बालबालिकाको विचारको सम्मान (धारा १२), अभिव्यक्तिको स्वतन्त्रता (धारा १३), विचार तथा धर्मको स्वतन्त्रता (धारा १४), संगठित हुने स्वतन्त्रता (धारा १५), गोपनीयताको हक (धारा १६), सूचनामा पहुँच (धारा १७) आदि बालसहभागितासँग सम्बन्धित छन् ।

## ५.२ बालबालिकाको बिचार र अभिव्यक्ति स्वतन्त्रताको स्थिति

नेपालको संविधान, २०७२ को धारा ३९(३) मा बालबालिकाको सहभागिताको हक सुनिश्चित गरेको छ । यस अतिरिक्त मौलिक हक अन्तर्गतका अन्य अधिकारहरू नागरिक सबैको हकमा लागुहुने हुँदा विचार र अभिव्यक्तिको स्वत्रन्तता तथा संघसंस्था खोल्ने स्वतन्त्रताका हकहरू बालबालिकाको लागि पनि

आकर्षित हुन्छन् । बालअधिकारसम्बन्धी महासन्धिको अनुमोदनपश्चात् नेपालमा योजना, नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा बालसहभागिता उल्लेख्य रूपमा बृद्धि भइरहेको पाइन्छ । तर बालसहभागिताको नाममा केही क्षेत्रमा बालबालिकाको दुरूपयोग भएका घटनाहरू पनि रहेका छन् । कतिपय राजनैतिक स्वार्थ प्रेरित तथा विभिन्न समूहका स्वार्थसिद्धिका लागि बालबालिकाको विकास, संरक्षण लगायतमा जोखिम सिर्जना हुनेगरी बालबालिकाको दुरूपयोग गरिएका घटनाहरू प्रकाशमा आएका छन् । उदाहरणका लागि २०७२ साउन ३० गते जुम्लामा अखण्ड कर्णालीको माग गर्दै आयोजना गरिएको प्रदर्शनमा बालबालिकालाई अर्धनग्न अवस्थामा प्रयोग गरिएको थियो ।



जुलुसमा बालबालिका

अखण्ड कर्णाली आन्दोलनक्रममा शनिबार जुम्ला सदरमुकाममा निकालिएको बालबालिकाको जुलुस ।

डिकी बुढा

जुम्ला साउन ३०

अखण्ड कर्णाली माग्दै जारी प्रदर्शनक्रममा आन्दोलनकारीले शनिबार जुम्लामा बालबालिकाको जुलुस निकालेका छन् ।

शरीरको माथिल्लो भागमा केही नलगाई आँखामा कालो पट्टी लगाएर ३ देखि ७ वर्षसम्मका बालबालिकालाई सडकमा उतारिएको थियो । हाम्रो भविष्य अन्धकार छ, सुप चाहिँदैन, कर्णाली बेच्न पाइँदैनलगायत नारा लेखिएका प्लेकार्डसमेत उनीहरूलाई बोकाइएको थियो ।

बालअधिकार महासन्धिविपरीत बालबालिकालाई जुलुसमा प्रदर्शन गरिएको भन्दै आन्दोलनकारीको आलोचना भएको छ । प्रमुख जिल्ला अधिकारी दिपेन्द्रराज पौडेलले बालबालिकालाई आन्दोलनमा उतारेर गलत गरेको बताए । 'आन्दोलनमा बालबालिकाको प्रयोग गर्नु ...

एफएम रेडियो प्रसारणको क्षेत्रमा नेपालले विश्वमै उदाहरण प्रस्तुत गरेको छ । सूचना तथा सञ्चार मन्त्रालयका अनुसार नेपालमा निजी क्षेत्रबाट देशका पचहत्तरै जिल्लामा दर्ता गरिएका एफएम रेडियोको संख्या झण्डै ९ सय पुगिसकेको छ । तीमध्ये हालसम्म सञ्चालनमा रहेका एफएम रेडियोहरूको संख्या पनि ५ सय ४० रहेको छ । सामुदायिक रेडियो सहयोग केन्द्र, नेपाल वातावरण पत्रकार समूहको अनुमान अनुसार दैनिक अधिकतम २४ घण्टासम्म सञ्चालन भइरहेका यी एफएमहरूको सरदर दैनिक प्रसारण अवधि १४ घण्टा रहेको छ । एफएम रेडियो स्टेसनहरूमा प्रतिदिन सरदर १५ मिनेट बालबालिकाका लागि छुट्ट्याइने गरेको अनुमान छ । यसरी प्रतिदिन कूल ७ हजार ५ सय ६० घण्टा प्रसारण हुने एफएमहरूमा ८१ घण्टा बालबालिकालाई छुट्ट्याएको अनुमान गर्न सकिन्छ । यसरी एफएम रेडियोहरूले प्रतिदिनको कूल प्रसारण अवधिको १.०७ प्रतिशत समय बालबालिका निम्ति छुट्ट्याएको देखिन्छ । तर बालबालिकाका निम्ति छुट्ट्याइएको समय बालबालिकाको सहभागिता वा उनीहरूलाई सूचना दिने सवालमा कतिसम्म प्रभावकारी छन् भन्ने विषयमा भने अध्ययन भएको पाइँदैन । यसैगरी कतिपय टेलिभिजन प्रशारणमा पनि केही समय बालबालिकासम्बन्धी तथा बालबालिकाको सहभागितामा कार्यक्रमहरू प्रशारण गर्ने गरेको पाइन्छ ।

नेपालका ठूला आकारका राष्ट्रिय दैनिक अखबारहरूले केही बालकेन्द्रित सामग्री प्रकाशित गर्दै बालबालिकाका रचनाहरूलाई पनि स्थान दिने गरेको पाइन्छ । उदाहरणका लागि कान्तिपुर दैनिकले

प्रत्येक आइतबार कोपिला नामक अतिरिक्त पृष्ठ प्रकाशन गर्दै आएको छ भने अन्नपूर्ण पोस्टले आइतबार अंकुर, नागरिक दैनिकले शनिबार जुनकिरी शीर्षकको विशेष पृष्ठ र गोरखापत्रले हरेक शनिबारको अंकमा बालरचनालाई स्थान दिनुका साथै मुना मासिक पत्रिका प्रकाशन गर्दै आएको छ। यस अतिरिक्त नेपालका चर्चित प्रकाशन गृहहरूले बालबालिकाको विकाससँग सम्बन्धित पुस्तकहरू प्रकाशन गर्दै आइरहेका छन्। त्यसैगरी बालबालिका लक्षित गरी केही मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रकाशनहरू पनि हुँदै आएका छन्।

**५.३ बालक्लब**

खासगरी संयुक्त राष्ट्रसंघको बालअधिकार महासन्धिमा नेपालले अनुमोदन गरेपछि र विकासका साझेदार संस्थाहरूले विद्यालयस्तरमा बालक्लव स्थापना र क्रियाशिल गर्न थालेपछि बालक्लबमा बालबालिकाको सहभागिता र बालअधिकारको सवालमा बालबालिका स्वयम् सचेत तथा सक्रिय हुने क्रम बढ्दै आएको छ। बालबालिकाको सङ्गठित हुने अधिकारलाई स्थापित गर्ने क्रममा जिल्ला प्रशासन कार्यालय, नवलपरासीले जागृति बालक्लब दर्ता नगरिदिएपछि सो सम्बन्धमा परेको रिटमा सर्वोच्च अदालतबाट २०५८ साउन २५ गते उत्प्रेषणयुक्त परमादेश जारी गरी बालबालिकाको सङ्गठित हुन पाउने अधिकारलाई मान्यता दिइएको पाइन्छ। बालक्लब व्यवस्थित गर्न केन्द्रीय बालकल्याण समितिले बालसहभागिता निर्देशिका, २०६२ जारी गरेको छ भने जिल्ला बालकल्याण समितिहरूले बालक्लबहरूलाई आबद्धता दिने गरेका छन्।

उपलव्ध जानकारी अनुसार हालसम्म ७५ वटै जिल्लामा २२ हजार ६ सय २८ बालक्लबहरू सञ्चालनमा रहेको पाइन्छ। बालक्लबहरू विद्यालय र समुदाय दुवैमा आधारित रहेका छन् भने जिल्ला बालकल्याण समिति वा जिल्ला विकास समिति वा दुवैमा आबद्ध हुने गरेको पाइएको छ। विद्यालयमा सञ्चालनमा रहेका कतिपय बालक्लब जिल्ला बालकल्याण समिति वा जिल्ला विकास समितिमा आबद्ध नभएका पनि हुन सक्छन्। यी बालक्लबहरूमा २ लाख ६ हजार ४९ बालिका र २ लाख ३१ हजार ७ सय १० बालक गरी जम्मा ४ लाख ३४ हजार ५ सय ४९ जना बालबालिका संलग्न रहेको पाइएको छ (बिस्तृत विवरण अनुसूचि १२)। बालक्लबमा सहभागी भै बालबालिकाले बालअधिकार र संरक्षण लगायतका समसामयिक विषयहरूमा सिक्ने र आफ्नो विचार अभिब्यक्त गर्ने अवसर पाएका छन्।

गाउँ-गाउँमा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बालअधिकारसम्बन्धी चेतनामूलक कार्यहरू गरिरहेका छन्। बालक्लबहरूले सञ्चालन गरेका कार्यक्रममा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण कार्यक्रम

(४) बालसहभागिता अभिवृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निःशुल्क शिक्षा प्रचारात्मक र प्रवर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतना शिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मूलनसम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन् ।

### ५.४ बालमैत्री स्थानीय शासन/बालमैत्री गाँउ विकास समिति

केन्द्रीय बालकल्याण समितिले बालमैत्री गा.वि.स. स्थापना अभियान २०६४ सालबाट प्रारम्भ गरी केन्द्रीय तहदेखि जिल्ला बालकल्याण समिति र गाउँ बालसंरक्षण समितिलाई समेत प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ । बालबालिका समेतको सहभागितामा बालमैत्री गाँउ विकास समिति निर्माण गर्ने सूचाङ्कहरूको विकास गरी कार्य प्रारम्भ गरिएको हो ।

केन्द्रीय बालकल्याण समितिले बालमैत्री गा.वि.स.स्थापना गर्ने अभियानमा विभिन्न समस्या तथा चुनौतीहरू पार गरी केही महत्वपूर्ण प्रगतिहरू हासिल गरेको छ । समितिले परियोजनाका रूपमा सञ्चालन गरेको बालमैत्री गा.वि.स.को अवधारणाले केही वर्षपश्चात् २०६८ सालमा बालमैत्री स्थानीय शासन रणनीतिका रूपमा मूलप्रवाहीकरण भई व्यापक रूप लिएको छ । समितिबाट बालमैत्री गा.वि.स.घोषणा गर्ने क्रम पछिल्लो चरणमा बालमैत्री स्थानीय शासन अनुरूप हुनेगरी समायोजन गर्दै लगिएको छ । केन्द्रीय बालकल्याण समितिले कार्य प्रारम्भ गरेको मोरङ्ग जिल्लाको तेतरिया गा.वि.स.बालमैत्री गा.वि.स. घोषणा भैसकेको छ । यसैगरी मकवानपुर, कञ्चनपुर, बाँके र रौतहट जिल्लाको क्रमशः फाखेल, दोधारा, परसपुर र गेडहीगुठी गा.वि.स.लाई बालमैत्री गा.वि.स.को रूपमा घोषणा गर्नका लागि हालसम्म ती गा.वि.स.हरूमा भएका गतिविधी र प्रयासहरूको समीक्षा गर्दै ३ वर्षभित्र घोषणा गर्ने रणनैतिक योजना समेत निर्माण गरिएको छ । पर्वतको चित्रे गा.वि.स. पनि घोषणाको नजिक पुगेको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा लागू गरिएको बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति र कार्यविधि २०६८ र केन्द्रीय बालकल्याण समितिको बालमैत्री गा.वि.स. स्थापना अभियान कार्यक्रमका सूचकहरूलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नेतृत्वमा समिति गठन गरी समायोजन गरिएको छ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलका अनुसार २०७३ जेठको मध्यसम्म २९८ गा.वि.स., ७७ नगरपालिका र ४१ जिल्ला विकास समितिले बालमैत्री स्थानीय शासन आवलम्वन गरिसकेका छन् । त्यसैगरी १२ गा.वि.स., २० नगरपालिका र १३ जिल्ला विकास समितिले बालमैत्री स्थानीय शासनको कार्ययोजना समेत तय गरिसकेका छन् ।

बालमैत्री स्थानीय शासनको कार्यान्वयनपश्चात उल्लेख्य मात्रामा स्थानीय तहमा योजना तर्जुमा देखिनै बालबालिकाको सहभागिता हुने क्रम बढ्दै गएको छ । बालमैत्री स्थानीय शासनसम्बन्धी समुदायस्तरीय समितिदेखि जिल्लास्तरीय समितिसम्म बालक र बालिका गरी दुइ जना बालप्रतिनिधि रहने नीतिगत व्यवस्थाले राज्य निर्मित संरचनाहरूमा बालबालिकाको सहभागिता संस्थागत हुँदै गएको छ । यसैगरी स्थानीय शासनको एक अंगका रूपमा रहने वडा नागरिक मञ्चमा पनि बालबालिकाको प्रत्यक्ष सहभागिता रहने गरेको छ । यस अतिरिक्त विद्यालय व्यवस्थापन समितिहरूमा पनि बालबालिकाको प्रतिनिधित्व गराउने क्रम बढ्दै गएको छ। स्थानीय निकायका वार्षिक परिषद्हरूमा पनि बालबालिकाको प्रतिनिधित्वलाई स्थान दिइने प्रचलन बढ्दै गएको छ। बालमैत्री स्थानीय शासन अवलम्बन गरिएका स्थानीय निकायमा योजना तर्जुमा पूर्व बालभेला गरी बालबालिकाका विचार र भावनाहरू संकलन गर्ने र सोलाई सम्बोधन गर्ने क्रम क्रमिक रूपमा बढिरहेको पाइन्छ ।

परिच्छेद

६

# निष्कर्ष

बालअधिकारको सन्दर्भमा नीतिगत सुनिश्चितताका लागि आर्थिक वर्ष २०७२/७३ अत्यन्त महत्वपूर्ण रहन गएको छ । बालबालिकाको सर्वोत्तम हितलाई प्रत्याभूत गर्ने गरी बालअधिकारका आधारभूत पक्षहरूलाई समेटेर नेपालको संविधान (२०७२) जारी हुनु सबैका लागि गर्वको विषय बनेको छ। यसैगरी बालबालिकासम्बन्धी नयाँ ऐनको मस्यौदामाथि सरोकारवालाहरूबीच व्यापक छलफल जारी रह्यो भने बालश्रम (निषेध र नियमित गर्ने) ऐनको संशोधन एवम् बालश्रम उन्मूलनसम्बन्धी दोश्रो गुरु योजना तयारीको क्रममा रहेको छ ।

नेपाल सरकारले राष्ट्र संघमा बुझाएको बालअधिकार महासन्धिको तेश्रो, चौथो र पाँचौ संयुक्त प्रतिवेदनका सम्बन्धमा २०७३ जेठ ४ देखि २१ गतेसम्म संयुक्त राष्ट्र संघको बालअधिकार समितिको बहत्तरौं सत्रमा भएको छलफलपश्चात समितिले समापन टिप्पणी मा नेपालको प्रयाशको प्रशंसाका साथै केही महत्वपूर्ण सरोकारका विषयहरू औल्याउँदै सुझाव दिएको छ। बालअधिकार लाई सम्मान गरेकोमा नयाँ संविधानको समितिले स्वागत गरेको छ भने बालमैत्री स्थानीय शासनको राष्ट्रिय खाका र कार्यान्वयनको निर्देशिका तयार पारेकोमा नेपाल सरकारको प्रशंसा गरेको छ। अर्कोतर्फ, बालबालिकासम्बन्धी ऐनको मस्यौदामा बालअधिकारको मर्म अनुसार स्पष्ट र विस्तृत दृष्टिकोण हुनुपर्ने र बालबालिकाको लागि थप लगानी गर्दै जानुपर्ने आवश्यकता औ ल्याएको छ । बालबालिकामाथि हुने शारीरिक दण्ड, दुर्व्यवहार र हिंसा, बालश्रम एवम् अपाङ्गता भएका बालबालिकाको स्थितिमा प्रभावकारी सुधार गर्नु पर्ने सुझाव पनि दिएको छ। यसैगरी बालबालिकासम्बन्धी एकिकृत सूचना

व्यवस्थापन हुनुपर्ने साथै बालअधिकार कार्यान्वयनको अनुगमन एवम् समन्वय गर्ने, श्रोत एवम् अधिकार प्राप्त संयोजनकारी निकायको व्यवस्था गरिनुपर्ने लगायतका सुझाव दिएको छ ।

यस वर्षमा बालबालिका सडकमा बस्नु पर्दैन, सडकमा बस्नु हुँदैन भन्ने आह्वानका साथ काठमाण्डौ उपत्यकामा सडक बालबालिकाको संख्या शुन्यमा झार्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बालकल्याण समितिको नेतृत्वमा उपत्यकामा प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन भै सफलतातर्फ उन्मुख रहेको देखिएको छ । समग्र बालअधिकारसम्बन्धी चेतना जागरण, वालविवाहविरुद्धको सचेतना, कठीन परिस्थितिमा रहेका बालबालिकाको उद्दार, संरक्षणलगायत शिक्षा तथा स्वास्थ्य र पोषणसम्बन्धी कार्यक्रमहरू उल्लेखनीय रूपमा अगाडि बढीरहेको देखिन्छ ।

यथार्थतामा शिक्षामा पहुँच बढेको भए पनि गुणस्तर भने अझै उकास्न सकिएको छैन र सामुदायिक विद्यालयहरूको विद्यार्थी सिकाई उपलब्धि न्यून रहनु चिन्ताजनक रहेको छ । बाल स्वास्थ्यमा क्रमिक सुधार देखिएता पनि पोषणको अवस्थामा उल्लेख्य प्रगति हुन अझै सकेको छैन ।

बालअधिकार संरक्षण र प्रवर्द्धनमा सरकारी, गैरसरकारी संस्था, नागरिक समाज, सञ्चार माध्यमलगायत अन्य विकासका साझेदारहरू क्रियाशिल रहँदै आएका छन् । तथापी, बालअधिकार उलंघन र हनन्का प्रशस्तै घटनाहरू घटिरहेका छन् । यसप्रति सबै सरोकारवालाहरू अझबढी क्रियाशिल र प्रभावकारी रूपमा लाग्नु पर्ने देखिन्छ । बालविवाहको व्यापकता कायमै रहनु, बालबालिका परिलक्षित हिंसा, दुर्व्यवहारका घटनाहरू भइरहनु, विशेषतः बालयौन हिंसाका घटनाहरू प्रकाशमा आइरहनु, श्रममा संलग्न बालबालिका देखिइरहनु लगायतबाट बालसंरक्षणको क्षेत्रमा धेरै सुधार गर्नुपर्ने एवम् लगानी बृद्धि गर्नुपर्ने देखिन्छ । कानूनको कार्यान्वयनका साथै पीडित, प्रभावित बालबालिकाका लागि तत्काल सहयोग, संरक्षणदेखि पुनःस्थापना, पुनःएकीकरणसम्मका कार्यक्रम सञ्चालन एवम् आवश्यक सेवा सुविधाको स्थापना, विस्तार गर्न आवश्यक देखिन्छ । बालबालिकाको निम्ति आपतकालिन उद्दार, सहयोग, संर क्षण गर्ने बालहेल्पलाइन - १०९८, बालबालिका खोजतलास समन्वय केन्द्र - १०४ जस्ता संरचनाको स्तरोन्नत्ति गर्नु प्रभावकारी हुनेछ ।

बालबालिकासम्बन्धी कानून, नीति र कार्यक्रम कार्यान्वयनको प्रभावकारी अनुगमन तथा बालअधिकार को विषयलाई अझबढी योजना र कार्यान्वयनमा सहजीकरण गर्नको लागि केन्द्रीय बालकल्याण समिति तथा जिल्ला बालकल्याण समितिको भौतिक, संस्थागत तथा मानवीय क्षमता अभिबृद्धि गर्नु जरुरी देखिएको छ । बालअधिकारको सुनिश्चिताका लागि गरिने प्रयासबाट जनसाधारण सबैले महसुस गर्ने गरी बालसंरक्षण पद्दतीको विकासमा सरोकारवालाहरू सबै अझबढी व्यवस्थित रूपमा लाग्नुपर्ने देखिएको छ ।

बालबालिकाको विकास र बालअधिकारको संरक्षण तथा सम्वर्द्धनका प्रयासहरू अझबढी प्रभावकारी बनाउनका निम्ति बालबालिकासंग सम्बन्धित कार्य गर्ने सबै निकायहरू तथा कार्यालयहरूमा योजना, कार्यक्रम तथा आयोजना/परियोजनाका सबै चरणहरूमा बालबालिकासम्बन्धी विषयको संवेदनशिलता एवम् क्षमता अभिबृद्धि गर्नुका साथै बालबालिकाका लागि श्रोत विनियोजन बढाउन पर्ने देखिन्छ ।

बालबालिकाका निम्ति गरिएको लगानीको प्रतिफल अनुगमन गरी आवधिक स्थितिको जानकारी लिनुदिनुका साथै तथ्यतथ्याङ्क र सूचनामा आधारित अग्रगामी योजना र कार्यक्रम तर्जुमा गर्न सम्बन्धित मन्त्रालय तथा निकायहरूमा बालकेन्द्रीत सूचना व्यवस्थापनको स्थिति कमजोर रहेको देखिन्छ । यसर्थ, बालबालिकासंग सम्बन्धित विभिन्न विषयहरूमा क्षेत्रगत तथा खण्डीकृत सूचना व्यवस्थापनलाई सुधार गर्नु नितान्त आवश्यक भइरहेको छ भने यी सबैलाई एकिकृत गर्न राष्ट्रिय बालअधिकार सूचना श्रोत केन्द्रको विकास गर्न आवश्यक देखिन्छ ।

बालसहभागिताको क्षेत्रमा नेपाल उदाहरणीय बन्दै आएको छ । तथापी बालबालिकाको अर्थपूर्ण सहभागिताको लागि कुशलतापूर्वक सहजीकरण गर्न तथा सहभागिताका नाममा बालबालिकालाई विभिन्न स्वार्थ सिद्धिका लागि प्रयोग गरिने जोखिमलाई न्यूनीकरण गर्न विशेष ध्यान दिनुपर्ने देखिएको छ ।

समग्रमा, बालबालिकाको क्षेत्रमा भएका प्रयाश एवम् प्रगति प्रति निराश हुनु पर्ने अवस्था छैन । तथापी सुधारको गतिलाई तिब्रता दिन र मूलतः सबैतहमा सचेतना, सेवासुविधाको प्रवाह, कार्यक्रमको प्रभावकारी कार्यान्वयन, संरचनाहरूको सुदृढीकरण एवम् योजना तर्जुमादेखि श्रोत विनियोजनसम्म बालसंवेदनशीलतालाई बढाउन पर्ने देखिन्छ ।

## सन्दर्भ सामग्रीः


अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०७२/०७३ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र, मानवअधिकार वर्ष पुस्तक, काठमाण्डौ, सन् २०१६ ।

केन्द्रीय तथ्याङ्क विभाग, नेपाल जीवनस्तर सर्वेक्षण, सन् २०११ ।

केन्द्रीय तथ्याङ्क विभाग, पपुलेसन मोनोग्राफ २, सन् २०१४ ।

केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०६८ ।

केन्द्रीय तथ्याङ्क विभाग/आइएलओ, नेपाल बालश्रम प्रतिवेदन, २०१२ ।

केन्द्रीय बालकल्याण समिति, ललितपुर २०७३ ।

केन्द्रीय बालकल्याण समिति, नेपालका बालबालिकाको स्थिति प्रतिवेदन, २०७२ ।

केन्द्रीय बालकल्याण समिति, बालबालिकासम्बन्धी कानून (राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रमुख व्यवस्था), २०७१ ।

केन्द्रीय बालकल्याण समिति, बालबालिका खोजतलास तथा समन्वय केन्द्रवार्षिक प्रतिवेदन, २०७२/०७३ ।

गृह मन्त्रालय, कारागार व्यवस्थापन विभागको, अभिलेख, २०७३ ।

नेपाल कानून पत्रिका, नि.न.९४००, भदौ २०७२ ।

नेपाल कानून पत्रिका, २०७२ ।

नेपाल सरकार, नेपालको संविधान, २०७२ ।

प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका निर्देशनालय, अभिलेख, २०७३ ।

बालन्याय समन्वय समितिको सचिवालय, अभिलेख, २०७३ ।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप), नेपालको वजेटमा बाल संवेदनशीलता : एक विश्लेषण, २०१६ ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, नेपालको धर्मपुत्र, धर्मपुत्रीसम्बन्धी स्थिति प्रतिवेदन, २०७२ ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ ।

राष्ट्रिय एड्स तथा यौन रोग केन्द्र, विभिन्न प्रतिवेदनहरू ।

राष्ट्रिय योजना आयोग, बार्षिक विकास कार्यक्रम, २०७२/०७३ र २०७३/०७४) ।

शिक्षा मन्त्रालय, शिक्षा विभाग, फ्लास रिपोर्ट - १, २०७२ ।

शिक्षा मन्त्रालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, विद्यार्थी उपलब्धिको संक्षिप्त तुलनात्मक प्रतिवेदन, २०७३ ।

संघीय, मामिला तथा स्थानीय विकास मन्त्रालय, केन्द्रीय पञ्जीकरण विभाग, प्रतिवेदन र अभिलेख, २०७३ ।

स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, बार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७१/०७२ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, सन् २०११, ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सुरक्षित गर्भपतनसम्बन्धी राष्ट्रिय नीति, २०६० ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, बार्षिक प्रतिवेदन, २०७१/०७२ ।

Central Bureau of Statistics and UNICEF Nepal, *Nepal Multiple Indicator Cluster Survey, 2014*

Central Child Welfare Board, Publications, 2072/073.

*United Nations Committee on the Rights of the Child, Concluding Observations on the Second Periodic Report of Nepal (CRC/C/65/Add.30), 2016.*

ILO, *Nepal Labour Market Update*, 2014.

UNHCR, *Nepal Fact Sheet*, September 2014.

## बाल सम्वेदनशील पत्रकारिता निर्देशिका, २०७२

बालबालिकाको हितलाई अक्षुण्ण राखी उनीहरूको सहभागिताको अधिकारको समेत सम्मान गर्दै नेपालमा छापा, रेडियो, टेलिभिजन र अनलाइन माध्यममा क्रियाशिल पत्रकारहरू तथा प्रकाशन वा प्रसारण हुने समाचार माध्यमहरूलाई बालबालिकासम्बन्धी सूचनामूलक, सन्देशमूलक वा अन्य सामग्रीको उत्पादन, प्रकाशन वा प्रसारणका सन्दर्भमा नेपालको विद्यमान कानूनअनुसार सोह्र वर्ष उमेर नपुगेका बालबालिकाका सर्वोत्तम हितलाई सर्वोपरी ठान्दै उनीहरूको संरक्षण र सम्वर्द्धनमा विशेष ध्यान दिइ उनीहरूलाई हानि नपुगोस् र प्रकाशित वा प्रसारित सामग्रीले थप पीडित नबनाओस् भन्ने ध्येयका साथ उच्चतम व्यावसायिक अभ्यासका निम्ति पत्रकार र सञ्चार माध्यमलाई अझ अभिप्रेरित गर्न पत्रकार आचारसंहिता-२०६० (संशोधित तथा परिमार्जित-२०६४) को दफा ३ (१०) को अधिनमा रही बाल सम्वेदनशिल पत्रकारिता निर्देशिका २०७२ जारी गरिएकोछ :

१. **बालबालिकाको पहुँचलाई प्राथमिकताः** सञ्चार माध्यमले सामाजिक उत्तरदायित्व वहन गर्दै बालबालिकाको विचार वा भावना अभिव्यक्तिको अधिकारको सम्मान गर्ने र उनीहरूको गतिविधिलगायत बालबालिकासँग सम्बन्धित सामग्री उनीहरूलाई सकारात्मक प्रभाव पार्ने गरी प्रकाशन तथा प्रसारण गर्नुका साथै आमसंचार माध्यमहरूमा उनीहरूको पहुँचलाई प्राथमिकता प्रदान गर्नु पर्दछ ।

२. **बालबालिकालाई हानिबाट संरक्षणः** बालबालिकासँग सम्बन्धित समाग्री प्रकाशन वा प्रसारण गर्दा त्यस्ता सामग्रीबाट पर्नसक्ने दुष्प्रभावको आंकलन गरी उनीहरूलाई हानि नपुगोस् भन्ने सुनिश्चित गरिनु पर्दछ । बालबालिकासँग सम्बन्धित सामग्रीमा तथ्यहरूको पुष्टि वा पुनर्पुष्टिका लागि विशेष ध्यान पुऱ्याउनु पर्दछ ।

३. **बालबालिका अनुकुल सामग्री तथा समयको प्रवन्धः** बालबालिकाको विचार वा भावनालाई कदर गर्दै सञ्चार माध्यममा उनीहरूको सहभागिता, उनीहरूका लागि उपयोगी सामग्री तथा उनीहरूको समयको अनुकुलतालाई उच्च प्राथमिकता प्रदान गर्नु पर्दछ। खासगरी टेलिभिजनमा बालबालिकाले हेर्ने समयमा प्रसारण हुने कार्यक्रममा बालमनोविज्ञानमा नकारात्मक असर पार्ने वा सामाजिक नैतिकता प्रतिकूल सामग्री समावेश गर्नु हुँदैन । त्यसैगरी, अनलाइन माध्यममा बालबालिकालाई नकारात्मक असर पार्न सक्ने सामग्रीका विषयमा क्लिक गर्ने स्थानमै प्रष्ट जनाउ दिनु पर्नेछ । यससम्बन्धमा घरभित्र अभिभावक र विद्यालयमा शिक्षकहरूको निगरानी वान्छनीय हुन्छ ।

४. **बालबालिकाको आत्मसम्मानको कदर**: सञ्चार माध्यमहरूले कुनै पनि सामग्रीबाट बालबालिकाको आत्मसम्मान र गरीमामा चोट पुऱ्याउनु हुँदैन । विशेषतः अनलाइन माध्यममा प्रस्तुत सामग्रीमा बालसम्वेलनशीलता प्रतिकूल, अभद्र र अशोभनीय टिप्पणीहरू गरिएका छन् भने त्यस्ता सामग्रीलाई यथाशीघ्र हटाउनु पर्दछ ।

५. **गोपनीयताको सम्मान**: सार्वजनिक हितका लागि आवश्यक रहेको र बालबालिकालाई हानि नगर्ने कुरा सुनिश्चित भएको अवस्थामा वाहेक बालबालिकाको परिचय सार्वजनिक गर्नु हुँदैन । बालबालिकाका निम्ति जोखिमपूर्ण नहुने वा उनीहरूमा तत्काल र दीर्घकालमा समेत नकारात्मक असर नपर्ने अवस्थामा उनीहरूको परिचय खुलाउन सकिनेछ । यौन हिंसा वा दुर्व्यवहारको शिकार भएका बालबालिकाको परिचय पूर्णतः गोप्य राखिनु पर्दछ । बालबालिका नातेदार सम्बन्धका व्यक्तिबाट त्यस्तो हिंसा वा दुर्व्यवहारको शिकार भएको अवस्थामा ती बालबालिकाको गोपनियताको संरक्षण गर्न अभियुक्तको परिचयसमेत खुलाउनु हुँदैन् । न्यायका याचक वा याचिकाबीच आत्मविश्वास र सुरक्षाको भावना विकसित गर्न उनीहरूको व्यक्तिगत परिचय वा अन्य सूचनासम्बन्धी गोपनियताको प्रत्याभूति गरिनु पर्दछ । बालबालिका दुष्कर्मको शिकार भएको घटनासमबन्धी समाचार वा समाचारमूलक सामग्री नाम परिवर्तन गरेर होइन संकेत मात्र उल्लेख गरेर तयार गरिनु पर्दछ (उदाहरणका लागि कालिमाटी क, ख वा ग) ।

६. **बाल विज्याँई वा अपराधका घटनामा बाल सम्वेदनशील व्यवहार** : सञ्चार माध्यमले बालबालिकाले अपराध होइन, विज्याँई गर्न सक्दछन् वा उनीहरू कानूनको विवादमा पर्न सक्दछन् भन्ने बाल न्यायको सिध्दान्तलाई सधैं आत्मसात गर्नु पर्दछ बालबालिकालाई समाचार वा समाचारमूलक सामग्रीमा परिचय खुलाएर प्रस्तुत गर्नु हुँदैन् । बालबालिकालाई कुनै पनि अवस्थामा साक्षी वा अभियुक्तका रूपमा चिनाउनु हुँदैन । घटनाका बारेमा तयार गरिएको सामग्रीमा पनि बालबालिकालाई स्रोतका रूपमा प्रयोग गर्न वा उनीहरूको परिचय खुलाउन हुँदैन् ।

७. **रेखाचित्र, तस्वीर र दृश्यको प्रयोगमा सजगता**: सकारात्मक सन्देश प्रवाहित गर्ने अवस्थामा वाहेक बालबालिकाको व्यक्तिगत परिचय खुल्ने गरी रेखाचित्र, तस्वीर र श्रव्यदृष्यको प्रकाशन वा प्रसारण गरी उनीहरूलाई कुनै पनि किसिमको जोखिममा पार्नु हुँदैन । कुनै घटना विशेषको समाचार वा समाचारमूलक सामग्री प्रकाशन वा प्रसारण गर्न आवश्यक ठानिएको अवस्थामा समेत बालबालिकाका निम्ति हानिकारक छ भन्ने लागेमा बालबालिकाको पहिचान भने खुलाउनु हुँदैन । त्यस्तो अवस्थामा नचिनिने गरी बालबालिकाको रेखाचित्र, तस्वीर र श्रव्यदृश्य प्रयोग गर्न सकिन्छ । फरक प्रसंगमा खिचिएका बालबालिकाका तस्वीर कुनै अर्को प्रसंगमा प्रयोग गर्दा विशेष सजगता अपनाउनु पर्दछ ।

८. **विभत्स सामग्रीबाट संरक्षणः** हिंसा, हत्या, आगजनी, प्राकृतिक विपत्‌लगायत कुनै पनि घटना वा दुर्घटनासम्बन्धी तस्वीर वा दृष्य प्रकाशन वा प्रसारण गर्दा बालबालिकामा नकारात्मक मनोवैज्ञानिक असर पर्न सक्ने वा दुष्परिणाम आउन सक्ने कुरामा विशेष सजगता अपनाउनु पर्छ । सञ्चार माध्यमले सूचनाका लागि अत्यावश्यक ठानेको कुनै तस्वीर, दृष्य वा सन्देशले बालमनोविज्ञानमा नकारात्मक असर पर्न सक्ने जोखिम रहेको अवस्थामा सावधानीको प्रष्ट जनाऊ दिएर मात्र प्रकासन वा समयमा प्रसारण गर्न सकिनेछ ।

९. **बालबालिकासँगको अन्तरवार्तामा सर्तकताः** बालबालिलाई उत्साहित तुल्याउने वा सकारात्मक सन्देश प्रवाहित गर्ने अवस्थामा अन्तवार्ता लिएर प्रकाशन वा प्रसारण गर्नु पर्दछ । तर बालबालिकालाई हानि हुन सक्ने अवस्थामा उनीहरूसँग अन्तरवार्ता लिनु हुँदैन् । कुनै घटना विशेष या विषयमा बालबालिकाको अन्तरवार्ता लिनै पर्ने अवस्था आएमा अभिभावक, शिक्षक वा संरक्षकको समेत स्वीकृति लिएर र संरक्षकको उपस्थितिमा अन्तरवार्ता लिई उनीहरूको गोपनियताको कदर गर्दै स्वरसमेत परिवर्तन गरी प्रसार गर्न सकिन्छ ।

१०. **विज्ञापनमा बालबालिकाको प्रयोगमा सजगताः** बालबालिकाको हित र सुरक्षामा जोखिम हुने गरी निहित राजनीतिक वा व्यापारिक उद्धेश्यकासाथ उनीहरूलाई गलत रूपमा प्रयोग गर्दै तयार गरिएको कुनै पनि उत्पादन, सेवा वा अभियानसँग सम्बन्धित विज्ञापनलाई छापा, रेडियो, टेलिभिजन र अनलाइन माध्यमले स्थान दिनु हुँदैन् ।

११. **अश्लिलताको निषेध र प्रस्तुतिमा सौम्यताः** बालबालिककालाई प्रयोग गरी तयार गरिएको अश्लिल सामग्री प्रकाशन र प्रसारण गर्नु हुँदैन । बालबालिकासँग सम्बन्धित कुनै पनि सामग्रीलाई सनसनीपूर्ण वा अतिरञ्जनापूर्ण रूपमा प्रस्तुत गर्नु हुँदैन ।

## क. भूकम्प प्रभावित १४ जिल्ला बाबुआमा दुवै नभएका बालबालिकाको संख्या

| क्रसं | जिल्ला | जिल्लामा पहिचान गरिएका | | | भूकम्पको कारण | | |
|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| | सिन्धुपाल्चोक | ७१ | ५५ | १२६ | ९ | ५ | १४ |
| | दोलखा | ४२ | २९ | ७१ | १३ | १३ | २६ |
| | काभ्रेपलाञ्चोक | ६२ | ६१ | १२३ | ३ | ५ | ८ |
| | रसुवा | १८ | ८ | २६ | १४ | ६ | २० |
| | नुवाकोट | ४१ | ४१ | ८२ | ९ | ३ | १२ |
| | धादिङ | ४९ | ३६ | ८५ | – | ४ | ४ |
| | गोरखा | ६३ | ५२ | ११५ | १० | २ | १२ |
| | मकवानपुर | २८ | ३० | ५८ | – | – | – |
| | रामेछाप | २१ | ३५ | ५६ | – | – | – |
| | ओखलढुङ्गा | १०८ | १०४ | २१२ | – | – | – |
| | सिन्धुली | ५० | ३५ | ८५ | – | – | – |
| | भक्तपुर | २४ | २० | ४४ | ३ | – | ३ |
| | ललितपुर | १० | ११ | २१ | ३ | – | ३ |
| | काठमाण्डौ | ५६ | ६४ | १२० | ११ | ७ | १८ |
| | **जम्मा** | ६४३ | ५८१ | १,२२४ | ७५ | ४५ | १२० |

## ख. आमामात्र नभएका बालबालिकाको संख्या

| क्रसं | जिल्ला | जिल्लामा पहिचान गरिएका | | | भूकम्पको कारण | | |
|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| | सिन्धुपाल्चोक | ५०९ | ५७१ | १,०८० | ६३ | ६२ | १२५ |
| | दोलखा | १८० | १८५ | ३६५ | ५ | ८ | १३ |
| | काभ्रेपलाञ्चोक | २७९ | २६९ | ५४८ | २२ | १८ | ४० |
| | रसुवा | १२६ | १०६ | २३२ | ६२ | ५४ | ११६ |
| | नुवाकोट | ३५९ | ३७३ | ७३२ | ४४ | ४५ | ८९ |
| | धादिङ | २१४ | १९९ | ४१३ | २९ | ३८ | ६७ |
| | गोरखा | २७१ | ३२४ | ५९५ | १७ | २३ | ४० |
| | मकवानपुर | २३६ | २६३ | ४९९ | २ | – | २ |
| | रामेछाप | ११८ | १५८ | २७६ | ७ | ९ | १६ |
| | ओखलढुङ्गा | २९२ | २९५ | ५८७ | ९ | ६ | १५ |
| | सिन्धुली | ३७८ | ४४१ | ८१९ | ४ | २ | ६ |
| | भक्तपुर | १२४ | ११३ | २३७ | २० | ८ | २८ |
| | ललितपुर | ९६ | ७९ | १७५ | ९ | ५ | १४ |
| | काठमाण्डौ | १८७ | २२७ | १४ | ५६ | ४५ | १०१ |
| | **जम्मा** | ३,३६९ | ३,६०३ | ६,९७२ | ३४९ | ३२३ | ६७२ |

## ग. बाबुमात्र नभएका जम्मा बालबालिका

| क्र.सं. | जिल्ला | जिल्लामा पहिचान गरिएका | | | भूकम्पको कारण | | |
|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| | सिन्धुपाल्चोक | ७६९ | ६७९ | १,४४८ | ३५ | ३७ | ७२ |
| | दोलखा | ४६३ | ४३० | ८९३ | २२ | २० | ४२ |
| | काभ्रेपलाञ्चोक | ५०६ | ५१२ | १,०१८ | १४ | १५ | २९ |
| | रसुवा | १५८ | १८२ | ३४० | ४० | ४८ | ८८ |
| | नुवाकोट | ६६५ | ७५७ | १,४२२ | ३८ | ३० | ६८ |
| | धादिङ | ३८२ | ३६२ | ७४४ | १९ | १३ | ३२ |
| | गोरखा | ८०४ | ८६६ | १,६७० | ३३ | ४० | ७३ |
| | मकवानपुर | ४६१ | ५७४ | १,०३५ | ५ | ६ | ११ |
| | रामेछाप | २३७ | ३०८ | ५४५ | ४ | ७ | ११ |
| | ओखलढुङ्गा | ४५८ | ५२० | ९७८ | ४ | ५ | ९ |
| | सिन्धुली | ८२० | ८३९ | १,६५९ | २ | २ | ४ |
| | भक्तपुर | २३१ | २३९ | ४७० | ८ | ६ | १४ |
| | ललितपुर | २१९ | १७५ | ३९४ | ८ | ४ | १२ |
| | काठमाण्डौ | ४९० | ५५० | १,०४० | ५६ | ६९ | १२५ |
| | **जम्मा** | ६,६६३ | ६,९९३ | १३,६५६ | २८८ | ३०२ | ५९० |

## घ. भूकम्पबाट मृत्यु भएका बालबालिकाको जिल्लागत विवरण

| क्र.सं. | जिल्ला | ५ वर्ष र सोभन्दा कम उमेरका | ६ वर्षदेखि १६ वर्षसम्म उमेरका | जम्मा |
|---|---|---|---|---|
| १ | काठमाण्डौ | १०८ | १८२ | २९० |
| २ | ललितपुर | २६ | ३२ | ५८ |
| ३ | भक्तपुर | २९ | ३५ | ६४ |
| ४ | सिन्धुपाल्चोक | ६३६ | ५९६ | १२३२ |
| ५ | नुवाकोट | २७० | १८६ | ४५६ |
| ६ | धादिङ | १३३ | ११४ | २४७ |
| ७ | रसुवा | ७७ | १०७ | १८४ |
| ८ | गोरखा | ८० | ६१ | १४१ |
| ९ | काभ्रे | ८२ | २८ | ११० |
| १० | दोलखा | २२ | २१ | ४३ |
| ११ | रामेछाप | २ | ५ | ७ |
| १२ | मकवानपुर | १२ | ५ | १७ |
| १३ | ओखलढुगां | ४ | १ | ५ |
| १४ | सिन्धुली | १ | १ | २ |
| १५ | चितवन | ० | १ | १ |
| १६ | सुनसरी | २ | १ | ३ |
| १७ | लमजुङ | १ | ० | १ |
| १८ | महोत्तरी | १ | ० | १ |
| १९ | रौतहट | ० | १ | १ |
| २० | गुल्मी | १ | ० | १ |
| २१ | मोरङ | ० | १ | १ |
| २२ | भोजपुर | ० | २ | २ |
| २३ | बाग्लुङ | १ | ० | १ |
| २४ | रुकुम | १ | ० | १ |
| २५ | रोल्पा | १ | ० | १ |
| **जम्मा** | | १४९० | १३८० | २८७० |

*स्रोतः गृह मन्त्रालय, विपद व्यवस्थापन महाशाखा, २०७३*

**अनुसूचि ३**

### सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकालाई प्रदान गरिएका सेवाहरू

| क्रसं | जिल्ला | शैक्षिक सहयोग | स्वास्थ्य उपचार | मनोसामाजिक परामर्श | जीविकोपार्जन सहयोग | कानूनी सहयोग | बैकल्पिक स्याहार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | ६४ | २१ | | ११ | | | ९६ |
| २ | पाँचथर | ५० | | | | | | ५० |
| ३ | इलाम | २६ | | | | | | २६ |
| ४ | तेह्रथुम | ४६ | | | | | | ४६ |
| ५ | सप्तरी | १३९ | | | १० | | | १४९ |
| ६ | रौतहट | ० | | | | | | |
| ७ | सिन्धुली | ११८ | १० | | | | | १२८ |
| ८ | धादिङ | ६१ | | १५ | २ | | | ७८ |
| ९ | लम्जुङ | २०६ | | | १३ | | | २१९ |
| १० | मकवानपुर | ४७ | | | | | | ४७ |
| ११ | म्याग्दी | २०७ | ३ | ३ | ३ | | ३ | २१९ |
| १२ | कपिलबस्तु | ११६ | | | | २ | | ११८ |
| १३ | रोल्पा | ३१० | | | | | ३ | ३१३ |
| १४ | रुकुम | ३३६ | १० | १२ | १ | ६ | ३ | ३६८ |
| १५ | सुर्खेत | १८६ | २० | ५७ | ४५ | | ३ | ३११ |
| १६ | बर्दिया | ५०० | २१ | ६० | ४६ | ४ | ९ | ६४० |
| १७ | कञ्चनपुर | | | | | | १ | १ |
| १८ | जुम्ला | ५५ | | | | | | ५५ |
| १९ | दैलेख | ४५१ | २५ | ३० | १४ | | | ५२० |
| २० | बझाङ | १०७ | ५६ | | ५ | | ५ | १७३ |
| | **जम्मा** | ३०२५ | १६६ | १७७ | १५० | १२ | २७ | ३५५७ |

*स्रोतः केन्द्रीय बालकल्याण समिति, २०७३*

## २०७३ साल असारमसान्त सम्मको कैदीवन्दी र उनीहरूका आश्रित बालबालिकाको विवरण

| सि.नं. | जिल्ला | पुरुष | महिला | जम्मा | आश्रित बालबालिका |
|---|---|---|---|---|---|
| १ | पांचथर | ११६ | १२ | १२८ | ३ |
| २ | इलाम | २५६ | २५ | २८१ | ४ |
| ३ | झापा | ७१७ | ७३ | ७९० | ३ |
| ४ | संखुवासभा | ९० | १२ | १०२ | २ |
| ५ | तेह्रथुम | ७४ | ६ | ८० | १ |
| ६ | धनकुटा | ५९ | ६ | ६५ | १ |
| ७ | मोरङ | ६१० | ६६ | ६७६ | ५ |
| ८ | सोलुखुम्वु | ८७ | ७ | ९४ | १ |
| ९ | ओखलढुङ्गा | ५१ | ५ | ५६ | १ |
| १० | सप्तरी | २९६ | २२ | ३१८ | २ |
| ११ | रामेछाप | २२० | १५ | २३५ | १ |
| १२ | सिन्धुली | ९४ | ७ | १०१ | १ |
| १३ | महोत्तरी | ३३५ | ४२ | ३७७ | ४ |
| १४ | धादिङ्ग | १७५ | १५ | १९० | ३ |
| १५ | काठमाण्डौ (जगन्नाथदेवल) | २२२२ | ३२८ | २५५० | १२ |
| १६ | पर्सा | १०५७ | ८० | ११३७ | ७ |
| १७ | चितवन | ५३४ | ५७ | ५९१ | ४ |
| १८ | रौतहट | १२३ | ६ | १२९ | १ |
| १९ | कास्की | ५६९ | ४६ | ६१५ | १ |
| २० | स्याङ्जा | १०६ | ८ | ११४ | १ |
| २१ | नवलपरासी | २६२ | २३ | २८५ | ३ |
| २२ | पाल्पा | २०२ | ६६ | २६८ | ५ |
| २३ | गुल्मी | ५८ | ८ | ६६ | २ |
| २४ | दाङ (तुलसीपुर) | १९५ | २१ | २१६ | २ |
| २५ | रुकुम | ५७ | ५ | ६२ | २ |
| २६ | सल्यान | ७० | १६ | ८६ | २ |
| २७ | रोल्पा | ६५ | ७ | ७२ | २ |
| २८ | बाँके | ५३६ | ५९ | ५९५ | २ |
| २९ | बर्दिया | २४२ | १५ | २५७ | २ |
| ३० | सुर्खेत | १४९ | २२ | १७१ | ३ |
| ३१ | दैलेख | १५६ | ९ | १६५ | १ |
| ३२ | कालिकोट | ३८ | ५ | ४३ | १ |
| ३३ | कैलाली | ३८३ | ३० | ४१३ | ४ |
| ३४ | कञ्चनपुर | २५४ | १५ | २६९ | ४ |
| | **जम्मा** | १०४५८ | ११३९ | ११५९७ | ९३ |

*स्रोत : गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग, २०७३*

अनुसूचि ५

**जिल्लागतरूपमा भएको जन्मदर्ता संख्या**

| क्र.सं. | जिल्ला | संख्या |
|---|---|---|
| १ | बैतडी | १७८ |
| २ | ललितपुर | १,९१७ |
| ३ | उदयपुर | १८७ |
| ४ | दोलखा | ३४ |
| ५ | सखुवासभा | ७५ |
| ६ | ईलाम | ३,४८५ |
| ७ | काठमाण्डौ | १६,०४१ |
| ८ | रूपन्देही | ५८ |
| ९ | डडेल्धुरा | १६ |
| १० | मोरङ | १,८९५ |
| ११ | सिन्धुपाल्चोक | ५ |
| १२ | पाल्पा | १,५८६ |
| १३ | ताप्लेजुङ | ९ |
| १४ | बाजुरा | ३९ |
| १५ | झापा | ६,३०७ |
| १६ | कैलाली | ४,८४३ |
| १७ | सुनसरी | २,०२३ |
| १८ | पाँचथर | ५५० |
| १९ | बाग्लुङ | ५५ |
| २० | तनहूँ | १,२४० |
| २१ | काभ्रे | ४,८३८ |
| **जम्मा** | | ४५,३८१ |

*स्रोत : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, केन्द्रीय पञ्जीकरण विभाग, २०७३*

**अनुसूचि ६**

**जिल्ला अनुसार सामाजिक सुरक्षा भत्ता प्रदान गरिएका बालबालिकाको संख्या, २०७२/७३**

| क्र.सं. | जिल्ला | पूर्ण अपाङ्ग | आंशिक अपाङ्ग | अति असक्त अपाङ्ग | बालबालिका | लोपोन्मुख आदिवासी/जनजाति |
|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ्ग | १३९ | २२० | ० | १०७२ | ० |
| २ | पांचथर | १५२ | ३५९ | ० | ९५३ | ० |
| ३ | इलाम | २५७ | ६० | ३९४ | ८६० | ३२९७ |
| ४ | झापा | १०१३ | १४६ | ० | ३७०१ | ६५७४ |
| ५ | संखुवासभा | १५४ | ७५ | ३०७ | १४८२ | ० |
| ६ | तेह्रथुम | १२५ | १२२ | ० | ८५१ | ० |
| ७ | भोजपुर | २२२ | ३६२ | ० | २०२६ | २३ |
| ८ | धनकुटा | ३७७ | ६५३ | ० | ९२७ | ० |
| ९ | मोरङ्ग | १५७३ | ११९८ | ० | ९७५० | ० |
| १० | सुनसरी | ३७४ | २६५ | ० | ७०१३ | ० |
| ११ | सोलुखुम्वु | १०५ | ७५ | ० | १५४४ | ० |
| १२ | खोटाङ्ग | २६९ | ६८ | ० | ३७७५ | ० |
| १३ | ओखलढुङ्गा | २७३ | ३६६ | ० | २१७० | ० |
| १४ | उदयपुर | ३५१ | ३५० | ० | २११७ | ३६ |
| १५ | सप्तरी | ६४४ | ३३१ | ० | १६९०२ | ० |
| १६ | सिराहा | ४६१ | ४५३ | ० | १४६४२ | ० |
| १७ | दोलखा | १३१ | ९० | ० | १४४४ | १९९ |
| १८ | रामेछाप | ६४८ | ४७५ | ० | २३६३ | १०५८ |
| १९ | सिन्धुली | ५४७ | २६६ | ० | ३२७२ | २०१८ |
| २० | धनुषा | २१९ | ३६९ | ० | १६०५२ | १० |
| २१ | महोत्तरी | २९६ | ७६८ | ० | १०७८० | ० |
| २२ | सर्लाही | १३५४ | २६७ | ० | १४९७० | १९० |
| २३ | रसुवा | १८० | ४१ | ० | १२४ | ० |
| २४ | धादिङ्ग | ६०६ | ७०४ | ० | ४७४६ | ० |
| २५ | नुवाकोट | ४२७ | ६५ | ० | २९५७ | ० |
| २६ | काठमाण्डौं | ५१६ | ३९४ | ० | ६१२ | ० |
| २७ | भक्तपुर | २१६ | ८६ | ० | १५४ | ० |

| क्र.सं. | जिल्ला | पूर्ण अपाङ्ग | आंशिक अपाङ्ग | अति असक्त अपाङ्ग | बालबालिका | लोपोन्मुख आदिवासी/जनजाति |
|---|---|---|---|---|---|---|
| २८ | ललितपुर | १४२ | १७७ | ० | १६ | ० |
| २९ | काभ्रेपलान्चोक | ५१३ | ५३९ | ० | १८५७ | ६८ |
| ३० | सिन्धुपाल्चोक | ७६० | ७४५ | ० | २८३८ | ० |
| ३१ | मकवानपुर | २७६ | ४६० | ० | ८२६ | ७६ |
| ३२ | रौतहट | ७३१ | ५३० | ० | १३०९२ | ८ |
| ३३ | बारा | ३८८ | ४९७ | ० | ९६६४ | ४२ |
| ३४ | पर्सा | ३५१ | ५८५ | ० | ८९४५ | ० |
| ३५ | चितवन | ३०१ | ५९८ | ० | २९०४ | ० |
| ३६ | गोरखा | ५४४ | ७३२ | ० | ४९५७ | ७ |
| ३७ | मनाङ्ग | १८ | ७८ | ० | ११ | ० |
| ३८ | लमजुङ्ग | २६१ | ५९६ | ० | २६०८ | ० |
| ३९ | कास्की | ३८७ | ३८२ | ० | ३१४७ | ० |
| ४० | तनहूँ | ४५२ | ४७९ | ० | ३९७२ | ० |
| ४१ | स्याङजा | ४४७ | ४४२ | ० | ५४४९ | ० |
| ४२ | गुल्मी | ५०२ | ७४२ | ० | ७०२८ | ० |
| ४३ | पाल्पा | २४७ | ७४ | ० | ३४९० | ० |
| ४४ | अर्घाखांची | ७३४ | २७३ | ० | ५२३४ | ० |
| ४५ | नवलपरासी | ४५८ | ११२७ | ० | ६५०९ | २४७ |
| ४६ | रूपन्देही | ३०७ | ३२७ | ० | २०४८ | ३०९ |
| ४७ | कपिलवस्तु | २८२ | ६७४ | ० | ६०३१ | ४९९ |
| ४८ | मुस्ताङ | ३७ | ५३ | ० | १२९ | ० |
| ४९ | म्याग्दी | १४१ | ७३९ | ० | ३२२७ | ० |
| ५० | वाग्लुङ्ग | ४६८ | ३३७ | ० | ८३२३ | ० |
| ५१ | पर्वत | २३४ | ५१५ | ० | ४७८३ | ० |
| ५२ | रुकुम | ५३२ | ४४६ | ० | ८४९८ | ० |
| ५३ | रोल्पा | १०० | २२२ | ० | ५०१२ | ३ |
| ५४ | प्यूठान | १९५ | २६४ | ० | ६३४८ | ३४ |
| ५५ | सल्यान | ३६७ | ३१२ | ० | ४६७३ | ५ |
| ५६ | दाङ्ग | ३६५ | ४९३ | ० | ५३२० | २४ |
| ५७ | डोल्पा | ६२ | १८३ | ० | ५४२० | ० |

| क्र.सं. | जिल्ला | पूर्ण अपाङ्ग | आंशिक अपाङ्ग | अति असक्त अपाङ्ग | बालबालिका | लोपोन्मुख आदिवासी ⁄ जनजाति |
|---|---|---|---|---|---|---|
| ५८ | मुगु | ११७ | २७७ | ० | ८९४० | ० |
| ५९ | जुम्ला | २६७ | ६१८ | ० | १२२२६ | ० |
| ६० | कालिकोट | २२१ | ११५ | ० | २३८१० | ० |
| ६१ | हुम्ला | ४९ | १७ | ० | ७९८७ | ० |
| ६२ | जाजरकोट | २९५ | ११९ | ० | ८०५१ | ० |
| ६३ | दैलेख | १७८ | ५६ | ० | १३४९० | १५० |
| ६४ | सुर्खेत | ३६२ | ३४९ | ० | १५५१३ | १३५८ |
| ६५ | वांके | ३७९ | ६५४ | ० | ३५३१ | २४ |
| ६६ | वर्दिया | ३८८ | ५४० | ० | ४४६८ | ८९७ |
| ६७ | वाजुरा | १८६ | २५० | ० | ६७८५ | ० |
| ६८ | अछाम | ७८ | २८७ | ० | १८०१२ | ० |
| ६९ | वझाङ्ग | ८६ | २३८ | ० | ७८२९ | ० |
| ७० | डोटी | १३२ | २३६ | ० | ८२१७ | ० |
| ७१ | कैलाली | २६९ | १३१ | ० | १०६१३ | २१४९ |
| ७२ | दार्चुला | २२१ | १३८ | ० | २२२७ | १८ |
| ७३ | वैतडी | ४८० | १८५ | ० | ९५४७ | ० |
| ७४ | डडेल्धुरा | १९५ | २४४ | ० | ४६९१ | ४८५ |
| ७५ | कन्चनपुर | ३९७ | ३२२ | ० | ६६३० | १७० |
| ७६ | काठमाण्डौ महानगर | २४१ | ९६ | ० | ० | ० |
| ७७ | विराटनगर उप म. | १६२ | २६ | ० | ४२४ | ० |
| ७८ | विरगञ्ज उप म. | ७४ | २४ | ० | १८८ | ० |
| ७९ | पोखरा उप म. | २७२ | ३०९ | ० | १२७७ | ६ |
| ८० | ललितपुर उप म. | १६८ | ११७ | ० | २७ | २० |
| ८१ | इलाम न.पा. | १७ | ३ | ० | ० | ५६ |
| ८२ | दमक न.पा. | ७९ | ५९ | ० | २५२ | १० |
| ८३ | मेचीनगर न.पा. | ६७ | १०४ | ० | ९२ | १७३२ |
| ८४ | इटहरी न.पा. | ५५ | १ | ० | ३४८ | ८ |
| ८५ | धरान न.पा. | १३५ | १९६ | ० | ८०० | १ |
| ८६ | लहान न.पा. | ५५ | ४४ | ० | १७२० | ० |

| क्र.सं. | जिल्ला | पूर्ण अपाङ्ग | आंशिक अपाङ्ग | अति असक्त अपाङ्ग | बालबालिका | लोपोन्मुख आदिवासी/जनजाति |
|---|---|---|---|---|---|---|
| ८७ | त्रियुगा न.पा. | ९६ | ८४ | ० | ५०२ | ४ |
| ८८ | जनकपुर न.पा. | ३३ | ९८ | ० | ४९८ | ० |
| ८९ | कीर्तिपुर न.पा. | २६ | ६७ | ० | ० | ० |
| ९० | भक्तपुर न.पा. | ८३ | ७४ | ० | ६ | ० |
| ९१ | मध्यपुर ठिमी न.पा. | ७५ | ७८ | ० | २ | ० |
| ९२ | बनेपा न.पा. | १४ | २७ | ० | १८ | ० |
| ९३ | हेटौडा न.पा. | ८५ | १०४ | ० | ३८६ | ० |
| ९४ | भरतपुर न.पा. | १२५ | १०५ | ० | १०५३ | ० |
| ९५ | रत्ननगर न.पा. | ३९ | ९ | ० | १४२ | ० |
| ९६ | व्यास न.पा. | ४८ | ३८ | ० | ४१५ | ३ |
| ९७ | लेखनाथ न.पा. | १४२ | ५२ | ० | ६८२ | ० |
| ९८ | बुटवल न.पा. | ७१ | ६२ | ० | १३३ | २० |
| ९९ | सिद्धार्थनगर न.पा. | १५ | २९ | ० | १३ | ३१ |
| १०० | बागलुङ न.पा. | ४५ | ४५ | ० | ३४० | ० |
| १०१ | घोराही न.पा. | ७२ | ४२ | ० | ४७९ | १८ |
| १०२ | तुल्सीपुर न.पा. | ७९ | ३९ | ० | १६७७ | ६ |
| १०३ | नेपालगञ्ज न.पा. | १४२ | ४६ | ७५ | १७१७ | ३८२ |
| १०४ | गुलरिया न.पा. | ५२ | १०३ | ० | ७२४ | १७२ |
| १०५ | टिकापुर न.पा. | ० | ० | ० | ७७६ | ७२ |
| १०६ | धनगढी न.पा. | ६२ | ५१ | ० | ८१७ | ६५ |
| १०७ | भीमदत्त न.पा. | १६२ | ८१ | ० | १८३२ | २० |
| १०८ | कावासोती न.पा. | ५० | ९८ | ० | ३८५ | ० |
| १०९ | धनकुटा न.पा. | ५० | ६७ | ० | १३३ | १८२ |
| ११० | बुढानिलकण्ठ न.पा. | ७३ | ६४ | ० | ५८ | ० |
| १११ | अत्तरीया न.पा. | २३ | ९२ | ० | १५१८ | ० |
| ११२ | टोखा न.पा. | ४७ | २३ | ० | १३ | ० |
| ११३ | महामञ्जुश्री नगरकोट न.पा. | ४८ | १४ | ० | ५१ | ० |

| क्र.सं. | जिल्ला | पूर्ण अपाङ्ग | आंशिक अपाङ्ग | अति असक्त अपाङ्ग | बालबालिका | लोपोन्मुख आदिवासी/जनजाति |
|---|---|---|---|---|---|---|
| ११४ | लुम्बिनी सांस्कृतिक न.पा. | ११ | ७ | ० | ९९ | ३५ |
| ११५ | कार्यविनायक न.पा. | ४५ | ५५ | ० | ६६ | ० |
| ११६ | तारकेश्वर न.पा. | ४३ | ७२ | ० | ६८ | ० |
| ११७ | गोदावरी न.पा. | ५० | २८ | ० | ६५ | ३ |
| ११८ | महालक्ष्मी न.पा. | ४२ | ५३ | ० | ७७ | ० |
| ११९ | चन्द्रगिरी न.पा. | ६६ | ३० | ० | १२७ | ० |
| १२० | नागार्जुन न.पा. | ४२ | ३८ | ० | २८ | ० |
| १२१ | अनन्त लिंगेश्वर न.पा. | ५० | १७ | ० | १० | ० |
| १२२ | तिलोत्तमा न.पा. | ६६ | ४२ | ० | २२१ | ३२ |
| १२३ | विर्तामोड न.पा. | ४६ | २५ | ० | ७९ | १३२ |
| १२४ | गैडाकोट | ४८ | ८४ | ० | २६० | ० |
| १२५ | शंखरापुर न.पा. | ५५ | २३ | ० | ६० | ० |
| १२६ | कागेश्वरी मनोहरा न.पा. | ४० | ६० | ० | १८० | ० |
| १२७ | गोकर्णेश्वर न.पा. | ७० | २५ | ० | १९ | ० |
| १२८ | दक्षिणकाली न.पा. | ६५ | ५६ | ० | ४६ | ० |
| १२९ | चाँगुनारायण न.पा. | ७० | २७ | ० | ३९ | ० |
| १३० | सुर्यविनायक न.पा. | ४२ | ३१ | ० | ६३ | ० |
| १३१ | बिरेन्द्रनगर न.पा. | ८९ | ७६ | ० | १११८ | ९३ |
| १३२ | चन्द्रपुर न.पा. | १३८ | १४४ | ० | ६७९ | ० |
| १३३ | गढीमाई न.पा. | ५६ | ४३ | ० | ६०१ | ४ |
| १३४ | कोहलपुर न.पा. | ६७ | ९५ | ० | ४८४ | १५ |
| | जम्मा | ३०८१४ | ३०६२७ | ७७६ | ४६६०७४ | २३१०० |

*स्रोतः संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको अभिलेख, २०७३*

**अनुसूचि ७**

## बालगृहहरूको संख्या

| प्रदेश नं | क्र.स. | जिल्ला | बालगृह संख्या | संरक्षित बालक | संरक्षित बालिका | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १ | **संखुवासभा** | ६ | २३ | २७ | ५० |
| | २ | **ईलाम** | १ | ३ | ३ | ६ |
| | ३ | **उदयपुर** | १ | ३ | २ | ५ |
| | ४ | झापा | १० | ७६ | ६२ | १३८ |
| | ५ | मोरङ | ४ | १०८ | ६० | १६८ |
| | ६ | धनकुटा | १ | ७ | ७ | १४ |
| | ७ | सुनसरी | ६ | १२३ | ९८ | २२१ |
| | | **जम्मा** | **२९ वटा** | **३४३** | **२५९** | **६०२** |
| २ | १ | सप्तरी | १ | २४ | ० | २४ |
| | २ | पर्सा | ४ | १३२ | ० | १३२ |
| | ३ | सर्लाही | ५ | ५९ | ४६ | १०५ |
| | ४ | महोत्तरी | १ | १ | १ | २ |
| | ५ | बारा | १ | १३ | ९ | २२ |
| | ६ | रौतहट | १ | २३ | ३ | २६ |
| | ७ | सिराहा | १ | ४ | ९ | १३ |
| | ८ | धनुषा | १ | २ | ७ | ९ |
| | | **जम्मा** | **१५ वटा** | **२५८** | **७५** | **३३३** |
| ३ | १ | काठमाण्डौ | २०० | २९८१ | ३४८३ | ६४६४ |
| | २ | ललितपुर | १३२ | १५२२ | १५०३ | ३०२५ |
| | ३ | भक्तपुर | १८ | ३४४ | २६९ | ६१३ |
| | ४ | चितवन | ३३ | ५६७ | ५९८ | ११६५ |
| | ५ | दोलखा | १ | ११ | ० | ११ |
| | ६ | सिन्धुली | १ | ३ | ७ | १० |
| | ७ | धादिङ | ६ | ५६ | ६३ | ११९ |
| | ८ | सिन्धुपाल्चोक | ५ | २९ | ४५ | ७४ |
| | ९ | मकवानपुर | १२ | १२९ | १६२ | २९१ |
| | १० | काभ्रे | ११ | २१२ | १४० | ३५२ |
| | ११ | नुवाकोट | २ | ३७ | १३ | ५० |
| | | **जम्मा** | **४२१ वटा** | **५८९१** | **६२८३** | **१२१७४** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | १ | लमजुङ | १ | ८ | १० | १८ |
| | २ | म्याग्दी | १ | ४ | ६ | १० |
| | ३ | तनहूँ | ६ | ५८ | ४१ | ९९ |
| | ४ | कास्की | ४६ | ६७५ | ७९६ | १४७१ |
| | | **जम्मा** | **५४ वटा** | **७४५** | **८५३** | **१५९८** |
| ५ | १ | पाल्पा | १ | १४ | १५ | २९ |
| | २ | कपिलवस्तु | १ | १६ | ० | १६ |
| | ३ | बाँके | १० | १६३ | ७० | २३३ |
| | ४ | दाङ | ३ | २७५ | २८० | ५५५ |
| | ५ | नवलपरासी | ४ | ११५ | ९० | २०५ |
| | ६ | रूपन्देही | ८ | १७९ | ११८ | २९७ |
| | ७ | बर्दिया | २ | ५५ | ३४ | ८९ |
| | | **जम्मा** | **२९वटा** | **८१७** | **६०७** | **१४२४** |
| ६ | १ | सुर्खेत | ५ | १४२ | १२९ | २७१ |
| | २ | दैलेख | १ | ३ | २ | ५ |
| | ३ | हुम्ला | ४ | ३६ | ९८ | १३४ |
| | ४ | जुम्ला | २ | २० | २९ | |
| | | **जम्मा** | **१२** | **२०१** | **२५८** | **४५९** |
| ७ | १ | कैलाली | ६ | ९८ | ८३ | १८१ |
| | २ | अछाम | १ | ११ | ८ | १९ |
| | ३ | कञ्चनपुर | ५ | ७१ | २५ | ९६ |
| | | **जम्मा** | **१२** | **१८०** | **११६** | **२९६** |
| **जम्मा : ४४ जिल्ला** | | | **५७२** | **८४३५** | **८४५१** | **१६८८६** |

**धार्मिक संस्थामा आवासीय रूपमा रहेका बालबालिका**

| क्र.सं. | जिल्ला | धार्मिक संघ-संस्थाको संख्या | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|
| १ | झापा | १७ | ४६९ | ० | ४६९ |
| २ | प्यूठान | १ | ७३ | ० | ७३ |
| ३ | पाँचथर | २ | २२ | ० | २२ |
| ४ | धादिङ् | ५ | २७ | १० | ३७ |
| ५ | दैलेख | १ | २ | ० | २ |
| ६ | काठमाण्डौ | २४ | १४२१ | ६७ | १४८८ |
| ७ | ओखलढुंगा | ३ | ६२ | ३६ | ९८ |
| ८ | कन्चनपुर | १ | ८ | १ | ९ |
| ९ | भोजपुर | १ | २३ | ० | २३ |
| १० | मुगु | १ | २ | ० | २ |
| ११ | स्याङ्जा | ३ | ६७ | १ | ६८ |
| १२ | भक्तपुर | २ | ४१ | ० | ४१ |
| १३ | इलाम | ४ | १२३ | ० | १२३ |
| १४ | मकवानपुर | ६ | ९७ | २३ | १२० |
| १५ | हुम्ला | ३ | ११४ | १०८ | २२२ |
| १६ | गोरखा | १ | १० | ० | १० |
| १७ | रूपन्देही | ३ | १३५ | ० | १३५ |
| १८ | चितवन | १० | २१० | ८१ | २९१ |
| १९ | बागलुङ | १० | १७५ | ८४ | २५९ |
| २० | धनुषा | १३ | २७६ | ११६ | ३९२ |
| २१ | सुनसरी | २६ | १६१४ | ८९६ | २५१० |
| २२ | कैलाली | ४ | ८४ | ३ | ८७ |
| २३ | रुकुम | १ | २ | ० | २ |
| २४ | सिरहा | १ | ८५ | ० | ८५ |
| २५ | बर्दिया | २ | २६ | २६ | ५२ |
| २६ | सप्तरी | १ | ४१ | ० | ४१ |
| २७ | सर्लाही | १ | २५ | ० | २५ |
| | **जम्मा** | १४७ | ५२३४ | १४५२ | ६६८६ |

स्रोतः केन्द्रीय बालकल्याण समिति, २०७३

## अनुसूचि ९

### प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको विवरण, २०७२

| भौगोलिक क्षेत्र | कक्षा १ मा नयाँ भर्ना संख्या | | | प्रारम्भिक बालविकास केन्द्रबाट कक्षा १ मा आएका बालबालिका र कूल विद्यार्थीमा यसको प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका (%) | बालक (%) | जम्मा (%) |
| हिमाल | ४२८०३ | ४०२३७ | ८३०३६ | २१०५६ (४९.२) | २००३६ (४९.८) | ४१०९२ (४९.५) |
| पहाड | १६३८९३ | १६१२४६ | ३२५१३८ | ८१२१६ (४९.६) | ७९३२१ (४९.२) | १६०५३७ (४९.४) |
| काठमाण्डौ उपत्यका | २४४१२ | २६७६२ | ५११७४ | १३४७२ (५५.२) | १५३५८ (५७.४) | २८८३० (५६.३) |
| तराई | २३४५०० | २२८३०१ | ४६२७९९ | १६३६९६ (६९.८) | १५५०९८ (६७.९) | ३१८७९४ (६८.९) |
| **जम्मा** | ४६५६०८ | ४५६५४६ | ९२२१४७ | २७९४४० (६०.०) | २६९८१३ (५९.१) | ५४९२५३ (५९.६) |

*स्रोतः शिक्षा विभाग, २०७२*

## कक्षागत विद्यार्थी भर्नादर (छात्र र छात्रा) विवरण

| | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| कक्षा १ | ५३०१७६ | ५२३६४८ | १०५३८२४ |
| कक्षा २ | ४४१६७५ | ४३०१३७ | ८७१८१२ |
| कक्षा ३ | ४१७७१८ | ३९९४८१ | ८१७१९९ |
| कक्षा ४ | ३९२०९५ | ३७९६६१ | ७७१७५६ |
| कक्षा ५ | ३८३७२२ | ३६६६२९ | ७५०३५१ |
| कक्षा ६ | ३२४७६६ | ३२१७७४ | ६४६५४० |
| कक्षा ७ | ३०८२३७ | २९९३२६ | ६०७५६३ |
| कक्षा ८ | ३११८१३ | २९६९५७ | ६०८७७० |
| कक्षा ९ | २६१५९८ | २५०४३६ | ५१२०३४ |
| कक्षा १० | २१६५७० | २१०२९३ | ४२६८६३ |
| कक्षा ११ | ११२९५५ | ११२३२५ | २२५२८० |
| कक्षा १२ | ११५३९५ | ११००७८ | २२५४७३ |
| **जम्मा** | ३८१६७२० | ३७००७४५ | ७५१७४६५ |

*स्रोतः शिक्षा विभाग, २०७२*

अनुसूचि ११

## क. २०७२ सालको एस.एल.सी. परीक्षाको नतिजा स्थिति

| एस.एल.सी.२०७२, रेगुलर | | |
|---|---|---|
| क्र.स. | तह | विद्यार्थी संख्या |
| | जम्मा सहभागी विद्यार्थी | ४३७३२६ |
| १ | जिपिए ३.६ देखि ४.० सम्म | १६४५४ |
| २ | जिपिए ३.२ देखि ३.६ सम्म | ४१५७७ |
| ३ | जिपिए २.८ देखि ३.२ सम्म | ४८६११ |
| ४ | जिपिए २.४ देखि २.८ सम्म | ६३१८१ |
| ५ | जिपिए २.० देखि २.४ सम्म | ९४७१६ |
| ६ | जिपिए १.६ देखि २.० सम्म | १०४२७८ |
| ७ | जिपिए १.२ देखि १.६ सम्म | ५६७६३ |
| ८ | जिपिए ०.८ देखि १.२ सम्म | ८००० |
| ९ | जिपिए ०.० देखि ०.८ सम्म | ११ |
| १० | कम उमेरका सहभागी | १६ |
| ११ | Theory छुटेका | १७३३ |
| १२ | Practical छुटेका | १८०० |
| १३ | उत्तरपुस्तिका रद्द | १८८ |
| १४ | ड्रपआउट | ६८७८ |
| १५ | वहिस्कार | १ |

*स्रोतः परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर, २०७३*

| ख. एस.एल.सी.२०७२, एक्जाम्टेड | | |
|---|---|---|
| | तह | विद्यार्थी संख्या |
| क्र.स. | जम्मा सहभागि विद्यार्थी | १५०८२६ |
| १ | जिपिए ३.६ देखि ४.० सम्म | ४ |
| २ | जिपिए ३.२ देखि ३.६ सम्म | ८ |
| ३ | जिपिए २.८ देखि ३.२ सम्म | ९४ |
| ४ | जिपिए २.४ देखि २.८ सम्म | २९४३ |
| ५ | जिपिए २.० देखि २.४ सम्म | २९७८० |
| ६ | जिपिए १.६ देखि २.० सम्म | ७५३४० |
| ७ | जिपिए १.२ देखि १.६ सम्म | ३७९३९ |
| ८ | जिपिए ०.८ देखि १.२ सम्म | २४५२ |
| ९ | जिपिए ०.० देखि ०.८ सम्म | २ |
| १० | कम उमेरका सहभागी | २७ |
| ११ | Theory छुटेका | १०८१ |
| १२ | Practical छुटेका | ९५२ |
| १३ | उत्तरपुस्तिका रद्द | १९५ |
| १४ | ड्रपआउट | ८६७५ |
| १५ | वहिस्कार | २ |

*स्रोतः परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर, २०७३*

## जिल्लाअनुसारको बालक्लवको संख्या

| क्र.सं. | जिल्ला | बालक्लबको संख्या | सदस्य बालबालिका | | |
|---|---|---|---|---|---|
| | | | बालिका | बालक | जम्मा |
| १ | ताप्लेजुङ | ३३ | १५५१ | १५६३ | ३११४ |
| २ | पाचथर | ३०३ | १४९० | १३७८ | २८६८ |
| ३ | इलाम | २८३ | १५८७ | १५४२ | ३१२९ |
| ४ | झापा | १३१ | १२८१ | ११९७ | २४७८ |
| ५ | संखुवासभा | ६२ | १६२६ | २१२६ | ३६४२ |
| ६ | धनकुटा | ३५ | २१० | ३३० | ५४० |
| ७ | तेह्रथूम | १०४ | ८५८ | ८६५ | १७०२ |
| ८ | मोरङ | ८५१ | ११६९९ | १२४३३ | २४१३२ |
| ९ | सुनसरी | ४८५ | ४२७० | ५८८५ | १०१५५ |
| १० | भोजपुर | ४२४ | २५७४ | २२७० | ४९४४ |
| ११ | सोलुखुम्बु | ३५४ | ३३७७ | ४०५५ | ७४३२ |
| १२ | ओखलढुङ्गा | १४४ | ८१६ | ९०५ | १७२१ |
| १३ | खोटाङ | २३ | १२६ | ११३ | २३९ |
| १४ | उदयपुर | ४५८ | ० | ० | ० |
| १५ | सिराहा | २०६ | ३५८६ | ५३८४ | ८९७० |
| १६ | सप्तरी | ११८६ | ८२१७ | ९६७३ | १७७९० |
| १७ | रामेछाप | १८७ | १३१५ | ११४६ | २४६१ |
| १८ | सिन्धुली | २३२ | ११४८ | ११३९ | २२८७ |
| १९ | धनूषा | ११७ | ५४७ | ६५६ | १२०३ |
| २० | महोत्तरी | ८८ | ११०३ | १४४८ | २५५१ |
| २१ | सर्लाही | ३३६ | २८५६ | २८५६ | ५७१२ |
| २२ | दोलखा | १०० | ५२० | ५८० | ११०० |
| २३ | चितवन | ६५९ | ३६०५ | ३९८५ | ७५९० |
| २४ | बारा | २३१ | २९६१ | ७११७ | १००७८ |
| २५ | पर्सा | ३५१ | १८५२ | २७७६ | ४६२८ |

| क्र.सं. | जिल्ला | बालक्लबको संख्या | सदस्य बालबालिका | | |
|---|---|---|---|---|---|
| | | | बालिका | बालक | जम्मा |
| २६ | रौतहट | ९७५ | ४७६३ | ३११६ | ७८७९ |
| २७ | मकवानपुर | ३४५ | १११४ | १०२४ | २१३८ |
| २८ | काठमाण्डौ | १८१ | २२१९ | २५९४ | ४८१३ |
| २९ | ललितपूर | १९५ | २६११ | २७०० | ५३११ |
| ३० | भक्तपूर | ९१ | ७१८ | ९१८ | १६३६ |
| ३१ | सिन्धूपालचोक | ५०० | ६१५० | ६४६४ | १२५७९ |
| ३२ | नूवाकोट | १७० | १००० | १२१० | २२१० |
| ३३ | धादिङ | २३७ | १३८६ | १३८६ | २७७२ |
| ३४ | काभ्रे | ४११ | २४६९ | २५३८ | ५००७ |
| ३५ | रसूवा | ६० | ७३४ | ८१२ | १४४५ |
| ३६ | अर्घाखाँची | ४३१ | ४६९२ | ५१९८ | ९८९० |
| ३७ | कपिलवस्तु | ५३७ | ४४६८ | ६३३५ | १०८०३ |
| ३८ | रूपन्देही | १४१ | १३५२ | १२४९ | २६०१ |
| ३९ | नवलपरासी | ८०० | १०२१९ | १७७१० | २७९२९ |
| ४० | पाल्पा | ७७३ | ९७६३ | ११३६४ | २११२७ |
| ४१ | गूल्मी | २१३ | २९५८ | २९३५ | ५८९३ |
| ४२ | कास्की | ४३२ | ६३२५ | ५३२१ | ११६४६ |
| ४३ | गोरखा | ८९ | ११५९ | १२२६ | २३८५ |
| ४४ | लमजुङ | ३१० | २६९५ | २६८९ | ५३८४ |
| ४५ | मनाङ | १५ | १६७ | १२४ | २९१ |
| ४६ | स्याङ्जा | २६८ | २५५३ | २७४२ | ५२९५ |
| ४७ | तनहूँ | ५१२ | ७२१९ | ८१४१ | १५३६० |
| ४८ | मूस्ताङ | २६८ | २५५३ | ० | ० |
| ४९ | म्याग्दी | ५६ | ४०० | ३८४ | ४८४ |
| ५० | बाग्लुङ | ३५० | ७७० | ८८५ | १६५५ |
| ५१ | पर्वत | १५२ | ६४७ | ८२२ | १४६९ |
| ५२ | दाङ | ६२१ | ६००० | ६७५० | १२७५० |
| ५३ | रोल्पा | ११७ | १४१५ | १५१० | २९२५ |

| क्र.सं. | जिल्ला | बालक्लबको संख्या | सदस्य बालबालिका | | |
|---|---|---|---|---|---|
| | | | बालिका | बालक | जम्मा |
| ५४ | प्यूठान | १४६ | २५६१ | २२२३ | ४७८४ |
| ५५ | रुकूम | २२३ | ९८१ | १४७२ | २४५३ |
| ५६ | सल्यान | ४१ | ८३८ | ७६१ | १५०९ |
| ५७ | सुर्खेत | ३२६ | ३२६२ | ३०५९ | ६३२१ |
| ५८ | बर्दिया | २४६ | १७३१ | १६७५ | ३४०६ |
| ५९ | जाजरकोट | १६३ | ८८४ | १०६० | १९४४ |
| ६० | बाँके | ६०० | ६५८० | ५७५४ | १२३३४ |
| ६१ | दैलेख | ८७६ | ६४७० | ६६६५ | १३१३५ |
| ६२ | हुम्ला | १३१ | ११२६ | १५४२ | २६६८ |
| ६३ | कालीकोट | ३५० | २२४५ | ३१४० | ५३८५ |
| ६४ | मुगु | २८० | १२७४ | १५४१ | २८१५ |
| ६५ | डोल्पा | ७६ | ७५० | ८४६ | १५९६ |
| ६६ | जूम्ला | १३४ | ७५० | ११३६ | १८८६ |
| ६७ | कैलाली | ३०६ | १०५२५ | ७५०० | १८०२५ |
| ६८ | बभ्काङ | ३४ | ३७३ | ३८८ | ७६१ |
| ६९ | बाजूरा | २०९ | ५५८ | १९५० | २५०८ |
| ७० | डोटी | २६६ | २८४४ | ४२६४ | ७१०८ |
| ७१ | अछाम | ५०४ | २६८८ | ३१३२ | ५८२० |
| ७२ | दार्चुला | ४८ | २५० | २८३ | ५३३ |
| ७३ | बैतडी | ५९० | ४१३० | ४७२० | ८८५० |
| ७४ | डडेल्धुरा | १६५ | ११०० | १३०० | २४०० |
| ७५ | कञ्चनपुर | २८१ | ६४३५ | ७७३० | १४१६५ |
| | जम्मा | २२६,२८ | २०६,०४९ | २३१,७१० | ४३४,५४९ |

*स्रोतः केन्द्रीय बालकल्याण समिति, २०७३*

**नेपालमा २०६३ सालपछि राष्ट्रिय बालदिवसमा तयार पारिएका नाराहरू**

| वर्ष | नारा |
|---|---|
| **२०६४ र ६५** | सुनिश्चितबालअधिकारः नयाँ नेपालको पूर्वाधार |
| **२०६६ र ६७** | हामी सबैको सरोकारः नयाँ संविधानमा सुनिश्चितबालअधिकार |
| **२०६८ र ६९** | हामी सबैको सरोकार ः शान्ति संविधान र सुनिश्चितबालअधिकार |
| **२०७० र ७१** | बालबालिकाका कुरा सुनौंः बालदुर्व्यवहार अन्त्य गरौं |
| **२०७२** | पुनर्निमाण र संविधानःबालअधिकारको संरक्षणहाम्रो अभियान |
| **२०७३** | सम्वर्द्धन बालअधिकारको ः कार्यान्वयन संविधानको |

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

## Central Child Welfare Board-CCWB

हरिहरभवन, ललितपुर

पत्र संख्या :

चलानी नं. :

मिति.......................

*प्रेस विज्ञप्ति*

### हिंसात्मक प्रदर्शनसहित बालक हत्याको भर्त्सना

मिति २०७२ भदौ ७ गते कैलालीको टिकापुरमा भएको हिंसात्मक प्रदर्शनका क्रममा एक बालक सहित सुरक्षाकर्मी लगायतको अमानवीय हत्याको घटनाले सबैलाई स्तब्ध बनाएको छ र यस निन्दनीय कार्यको हामी भर्त्सना गर्दछौ। (...)राका विभिन्न स्थानमा भईरहेको विरोध प्रदर्शनहरु क्रमश: हिंसात्मक बन्दै जानुले समुदायका अत्यन्त सम्वेदनशील समूहमा रहेका बालबालिकाको जीवन र भविष्यलाई नकारात्मक प्रभाव पारिरहेको छ। विगत केही समय देखिको बन्दबाट प्रभावित भई विद्यालय शिक्षा आर्जनबाट वञ्चित रहेका बालबालिकालाई हालको हिंसात्मक प्रदर्शन र कलिला बालकलगायतको हत्यासम्मको घटनाले एकातिर अझ बढी त्रसित बनाउनुका साथै भविष्य प्रतिको अन्यौलता बढाएको छ भने अर्कोतर्फ कतिपयलाई विभिन्न बहनामा हिंसात्मक गतिविधि तर्फ उन्मुख गराउने जोखिम पनि बढीरहेको छ। बालबालिकालाई हिंसाको संस्कृतिबाट जोगाउनु सबैको दायित्व हो। आफ्नो अधिकारको माग गर्ने नाममा अरुको अधिकारको उल्लंघन गर्दै हिंसात्मक कार्य गर्नु मानवअधिकारको दृष्टिकोणबाट कदापी मान्य हुन सक्दैन। अझ त्यसमा बालबालिकाको बाँच्न पाउने र हरेक क्षण शान्तिपूर्ण वातावरणमा सिक्न, पढ्न पाउने अधिकारलाई कुण्ठित गरिनुले लाखौ बालबालिकाको भविष्य नै संकटमा पर्ने देखिन्छ।

अत: विरोध प्रदर्शन गर्ने सबै पक्षहरुलाई कुनैपनि रुपमा हिंसात्मक प्रदर्शन नगर्न, हिंसाजन्य कार्य नगर्न र बालबालिकाको शान्तिपुर्वक बाँच्नपाउने, हिंसाजन्य कार्यबाट सुरक्षित हुन पाउने र निरन्तर शिक्षा पाउने लगायतका अधिकारमा बाधा सृजना नगर्न आह्वान गर्दछौ। यसैगरी कुनैपनि स्वरुपमा हुने हिंसात्मक कार्य एवम् विरोध प्रदर्शनहरु लगायत सामाजिक सद्भाव खल्बल्याउने कार्यबाट आफ्ना बालबालिकाहरुलाई सुरक्षित राख्न विशेष सर्तकता अपनाउन पनि सबै अभिभावक, समुदायलाई अनुरोध गर्दछौ। यस्ता घटनाहरुबाट बालबालिकालाई पर्न सक्ने मनोसामाजिक प्रभावलाई ध्यानमा राखी हिंसात्मक घटनाहरुका कतिपय विभत्स दृष्यहरु लगायत सामाजिक सद्भाव खल्बल्याउने विषयका समाचारहरुको प्रकाशन, प्रशारणमा विशेष सजगता अपनाउन पनि सम्पूर्ण सञ्चारमाध्यमलाई अनुरोध गर्दछौ। हिंसा बढाउँदै तथा सामाजिक सद्भाव बिगार्दै एकअर्का प्रति वितृष्णा सृजना गरेर कसैको पनि भलो नहुने कुरा विगतबाट अनुभव गरीसकिएको स्मरण गर्दै राष्ट्रका भविष्य मानिने बालबालिकालाई वर्तमानमानै सुरक्षित राख्नका निम्ति बन्द हड्ताल लगायत हिंसात्मक कार्यलाई तत्कालै रोकी विद्यालय तथा बालबालिकालाई शान्तिक्षेत्रका रुपमा ग्रहण गरी उनीहरुको अधिकारलाई कुठाराघात हुने कुनै पनि कार्य नगर्न सबैलाई हार्दिक आहवान गर्दछौं। यस दु:खद् घटनाबाट मृत्यूवरण गर्ने अबोध बालक लगायत सबै प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछौं।

२०७२ भदौ ८

तारक धिताल

कार्यकारी निर्देशक

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बाल कल्याण समिति

# Central Child Welfare Board

हरिहरभवन, पुल्चोक, ललितपुर

पत्र संख्या : ०७२/७३
चलानी नं. : ३६६

**मधेश आन्दोलन र भारतको अघोषित नाकाबन्दीबाट सिर्जित वर्तमान अवस्थामा**
**सम्बन्धित सरोकारवालाहरुले विशेष संवेदनशील भई**
**बालअधिकारको सम्मान, संरक्षण र परिपालना गर्न गराउन**
**केन्द्रीय बालकल्याण समितिको आव्हान !**

नेपालको मधेश केन्द्रीत दलहरुको आन्दोलन र भारतको अघोषित नाकाबन्दीबाट बालबालिकाको संरक्षण र बालअधिकारको सम्बर्धन तथा प्रवर्धनमा ठूलो अघात पुगेको छ । महिनौं दिन भन्दा लामो नाकाबन्दी, बन्द, हडताल, जुलुस, नारा र पेट्रोलियम पदार्थ तथा खाना पकाउने ग्याँस लगायतका अभावका कारणबाट सिर्जित अवस्थाले समग्र बालबालिकालाई डर, त्रास, भय, हिंसा, अशान्ति, अभाव, बाधा, विरोध, अवरोध र व्यावधानको शिकार बनाएको छ । बन्द, हडताल तथा हत्या हिंसाको कारणले एकातिर तराई-मधेशका सम्पूर्ण विद्यालयहरु बन्द हुन बाध्य भएका छन् भने यातायात सुविधा उपलब्ध गराएर विद्यालय सञ्चालन गर्ने सामुदायिक तथा संस्थागत (बोर्डिङ्ग) सहितका देशभरिकै विद्यालयहरु पेट्रोलियम पदार्थका अभावमा बन्द भएका छन् । यसबाट बालबालिकाको समग्र सिकाई उपलब्धिमा अत्यन्त नकारात्मक प्रभाव पर्न गएको छ । परिवार विहिन, असहाय र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षण प्रदान गरिरहेका बालगृहहरु लगायतमा रहेका बालबालिकाले इन्धनको अभावमा हातमूख जोर्न समेत समस्या भोगी रहेका छन् । औषधि पसल, क्लिनिक र सरकारी तथा नीजि अस्पतालहरुमा समेत आवश्यक औषधिको अभाव हुनगई प्रसुति तथा सुत्केरी र बालबालिकाको औषधि उपचार गर्ने कार्य समेत प्रभावित हुन गएको छ । उल्लिखित सबै अवस्थाबाट सबैभन्दा बढी गर्भमा रहेको भ्रूण देखि नवजात शिशु र सम्पूर्ण बालबालिका नै पीडित हुनु परेको छ । भूकम्पले थलिएको समग्र आर्थिक क्रियाकलाप, शिक्षा स्वास्थ्यमा परेको प्रभाव, खाद्यन्न आपूर्ति लगायतको अभाव जस्ता प्राकृतिक विपदको पीडा कम हुन नपाउदै मानव सिर्जित यस विपदबाट मानवीय संकट सिर्जना हुन थालेको छ । आफ्ना अधिकारका निम्ति अरुका अधिकार अझ विशेषत: बालबालिकाका अधिकारलाई कुण्ठित गरी मानवीय संकट सिर्जना गर्ने कार्यलाई मानवअधिकार सम्मत मान्न सकिदैन । शान्तिपूर्ण तरिकाले सम्वादका माध्यमबाट नै समाधान खोजिनु पर्दछ । यसरी मधेश आन्दोलन र अघोषित भारतको नाकाबन्दीबाट हुन गएको समग्र बालअधिकारको उल्लंघनप्रति केन्द्रीय बालकल्याण समितिको यहीं कार्तिक २० गते सम्पन्न पूर्ण बैठकको गम्भिर ध्यानाकर्षण भएको छ ।

नेपालले बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि लगायत बालबालिकाप्रति राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा व्यक्त गरेका प्रतिबद्धतालाई स्मरण गर्दै नेपाल सरकार, सरोकारवाला सरकारी निकायहरु (विशेष गरी परराष्ट्र मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, गृह मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल प्रहरी, नेपाल आयल निगम र सम्बन्धित जिल्ला बालकल्याण समितिहरु), आन्दोलनरत दलहरु, नागरिक समाज, पत्रकार, पेशागत संघ संगठन तथा व्यवसायी, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक लगायत सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुलाई शान्तिपूर्ण वातावरणमा बालबालिकाको विद्यालय जाने र आउने तथा शिक्षा आर्जन गर्न पाउने, औषधि उपचार गर्न पाउने, नियमित रुपमा हातमूख जोर्न पाउने, मूलत: राज्यबाट सुरक्षा तथा संरक्षण पाउने र कसैले पनि कुनै पनि बहानामा बालबालिकालाई जुलुस, बन्द, हडताल तथा आफ्नो स्वार्थमा प्रयोग नगरी प्राथमिकताका साथ बालमैत्री वातावरण यथाशीघ्र कायम राखी बालअधिकारको सम्मान, संरक्षण र परिपालना गर्न गराउन सम्बन्धित सबैमा हार्दिक आव्हान गर्दछौं ।

कार्तिक २१, २०७२

२०७२/०७/२१
रामबहादुर चन्द
अधिकृत

फोन न. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np
Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

**Central Child Welfare Board-CCWB**

हरिहरभवन, ललितपुर

पत्र संख्या :
चलानी नं :

मिति.......................

## ध्यानाकर्षण

तराईमधेसमा चलेको आन्दोलनबाट बालबालिकामा परेको प्रभाव लगायत मानवीय संकट समेत सिर्जना भएको सन्दर्भमा हाल मधेसी मोर्चाले आन्दोलनको ९८ औं दिनमा विद्यालय संचालन गर्न बाधा नगर्ने भन्ने बारे गरेको निर्णय स्वागत योग्य भएता पनि जाडो यामसँगै मेधसमा चल्ने शीतलहरमा बालबालिकाहरु बिहानी सत्रमा आउन व्यवहारिक नहुने देखिन्छ। विद्यालय विहान मात्रै संचालन गर्न दिइने भन्ने तर्कले बालअधिकारपूर्ण सम्मान हुन सक्ने देखिदैन। लामो समय विद्यालय बन्द हुँदा भएको क्षति अपूरणीय रहेकाले विद्यालयहरु निर्वाध रुपमा साविक सरह पूर्ण रुपमा संचालन गर्ने वातावरण बनाउन सम्बन्धित सबैलाई अनुरोध गर्दछौं।

यस अतिरिक्त निमोनियाबाट पीडित बालिकालाई उपचारार्थ एम्बुलेन्समा राखी आज बिहान विराटनगर जादै गर्दा मोरङको कटहरीमा मोर्चाका कार्यकर्ताले विरामी र साथमा रहेकी उनकी आमालाई एम्बुलेन्सबाट ओर्लन समेत नदिई तोडफोड गरेकोमा हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ। आन्दोलनका नाममा हुने यस्ता मानवता विरोधी एवम् हिंसात्मक गतिविधिलाई तत्काल रोक्न र बालबालिकाको संरक्षण सबै पक्षबाट गर्न हामी पुनः अनुरोध गर्दछौं। स्मरणीय छ आफ्ना अधिकारा निम्ति अरुको अधिकार अझ विशेषतः बालबालिकाका अधिकारलाई हनन् गर्ने कार्यलाई मानवअधिकार सम्मत मान्न सकिदैन।

२०७२ मंसिर ४

तारक धिताल
कार्यकारी निर्देशक

नेपाल सरकार

# महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

सिंहदरबार, काठमाण्डौ
फोन नं. : ४२००३२८, ४२००१६८
४२०००८२, ४२००४१३
फ्याक्स: ४२००११६
इमेल : mail@mowcsw.gov.np
www.mowcsw.gov.np

पत्र संख्या :-
च.नं. :-

**मानव साङ्लोमा बालबालिकाको प्रयोग गर्न नहुने सम्बन्धमा ध्यानाकर्षण**

मुलुकमा विद्यमान असहज परिस्थितिको फलस्वरुप लामो समयसम्म मुलुकभरीका विद्यालयहरुमा पठनपाठन प्रभावित भएको र आम बालबालिकाको निर्बाध रुपमा पढ्न पाउने अधिकार कुण्ठित हुन पुगेको परिस्थितिको विरोधमा प्याब्सन, एन प्याब्सन, शिक्षक महासंघ, सयुक्त विद्यार्थी संघ, अभिभावक संघ नेपाल, राष्ट्रिय अभिभावक संघ, एन इप्टू र हिसान लगायत अन्य सम्बद्ध संस्थाहरुको आव्हानमा यही मंसीर ११ गते काठमाडौं उपत्यकाको चक्रपथमा कक्षा ८ भन्दा माथिल्लो तहमा अध्ययनरत विद्यार्थीहरु सम्मिलित मानव साङ्लो निर्माण गर्ने भनी प्रकाशित समाचार सामाग्रीहरु प्रति महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र केन्द्रिय बालकल्याण समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

निर्बाध रुपमा विद्यालय जान पाउने र भयमुक्त वातावरणमा पढ्न पाउने बालबालिकाको नैसर्गिक अधिकार हो र कुनै पनि समुह, संस्था वा निकायको कुनै किसिमको गतिविधिहरुबाट उनीहरुको यो अधिकारमा प्रतिकूल प्रभाव पर्न हुँदैन भन्नेमा नेपाल सरकारको स्पष्ट दृष्टिकोण रहिआएको छ । बाल अधिकार सम्बन्धी महासन्धी, १९८९ को पक्ष राष्ट्र भएको हैसियतमा समेतबालअधिकारको सम्मान र संरक्षण गर्न नेपाल सरकार प्रतिबद्ध छ । वर्तमान अवस्थालाई अन्तर्राष्ट्रियकरण गर्ने तथा सम्बन्धित पक्षको ध्यानाकर्षण गराउने भन्ने उद्देश्यले आयोजना गरिने भनिएको उक्त कार्यक्रममा बालबालिकालाई प्रयोग नगराइकनै वयष्कहरुको सहभागिताबाटै पूर्णता दिन सकिने भएकोले बालबालिकालाई विरोधका लागि सडकमा नै उतार्नु आवश्यक र उचित हुदैन । बन्द, हडताल र विरोध प्रदर्शन आदि शान्तिपूर्ण भनिएता पनि सो तनावपूर्ण तथा अशान्तिमा परिणत हुन सक्ने जोखिम रहन्छ । बालबालिकाले आफुलाई परेका मर्काबारे आफ्ना विचार र भावना व्यक्त गर्न पाउनु पर्छ र सोलाई उचित मान्यता पनि दिइनु पर्छ । तर यो बालबालिकाको सुरक्षा, संरक्षण, विकासलगायतमा असर नपर्ने गरी बालसुलभ वातावरणमा हुनु आवश्यक छ । बालबालिकालाई कुनै पनि प्रकारको जोखिम नहुने गरी र बालमैत्री ढगले सिर्जनात्मक रुपमा बालबालिकाद्वारा अभिव्यक्त भावनाहरुलाई सम्बन्धित पक्ष, निकाय समक्ष पुऱ्याउन वयस्कहरुले सहजीकरण गर्नु बालअधिकार प्रतिको सम्मान हो । तर वयस्कहरुले सडकमा गर्दै आएको विरोध शैलीमा नै बालबालिकालाई सडकमा उतार्ने कार्यलाई सही मान्न सकिदैन । बालअधिकारका निम्ति वयस्कहरुकै आवाज सशक्त हुन जरुरी छ र बालसहभागितालाई बालअधिकारसम्मत ढंगले नै कार्यान्वयन गरिनु पर्दछ । बालबालिकालाई यस्ता विरोधकार्यमा सडकमा उतार्ने कार्यबाट नकारात्मक संस्कृतिको विकास हुदै जाने देखिन्छ । अतः वर्तमान अवस्था र आवश्यकता तथा बालअधिकारप्रति सचेत रहँदै यस्तो विरोध प्रर्दशनका क्रममा मानव साङ्लोमा बालबालिकाको प्रयोग गर्नु गराउनुले बालअधिकारको दुरुपयोग हुन जाने देखिएकोले यस मानव साङ्लो कार्यक्रममा बालबालिकालाई संलग्न नगराई दिनुहुन आयोजक पक्षहरु सहित सम्बन्धित सबैलाई आव्हान गरिन्छ ।

तारक धिताल
कार्यकारी निर्देशक
केन्द्रीय बाल कल्याण समिति

नारायण प्रसाद काफ्ले
प्रवक्ता
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

मिति २०७२/८/१०

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बाल कल्याण समिति

# Central Child Welfare Board

हरिहरभवन, पुल्चोक, ललितपुर

पत्र संख्या :

चलानी नं. :

मिति:२०७२/९/८...............

## ध्यानाकर्षण

विभिन्न समूहले आ-आफ्ना स्वार्थका निमित्त बालबालिकाको प्रयोग गर्ने क्रम जारी रहनु बाल संरक्षणका दृष्टिले अत्यन्त गम्भीर विषय रहँदै आएको छ । साउन महिना यता आन्दोलनका नाममा धुप्रै बालबालिका प्रयोग भएका छन् भने ६ जना बालबालिकाको ज्यान गइसकेको छ । कुनै पनि विरोध आन्दोलनमा जोखिममा पर्ने गरी बालबालिकाको प्रयोग बढ्नु अत्यन्त चिन्ता र निन्दाको विषय हो । पछिल्लो पटक रौतहटको सदरमुकाम गौरमा आन्दोलनको क्रममा गत पौष ५ गते आइतबार कक्षा १० मा अध्ययनरत शेख तबरेज आलमको मृत्युले हामीलाई स्तब्ध बनाएको छ । निहीत राजनैतिक स्वार्थका लागि बालबालिकाको अधिकार उल्लंघन गरिनु हुदैन भने बालबालिकाको संरक्षणको निम्ति राज्यका निकाय एवम् आन्दोलनरत पक्ष्य लगायत अभिभावक, समुदाय सबै गम्भीर र सजक हुनु पर्दछ । अतः यस्ता घटना फेरि पनि दोहोरिन नदिन हामी सम्बन्धित सबै पक्ष्य तथा निकायको ध्यान आकृष्ट गर्न चाहान्छौं ।

तराई मधेसमा हाल चलिरहेको आन्दोलन हिंसात्मक एंवम् विध्वंशात्मक बन्दै जानु सिंगो राष्ट्रका निम्ति अत्यन्त चिन्ताको विषय बनेको छ । बालबालिकासँग सम्बन्धित विषयहरु बालअधिकार सम्मत ढंगले हुन सकून् र कुनै पनि बहानामा कसैबाट पनि बालअधिकारको उल्लंघन नहोस् भन्नका लागि केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समितिहरु क्रियाशिल रहँदै आएको छ । यहि पौष ६ गते सोमबार अपरान्ह जिल्ला बालकल्याण समिति सर्लाहीको कार्यालयमा मधेसी मोर्चाका कार्यकर्ताबाट आगजनी गरी महत्वपूर्ण कागजात तथा जिन्सी लगायतका सामग्रीहरु पूर्ण रुपमा क्षति हुन पुगेको घटना प्रति क्षोभ प्रकट गर्दछौं । बालअधिकार जस्तो संवेदनशील क्षेत्रमा काम गर्ने सरकारी कार्यालयमा ताकेरै प्रहार गरिने विध्वंशात्मक कार्यले कसैको अधिकार संरक्षण गर्दैन । यस्ता क्रियाकलापमा संलग्न जो कोहिलाइ पनि कारवाहिको प्रक्रियामा ल्याउन स्थानीय प्रशासनलाई आग्रह गर्दछौं । साथै आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन सम्बन्धित आन्दोलनरत पक्षसंग जिम्मेवार हुन आग्रह गर्दछौं ।

..........................

तारक धिताल

कार्यकारी निर्देशक

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

## केन्द्रीय बालकल्याण समिति

**Central Child Welfare Board-CCWB**

हरिहरभवन, ललितपुर

पत्र संख्या :
चलानी नं. :

मिति........................
२०७३।२।७

*प्रेस विज्ञप्ति*

### दलगत कार्यक्रममा बालबालिकाको प्रयोग

नेपालको संविधानका साथै संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९ को पक्ष राष्ट्र भएको हैसियतले समेत बालअधिकारको सम्मान र संरक्षण गर्नु हामी सबैको दायित्व हो । कुनै पनि बहानामा बालअधिकारको उल्लघन हुने गतिविधि स्वीकार्य हुन सक्दैन । २०७३ जेठ ७ गते शुक्रवार नेत्र विक्रम चन्द विप्लव नेतृत्वको नेकपा माओवादीले राजधानीमा गरेको जनसभामा बालबालिकालाई अत्याधिक प्रयोग गरेको पाइएको सम्बन्धमा यस समितिको गम्भीर ध्यानाकर्षण भएको छ र यसखाले कार्य प्रति हामी भत्सर्ना प्रकट गर्दछौं । राजनैतिक दलबाट आफ्ना अभिष्टि प्राप्तिका लागि कलिला बालबालिकालाई प्रयोग गरिनु बालअधिकारको उल्लंघन हो ।

उक्त जनसभामा उपस्थित गराइएका बालबालिका स्वयं कार्यक्रमको उद्देश्यबारे अनभिज्ञ रहेका र कतिपय विद्यालयबाट डर बल करले बालबालिकालाई जुलुस सभामा लिइआउनु परेको हाम्रो अनुगमनबाट देखिएकोछ । वयस्कहरुको सहभागिताबाटै पूर्णता दिन सकिने राजनीतिक दलका यस्ता कार्यक्रममा जवरजस्ती वा झुक्याएर वा प्रलोभनमा पारी बालबालिकालाई प्रयोग गर्नु किमार्थ न्यायोचित हुँदैन ।

विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ मा विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्नु पर्ने एवम् दलगत स्वार्थ परिपूर्तिका लागि धर्ना, जुलुश, आमसभा, विरोध र्‍याली आदिजस्ता कार्यक्रमहरुमा बालबालिकालाई प्रयोग गर्न नपाइने स्पष्ट उल्लेख छ । बालअधिकारका सिद्धान्त एवम् नेपालका कनूनी व्यवस्था लगायत राजनीतिक दलहरुले बालबालिकाका सम्बन्धमा विभिन्न समयमा गरेका लिखित प्रतिवद्धताहरु विपरीत समय-समयमा देखिने यस्ता विरोध प्रदर्शनमा बालबालिकाको प्रयोगले बालअधिकार प्रतिको प्रतिवद्धताहरुको उल्लघंन हुने गरेको छ ।

बालबालिकालाई यसखाले दलगत राजनीतिक कार्यक्रममा उतार्ने कार्यबाट नकारात्मक संस्कृतिको विकास हुँदै जाने, पठनपाठन अवरुद्ध हुने, भीडभाडमा बालबालिकाहरु हराउने, अलपत्र पर्ने, चोटपटक लाग्न सक्ने लगायत विभिन्न खालका जोखिममा पर्न सक्ने भएकोले यस्ता प्रवर्शनमा बालबालिकालाई संलग्न नगराउन आयोजक लगायतका सबै अन्य दल तथा सम्बन्धित सबैलाई हार्दिक आग्रह गर्दछौं । असल राजनैतिक संस्कारको विकास गर्न र संविधानमा उल्लेख भएको बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिन सबैलाई आह्वान गर्दछौं । बालबालिकाको अधिकारको संरक्षण गर्नु सबैको दायित्व हो ।

तारक धिताल
कार्यकारी निर्देशक

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बाल कल्याण समिति

# Central Child Welfare Board

हरिहरभवन, पुल्चोक, ललितपुर

पत्र संख्या : ०६३।६८

चलानी नं. : १००

*प्रेस विज्ञप्ति*

मिति २०७३/४/१३

**बाढी, पहिरो तथा डुबान क्षेत्रमा बालबालिकाको संरक्षणलाई विशेष ध्यानदिन अनुरोध**

यही श्रावण १० गते देखि आएको बाढी, पहिरो र डुवानका घटनाबाट देशका विभिन्न जिल्लाहरुमा ठूलो संख्यामा जनधनको क्षति भईरहेको घटनाले हामी अत्यन्तै मर्माहित भएका छौं । यस प्राकृतिक विपदले आम जनजीवन समेत कष्टकर हुन पुगेको विदितै छ । यस विपद्को घडीमा सबैलाई धैर्य धारण गर्दै उद्दार, सहयोगका लागि सम्बन्धित निकाय तथा संघसंस्थासंग समन्वय एवम् सहकार्य गर्दै सक्रियता अपनाउन सबै जिल्ला बालकल्याण समिति लगायत बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्थाहरुलाई हार्दिक आह्वान गर्दछौं । प्राकृतिक विपद्बाट सबैभन्दा बढी प्रभावित तथा जोखिममा पर्न सक्ने समुदाय गर्भवती महिला र बालबालिका हुने भएकोले उनीहरुको संरक्षणलाई प्राथमिकतामा राख्न हुन समेत सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं ।

बाढी, पहिरो तथा डुबान लगायत अन्य प्राकृतिक विपद्का घटनाबाट प्रभावितहरुका लागि खोज, उद्दार तथा राहतको कार्य प्रभावकारी बनाउन केन्द्रीय तथा जिल्ला दैवी प्रकोप उद्दार समिति, जिल्ला प्रशासन कार्यालयहरु र सुरक्षा निकाय लगायतको कार्यलाई सह्राना गर्दै अझ थप प्रभावकारी कार्य गर्नको लागि अनुरोध गर्दछौं । उक्त विपद्बाट प्रभावित बालबालिका सम्बन्धी जानकारी जिल्ला बाल कल्याण समितिलाई गराउदै उनीहरुको संरक्षणका लागि आवश्यक समन्वय, सहकार्य गर्न हामी सरोकारवालाहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

यस दुखद् घडीमा दिवंगत हुने सबैप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

तारक धिताल

कार्यकारी निर्देशक

फोन न. : ५०१००४५, ५०१००४६, ५५३९२११
फ्याक्स : ९७७-१-५५२७५९१
E-mail : contact@ccwb.gov.np
Tel. : 5010045, 5010046, 5539211
Fax : 977-1-5527591
Website : ccwb.gov.np







"सम्वर्द्धन बालअधिकारको: कार्यान्वयन संविधानको"



